
प्रार्थना-तयारी-प्रचार

# व्यवस्थाको पुस्तकबाट शिक्षण

व्यवस्थाको पुस्तकको शिक्षण रूपरेखा



...संसार भरिका
बाइबल शिक्षकहरुका
निम्ति तयार गरिएको

# व्यवस्थाको पुस्तकबाट शिक्षण

व्यवस्थाको पुस्तकको शिक्षण रूपरेखा

# विषय–सूची

**क**. शीघ्र सहयोगः व्यवस्था पुस्तकदेखि वचन तयार पार्ने तरिका .................... ४

**ख**. सिकाउने र वचन प्रचार गर्ने तरिका.................................................५

**ग**. व्यवस्था पुस्तकको बारेमा.......................................................... १७

**घ**. व्यवस्था पुस्तक अध्ययन र शिक्षण ............................................... १९

**ङ**. व्यवस्थाका शिक्षाहरु ........................................................... १००

**व्यवस्थाको पुस्तकबाट शिक्षण**

**लेखकः पावल बार्कर**

**अनुवादः महेश्वर राई**

**सम्पादन तथा प्रकाशनः राम कुमार बुढाथोकी**

**संस्करणः पहिलो, २०७४**

ISBN : 978-9937-0-0489-3

© Paul Barker/The Good Book Company 2014

**पहिला यो पढ्नुहोस्** !

परमेश्वरको वचन सिकाउनु र प्रचार गर्नु एकदमै ठूलो सम्मान हो ! यस पुस्तकद्वारा धेरै शिक्षक–शिक्षिकाहरूलाई परमेश्वरको वचन राम्ररी सिकाउन र प्रचार गर्न मद्दत पुगोस् भन्ने हाम्रो प्रार्थना छ। सबैतिरका मानिसहरूले परमेश्वरको वचन स्पष्ट रुपमा सुन्न पाऊन् भन्ने हाम्रो चाहना हो। त्यसपछि मानिसहरू प्रभु येशूकहाँ आउनेछन्। ख्रीष्टियनहरू येशूको स्वरुपमा निर्माण हुँदै जानेछन्। सारा आदर–प्रशंसा परमेश्वरलाई नै हुनेछ।

हामी तपाईंलाई धेरै सहायता प्रदान गर्दछौं। तर तपाईंले पनि परिश्रम गर्नुपर्दछ ! तपाईं जे पढ्नुहुन्छ त्यसको दुरुस्त नक्कल नगर्नुहोला !

यदि तपाईं वचन प्रचारक हुनुहुन्छ, वा स्कुल वा मण्डलीमा परमेश्वरको वचनको शिक्षक हुनुहुन्छ भने यस पुस्तकले तपाईंलाई परमेश्वरको वचन प्रचार गर्न सहायता पुऱ्याउनेछ।

तपाईंले वचन प्रचार गर्नु वा सिकाउनुअघि तपाईंले गर्नपर्ने कार्य धेरै हुन्छन्।

**प्रार्थना**ः हामी मानिसहरूका हृदयहरू बदल्न सक्तैनौं। परमेश्वरले मात्रै त्यो कार्य गर्न सक्नुहुन्छ। हामी मानिसलाई विश्वासमा डोऱ्याउन सक्तैनौं। त्यो पनि परमेश्वरले मात्रै गर्न सक्नुहुन्छ। हामीले वचन तयार पार्नुअघि प्रार्थना गर्नुपर्दछ। परमेश्वर मसित बोल्नुभएको सुन्न सकूँ भनी प्रार्थना गर्नुहोस्। हामीले वचन बोल्नुअघि प्रार्थना गर्नुपर्दछ। परमेश्वरको सत्यता स्पष्ट रुपमा बोल्न सकूँ भनी प्रार्थना गर्नुहोस्। हामीले परमेश्वरको वचन सिकाइसकेपछि प्रार्थना गर्नुपर्दछ। आफ्नो श्रोताबृन्दले परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउन सकून् भनी प्रार्थना गर्नुहोस्।

**तयारी**ः वचन तयार पार्नु कठिन कार्य हो। धेरै घण्टा लाग्छ। यस पुस्तकले तपाईंलाई सहयोग पुऱ्याउँदछ, तर तपाईंको निम्ति सबै चीजचाहिँ गरिदिँदैन ! तपाईंले हतार नगरिकन बाइबलीय खण्ड पढ्नु पर्ने हुन्छ। तपाईंले पदहरू ध्यान दिएर पढ्नु जरुरी हुन्छ। आफ्नो श्रोताबृन्दलाई सहयोग पुगोस् भन्ने हेतुले उनीहरूलाई बताउन पर्ने कुरा तपाईंले तयार पार्नुपर्ने हुन्छ।

**प्रचार**ः हामीले परमेश्वरको वचन सिकाउँदछौं भने उहाँले उदेक रीतिले काम गर्नुहुन्छ ! परमेश्वरको वचनचाहिँ हाम्रो जीवनमा फल उत्पादन गर्ने अर्थात पवित्र आत्माको फल फलाउने बीउ हो। परमेश्वरको वचन बोल्नु रोमाञ्चपूर्ण कुरा हो। परमेश्वरले मेरो वचनले फल उत्पादन गर्नेछ भनी प्रतिज्ञा गर्नुभएको छ।

यस पुस्तकलाई उत्तम रुपमा प्रयोग गर्ने तरिका यहाँ प्रस्तुत गरिएको छ। "सिकाउने र वचन प्रचार गर्ने तरिका" खण्ड पढ्नुहोस्। अब, व्यवस्था पुस्तकको शुरुआतदेखि नै यो पुस्तक प्रयोग गर्न थाल्नुहोस्। जब तपाईं प्रारम्भ बिन्दुदेखि शुरु गरेर अन्तिम खण्डमा पुगेर समापन गर्नुहुन्छ तब यो अध्ययन तथा प्रचार अत्यधिक सार्थक बन्नेछ !

"सम्पूर्ण पवित्र–शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ। ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस्" (२ **तिमोथी** ३ः१६–१७)।

## क. शीघ्र सहयोग :

### व्यवस्था पुस्तकदेखि वचन तयार पार्ने तरिका

**१. परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस् ।**

↓

**२. ⊙ बाइबल खण्ड धेरै पटक पढ्नुहोस् ।**

आफूलाई बाइबलका पदहरू अध्ययन गर्न सहयोग मिलोस् भनेर ⊚ **पृष्ठभूमि** र ⊚ **टिप्पणी** प्रयोग गर्नुहोस्।

↓

**३.दिइएको बाइबल खण्डमा परमेश्वरले हामीलाई सिकाउन खोज्नुभएको मुख्य बुँदा पत्ता लगाउने प्रयास गर्नुहोस् ।**

आफूलाई सहयोग मिलोस् भनेर ⊕ **मुख्य बुँदा** प्रयोग गर्नुहोस्।

↓

**४. श्रोताबृन्दको लागि प्रार्थना गर्नुहोस् । यस बाइबल खण्डले उनीहरूलाई कसरी सहायता पुऱ्याउला भनेर चिन्तन गर्नुहोस् ।**

आफूलाई सहयोग मिलोस् भनेर ⊙ **चिन्तनका निम्ति अतिरिक्त कुरा** प्रयोग गर्नुहोस्।

↓

**५.आफ्नै भाषामा प्रचार गर्न वचन तयार पार्नुहोस् ।**
**आफूलाई सहयोग मिलोस् भनेर टिपोट बनाउनुहोस् ।**

आफूलाई सहयोग मिलोस् भनेर **शिक्षण** खण्डमा दिइएको टिप्पणी प्रयोग गर्नुहोस्।

↓

**६.आफूले के के गर्नुभयो सो कुरा नियाल्नुहोस् ।**

- के **मुख्य बुँदा** स्पष्ट भयो ?
- **बाइबल**ले यो कुरा सिकाउँदछ भनी के आफ्नो श्रोताबृन्दलाई प्रस्तुत गर्नुभयो ?
- आफ्नो श्रोताबृन्दलाई सन्देश बुझ्न र संझन सहायता मिलोस् भनेर के तपाईंले **शब्द – तस्बिर** प्रयोग गर्नुभएको छ ?
- के तपाईंको सन्देश **श्रोतामुखी** भयो ?
- कस्तो **परिवर्तन** आउला भनी अपेक्षा राख्नुभएको छ ?

↓

**७. परमेश्वर मैले बोल्ने शब्दहरूबाट बोल्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् । परमेश्वरको सत्यले मानिसहरूलाई परिवर्तन गरेको होस् भनी प्रार्थना गर्नुहोस् ।**

अतिरिक्त सहयोगको निम्ति अर्को खण्ड पढ्नुहोस्।

## ख. सिकाउने र वचन प्रचार गर्ने तरिका

*यी पृष्ठमा बाइबलबाट सिकाउने तरिका बताइएको छ। तपाईंले नयाँ प्रवचन वा सन्देश तयार पार्ने क्रममा सो सन्देशलाई हरेक पटक पढ्न यी पृष्ठले सघाउ पुऱ्याउनेछन्।*

२ तिमोथी २:१५ ले भन्दछ :"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसित प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्‍वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर।"

यो पद बाइबल धर्मशास्त्रबाट सिकाउने कुरामा केन्द्रित छ। पावलले तिमोथीलाई बाइबल धर्मशास्त्रदेखि सिकाउनु कठिन कार्य हो भनी बताउँदछन्। धेरैजसो शिक्षक तथा प्रचारकहरूले सन्देश तथा वचन तयारीमा थोरै समय (केही मिनेट) मात्रै बिताउने गरेका हुन्छन्। यतिले पुग्दैन। यसको निम्ति भरमग्दूर प्रयत्न आवश्यक पर्दछ। पर्खाल बनाउने कुनै मानिसको कल्पना गर्नुहोस्। मानिलिऔं, ऊ अल्छी छ। उसले राम्ररी पर्खाल नबनाएकोले पर्खाल गर्ल्यामगुर्लुम लड्छ। उसलाई फेरि अर्को पर्खाल बनाउन डाकिनेछैन !

- *बाइबल धर्मशास्त्रदेखि सिकाउनमा भरमग्दूर प्रयत्न गर्नु किन महत्त्वपूर्ण हुन्छ ?*
- *हामीले बाइबललाई सही तरिकाले व्याख्या गरेनौं भने के हुनेछ ?*

यदि हामीले बाइबललाई व्याख्या गरेनौं भने, परमेश्‍वर निराश बन्नुहुनेछ। मानिसहरूलाई सहयोग पुग्नेछैन।

यदि हामीले बाइबल धर्मशास्त्रदेखि सिकाउँदछौं भने, मानिसहरू नरकदेखि बाँच्नेछन्। मानिसहरू येशूको ज्ञानमा बढ्नेछन् र येशूको रुपमा निर्माण हुँदैजानेछन्।

प्रवचन वा सन्देश तयारी पार्ने क्रममा सक्दो धेरै समय बिताउनुहोस्। एउटा उत्तम सन्देश वा प्रवचन तयारी पार्न दिनभरि लाग्न सक्छ! **प्रार्थना** गर्न संझनुहोस्। प्रार्थनाचाहिँ सबैभन्दा पहिला गर्नुपर्ने कार्य हो। वचन तयार पार्ने क्रममा, बोल्नुभन्दा अघि र बोलिसकेपछि पनि प्रार्थना गरिरहनुहोस्।

### अध्ययन, शिक्षण

हरेक अनुच्छेदमा दुई खण्डहरू छन् :

**अध्ययन–**अनुच्छेद बुझ्ने तरिका

**शिक्षण**–त्यस अनुच्छेदबाट वचन वा सन्देश प्रचार गर्ने तरिका

**अध्ययन**

**प्रार्थना → पृष्ठभूमि → पढ्नु → टिप्पणी → चिन्तनका निम्ति अतिरिक्त कुरा → मुख्य बुँदा**

**शिक्षण**

**थालनी → २/३ सहायक बुँदाहरू → उदाहरण → प्रयोग → प्रार्थना**

**अध्ययन**

अध्ययन खण्डअन्तर्गत तपाईंले निम्न शीर्षकहरु देख्नुहुनेछ :

**पृष्ठभूमि → पढ्नु → टिप्पणी → चिन्तनका निम्ति अतिरिक्त कुरा → मुख्य बुँदा**

बाइबल परमेश्वरको वचन हो। जब हामी बाइबल सिकाउँदछौं, परमेश्वरले बोल्नुभएको कुरा मानिसहरूले सुन्न सकून् भन्ने कुरा हामीले सुनिश्चित गर्नुपर्दछ। यसको अर्थ दिइएको खण्डको **मुख्य बुँदा** पत्ता लगाउन हामी एकदमै होसियार हुनुपर्दछ भन्ने हुन्छ। कारण, परमेश्वरले हामीद्वारा त्यही कुरा बताइएको चाहनुहुन्छ!

जब तपाईंलाई **मुख्य बुँदा** थाहा हुन्छ, परमेश्वरले मद्वारा यो कुरा भनेको चाहनुहुँदो रहेछ भनी तपाईलाईं थाहा हुनेछ। त्यसपछि तपाईंले सो सन्देशलाई श्रोतामुखी बनाउने उत्तम उपाय सोच्नुहुन्छ।

त्यसो हो भने, मुख्य बुँदा कसरी पत्ता लगाउने त ? निम्न चरणहरू अप्नाउनुहोस् :

**१. प्रार्थना :**

सन्देश तयार पार्ने क्रममा परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुहोस् साथै **प्रार्थनामा लागिरहनुहोस्**। हाम्रो अध्ययन र शिक्षणले फल फलाओस् भन्ने हेतुले हामीलाई पवित्र आत्माको सहायता आवश्यक पर्दछ।

**२. अध्ययन :**

दिइएको खण्डको पृष्ठभूमिबारे विचार गर्नुहोस्।

पृष्ठभूमि भन्नाले के बुझ्नुहुन्छ ? एउटा उदाहरण स्वरुपः जहाजको पहिलो तस्बिरलाई हेरौं। जहाज कहाँ छ भनी तपाईं बताउन सक्नुहुन्छ ?




अब अर्को पृष्ठको शुरु भागमा भएको दोस्रो तस्बिरलाई हेर्नुहोस्। तस्बिर उही हो। तर तपाईंले फरक **पृष्ठभूमि** देख्न सक्नुहुन्छ। अब यो जहाज कहाँ छ भनी तपाईं बताउन सक्नुहुन्छ ?

जहाज अवतरण भएको कुरा तपाईं देख्न सक्नुहुन्छ। जहाज गाउँ नजीकै छ। आकाश अँध्यारो भएको छ। अहिले जहाज उडाउनु खतरापूर्ण हुन्छ अनि यो महत्त्वपूर्ण यात्रा हुनुपर्छ।



**पृष्ठभूमिले** ज्ञान वा बुझाइमा विशाल अन्तर पार्दछ। त्यसकारण, जब हामी वचन अध्ययन गर्दछौं, हामीले दिइएको खण्डको **पृष्ठभूमि** हेर्नु जरुरी हुन्छ।

पृष्ठभूमिमा तीन खण्डहरू हुन्छन् :

१. बाइबलको कुन ठाउँबाट उक्त खण्ड लिइएको हो ?
२. बाइबलको कुन पुस्तकबाट उक्त खण्ड निकालिएको हो ?
३. यस खण्डपछि वा अघिका अध्यायहरू वा पदहरूमा के के भएका छन् ?

जब हामीलाई यी कुरा थाहा हुन्छ, तब हामी बाइबलीय खण्ड अझै छर्लङ्ग बुझ्न सक्छौं।

हरेक सन्देश वा प्रवचन केही पदहरूबाट प्रचार गरिन्छ। ती पदहरू पूरै अध्यायसित सम्बन्धित हुन्छन्, अनि त्यसपछि सिङ्गो पुस्तक र सिङ्गो बाइबलसित पनि सम्बन्धित हुन्छन्! अघि भनिएझैं खण्ड वा अनुच्छेदको कसरी आन्तरिक सम्बन्ध हुन्छ सो बारे विचार गर्नुहोस्। उदाहरणार्थ, यदि तपाईं व्यवस्थाको पुस्तकदेखि बोल्न लाग्नुभएको छ भने, पृष्ठभूमि बुझ्नलाई तपाईंले निम्न कुरा विचार गर्नुपर्ने हुन्छ :

**सिङ्गो बाइबल**

बाइबल बृतान्तमा यो पुस्तक कहाँनेर आएको छ ?

- के यो पुरानो नियम (येशू जन्मनुअघि) मा वा नयाँ नियम (येशू आउनुभएपछि) मा छ ?
- इतिहासको कालखण्डमा कहिले यो पुस्तकको शुरुआत भएको हो ? (बाइबलमा संसारको साँचो कहानी उल्लेख गरिएको छ।)
- यो खण्ड वा अनुच्छेद बाइबलसित कसरी मेल खान्छ भन्ने बारेमा सन्र्भहरू वा पाद–टिप्पणीहरूले सहयोग पुऱ्याउन सक्छन्।

**सिङ्गो पुस्तक**

- मोसा कोसित बोल्दैथिए ?
- मोसा बोल्दैगर्दाखेरि मानिसहरू कहाँ थिए ?
- मोसाले मानिसहरूलाई किन त्यसो भनेका थिए ?

तपाईंले आफ्नो बाइबलको परिचय खण्डमा पनि पृष्ठभूमि बारे थाहा पाउन सक्नुहुन्छ। तपाईंले "व्यवस्थाको पुस्तक बारे" नामक खण्डमा (पृष्ठ १७) मा सहायता पाउन सक्नुहुनेछ। उदाहरण स्वरुप, मोसा इस्रायलका मानिसहरूसित बोलिरहेको कुरा देख्न सक्नुहुनेछ। उनीहरू प्रतिज्ञाको भूमिको सिमानामा आइसकेका हुन्छन्। परमेश्वरमा भरोसा गरेर प्रतिज्ञाको भूमिमा प्रवेश गरुन् भनी मोसा मानिसहरूलाई हौसला दिन चाहन्थे।

**तपाईंले यस खण्डबाट वचन बोल्नुअघि**

- यो खण्ड बाइबलको पुस्तकमा कहाँ छ ?
- योभन्दा अघिको खण्डको मुख्य बुँदा के हो ?

उदाहरणार्थ, यदि तपाईंले व्यवस्था २:१–३:११ बाट प्रचार गर्दै हुनुहुन्छ भने, १:३४–४५ मा के के घटना घटेका छन् सो तपाईंले जान्नु आवश्यक हुन्छ जसले गर्दा मानिसहरू कादेस बर्नियाबाट फर्केको घटना तपाईं बुझ्न सक्नुहुन्छ (२:१)।

## ३. पढ्नु

बाइबलको खण्ड **तीन पटकसम्म** पढ्नुहोस्। दिइएको खण्ड हतार नगरिकन ध्यान दिएर पढ्नुहोस्। आवाज निकालेर पढ्नुचाहिँ उत्तम हुन्छ। यदि तपाईंसित अन्य बाइबल संस्करणहरू छन् भने ती पनि पढ्नुहोस्। तेस्रो पटकचाहिँ आफ्नो आँखा, कान, नाक, हातले पढ्नुहोस्! आफू नै त्यहाँ भएझैं पढ्नुहोस्। यदि तपाईं त्यही परिस्थितिमा हुनुभएको भए तपाईं के देख्नुहुन्थ्यो, के सुन्नुहुन्थ्यो, के सुँघ्नुहुन्थ्यो र के अनुभूति गर्नुहुन्थ्यो ?

## ४. बुझ्नु

**बुझ्नु** खण्डमा घोत्लिनुहोस्। दिइएको खण्ड बारे राम्ररी सिकाउनको निम्ति, तपाईंले त्यस खण्डले भन्न खोजेको कुरा छर्लङ्ग रुपमा बुझ्न आवश्यक हुन्छ।

जहाजको यस तस्बिरलाई नियालेर हेर्नुहोस्। त्यहाँ भइरहेको घटना बारे के बुझ्न सक्नुहुन्छ ?



यही तरिकाले, खण्डले भन्न खोजेको कुरा बुझ्नको निम्ति तपाईंले समय बिताउनुपर्दछ।

अब फेरि तस्बिरमा हेर्नुहोस्। यस तस्बिरले तपाईंलाई के कुराचाहिँ **बताउँदैन** ? उदाहरणार्थ, त्यो बिरामी मानिस कुन रोगले थलिएको छ भन्ने कुराचाहिँ तपाईंलाई थाहा हुँदैन।

त्यसै गरी, खण्डले नभनेको कुराचाहिँ अनुमान **नगर्नुहोस्**।

एक–एक पद पढ्नुहोस्। प्रत्येक पद पढ्नुहोस् अनि त्यसपछि आफ्नै शब्दमा त्यहा घटेका कुराहरू भन्नुहोस्। यसो गर्नाले, यो खण्ड यस विषयमा रहेछ भन्ने कुरा तपाईंलाई बुझ्न सघाउ पुग्दछ।

सोध्नपर्ने केही प्रश्नहरू :

**को ?** *यस खण्डमा को को छन् ?*

- त्यहाँ भएका प्रत्येक व्यक्तिबारे के थाहा पाउनुभयो ?
- उनीहरू कहाँ छन् भन्ने बारे के थाहा पाउनुभयो ?
- परमेश्वरको विषयमा यस खण्डले के भन्दछ ?

**के ?** *यो केको विषयमा छ ?*

- के कुनै शब्द वा विचार दोहोरिएका छन् ?
- तपाईंले नबुझेका कुनै कुरा छन् ?
- यदि त्यसो हो भने, प्रार्थनासहित पदहरू फेरि पढ्नुहोस्। पूरै अध्याय पढ्नुहोस् अनि स्पष्ट भयो कि भएन थाहा पाउनुहोस्। यस पुस्तकमा वा तपाईंको बाइबलमा तपाईंलाई सहायता पुऱ्याउने उद्देश्यले केही टिप्पणीहरू दिइएका छन्।

**किन ?** *किन यसो भनिएको हो ?*

- लेखकले श्रोताबृन्दले के गरेको चाहन्छ ? उदाहरणार्थ, व्यवस्थाको पुस्तकमा, मोसाले इस्राायलका मानिसहरूले के गरुन् भन्ने चाहन्थे ?
- यसले परमेश्वरका जनहरूमा के परिवर्तन ल्याउनेछ ? व्यवस्थाको पुस्तकको अन्त्यमा इस्राायलका मानिसहरूले परमेश्वरको आज्ञा पालन गरेको हामी देख्दछौं। उनीहरूले परमेश्वरमा भरोसा राखे अनि प्रतिज्ञाको भूमिमा जान यहोशूलाई पछ्याए।

## ५. मुख्य बुँदा पत्ता लगाउनु

मुख्य बुँदा पत्ता लगाउनुहोस्। हरेक खण्डमा परमेश्वरले भन्न खोज्नु भएको महत्त्वपूर्ण कुरा नै **मुख्य बुँदा** हो। दिइएको **खण्डमा** मुख्य बुँदा भेट्नु महत्त्वपूर्ण हुन्छ।

कतिपय वचन प्रचारकहरूले पदहरू पढ्नअघि नै आफूले भन्न चाहेको महत्त्वपूर्ण वा मुख्य बुँदा निधो गर्ने गर्दछन्! पैसा दिने बारेमा वचन प्रचारकले खुब बोलेको सुनें तर उनले प्रचार खण्डमा पैसा दिने बारेमा केही पनि चर्चा गरिएको थिएन! उनले **मुख्य बुँदा** छुटाएका थिए!

फेरि जहाजको तस्बिरलाई हेर्नुहोस् :



यस तस्बिर बारे तपाईंले भन्न सक्ने कुरा धेरै छन्। उदारणार्थ,

- जहाज सानो छ।
- जहाजका तीन ओटा चक्काहरू र केही झ्यालहरू छन्।
- सात जना मानिसहरू छन्।

यद्यपि, तस्बिरमा उल्लेख गरिएका कुनै पनि बुँदाहरूले **मुख्य विषयको** बारेमा केही बताउँदैनन्। त्यहाँको मुख्य विषयचाहिँ अझै राम्ररी उपचार गर्नको निम्ति उद्धार गरिँदै गरिएको बिरामी व्यक्ति हो।

कुनै बखतमा हाम्रा सन्देशहरू वा वचन प्रचारहरू त्यस्तै हुन्छन्। हाम्रा सन्देशहरूमा धेरै कुरा भनिएका हुन्छन् तर त्यहाँ **मुख्य बुँदा** छुटिरहेको हुन्छ। कहिलेकाहीं खण्डमा भएका सबै थोक बताउन चाहान्छौं। हामी यति धेरै थोक बताउन पुग्छौं कि महत्त्वपूर्ण कुरा त यो पो रहेछ भनेर कसैले पनि थाहा पाउँदैन !

**गर्नैपर्ने महत्त्वपूर्ण प्रश्नः** यी पदहरूले भन्न खोजेको **मुख्य बुँदा, मुख्य विषय** के हो ?

उदाहरणार्थ, यदि तपाईंले व्यवस्था १:१९–३३ बाट प्रचार गर्नुभयो, तपाईं लामो यात्रामा निस्कनुअघि त्यस ठाउँको वस्तुस्थिति बुझ्न कसैलाई त्यहाँ पठाउनुपर्छ भनी तपाईं प्रचार गर्न सक्नुहुन्छ होला। तर यस खण्डको **मुख्य बुँदा** त्यो होइन। यो खण्ड त हाम्रो सामु बलिया शत्रुहरू भए पनि हामीले परमेश्वरकै प्रतिज्ञाहरूमा भरोसा गर्नुपर्दछ भन्ने विषयमा केन्द्रित छ।

आफूलाई मुख्य बुंदा पत्ता लगाउन सहयोग पुगोस् भन्ने हेतुले **टिप्पणी** र **चिन्तनका निम्ति अतिरिक्त कुरा**मा लेखिएका सबै बुँदाहरू पढ्नुहोस्। दिइएको खण्डले बताउन खोजेको मुख्य विषय बारे विचार गर्नुहोस्। दोहोरिएका शब्दहरू वा प्रसङ्गहरू हेर्नुहोस्।

उपचारको निम्ति जहाजमा चढाउन थालिएको बिरामी व्यक्ति उक्त तस्बिरको मुख्य विषय हो।

दिइएको खण्डको मुख्य उद्देश्य के हो ?

खण्ड कुन विषयमा केन्द्रित छ सो बारे एक वाक्यमा लेख्नुहोस्।

उदाहरणार्थ, यदि तपाईंले व्यवस्था १:१९–३३ देखि प्रचार गर्दै हुनुहुन्छ भने, तपाईंले यस्तो लेख्न सक्नुहुन्छः *जब तपाईं बलिया शत्रुहरूदेखि भयभीत भएर परमेश्वरमा भरोसा गर्न कठिन महसुस गर्नुहुन्छ, परमेश्वर झनै शक्तिशाली हुनुहुन्छ भन्ने कुरा नबिर्सिनुहोस्!*

आफ्नो **मुख्य बुँदा** लेख्नुहोस् अनि खण्ड फेरि पढ्नुहोस्। कुनै पनि महत्त्वपूर्ण विषयचाहिँ नछुटाउनुहोला।

**योजना (खाका)**


तपाईंले वचन तयार पार्नुअघि आफूले बोल्नु पर्ने विषयमा तपाईंले खाका कोर्नुपर्ने हुन्छ। हामीलाई लाग्छ, तपाईंले गर्नैपर्ने पाँच कुराहरू निम्न हुन् :

**मुख्य बुँदा** **सहायक बुँदा** **उदाहरण** **प्रयोग** **पुनर्अवलोकन**


अब तपाईंले दिइएको खण्ड बुझ्नुहुन्छ। तपाईंले केही *टिप्पणी* र *मुख्य बुँदा* तयार पारिसक्नुभएको हुन्छ तापनि यही नै सन्देश वा वचन तयारीचाहिँ होइन! हामीलाई सन्देशको निम्ति खाका आवश्यक पर्दछ।

आफ्नो नोटबुकको माथिल्लो खण्डमा *मुख्य बुँदा* लेख्नुहोस्। यसो गर्नाले तपाईंलाई असल सन्देश तयार पार्न सहायता मिल्नेछ।

धेरैजसो वचन प्रचारकहरू आफ्नो वचन प्रचारको खाका कोर्दैनन्।




कतिपय प्रचारकहरूले एउटै कुरा घरिघरि दोहोऱ्याइरहेका हुन्छन्। यसो गर्नाले प्रवचन दिक्कलाग्दो हुन्छ। त्यस्तो प्रचारले फन्को मारेको–मारेकै गर्दछ! यस्तो प्रचार अनुपयोगी हुन्छ। यस्तो सन्देश आकाशमा फन्को मारिरहने तर कहिल्यै जमिनमा अवतरण नगर्ने जहाजजस्तै हुन्छ!




अरू प्रचारकहरूसित चाहिँ बोल्ने कुरा धेरै हुन्छन् तर उनीहरूसित खाका नै हुँदैन। यस्तो सन्देश सिलसिलाबद्ध रुपमा बुझ्न गाह्रो हुन्छ। यस्तो सन्देशचाहिँ धेरै ठाउँहरूमा पुग्ने तर तपाईंले जान चाहेको स्थानमा चाहिँ कहिल्यै नपुग्ने बसमा चढेझैं हुन्छ!

तपाईंले आफ्नो सन्देश वा वचन प्रचारको राम्ररी खाका बनाउनको निम्ति तपाईंले दुई, तीन वा चार ओटा सहायक बुँदा वा शीर्षकहरू तयार पार्नुपर्दछ। यसो गर्नाले सन्देशलाई सिलसिलाबद्ध बनाउन सजिलो हुन्छ। सन्देशको खाका कोर्नु भनेको आफूलाई मनपर्ने सुप बनाउँदा पाकनिर्देशिकाअनुसार सुप तयार पार्नुजस्तै हो। तपाईंको पेट भर्ने र तपाईंलाई सन्तुष्ट पार्ने मीठो खाना तयार नहुन्जेलसम्म त्यस खाना तयारीमा तपाईं एउटा कुरा थप्नुहुन्छ, त्यसपछि अर्को, अनि अर्को थप्दै जानुहुन्छ!



**१.सहायक बुँदा**

सहायक बुँदाहरूले मुख्य बुँदाको अंश (हिस्सा) को व्याख्या गर्दछन् । सहायक बुँदाहरूले दिइएको खण्डको एउटा पाटोको वर्णन गर्दछन्। सहायक बुँदाहरू छोटा हुने भएकाले तपाईंको श्रोताबृन्दले तिनलाई संभन्न सक्छन्।

दिइएको खण्डलाई कसरी विभाजन गर्न सकिन्छ सो बारे विचार गर्नुहोस्।

- प्रत्येक सहायक बुँदामा कुन पद मेल खान्छ ?
- के सबै पदहरू समेटिए ?
- मुख्य बुँदालाई सकेसम्म स्पष्ट पार्नको निम्ति सहायक बुँदाहरूलाई एकआपसमा कसरी सिलसिलाबद्ध बनाउन सक्नुहुन्छ ?
- के सहायक बुँदाहरू छोटा र संभन्न सजिला छन् ?

उदाहरणार्थ, व्यवस्था ४:९–२० :

मुख्य बुँदाः *परमेश्वरको भौतिक स्वरुप हुँदैन। त्यसकारण मूर्ति नपुज्नू।*

यस मुख्य बुँदाअनुसार, निम्न सहायक बुँदाहरू तयार पार्न सकिन्छ :

- होरेब पर्वत (सिनाइ पर्वत) मा भएको घटना याद गर्नु (४:९–१४)
- मूर्ति नबनाउनू (पद १५–२०)
- परमेश्वरको वचन सुन्नू (पद ९)

**स्मरण रहोस् यी सबै सहायक बुँदाहरूः**

- ➢ छोटा छन्।
- ➢ संभन्न सजिला छन्।
- ➢ दिइएका पदहरूलाई छर्लङ्ग पारेका छन्।

**२. उदाहरण वा कथा प्रस्तुति**

उदाहरण वा शब्द तस्बिरले तपाईंको आफ्नो श्रोताबृन्दलाई तपाईंले प्रस्तुत गर्नुहुने मुख्य बुँदा बुझ्न सहायता गर्दछ।

कतिपय अवस्थामा खण्डमा नै उदाहरणहरू हुन्छन्।

कतिपय अवस्थामा चाहिँ तपाईं आफैले नै उदाहरण सोच्नुपर्ने हुन्छ । उदाहरण संभन्न सकिने हुनुपर्दछ । उदाहरणार्थ, यदि तपाईंले व्यवस्था १६:१–१७ देखि प्रचार गर्दैहुनुहुन्छ भने, यसको मुख्य बुँदा हुन्छः *परमेश्वरले जे जे गरिदिनुभएको छ सो कुरा परमेश्वरका जनहरूले स्मरण गर्दै उत्सव मनाउनुपर्दछ*।

मुख्य सन्देशचाहिँ "स्मरण गर्नु" हो। तपाईंको मुख्य उदाहरण वा कथाले तपाईंको श्रोताबृन्दलाई स्मरण गर्नुचाहिँ कति महत्त्वपूर्ण रहेछ भन्ने कुरा देखाउनेछ!

आफ्नो श्रोताबृन्दलाई, उदाहरणको रुपमा तपाईंको मण्डली शुरुआत हुँदाको वा तपाईंको देशमा प्रजातन्त्र आउँदाको समयलाई कसरी संभन्ना गर्नुहुन्छ र कसरी उत्सव मनाउनुहुन्छ सो बताइदिनुहोस्।

तपाईंले दृश्य सामाग्री वा तस्बिर प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले चित्र कोर्न वा छोटो नाटक देखाउन सक्नुहुन्छ। जेजति क्रियाकलाप गरिन्छ तिनले सधैं *मुख्य बुँदा* सिकाउन सघाउ पुऱ्याउनुपर्दछ!

**३. प्रयोग**

जब हामी परमेश्वरको वचन सिकाउँदछौं, त्यस बेला परमेश्वरको वचन हामीमा सम्प्रेषित होस् र सुन्ने सबैलाई परिवर्तन गरोस् भन्ने हामी चाहना राख्दछौं। त्यसकारण, *तपाईंले* प्रचार गर्न लाग्नुभएका श्रोताबृन्दमा दिइएको खण्डको **मुख्य बुँदा** लागू गर्ने बारेमा सोच्नुपर्दछ।

तपाईंले बोल्न लाग्नुभएका विभिन्न थरिका श्रोताहरू बारे सोच्नुहोस्। **मुख्य बुँदा** निम्न किसिमका श्रोताहरूमा कसरी सम्प्रेषित हुन्छ :

- बालबालिकामा ?
- नयाँ विश्वासीहरूमा ?
- विश्वास नगरेकाहरूमा ?
- मण्डलीका अगुवाहरूमा ?

तपाईंको श्रोताबृन्दले वचन सुन्ने क्रममा उनीहरूको मनमा उठ्ने प्रश्नहरू बारे विचार गर्नुहोस्। उदाहरणको निम्ति :

- भोलि मेरो निम्ति यसको अर्थ के हुन्छ ?
- मैले यसलाई मण्डलीमा कसरी व्यवहारमा उतार्दछु ?
- मेरो परिवारमा यसलाई कसरी पालन गर्दछु ?
- मेरो गाउँघर वा समुदायमा यसलाई कसरी जिएर देखाउँला ?
- येशूलाई विश्वासयोग्य भई पछ्याउन यसले मलाई कसरी सहायता गर्ला ?
- म कस्ता–कस्ता खतराहरू बारे सतर्क हुनुपर्ला ?

तपाईंले सन्देशलाई हरेक सहायक बुँदापछि र अन्तमा लागू गर्न सक्नुहुन्छ। यदि तपाईंले सन्देशको अन्तमा मात्रै सन्देश प्रयोग गर्नुहुन्छ भने, कतिपय श्रोताहरूले त्यो कुरा नसुन्लान्।

अबचाहिँ तपाईं आफ्नो सन्देश वा प्रवचन लेख्न तयार भइसक्नुभएको छ।

**४. पुनर्अवलोकन**

तपाईंले वचन सिकाउनुअघि आफूले लेखेको सन्देशको पुनर्अवलोकन गर्नुपर्दछ।

आफूले तयार पारेको सन्देश यसरी नियाल्नुहोस् :

- मुख्य बुँदा स्पष्ट भयो ?
- **सम्बन्धित** खण्डमा बाइबलले सिकाउन खोजेको कुरा के प्रस्तुत गर्दैहुनुहुन्छ ?
- के तपाईंले पदहरू स्पष्ट रुपमा व्याख्या गर्नुभएको छ ?
- सन्देशलाई राम्ररी बुझ्न र संझनको निम्ति के तपाईंले शब्द तस्बिरहरू बारे सोच्नुभएको छ ?
- तपाईंले प्रचार गर्दाखेरि मानिसहरूले राम्ररी बुझ्न सकून् भन्ने हेतुले तपाईंको प्रवचनमा के स्पष्ट प्रवाह छ ?
- तपाईंको आफ्नो श्रोताबृन्दको जीवनमा परिर्वन ल्याउन परमेश्वरसित तपाईं के अनुरोध गर्दैहुनुहुन्छ ?

सविस्तार तयार पार्नुभएको सन्देश प्रयोग गरेर बोल्दैहुनुहुन्छ वा छोटा टिप्पणीहरू प्रयोग गर्दै हुनुहुन्छ सो बारे निर्णय गर्नुहोस्।

आफ्नो अधिकांश श्रोताबृन्दले बझ्ने भाषा सधैं प्रयोग गर्नुहोस्।

## शिक्षण

प्रायः गरी तपाईंले **शिक्षण** खण्डमा निम्न शीर्षकहरू देख्नुहुनेछ :

**थालनी** **२ वा ३ सहायक बुँदाहरू** **प्रार्थना**

कहिलेकाहीं त्यस अन्तर्गत **उदाहरण** वा **प्रयोग** पनि समावेश गरिएको देख्नुहुनेछ।

यस खण्डले तपाईंलाई बाइबलसम्बन्धी सन्देश वा प्रवचन तयार पार्न सघाउ पुऱ्याउनेछ। यो नै त पूर्ण सन्देश होइन। तपाईंले पनि आफ्नो भूमिका पूरा गर्नुपर्दछ। जेहोस्, यसले तपाईंलाई केही न केही तरिकाहरू वा विचारहरू प्रदान गर्दछ। तपाईंले यी तरिकाहरू अप्नाएर आफू अनुकूल तिनलाई प्रयोग गर्न सक्नुहुन्छ।

सन्देश वा वचन प्रचारचाहिँ जहिले पनि **मुख्य बुँदामा** नै आधारित हुन्छ भन्ने कुरा कहिल्यै नभुल्नुहोस्।

**१. थालनी**

प्रवचन तयारी कसरी थालनी गर्ने सो गहन रुपमा सोच्नुहोस्। आफ्नो श्रोताबृन्दलाई मुख्य बुँदा बताइदिनु उत्तम हुन्छ। उनीहरूलाई सन्देश सुन्नु जरुरी हुनुको कारण र त्यसलाई व्यवहारमा उतार्ने तरिका बताइदिनुहोस्। तपाईंले श्रोताबृन्दलाई प्रश्न गर्न सक्नुहुन्छ र वचन प्रचारको समयमा त्यसको जबाफ दिनेछु भनी उनीहरूलाई बताइदिनुहोस्। श्रोताबृन्दले ध्यान दिएर सुनून् भन्ने उद्देश्यले उनीहरूको ध्यान आकृष्ट गर्नु आवश्यक हुन्छ।

उदाहरणार्थ, व्यवस्था ८:१–२० को मुख्य बुँदा यो हो: *परमेश्वरले तपाईंलाई मरुभूमिमा नम्र तुल्याउनुभएको कुरा संझना गर्नुहोस्। प्रतिज्ञाको भूमिमा पनि नम्र हुनुहोस्।*

शुरुआत गर्न, तपाईंले यस्तो प्रश्न गर्न सक्नुहुन्छ :

- *दुःखको समयले कि सुखको समयले मानिसहरूलाई परमेश्वरदेखि टाढा लैजान्छ ?*

तपाईंले श्रोताबृन्दलाई कहानी भन्न सक्नुहुन्छ :

- *एक जना व्यक्तिको श्रीमतीको देहवसान हुन्छ। ऊ बेरोजगार छ। ऊ दुःखित छ। परमेश्वरसित गनगन गर्दछ। उसले विश्वास गुमाउँदछ। एक जना स्त्रीको जीवनचाहिँ सुखमय छ। उनीसित प्रशस्त चीजबीज छन्। उनी धनी छिन्। तर उनी परमेश्वरदेखि टाढा हुन्छिन्।*

**२. सहायक बुँदा**

सहायक बुँदाचाहिँ शरीरका हाडहरूजस्तै हुन्। हाडहरूले तपाईंलाई खडा रहन सहायता गर्दछन्। तपाईंलाई हाडको साथसाथै मासुको पनि जरुरत पर्दछ। तपाईंलाई पदहरू व्याख्या गर्न, हाडहरूमा मासु भर्न समयको आवश्यकता पर्दछ। तपाईंले पदहरूले भन्न खोजेको आशय स्पष्ट पार्नु जरुरी हुन्छ। तपाईंले बाइबलका पदहरू व्याख्या गर्ने क्रममा सबैले सुन्ने गरी तिनलाई धर्मशास्त्रदेखि पढ्नु उपयुक्त हुन्छ। यदि श्रोताबृन्दसित बाइबल छ भने उनीहरूलाई पनि आ–आफ्नो बाइबलमा सो पदहरू हेर्न लगाउनुहोस्।

यस पुस्तकले तपाईंलाई कतिपय तरिकाहरू प्रदान गर्दछ, तर तपाईंले पनि आफ्ना तरिका वा विचारहरू पनि थप्नुपर्ने हुन्छ। आफ्नो श्रोताबृन्दको निम्ति के कुरा उपयुक्त हुन्छ र उनीहरूलाई के कुराले चाहिँ सन्देश अझै राम्ररी बुझ्न सहायता गर्ला सो विषयमा विचार गर्नुहोस्।

तपाईंले जे बोलिरहनुभएको हुन्छ सो कुरा बाइबलले भनेको कुरा हो भनी तपाईंको श्रोताबृन्दले बुझेको हुनुपर्दछ।

**३. उदाहरण**

**शिक्षण** खण्डमा *उदाहरण* नामक शीर्षक दिइएको हुनसक्छ। तपाईंले अन्य उदाहरणहरू पनि सोच्न सक्नुहुन्छ। येशूले दृष्टान्तहरू भन्नुहुँदा यस्तै गर्नुहुन्थ्यो। येशूले प्रायः भन्नुहुन्थ्यो,"स्वर्गको राज्यचाहिँ *यस्तो* हो..." अनि त्यसपछि कथा भन्नुहुन्थ्यो। येशूले प्रयोग गर्नुभएका कतिपय उदाहरणहरूचाहिँ शब्द तस्बिर हुन्थे। उदाहरणार्थ, प्रभु येशूले झूटा शिक्षकहरूलाई "डरलाग्दा ब्वाँसाहरू" भनी सम्बोधन गर्नुहुन्छ। पावलले ख्रीष्टियन जीवनलाई "दौड दौड्नु" को रुपमा चित्रण गरेका छन्। कतिपय अवस्थामा लम्बेतान कहानीभन्दा शब्द तस्बिर उत्तम हुनसक्छ।

**४.प्रयोग**

तपाईंले दिइएको खण्डलाई आफ्नो श्रोताबृन्दमा प्रयोग गर्नु आवश्यक हुन्छ। सकेसम्म यसलाई स्पष्ट बनाउनु महत्त्वपूर्ण हुन्छ। आफ्नो श्रोताबृन्दलाई चिन्तन गर्न, वा केही कार्य गर्नको निम्ति केही कुरा दिनुहोस्। स्मरण रहोस्, हामी मानिसहरू परिवर्तन भएर प्रभुमा बढून् भन्ने चाहान्छौं। प्रभु येशूलाई विश्वास नगरेका व्यक्तिहरूलाई पनि केही महत्त्वपूर्ण सन्देश भन्न नभुल्नुहोला। तपाईंका श्रोताहरू सधैं निम्न समूहका हुनेछन् :

- विश्वासले भरपूर विश्वासीहरू
- अगाडि बढ्न सङ्घर्ष गरिरहेका विश्वासीहरू
- विश्वासी बन्न इच्छुक तर कसरी विश्वासी बन्ने भनेर ज्ञान नभएका गैर–विश्वासीहरू
- हामीलाई मुक्तिो खाँचो छैन भनी सोच्ने गैर–विश्वासीहरू

हरेक समूहकालाई केही न केही सन्देश दिने प्रयास गर्नुहोस्! उदाहरणार्थ, व्यवस्था ४:२१–३१ देखि सिकाउँदाखेरि :

- विश्वासले भरपूर विश्वासीहरूलाईः *तपाईंहरू परमेश्वरका जन हुनुहुन्छ। परमेश्वर तपाईंहरूसित डाही*

*हुनुहुन्छ। तपाईंहरूले उहाँलाई बाहेक पैसालाई प्रेम गरेको उहाँ चाहनुहुन्न।*

- अगाडि बढ्न सङ्घर्ष गरिरहेका विश्वासीहरूलाई: *परमेश्वर कृपालु हुनुहुन्छ। तपाईं चुकेपनि उहाँले तपाईंलाई क्षमा दिनुहुन्छ। उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ।*
- विश्वासी बन्न इच्छुक तर कसरी विश्वासी बन्ने भनेर ज्ञान नभएका गैर–विश्वासीहरूलाई: *परमेश्वर कृपापूर्ण हुन्छ। उहाँले हाम्रा जस्तासुकै कमिकम्जोरी भए पनि क्षमा गर्नुहुन्छ। यदि तपाईं पापदेखि तर्केर परमेश्वरमा फर्कनुहुन्छ भने तपाईंले क्षमादान पाउनुहुनेछ।*
- हामीलाई मुक्तिो खाँचो छैन भनी सोच्ने गैर–विश्वासीहरू: *परमेश्वर डाही परमेश्वर हुनुहुन्छ। मूर्ति पूजा गर्नेहरूलाई परमेश्वर घृणा गर्नुहुन्छ। उहाँले त्यस्ता व्यक्तिहरूलाई न्याय गर्नुहुनेछ।*

सम्बन्धित खण्ड पहिलो श्रोताबृन्द वा पाठक वर्गमा कसरी लागू भयो, अब तपाईंले प्रयोग गर्दाखेरि पनि यसैमा आधारित हुन्छ भन्ने कुरा नभुल्नुहोस्। उदाहरणार्थ, व्यवस्था ५:१२–१५ लाई लिऔं :

- कतिपय मानिसहरू अल्छी हुन्छन्: उनीहरूले ६ दिनसम्म काम गर्नुपर्दछ भनी व्यवस्थाले बताएको छ। *हामीले हरेक दिन किन परिश्रम गरिरहनुपर्ने हुन्छ ?*
- कतिपय मानिसहरू असाध्यै लोभी भएका हुनाले उनीहरू खुब परिश्रम गर्दछन्। *तिमीहरूले विश्राम गर्नुपर्दछ र तिमीहरूलाई दिइएको संसार र जीवनमा आनन्द मनाउनुपर्दछ भनी परमेश्वर हामीलाई भन्नुहुन्छ।*

**५. समापन**

आफ्नो सन्देशलाई कसरी समापन गर्ने हो सो बारे विचार गर्नुहोस्। आफ्नो श्रोताबृन्दलाई मुख्य बुँदा स्मरण गराउनुहोस्। उनीहरूलाई संझन सहायता गर्नुहोस्।

कुनै बखतमा सन्देश बोलिसकेपछि आफ्नो श्रोताबृन्दलाई उनीहरूले सुनेको सन्देशमा मनन गर्न समय दिनु उपयोगी हुन्छ।

**६. प्रार्थना**

प्रार्थना गर्नुहोस्। र, प्रार्थनामा लागिरहनुहोस्।

- सर्वप्रथम परमेश्वरले मलाई नै बद्ल्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्।
- परमेश्वरले मेरो श्रोताबृन्दलाई सन्देश सम्प्रेषण गर्न मेरा शब्दहरूलाई प्रयोग गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्।
- परमेश्वरको सत्यताले मानिसहरू परिवर्तन होऊन् भनी प्रार्थना गर्नुहोस्

## ग. व्यवस्था पुस्तकको बारेमा

**अन्तिम प्रवचन**

व्यवस्था पुस्तक आफू मर्नभन्दा पहिला मोसाले बोलेका अन्तिम प्रवचन हो। मोसाले इस्रायलका सारा मानिसहरूलाई प्रतिज्ञाको देश कनानको सिमानास्थित एउटा पर्वतमा प्रचार गर्दछन्।

मिश्रदेश छाडेपछि इस्रायलका मानिसहरू लगभग ४० वर्षसम्म मरुभूमिमा नै भौतारिइरहेका हुन्छन्। (प्रस्थान १४:३७–४१ हेर्नुहोस्) । इस्रायलका मानिसहरूले प्रतिज्ञाको भूमिमा नपस्ने निर्णय गरेका हुनाले परमेश्‍वरले सबै वयस्कहरू मरुभूमिमै मर्नेछन् भनी घोषणा गर्नुभयो । पछि, उनीहरूका सन्ततीहरूचाहिँ त्यसभूमिमा प्रवेश गर्नेछन्। (गन्ती १३–१४ हेर्नुहोस् )।

मरुभूमिमा सर्वदाजस्तै इस्रायलका मानिसहरूले परमेश्‍वरको अवज्ञा गरेर उहाँको विरुद्धमा गइरहे । (प्रस्थान् १५:२२–२६, १६:१–३, १७:१–७, गन्ती ११:१–३, १४:१–४, २०:२–५, २५:१–३ हेर्नुहोस)

**मोसा के गर्न चाहान्छन्?**

मोसाको मर्ने बेला भइसकेको हुन्छ । यहोशू इस्रायलीहरूका अगुवा बन्नेछन् । यहोशूले इस्रायलीहरूलाई नेतृत्व गरेर प्रतिज्ञाको देशमा लैजानेछन् । त्यसैले मोसाले लामो सन्देश दिन्छन् । उनी आफ्नो सन्देशद्वारा चार कुरा गर्न चाहान्छन्:

१. इस्रायलीहरूलाई उनीहरूका विगतको सम्झना दिलाउनु
२. परमेश्‍वरमा उनीहरूको विश्‍वास बढाउनु
३. परमेश्‍वरको व्यवस्था पालन गर्न उनीहरूलाई सहयोग गर्नु
४. प्रतिज्ञाको भूमिलाई विजय गर्न उत्साह दिनु

यही सन्देश नै व्यवस्थाको पुस्तक हो।

करीब ६०० वर्ष पहिला परमेश्‍वरले अब्राहामलाई कनानको भूमि प्रतिज्ञा गर्नुभएको हुनाले त्यो भूमिलाई प्रतिज्ञाको भूमि भनिन्छ (उत्पति १२:१–७)। परमेश्‍वर आफ्ना ती प्रतिज्ञाहरूप्रति विश्‍वासयोग्य हुनुहुन्छ भन्ने कुरा व्यवस्थाको पुस्तकले छर्लङ्ग पार्दछ।

**मानिसहरूले परमेश्‍वरको व्यवस्था किन पालना गर्नुपर्छ ?**

व्यवस्थाको अधिक्तम खण्डचाहिँ पालन गरि नुपर्ने नियमहरू बारेमा केन्द्रित छ, तथापि यस पुस्तकले हमेसा हाम्रो ध्यानलाई परमेश्‍वरतिर नै केन्द्रित गराउँदछ । इस्रायलका मानिसहरूले तीन वटा कारणहरूले गर्दा आफ्नो हृदयदेखि परमेश्‍वरको व्यवस्था पालन गर्नुपर्दछ।

१. विगतमा परमेश्‍वरले इस्रायलका मानिसहरूका निम्ति गर्नुभएको उपकारको कारण
२. परमेश्‍वर जो हुनुहुन्छ सो को कारण
३. परमेश्‍वरका प्रतिज्ञाहरू र भविष्यको निम्ति उहाँका चेतावनीहरूको कारण

**व्यवस्थाले हामीलाई के बताउँछ?**

व्यवस्थाको पुस्तकले इस्रायलका मानिसहरूलाई सम्बोधन गर्दछ । भावी पुस्ताले पढ्न पाऊन् र परमेश्‍वर उनीहरूसँग बोल्नुभएको पनि सुन्न पाऊन् भन्ने उद्देश्यले मोसाले आफ्नो सन्देशलाई पुस्तकको रुप दिए।


यही पुस्तकले येशू ख्रीष्टलाई पछ्याउने हामी ख्रीष्टियनहरूलाई पनि सम्बोधन गर्दछ । हामी इस्रायलीजस्तै एउटा जाति होइनौं तर हामीचाहिँ मण्डली हौं। ख्रीष्टियनहरू विश्‍वासद्वारा अब्राहामका सन्तानहरू हुन्। त्यसैले यो पुस्तक आज परमेश्‍वरका जन अर्थात ख्रीष्टियन मण्डलीको निम्ति धेरै उपयोगी छ।

यसकारण हाम्रा फरक–फरक परिस्थितिहरूमा व्यवस्थाका नियमहरू कसरी लागू गर्न सकिन्छ भन्ने बारेमा सावधानीपूर्वक विचार गर्नुपर्छ। हामीले येशू ख्रीष्ट र नयाँ नियमलाई ध्यानमा राखेर व्यवस्थालाई अध्ययन गर्नपर्छ। (सहायताको लागि परिशिष्टाङ्कमा दिइएको पूरानो करारका नियमहरू पढ्ने बारेमा पृष्ठ ९८ मा लेख हेर्नुहोस्)।

मोसाले इस्रायलका मानिसहरूलाई विश्‍वासयोग्य भएर आज्ञापलन गर्न उत्साह दिने उद्देश्य राखेका थिए। यस सन्देशको हाम्रो निम्ति पनि उही उद्देश्य हो। यसले हामीलाई पनि विश्‍वासयोग्य हुन र परमेश्‍वरको आज्ञापालना गर्न उत्साह दिन्छ।

**पुस्तकको रुपरेखा**

| | |
|---|---|
| १:१–५ | परिचय |
| १:६–४:४३ | ऐतिहासिक ⑭ पृष्ठभूमि |
| ४:४४–११:३२ | सामान्य आज्ञाहरू |
| १२:१–२६:१९ | विस्तृत नियमहरू |
| २७:१–२८:६८ | आशिष र श्राप |
| २९:१–३०:२० | निष्कर्ष |
| ३१:१–३४:१२ | मोसाको यहोशूलाई जिम्मेवारी हस्तान्तरण गर्ने तयारी तथा मृत्यु |



# व्यवस्थाको पुस्तकबाट शिक्षण

## घ. व्यवस्थाको पुस्तक अध्ययन र शिक्षण

१

# प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नु

**पृष्ठभूमि**

यी पदहरूले व्यवस्थाको पुस्तकको पृष्ठभूमि प्रदान गर्दछन्। यिनीहरूले निम्न कुरा बताउँदछन् :

- **पुस्तक लेखकः** मोसाले इस्रायलीहरूलाई मिश्रबाट निकालेर ४० वर्षसम्म मरुभूमिमा नेतृत्व गरे।
- **लक्षित पाठकः** इस्रायलका सबै मानिसहरूका निम्ति, चाहे उनीहरू जवान हुन् कि पाका, स्त्री हुन् कि पुरुष सबैका निम्ति लेखिएका थियो।
- **विषय-वस्तुः** मोसाद्वारा बोलिएका (पद १), परमेश्वरद्वारा आज्ञा दिइएका वचनहरू (पद ३)
- **सन्देशहरू बोलिएको ठाउँः** यर्दन नदिको पारिपट्टि, प्रतिज्ञाको भूमि बाहिरपट्टि
- **सन्देशहरू बोलिएको समयः** मिश्र छोडेदेखि ४० सौं वर्षमा
- **व्यवस्था आवश्यक हुनुको कारणः** परमेश्वरको कानूनको व्याख्या गर्न (पद ५)।

**पदहरू १-८ पढ्नुहोस्**

खण्डलाई दुई वा ३ पटक जति पढ्नुहोस्। एक-एक पद पढ्नुहोस् अनि आफ्नै शब्दमा आफ्नै निम्ति व्याख्या गर्नुहोस्। यसो गर्दा उक्त खण्ड केको बारेमा रहेछ सो बुझ्न तपाईंलाई मद्दत पुग्छ।

**टिप्पणीहरू**

- **व्यवस्था १:४** -सीहोन र ओगको पराजयको बारेमा गन्ती २१:२१-२६ मा पनि उल्लेख गरिएको छ।
- **व्यवस्था १:५-** "व्यवस्था"। हिब्रू भाषामा यस शब्दको अर्थ "निर्देशन" वा "जीवन पद्धति" भन्ने हुन्छ।
- **व्यवस्था १:७** -तल्लो यर्दन उपत्यका नै अराबा हो। पश्चिमतिरको फाँट (शेफेलाह) त्यस देशको मध्यभागमा पर्दछ। पृष्ठ १८ नक्शामा हेर्नुहोस्।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

परमेश्वरले उक्त भूमिको बारेमा गर्नुभएका प्रतिज्ञाहरू पढ्नुहोस्ः उत्पति १२:१-७ र १५:१३-१८ मा अब्राहामलाई, उत्पति २६:२-५ मा इसाहाकलाई अनि उत्पति २८:१२-१५ मा याकूबलाई गरिएका प्रतिज्ञाहरू। हेर्नुहोस् त, यो प्रतिज्ञा कसरी हस्तान्तरण हुँदै आयो र आज पनि व्यवस्थाको पुस्तकमा वर्णित इस्रायलका मानिसहरूलाई लागू भइरहेको छ।

विश्वास र आज्ञापालन सँगसँगै कसरी जाँदा रहेछन् सो विचार गर्नुहोस्। परमेश्वरले इस्रायलीहरूलाई जुन भूमि दिन्छु भनेर प्रतिज्ञा गर्नुभएको हुन्छ त्यसका निम्ति उनीहरूले परमेश्वरको प्रतिज्ञामा भरोसा गर्नुपर्ने हुन्छ। यसको अर्थ उनीहरूले आफ्ना शत्रुहरूका हातबाट उक्त भूमि कब्जा गर्न परमेश्वरले दिनुभएको आज्ञा पालना गर्नैपर्दछ। यसकारण, जब हामी परमेश्वरका जनहरूलाई आज्ञापालन गर्नुको निम्ति सहायता पुऱ्याउन प्रचार गर्दछौं, हामीले उनीहरूको विश्वास परमेश्वरमा बढाउनै पर्दछ। यदि हामीले विश्वासलाई महत्त्वपूर्ण तुल्याउँदैनौ भने, हामीले ख्रीष्टियन मतलाई नियमै-नियमको धर्म बनाउन पुग्दछौं।

साँचा इसाईहरूका लागि हाम्रा "प्रतिज्ञाको भूमि"भनेको स्वर्ग हो (१ पत्रुस १:४)।

- *हाम्रा निम्ति विश्वास र आज्ञापालन कसरी सँगसँगै जान्छन्? (उदाहरणको लागि याकूब २:१४-२६)*

**मुख्य बुँदा**

**परमेश्वरले आफ्ना मानिसहरूलाई उहाँले प्रतिज्ञा गर्नुभएको प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न आज्ञा दिनुहुन्छ ।**

## ⊝ शिक्षणः व्यवस्था १:१-८

⊙ **थालनी**

- खीष्टियनहरूलाई परमेश्वरको आज्ञा अझै बढी पालना गर्न कसरी उत्साह दिनुहुन्छ?

मोसाले इस्रायलका मानिसहरूलाई उनीहरूको ध्यान परमेश्वरमा केन्द्रित गर्न, विशेषगरी उहाँका प्रतिज्ञाहरूमा केन्द्रित हुन उत्साह दिन्छन् । इस्रायलका मानिसहरू प्रायःजसो असफल भइरहे । खीष्टियन उत्साहका लागि मानिसको होइन परमेश्वरलाई पछ्याउनु जरुरी हुन्छ ।

### पुस्तकको परिचय

⊙ **पढ्नुहोस्ः व्यवस्था १:१-५**

तपाईंका श्रोताहरूलाई पुस्तकको पृष्ठभूमि बताउनुहोस् । *पदहरू १-५ बाट कस्ले, कसलाई, के, कहाँ र कहिले जस्ता मुख्य-मुख्य विषयहरू बताउनुहोस् । त्यसपछि लेखिनु पर्ने कारणमा केन्द्रित हुनुहोस्।*

मोसाले किन यो सन्देश प्रचार गरे ? इस्रायलका मानिसहरूलाई परमेश्वरको प्रतिज्ञामा भरोसा गर्न र उहाँका व्यवस्थाहरू पालना गर्न उत्साह दिनको निम्ति मोसाले प्रचार गरे ।

### प्रमुख कार्य

⊙ **पढ्नुहोस्ः व्यवस्था १:६-८**

परमेश्वरले इस्रायलका मानिसहरूलाई प्रतिज्ञाको भूमिमा प्रवेश गर्न आदेश दिनुहुन्छ । पद ७ मा प्रतिज्ञाको भूमिमा के के छन् भन्ने कुरा बताइएको छ । त्यो भूमि अब्राहाम, इसाहाक अनि याकूबको निम्ति प्रतिज्ञा गरिएको थियो भनी पद ८ मा उल्लेख गरिएका पाइन्छ । मोसाभन्दा ६०० वर्ष अगाडिनै त्यो प्रतिज्ञा गरिएको थियो । यद्यपि, मोसाको समयसम्म पनि त्यो प्रतिज्ञा कायमै रहन्छ ।

यदि इस्रायलीहरूले परमेश्वरले दिन्छु भनी गर्नुभएको प्रतिज्ञामा विश्वास गर्दछन् भने उनीहरू आज्ञापालनद्वारा मात्रै प्रतिज्ञाको मुलूकमा प्रवेश गर्दछन् ।

① **प्रयोगः** परमेश्वरले इस्रायलीहरूलाई यस पृथ्वीमा एउटा भूमिको प्रतिज्ञा गर्नुभयो । यो भूमिचाहिँ साँचा खीष्टियनहरूका निम्ति प्रतिज्ञा गरिएको स्वर्गीय भूमिको एउटा नमूना थियो । खीष्टियनहरूका लागि स्वर्गीय भूमिजतिकै पृथ्वीको भूमि महत्त्वपूर्ण हुँदैन । खीष्टियनहरू त स्वर्गीय भूमितिर यात्रा गरिरहेका हुन्छन् । परमेश्वरले विश्वासीहरूलाई स्वर्गीय भूमि दिन्छु भनी गर्नुभएको प्रतिज्ञामा के हामी विश्वास गर्दछौं ? यस प्रतिज्ञाले तपाईं र मलाई परमेश्वरका आज्ञाहरू पालना गर्न अहिले कसरी मद्दत गर्ला त ?

⊕ **उदाहरणः** कल्पना गर्नुहोस्, तपाईंले आफ्नो सानो नानीलाई अर्को साल एउटा विशेष उपहार दिनेछु भनी प्रतिज्ञा गर्नुभयो । तर तपाईंको नानीले अहिले नै मिठाई मागेको-मागै गर्दछ । तपाईंले आफ्नो नानीलाई भन्नुहुन्छः तिमीले उत्तम उपाहार प्राप्त गर्न अर्को सालसम्म कुर्नै पर्दछ । तपाईंले उनलाई त्यो उपहार यति राम्रो हुनेछ भनेर संझाइरहनु पर्ने हुन्छ । हामी अहिले नै स-साना कुराहरूको चाहाना गर्ने ती साना नानीहरूजस्ता नहोऔं । हामी स्वर्गको अझै महत्त्वपूर्ण धनको चाहाना गर्ने असल र धैर्यवान् मानिसहरू बनौं ।

यसकारण, जब हामी अझै बढी रुपैंया-पैसाको मोहको परीक्षामा पर्दछौं, त्यति बेला हामीले स्वर्गमा प्राप्त गर्ने झनै महत्त्वपूर्ण वैभवलाई विचार गर्नुपर्छ । जब हामीलाई अनावश्यक रमाइलोको चाहानाको परीक्षा आउँदछ, हामीले स्वर्गमा प्राप्त हुने अपार आनन्दको बारेमा मनन गर्नुपर्दछ ।

⊕ **प्रार्थनाः** *स्वर्गको बारेमा गरिएको प्रतिज्ञामा मन लगाउन सकूँ भनी परमेश्वरसँग सहायताको निम्ति प्रार्थना गर्नुहोस् ताकि पृथ्वीमा उहाँको आज्ञापालन गर्न तपाईंलाई शक्ति मिलोस् ।*

२

# असंख्य इस्रायलीहरू

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई प्रतिज्ञाको भूमिमा प्रवेश गर्ने परमेश्वरको आदेशको सम्झना गराउँछन्। परमेश्वरले सर्वप्रथम उत्पति १२:१-७ मा अब्राहामसँग त्यस भूमिको प्रतिज्ञा गर्नुभयो। त्यस समयमा अब्राहाम र उनकी पत्नीलाई मात्रै प्रतिज्ञा गरियो। त्यतिखेरचाहिँ अब्राहामको कूलदेखि आएका इस्रायलीहरू धेरै भइसकेका हुन्छन्।

विशाल संख्यामा इस्रायलीहरू हुनु भनेको परमेश्वर विश्वासयोग्य हुनुहुन्छ भन्ने प्रमाण हो। धेरै इस्रायलीहरू हुनु भनेको मानिसहरूलाई न्याय दिलाउनका लागि मोसालाई सहयोगीहरूको आवश्यक पर्नु हो।

**पदहरू ९-१८ पढ्नुहोस्**

*यो खण्ड दुई वा तीन पटक पढ्नुहोस्*

**टिप्पणीहरू**

- **व्यवस्था १:१०-११** "आकाशका ताराझैं" ले अब्राहामलाई उत्पति १५:५ मा दिइएको प्रतिज्ञालाई जनाउँछ। पद ११ मा उल्लेखित "उहाँले (परमेश्वर) प्रतिज्ञा गर्नुभएझैं" भन्ने वाक्यांशलाई ध्यान दिनुहोस्।
- **व्यवस्था १:१२-१८** यसका पृष्ठभूमिका लागि प्रस्थान १८:१३-२७ पढ्नुहोस्। परमेश्वरले असंख्य मानिसहरूको निम्ति प्रतिज्ञा पूरा गर्नुभएको हुनाले मोसा एक्लैले गर्नुपर्ने जिम्मेवारी धेरै थपिएको हुन्छ।
- **व्यवस्था १:१३, १६-१७** परमेश्वरका सेवक अगुवाहरूले सबैलाई समान प्रकारले व्यवहार गर्नुपर्छ। "पक्षपात" भनेको फरक-फरक ढङ्गले मानिसहरूसित व्यवहार गर्नु हो, अरूलाईभन्दा कोही-कोहीलाई बढी कृपा दर्शाउनु हो।
- **व्यवस्था १:१६** "विदेशी"। यहाँ उल्लेखित विदेशी शब्दले अर्कै मुलुकबाट आएको तर इस्रायलमा स्थायी बासिन्दा हुन चाहाने व्यक्तिलाई बुझाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

उत्पति १५:१-६, १८-२१ पढ्नुहोस्।

- *यहाँ दुई प्रतिज्ञाहरू के के हुन् ?*

इस्रायलीहरू यतिखेर आकाशका ताराहरूझैं अनगिन्ति भइसकेका छन् भनी व्यवस्था १:१० ले बताउँदछ।

- *यहाँ उल्लेख गरिएको भनाइ कहाँबाट उद्धृत गरिएको हो ?*

उत्पति १५ मा अब्राहामले परमेश्वरको प्रतिज्ञामा शंका गरेका हुनाले उहाँले तिनलाई आश्वस्त पार्नुभयो। इस्रायलीहरूले परमेश्वरको प्रतिज्ञाहरूमाथि शंका गरेको मोशा चाहादैनन्। यसको अर्थ परमेश्वरले अब्राहामलाई गर्नुभएको असंख्य सन्तानहरूको प्रतिज्ञा पूरा गर्नुभयो । त्यही आधारमा उहाँले गर्नुभएको भूमिको प्रतिज्ञा पनि पूरा गर्नुहुन्छ भनी इस्रायलले भरोसा राख्न सक्छन्।

इस्रायलीहरूको संख्या अति ठूलो भइसकेकोले मानिसहरू बीच न्यायको काम गर्न मोसालाई सहयोगीहरूको अवश्यकता परेको हुन्छ।

- *ती न्याय गर्नेहरू कस्ता खालका मानिसहरू हुनु पर्दथ्यो* (पद १३, १६-१७)?

व्यवस्था १०:१७-१८ पढ्नुहोस्

अगुवाहरूको मनोभावना परमेश्वरको जस्तै हुनुपर्ने हुन्छ। अगुवाहरू मानिसहरूदेखि डराउनु हुँदैन तर परमेश्वरको दृष्टिमा जे असल छ सो गर्नुपर्दछ।

**मुख्य बुँदा**

**परमेश्वरमा भरोसा गर्नुहोस् । उहाँले आफ्ना प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ ।**

## ⊙ शिक्षणः व्यवस्था १:९-१८

**थालनी**

जब कसैले प्रतिज्ञा गरेर सो पूरा प्रतिज्ञा गर्दछ भने, त्यसपछि उनीहरूले फेरि प्रतिज्ञा गरेमा संभवतः तपाईंले उनीहरूलाई भरोसा गर्न सक्नुहुन्छ।

- कहिल्यै तपाईंले यस्तो अनुभव गर्नुभएकोछ ?

### आंशिक रुपमा पूरा भएका प्रतिज्ञाहरू

**पढ्नुहोस्ः व्यवस्था १:१०**

परमेश्वरले अब्राहामलाई उत्पति १२ मा धेरै सन्तानहरू र भूमिको प्रतिज्ञा दिनुभयो । पछि अब्राहामले ती प्रतिज्ञाहरूप्रति शंका गरेका हुनाले परमेश्वरले फेरि उनलाई सो प्रतिज्ञाहरू बारे उत्पति १५ मा सम्भना गराउनुभयो । परमेश्वरले अब्राहामलाई तिम्रा सन्तानहरू अकाशका ताराहरूजस्तै अनगिन्ती हुनेछन् भनी प्रतिज्ञा दिनुभयो । अब्राहामले शंका त्यागेर विश्वास गरे।

इस्रायलका मानिसहरूले भूमिको प्रतिज्ञा बारे शंका गरे । हो, त्यही कारण उनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न असमर्थ भए । परमेश्वरले अब्राहामलाई सम्भना गराउनुभएझैं मोसाले पनि इस्रायलका मानिसहरूलाई सम्भना दिलाउँछन् । इस्रायलका मानिसहरूको सङ्ख्या अघि नै आकाशका तारासरह भइसकेका हुन्छन्। त्यसकारण इस्रायलीहरू परमेश्वरले हामीहरूलाई प्रतिज्ञा गर्नुभएको मुलुक पनि दिएरै छाड्नुहुनेछ भनी शतप्रतिशत ढुक्क हुन सक्छन्।

- के तपाईंलाई म परमेश्वरमा भरोसा गर्न सक्छु जस्तो लाग्छ? परमेश्वरले आफ्ना प्रतिज्ञाहरू बारे तपाईंलाई आफ्नो विश्वासयोग्यता कसरी प्रकट गर्नुभएको छ ?

### मोसाले अगुवाहरू नियुक्त गर्छन्

**पढ्नुहोस्ः व्यवस्था १:१२-१८**

इस्रायलीहरूको संख्या ज्यादै धेरै भइसकेको हुनाले मोसाले आफूलाई सहायता गर्ने अगुवाहरू चुन्नु जरुरी भइसकेको थियो । ती अगुवाहरू बुद्धिमान् र परमेश्वरका जनहरूद्वारा आदर गरिने हुनु जरुरी थियो । अगुवाहरूले हरेकलाई समान रुपले व्यवहार गर्नुपर्दछ।

यसकारण, मण्डलीका अगुवाहरू पनि निष्पक्ष र न्यायिक हुनुपर्दछ भनी हामी सुनिश्चित हुनु अनिवार्य छ।

**उदाहरण**ः दुःखको कुरा, धेरै ठाउँहरूमा मण्डलीले पक्षपातपूर्ण र अन्यायपूर्ण व्यवहार गरेको पाइन्छ। कतिपय मुलुकहरूमा मतदान गर्नेहरूलाई घुस दिइएको कारणले मात्रै पनि मण्डलीको अगुवा नियुक्त भएको पाइन्छ। तर यो परमेश्वरले चाहनुभएको कुरो होइन।

**प्रयोग**ः हामी सबैलाई समान व्यवहार गर्दछौं भनी कसरी सुनिश्चित गर्न सक्छौं ? आफन्त जन र धनी मानिसहरूले पहिलो प्राथमिकता पाउनुपर्ने अपेक्षा गर्दछन् र त्यसो नभएमा उनीहरू रिसाउने हुँदा समान व्यवहार गर्न एकदमै कठिनपूर्ण हुन्छ। मण्डलीलाई धेरै पैसा दिने मानिसहरू मण्डलीका अगुवाहरू हुन्छन् त ? हामी कसरी बुद्धिमान, समभ्रदार, पक्षपात नगर्ने र न्यायी अगुवाहरूको चयन गर्न सक्छौं त ?

पद १७ ले मानिसहरूसँग नडराउन भन्दछ । कहिलेकाहीं हामी अरूहरूले के भन्लान् र के गर्लान् भनी डराउने गर्दछौं। हामीले त परमेश्वरको दृष्टिमा सही ठहरिने निर्णय गर्नुपर्दछ।

**प्रार्थना**ः *परमेश्वर, तपाईंका प्रतिज्ञाहरूमा भरोसा गर्न हामीलाई मद्दत गर्नुहोस् भनी उहाँसित पूकारा गर्नुहोस्। हाम्रा नेतृत्वदायी भूमिकामा हामी सधैं न्यायी र पक्षपातरहित हुन र ठीक अगुवाहरूको चयन गर्न हामीलाई सहायता गर्नुहोस् भनी परमेश्वरमा प्रार्थना गर्नुहोस्।*

३

# मातापिताबाट सिक्नु

**पृष्ठभूमि**

मोसाले इस्रायलका मानिसहरूलाई वचन प्रचार गरिहरेका हुन्छन् । उनीहरू प्रतिज्ञाको मुलूकको सिमानामा पुगिसकेका हुन्छन् । मोसाले उनीहरूलाई शत्रुहरूको हातबाट प्रतिज्ञाको भूमि अधीनमा लिन उत्साह दिन चाहान्छन् । उनले मानिसहरूलाई तिमीहरूका अभिभावकहरू उक्त भूमिमा प्रवेश गर्न पाएनन् भनी स्मरण गराउँदछन्। उनीहरूले परमेश्वरको अवज्ञा गरे। (गन्ती १३-१४)। उनीहरूका माताहरू र पिताहरू मरुभूमिमा नै मरे। इस्रायलीहरूले आफ्ना अभिभावकहरूले झैं त्यही गल्ती नगरुन् भन्ने उद्देश्यले मोसाले शिक्षा दिन्छन्।

**पदहरू १९-३३ पढ्नुहोस्**

हरेक पद पढेर आफ्नै शब्दमा आफैलाई त्यसको व्यख्या गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था १:१९**। कादेश बर्निया प्रतिज्ञाको भूमिको दक्षिण सिमानामा अवस्थित शहर थियो। हो, यही नै तिनका मातापिताले परमेश्वरको अवज्ञा गरे। र, उनीहरू प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न पाएनन्। पृष्ठ १८ मा नक्सा हेर्नुहोस्।
- **व्यवस्था १:२१, २५,३०** । स्मरण रहोस्, उक्त भूमि प्रतिज्ञा गरिएको अर्थात "दिइएको" मुलुक हो र इस्रायलको निम्ति परमेश्वर स्वयम् नै युद्ध गर्नुहुन्छ। "अन्कनाउनु" भनेको (पद २१,जी.एन. संस्करणअनुसार) पछाडि हट्नु भन्ने अर्थ लाग्दछ।
- **व्यवस्था १:२५** । जासुसहरूले भनेका कुरा सकारात्मक थिए । उक्त भूमि मलिलो भएको कुरामा सबै सहमत थिए । "मलिलो" (जी.एन.संस्करण अनुसार) माटोमा फलफूल र रुखरुहरू राम्ररी बढ्छन् । परमेश्वरले त्यो भूमि इस्रायलीहरूलाई दिदैहुनुहुन्छ भन्ने कुरामा उनीहरू सहमत भए।
- **व्यवस्था १:२८**। उनीहरूका मातापिताहरू शत्रुहरूका विषयमा दुई कुरादेखि डराएका थिए: उनीहरू बलिया थिए र उनीहरूका शहर बलिया पर्खालबाट शुरक्षित थिए । अनाकीहरू (एन.आइ.भी.) एकदमै अग्ला (भयङ्कर ठूला) मानिसहरू थिए । त्यसकारण इस्रायलीहरू भयभीत हुन पुगेका थिए।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

उनीहरूका अभिभावकहरू-मातापिताहरूले गरेका अवज्ञाबारे विचार गर्नुहोस् । उनीहरूले गरेको पाप १:२७-२८ मा उल्लेख गरिएको पाइन्छ। उनीहरूका पापलाई दुई प्रकारले वर्णन गरिएकोछ।

१.उनीहरूले परमेश्वरको विरुद्धमा विद्रोह साथै उहाँको आज्ञा उल्लङ्घन गरे (पद २६)।

२. उनीहरूले परमेश्वरमा भरोसा गरेनन् (पद३२)। विश्वास नगर्नु उनीहरूको पाप थियो।

*परमेश्वरको आज्ञा उल्लङ्घन र उहाँमा भरोसा नगर्ने कार्य कसरी एकसाथ जान्छन् ?*

ती मानिसहरू शत्रुदेखि भयभीत हुन्छन्।

*मोसाले ती मानिसहरूलाई त्यस त्रासदेखि मुक्त हुन कसरी सहायता गर्ने कोसिस गर्छन्?*

मोसाले पदहरू २९-३१ मा भनेका कुराहरू अध्ययन गर्नुहोस्। यही विचार पद २१ मा पनि पाइन्छ।

*यस्तै प्रकारको उत्साहको आवश्यकता भएका मण्डली सदस्यहरूको अवस्थाबारे विचार गर्नुहोस्।*

**मुख्य बुँदा**

**हाम्रा अगाडि वलिष्ठ शत्रुहरू भए तापनि हामीले परमेश्वरको प्रतिज्ञामा विश्वास गर्नुपर्छ । परमेश्वर सबैभन्दा बलियो हुनुहुन्छ ।**

## ⊖ शिक्षण: व्यवस्था १:१९-३३

⊙ **थालनी**

प्रतिज्ञाको देशको सिमानामा आइपुगेपछि ती इस्रायलीहरूका मातापिताहरूले परमेश्वरले भन्नुभएका कुरा उल्लङ्घन गरे। मोसा अहिले यी मानिसहरूले फेरि त्यही गल्ती दोहोऱ्याएको चाहादैनन्। त्यस भूमिमा प्रवेश गरी भूमि कब्जा गर्न इस्रायलीहरू कसरी उत्साहित बन्लान् ? उनीहरूले आफूहरू आफ्ना मातापिताहरूभन्दा उत्तम वा बलियो ठान्नु हुँदैन ! उनीहरूले पनि परमेश्वरमा भरोसा गर्नु जरुरी पर्दछ।

### मातापिताका पाप

⊙ **पढ्नुहोस्: व्यवस्था १:२७-२८**

उनीहरूका मातापिताहरूले परमेश्वरको अवज्ञा गरे किनकि उनीहरू आफ्ना शत्रुहरूदेखि भयभीत भएका थिए। उनीहरूले परमेश्वरमा भरोसा गरेनन्। उनीहरूका मातापिताले यसो भने:

- "परमेश्वरले हामीलाई तिरस्कार गर्नुहुन्छ" (पद२७)।
- "शत्रु ज्यादै बलवान् छन्" (पद २८)।
- "शत्रुको सुरक्षास्थिति धेरै राम्रो छ" (पद२८)

पहिलो बुँदा सरासर गलत छ। जब हामी परमेश्वरले हाम्रो निम्ति गर्नुभएका प्रतिज्ञा र कार्य बिर्सन्छौं, तब परमेश्वरले हामीलाई घृणा गर्नुहुन्छ भन्ने हामी ठान्न पुग्छौं। परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा हामी बिर्सिन्छौं।

दोस्रो र तेस्रो बुँदाहरूचाहिँ साँचो हुन् ! शत्रु ज्यादै शक्तिशाली छ। तर इस्रायलका मानिसहरूले परमेश्वर अझै शक्तिशाली हुनुहुन्छ भन्ने कुरा नै बिर्सिदिए।

इस्रायलीहरूका मातापिताले पाप गरे। यस पापलाई दुई प्रकारले बुझ्न सकिन्छ:

१. उनीहरूले परमेश्वरको विरुद्धमा विद्रोह गरे (पद २६)।
२. उनीहरूको परमेश्वरमा कुनै भरोसा थिएन (पद ३२)।

- कस्तो शत्रुले तपाईंलाई भयभीत पार्छ ?

हुनसक्ला, प्रशासनका व्यक्तिहरू, प्रभुमा नबाँचेका परिवार सदस्यहरू, कार्यलयको हाकिम, वा धामीझाँक्री? तपाईंले कतै परमेश्वरको शक्ति र विश्वासयोग्यता बिर्सनु त भएको छैन?

### यस्तो गल्ती दोहोरिन नदिनुहोस्

⊙ **पढ्नुहोस्: व्यवस्था १:३०-३१**

तपाईं आफ्ना मातामिताभन्दा असल छु भन्ने कुरा नठान्नुहोस् ! मोसाले इस्रायलीहरूलाई परमेश्वरको बारेमा सोच्न उत्साह दिन्छन्:

- अब परमेश्वर तिमीहरूको अघिअघि जानुहुन्छ (पद ३०)।
- परमेश्वरले तिम्रानिम्ति युद्ध गर्नुहुनेछ (पद ३०)।
- परमेश्वरले यी कुराहरू पहिला नै गरिसक्नुभएकोछ (पद ३०-३१)।

हो, शत्रु बलियो छ, तर परमेश्वर झनै सर्वशक्तिशाली हुनुहुन्छ। परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्न जुनसुकै शत्रुलाई पनि परास्त गर्नुहुन्छ। परमेश्वरका प्रतिज्ञाका शत्रुहरूमाथि हामी विजय प्राप्त गर्न सक्छौं। परमेश्वरले विश्वासी ख्रीष्टियनलाई स्वर्गीय भूमिको प्रतिज्ञा गर्नुभएको छ। क्रूसमा येशूले सबै शत्रुहरूलाई परास्त गर्नुभयो। येशूले सबै साँचा ख्रीष्टियनहरू स्वर्ग पुग्न सक्ने तुल्याउनुभयो।

- के तपाईंलाई शैतान वा जादुगर वा कुनै शत्रुले स्वर्ग जानदेखि रोक्न सक्छ जस्तो लाग्छ?

तपाईंको शत्रु बलियो छ, तर परमेश्वर झनै बलियो हुनुहुन्छ! येशूले अघि नै विजय हासिल गरिसक्नुभएको छ। परमेश्वरका सबै जनहरू स्वर्गको प्रतिज्ञा भूमिमा प्रवेश गर्नेछन्।

⊞ **उदाहरण**: कल्पना गर्नुहोस्, कोही स्थानीय अधिकारीले तपाईंलाई संगति बन्द गर्न भन्दछ। तपाईं ती अधिकारीहरूसँग डराउनुहुन्छ। त्यसैले तपाईंले मण्डलीको संगतिलाई बन्द गरिदिनुहुन्छ। शत्रुदेखि डराउनुहोस्। परमेश्वर त झनै बलियो हुनुहुन्छ!

⊕ **प्रार्थना**: *शत्रुदेखि भयभीत नहुन मद्दत गरिदिनुहोस् भनी परमेश्वरसित अनुरोध गर्नुहोस्।*

४

# ४. परमेश्वरको न्याय

**पृष्ठभूमि**

मोसाले इस्राएलका मानिसहरूलाई उनीहरूका मातापिताहरूले परमेश्वरको अवज्ञा गरेको समयको याद दिलाउँदछन्। पद २६–३३ मा मोसाले उनीहरूका मातापिताहरूका पापको वर्णन गरेका छन्। अहिलेचाहिँ मोसाले परमेश्वरको न्यायको बारेमा बताउँदैछन्।

**पदहरू ३४–४५ पढ्नुहोस् ।**

प्रत्येक पद पढ्नुहोस् र आफ्नै शब्दमा आफैलाई सो पद वर्णन गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था १:३४।** "प्रण गर्नुभयो" को अर्थ खरोसँग भन्नुभयो भन्ने हुन्छ।
- **व्यवस्था: १:३९।** "अधिकार गरे" भन्नाले खोसेर लिए भन्ने बुझिन्छ । ती बालवालिकाहरूलाई असल र खराबको ज्ञान थिएन । उनीहरूलाई आफ्ना मातापिताहरूको पापको लागि दण्डित गरिएन । परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुने हुनाले उनीहरू मात्रै त्यस भूमिमा प्रवेश गर्दछन्।
- **व्यवस्था १:४१ ।** "मरुभूमितिर प्रस्थान गरे ।" इस्राएलका मानिसहरू झण्डै ४० वर्षसम्म प्रतिज्ञाको भूमिबाट टाढा रहे।
- **व्यवस्था १:४० ।** मानिसहरूले हामीले पाप गर्‍यौं त भने तर उनीहरूले परमेश्वरको अवज्ञा गर्नचाहिँ छाडेनन् ! एन.आई.भी. संस्करणअनुसार, "त्यस भूमितिर उक्लेर जान सहज सोचे" भनी लेखिएको छ । इस्राएलका मानिसहरूले परमेश्वरको मद्दतबिना पनि शत्रुलाई हराउन सकिन्छ भन्ठाने।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

कोही–कोहीलाई लाग्छ,परमेश्वर कहिल्यै पनि क्रोधित हुनुहुन्न । तर परमेश्वर पापदेखि रिसाउनुहुन्छ (पद ३४) । परमेश्वर पवित्र हुनुभएकोले उहाँले पापलाई घृणा गर्नुहुन्छ र मानिसहरूले पापगर्दा उहाँ क्रोधित हुनुहुन्छ । परमेश्वरको क्रोध सदैव सही र न्यायिक हुन्छ। हाम्रा स्वार्थ वा अहमपूर्ण आशयका कारण हामी रिसाउने हुँदाखेरि प्रायः हाम्रो क्रोधचाहिँ पापपूर्ण हुन्छ।

प्रतिज्ञाको मुलुकमा को प्रवेश गर्नेछ त? परमेश्वरले मातापिताहरूलाई उनीहरूको पापको कारण दण्डित गर्नुभयो । उनीहरू सबै मरुभूमिमै मरे । कालेब र यहोशू मात्र प्रतिज्ञाको भूमिमा प्रवेश गर्नेछन् किनभने उनीहरू विश्वासयोग्य थिए (गन्ती १४:६–१०) । अरू त के मोसा पनि प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न पाउने छैनन् किनभने उनले पाप गरे (गन्ती २० :२–१२)। छोराछोरीहरू (अर्को पुस्ता) त्यो भूमिमा छिर्नेछन् (व्यवस्था १:३९) । मातापिताले पाप गरे तापनि परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गरेरै छाड्नुहुनेछ। पद ३५ मा परमेश्वरले "पितापुर्खाहरू" लाई प्रतिज्ञा गर्नुभयो भनी उल्लेख गरिएको छ; उदाहरणार्थ, अब्राहम।

इस्राएलीहरूका अभिभावकहरूले परमेश्वरको न्याय बारेमा कसरी सुने र उनीहरूले जसरी भए पनि प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न कसरी अठोट गरे भन्ने विषयमा मोसाले उल्लेख गरेका छन्। (पद ४१–४६)। तर त्यतिखेर धेरै ढीलो भइसकेको थियो। परमेश्वरले उनीहरूलाई त्यहाँ नजान भन्नुभयो (पद४२)। परमेश्वर उनीहरूसँग जानुभएन। उनीहरू आफ्ना शत्रुहरूदेखि पराजित भए अनि त्यहाँबाट खेदिए।

**मुख्य बुँदा**

**हो, परमेश्वरले पापको न्याय गर्नुहुन्छ तर उहाँले आफ्ना प्रतिज्ञाहरू पनि पूरा गरेरै छाड्नुहुन्छ ।**

## ⊝ शिक्षणः व्यवस्था १:३४-४६

**⊕ उदाहरणः**
दुई जना मानिसहरूको कल्पना गर्नुहोस् । एक जनाचाहिँ आफूले चाहेजस्तो कुरा नपाएर क्रोधित हुन्छ । अर्कोचाहिँ उसको सरकारले गरीवहरूलाई बेवास्ता गरेकोले क्रोधित हुन्छ । के उनीहरूको क्रोधमा भिन्नता छैन त ? पहिलो मानिसको क्रोध स्वार्थपूर्ण र गलत छ। दोस्रो व्यक्तिको क्रोधचाहिँ न्यायिक र असल छ।

परमेश्वर रिसाउनुहुन्छ । मानिसहरूले पापगर्दा परमेश्वर क्रोधित हुनुहुन्छ। उहाँको क्रोधचाहिँ त्यो दोस्रो व्यक्तिको जस्तो हो।

### पापको दण्ड

**⊙ पढ्नुहोस्ः व्यवस्था १:३५, ३७**
इस्रायलीहरूका मातापिताले परमेश्वरमा भरोसा गरेनन् र उहाँको आज्ञा पनि पालना गरेनन् (व्यवस्था १:२६, ३२) । यसको दण्डचाहिँ उनीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न नपाउने थियो । अरू त के मोसा पनि प्रतिज्ञाको मुलूकमा प्रवेश गर्न सकेनन् किनभने मरुभूमिमा पानी निकाल्नका लागि उनले चट्टानमा हिर्काएर पाप गरेका थिए (गन्ती २०:२–१२)।

### तापनि परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ

**⊙ पढ्नुहोस्ः व्यवस्था १:३६, ३८–३९**
*कालेब र यहोशू प्रतिज्ञाको भूमिमा किन प्रवेश गर्न पाउने छन्, सो वर्णन गर्नुहोस्।*

किन छोराछोरीहरूचाहिँ प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नेछन् ? उनीहरू आफ्ना मातापिताहरूभन्दा असल भएकाले होइन। उनीहरूले प्रवेश पाउनेछन् किनभने परमेश्वरले अब्राहामसँग बाँध्नुभएको प्रतिज्ञा पूरा गर्नुहुनेछ (पद ३५)।

खीष्टियनहरू स्वर्गीय भूमिको यात्रामा छन् । हामी असल भएका कारणले त्यहाँ पुग्ने होइनौं। परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुने भएकोले हामी त्यहाँ हुनेछौं। पश्चाताप गरेर येशूमा विश्वास गर्नेहरू सबै स्वर्गमा हुनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। त्यसैले हामीले आफ्ना पापहरू बारे पश्चाताप गर्नुपर्दछ । हामीले येशूलाई प्रेम गर्नैपर्छ र उहाँको निम्ति जिउनैपर्छ। पापमा नफँस्ने प्रयास गर्दै हामीले उहाँलाई खुशी तुल्याउनुपर्दछ।

### मानिसहरूले फेरि पाप गरे

**⊙ पढ्नुहोस्ः व्यवस्था १:४१–४५**
मातापिताहरूले पछि गएर उक्त भूमिमा प्रवेश गर्ने निर्णय गरे तर परमेश्वर त्यस विषयमा सहमत हुनुहुन्थ्यो । उनीहरूले शुरुमै आज्ञा पालन गरेको हुनुपर्दथ्यो । परमेश्वरमा भएर उनीहरूले निश्चित रुपमा विजय प्राप्त गर्नेथिए। परमेश्वर बेगर उनीहरूको हार निश्चित थियो।

हाम्रो शत्रु शैतान हो । हामीलाई स्वर्गसम्म पुग्नदेखि रोक्न त्यसले लक्ष्य राख्दछ। हामीले आफ्नै सामर्थ्यमा शैतानलाई हराउन सक्दैनौं । हामीलाई परमेश्वर चाहिन्छ। येशूले शैतानलाई अघि नै पराजित गरिसक्नुभएकोछ। त्यसैले हामीले येशूको विजयमा विश्वास गर्नुपर्दछ।

**⊕ उदाहरणः** परमेश्वरले एक जना मानिसलाई आफ्नो पछिलाग्न बोलाहट दिनुभयो । तर त्यस मानिसले "अहँ" भन्यो । ऊ परमेश्वरलाई पछ्याउन चाहादैनथ्यो। उसले आफ्नो जीवनको अन्त्यतिरचाहिँ परमेश्वरमा जाउँला भनी सोच्यो। तर अब यो कुरा अति ढीलो भइसकेको थियो । उसले अर्को मौका पाउनुअघि नै परमेश्वरले उसको इहलिला समाप्त गरिदिनुभयो।

**ⓘ प्रयोगः** परमेश्वरको आज्ञा पालना गर्न ढीला नगर्नुहोस्। अनि, आफ्नै बलले स्वर्ग पुग्न सक्छु भनेर पनि नसोच्नुहोस्। तपाईंले येशूको विजयमा विश्वास गर्नु जरुरी हुन्छ।

# ५ परमेश्वरले आफ्ना जनहरूलाई उत्साह दिनुहुन्छ

**पृष्ठभूमि**

मोसाले इस्रायलका मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न र उक्त भूमि कब्जा गर्न उत्साह दिइरहेका हुन्छन् । उनले इस्रायलीहरूलाई जम्काभेट भएका पाँच राष्ट्रहरूको सम्झना गराउँछन् । युद्ध नगरिनै इस्रायलीहरू तीन ओटा राष्ट्रहरू भएर पार भएका थिए । ती राष्ट्रहरू एदोम, मोआब र अम्मोन थिए । त्यसपछि उनीहरूले हेश्बोन र बाशान दुई राष्ट्रहरूसँग युद्ध गरे र ती राष्ट्रमाथि उनीहरू विजयी भए।

**पढ्नुहोस्ः २:१-३:११**

हरेक पद पढ्नुहोस् र ती पदलाई आफ्नै शब्दहरूमा आफैलाई बताउनुहोस् ।

**टिप्पणीहरू**

- **व्यवस्था २:४** । एदोमका मानिसहरू एसावका सन्तान थिए । एसाव उत्पतिमा उल्लेख गरिएका याकुबका जुम्ल्याहा दाजु थिए ।
- **व्यवस्था २:९, १९** । मोआव र अम्मोनका मानिसहरू लोतका सन्तान थिए। लोत अब्राहामका भतिज थिए ।
- **व्यवस्थाः २:१०-११, २०-२१** । "अनाकी", "रफाइम": यिनीहरूचाहिँ प्राचीन कालका साह्रै अग्ला-अग्ला (भयङ्कर) मानिसहरू थिए। इस्रायलका मानिसहरू यिनै अनाकीहरूदेखि भयभीत भएका थिए (१:२८)

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

ती पाँच राष्ट्र कहाँ कहाँ छन् भनी थाहा पाउन पृष्ठ १८ को नक्शामा हेर्नुहोस्। गन्ती २०:१४-२१, २१:१०-१३, २१-३५ पनि पढ्नसक्नुहुन्छ । परमेश्वरले एदोमी, मोआबी र अम्मोनीहरूलाई आ-आफ्ना भूमिहरू दिनुभएको थियो (व्यवस्था २:५, ९, १९) । यसकारण इस्रायलका मानिसहरूले उनीहरूसँग युद्ध गर्नु पर्दैनथियो ।

परमेश्वरले इस्रायलका मानिसहरूलाई एदोमी,मोआबी र अम्मोनीहरूको भूमि पनि दिने प्रतिज्ञा गर्नुहुन्छ । पहिला मोआब र अम्मोनको देशमा पनि धेरै अग्ला मानिसहरू थिए (२:१०-११, २०-२१)। मोआबी र अम्मोनीहरूलाई ती देश दिलाउन परमेश्वरले ती अग्ला मानिसहरूलाई पराजित पार्नुभयो ।

स्मरण रहोस्,१:२८ मा इस्रायलीहरूका अभिभावकहरू ती अग्ला मानिसहरूदेखि डराएका थिए । परमेश्वरले त्यस्ता भयङ्कर मानिसहरूलाई पनि सहजै पराजित गर्न सक्नुहुन्छ भनी इस्रायलका मानिसहरूले उहाँमा विश्वास गरुन् भन्ने मोसा चाहान्थे ।

इस्रायलीहरूले हेश्बोनका राजा सिओन र बाशानका राजा ओगलाई पराजित गरे । परमेश्वरले उनीहरूलाई तिनको देश दिनुभएन । सिओन र ओगका बलिया-बलिया शहरहरू धेरै थिए (२:३६,३:४)। स्मरण रहोस्, १:२८ अनुसार इस्रायलीहरूका मातापिताहरू पनि बलियो शहरहरूदेखि भयभीत भएका थिए । परमेश्वरले जतिसुकै बलिया शहरहरूलाई पनि सहजै पराजित गर्न सक्नुहुन्छ भनी इस्रायलका मानिसहरूले विश्वास गरुन् भन्ने मोसा चाहान्थे ।

राजा ओग पनि अजङ्गका नै थिए । त्यसैले उनको ओछ्यान पनि त्यस्तै ठूलो थियो (३:११) । तर उनी पनि मारिए । परमेश्वर राक्षसजस्ता डरलाग्दा व्यक्तिभन्दा पनि बलियो हुनुहुन्छ ।

**मुख्य बुँदा**

**परमेश्वरले विगतमा काम गर्नुभएको छ, त्यसैले उत्साहित हुनुहोस् ।**

⊙ **थालनी**

- परमेश्वरले तपाईंका लागि योभन्दा अघि गर्नुभएका कार्यहरू के के हुन् ?

*परमेश्वरले गर्नुभएका कार्यहरूका केही उदाहरण दिनुहोस् । सायद, परमेश्वरले तपाईंका खाँचाहरू विशेष प्रकारले पूरा गरिदिनुभएको होला । सायद, उहाँले तपाईंको प्रार्थनाको उत्तर एकदमै स्पष्टसँग दिनुभएको होला ।*

- के यस्ता कुराहरूले तपाईंलाई भविष्यको लागि उत्साहित पार्छन् ?

परमेश्वरले विगतमा गर्नुभएका कार्यहरू बारे मोसाले इस्रायलीहरूलाई याद दिलाउँछन् । इस्रायलीहरूलाई विश्वासमा भविष्यको सामना गर्न मोसाले उत्साह दिएका छन् ।

## परमेश्वरले बलिष्ठ मानिसहरूलाई पराजित गर्नुभयो

**पढ्नुहोस्:२:१०-११, २०-२१**

*आफ्ना श्रोताहरूलाई एदोम, मोआब र अम्मोन जातिहरूबारे बताउनुहोस् । परमेश्वरले उनीहरूलाई आ-आफ्ना भूमिहरू दिनुभयो भनी बताउनुहोस् ।*

*उनीहरूका भूमिमा पनि पहिला भीमकाय व्यक्तिहरू थिए भनी अब बताइदिनुहोस् ।*

परमेश्वरले एदोमी, मोआबी र अम्मोनीहरूलाई ती भीमकाय मानिसहरूको देश दिन राक्षसजस्ता ती मानिसहरूलाई पराजित गर्नुभयो । परमेश्वर ती अजङ्गका मानिसहरूभन्दा असीम सामर्थ्यवान हुनुहुन्छ ।

- **परमेश्वरले आज पनि अग्ला र बलिया मानिसहरूलाई हराउन सक्नुहुन्छ ।**

यसकारण मोसाले इस्रायलका मानिसहरूलाई उनीहरूको विगत वताउँछन् जसले गर्दा उनीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्ने क्रममा ती भीमकाय मानिसहरूलाई पराजित गर्न परमेश्वर सामर्थ्यवान हुनुहुन्छ भन्ने कुरा उनीहरूले भरोसा गर्न सकेका हुन् । उनीहरूका मातापिताहरू ती भीमकाय मानिसहरूसित डराएका थिए (१:२८) र त्यसैले उनीहरू सो भूमिमा प्रवेश गर्न पाएनन् ।

- **परमेश्वरले विगतमा गर्नुभएका कार्यहरूको कारण मोसाले विश्वास गर्न उत्साह दिन्छन् ।**

## परमेश्वरले बलिया शहरहरूलाई पनि पराजित गर्नुभयो

**पढ्नुहोस्: २:३६, ३:४**

*आफ्ना श्रोताहरूलाई शिओन र ओग जातिहरूका बारे बताउनुहोस् । इस्रायलीहरूले पहिला उनीहरूलाई पराजित गरे भनेर बताइदिनुहोस् ।* परमेश्वरको शक्तिमा उक्त युद्ध जितिएको थियो । परमेश्वर पहिल्यै शक्तिशाली शहरहरूमाथि विजयी हुनुभयो ।

- **परमेश्वरले आज पनि शक्तिशाली शहरहरूलाई पराजित गर्न सक्नुहुन्छ ।**

इस्रायलीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्ने क्रममा उनीहरूले परमेश्वर त्यस्ता शक्तिशाली शहरहरूलाई पनि पराजित गर्न सामर्थ्यवान हुनुहुन्छ भनी विश्वास गरुन् भन्ने हेतुले इस्रायलका मानिसहरूलाई मोसाले यो बृतान्त सुनाउँदछन् । उनीहरूका मातापिताहरू शत्रुहरूका ती शक्तिशाली शहरहरूदेखि भयभीत भएका थिए (१:२८), र त्यसैले उनीहरूले प्रतिज्ञाको भूमिमा प्रवेश गर्न पाएनन् ।

- परमेश्वरले विगतमा गर्नुभएका कार्यहरूको कारण मोसाले विश्वास गर्न उत्साह दिन्छन् ।

आज पनि परमेश्वर उस्तै हुनुहुन्छ ! उहाँ सामर्थ्यवान हुनुहुन्छ र जुनसुकै शत्रुलाई पनि परास्त गर्न सक्नुहुन्छ ।

येशूले क्रूसमा हाम्रा सबै शत्रुहरूलाई पराजित गरिसक्नुभएको छ । येशूले पाप, शैतान र मृत्युमाथि विजय गरिसक्नुभएको छ । परमेश्वरमा हाम्रो बलियो विश्वास हुनुपर्छ र हाम्रो सहायताको लागि उहाँमा भरोसा राख्नुपर्दछ ।

ⓘ **प्रयोग**: स्मरण रहोस्, यो कार्य येशूले विगतमा गरिसक्नुभएको छ । परमेश्वरले तपाईंलाई कसरी मद्दत गर्नुभएको छ, सो बारे सोचविचार गर्नुहोस् । उहाँले तपाईंलाई बारम्बार मद्दत गर्नुहुनेछ । उहाँमा नै सदासर्वदा भरोसा गर्नुहोस् ।

⊕ **प्रार्थना**: *तपाईंमा नै दिन प्रतिदिन भरोसा राख्न सकौं भनेर तपाईंको शक्ति संभन मलाई सहायता गर्नुहोस् भनी प्रार्थना गर्नुहोस् ।*

६

# अगुवाहरू पनि चुक्छन्

**पृष्ठभूमि**

व्यवस्था मोसाद्धारा प्रचार गरिएको अन्तिम प्रवचन हो। उनी संसारदेखि चाँडै बिदा लिनेवाला छन्। मोसाले अघि नै पाप गरेका हुनाले उनी प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नेछैनन्। इस्रायलका मानिसहरूले पाप नगरुन् भन्ने उद्देश्यले मोसाले उनीहरूलाई सावधानी गराउँदछन्।

**पद २३-२९ पढ्नुहोस्।**

यो खण्डलाई दुई-तीन पटक पढ्नुहोस्। हरेक पद पढेर आफ्नै शब्दमा आफ्नै निम्ति वर्णन गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्थाः ३:२३।** आफूले परमेश्वरसित प्रतिज्ञाको भूमिमा प्रवेश गर्न पाउँ भनी कति जोडले निवेदन गरेको कुरा मोसाले स्मरण गर्दछन्।
- **व्यवस्था ३:२६।** मोसाले मानिसहरूले गरेको पापले गर्दा आफू रिसाएको कुरा उल्लेख गरेका छन्। त्यसपछि मोसाले पाप गरे अनि परमेश्वर उनीसित क्रोधित हुनुभयो।
- **व्यवस्था ३:२७।** "पिस्गा"। त्यो पहाडी क्षेत्रको नाम हो, जहाँ मोसा मर्नेवाला थिए (३४:१)।
- **व्यवस्था ३:२७।** मोसाले प्रतिज्ञाको भूमि हेर्नसम्म पाए तर त्यहाँ जान भने पाएनन्। व्यवस्था ३४:१-४ हेर्नुहोस्।
- **व्यवस्था ३:२८।** यहोशू १२ जना जासुसहरू मध्येका एक थिए (१:२२-२३)। उनी विश्वासयोग्य थिए (१:३८)। "आज्ञा दिनु" को अर्थ प्रार्थना गरी कुनै अगुवालाई पठाउनु भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

मोसाको पापको विषयमा गन्ती २०:२-१३ मा उल्लेख भएको पाइन्छ। मोसा मानिसहरूसँग क्रोधित भए। मोसाले दुई पटक चट्टानमा हिर्काए। मोसाले परमेश्वरलाई उल्लेख नगरी आफैले चट्टानबाट पानी निकालिदिने कुरा गरेका छन् (पद १०)। वास्तवमा, त्यो गम्भीर पाप थियो। मोसाले परमेश्वरमा भरोसा गरेनन् र इस्रायलका मानिसहरूलाई परमेश्वरको पवित्रता पनि प्रस्तुत गरेनन् (पद १२)।

- मोसाको पापको निम्ति कस्लाई दोष दिनुपर्दथ्यो त ?

मोसाले मानिसहरूलाई दोष लाउन सक्थे। ती मानिसहरूले उनलाई क्रोधित तुल्याएका थिए। तर गल्ती त मोसाकै थियो। मोसाले परमेश्वरमा भरोसा गरेनन् र उहाँलाई आदर गर्न पनि चुकेको कारण उनले पाप गरे।

परमेश्वरले मोसालाई प्रतिज्ञाको देशमा जान नदिएर दण्डित गर्नुहुन्छ। व्यवस्थाको अन्त्यमा मोसाको मृत्यु हुन्छ। यहोशूले मानिसहरूलाई प्रतिज्ञाको भूमिमा नेतृत्व गरेर लैजानेछन्।

- *के मोसाले पाएको दण्ड उचित छ ?*

मोसाले परमेश्वरका निम्ति धेरै ठूल्ठूला कार्य गरेका थिए। मोसा परमेश्वरका सेवक थिए। के परमेश्वरले मोसालाई उक्त भूमिमा प्रवेश गराउनु पर्दैनथ्यो त? मोसाले त्यस देशमा जानलाई उत्कट इच्छा गरेका थिए। परमेश्वरको न्याय न्यायिक छ। मोसाको पाप एकदमै गम्भीर थियो। परमेश्वरले सबै पापलाई गंभीर रुपमा लिनुहुन्छ भन्ने कुरा यो हाम्रो निम्ति चेताउनी हो।

**मुख्य बुँदा**

**परमेश्वरका सेवकहरू पनि चुक्छन्।**

## ⊖ शिक्षण: व्यवस्था ३:२३-२९

### ⊙ थालनी

कहिलेकाहीं हामीलाई लाग्छ, परमेश्वरका अगुवाहरू सिद्ध हुन्छन्। अगुवाहरू पनि चुक्छन् भनी जान्नुचाहिँ ख्रीष्टियनहरूका लागि उत्तम कुरा हो। *आफ्ना श्रोताहरूलाई चुक्न पुगेका बाइबलका अगुवाहरू बारे बताइदिनुहोस्, तीमध्ये अब्राहाम, सामसोन, दाऊद, सलोमन पनि हुन्।*

मोसाले पाप गरे। *आफ्ना श्रोताहरूलाई मोसाले गरेका पाप बारे बताइदिनुहोस्। उनले परमेश्वरलाई चट्टानबाट पानी निकाल्न आदर नदिएको कारण उनको पाप गम्भीर थियो भनी श्रोताहरूलाई बताउनुहोस्।* मोसालाई प्रतिज्ञाको देशमा जान दिइएन।

### मोसाले प्रतिज्ञाको देशमा जान पाउँ भनी प्रार्थना गरे

**⊙ पढ्नुहोस्: व्यवस्था ३:२३-२५**

मोसाले परमेश्वरको महान्ता बारे वर्णन गर्दछन् (पद २४)। परमेश्वरले महान् र शक्तिशाली कार्यहरू गर्नुभएकोछ। मोसा आफूले प्रतिज्ञाको देशमा जान पाउँ भनी गरेको प्रार्थनाको सम्झना गर्छन् (पद २५) मोसाले परमेश्वरसँग दयाको याचना गरे। दयाको अर्थ क्षमादान हो। मोसा आफ्नो पापलाई परमेश्वरले गंभीर रुपमा नलिनुभए हुन्थ्यो भन्ने चाहान्थे।

### परमेश्वरले मोसाको प्रार्थनाको उत्तर दिनुहुन्छ

**⊙ पढ्नुहोस्: व्यवस्था ३:२६-२९**

परमेश्वरले जबाफ "हुन्न" भन्नुभयो (पद २६)। मोसा प्रतिज्ञाको मुलुकमा जान असमर्थ हुन्छन्। परमेश्वरले सधैं हाम्रा प्रार्थनाका उत्तरमा "हुन्छ" भन्नुहुन्न। परमेश्वरले सधैं हामीलाई दया प्रदान गर्नुहुन्न। परमेश्वर पवित्र हुनुहुन्छ। मानिसहरूले मोसालाई क्रोधित तुल्याए। तर यो कुरा उनको पापको बहाना बन्न सक्तैन।

परमेश्वरले मोसाका प्रार्थनामा थप अरू दुई वटा उत्तरहरू दिनुहुन्छ।

१. मोसालाई उक्त भूमि हेर्न अनुमति दिइन्छ (पद २७)। मोसा आफ्नो अन्तिम सास बिसाउन यस पहाडमा जानेछन् (व्यवस्था ३४:१)। यस कुराले मोसाप्रतिको परमेश्वरको दया दर्शाउँछ।

२.मोसाको मृत्युपछि यहोशूले मानिसहरूलाई नेतृत्व गर्नेछन् (पद२८)। यो पनि इस्रायलका मानिसहरूप्रति परमेश्वरको कृपा हो। परमेश्वरले उनीहरूलाई अर्को अगुवा दिनुहुनेछ।

### हाम्रा निम्ति चेतावनीहरू

मोसाको पापले हामीहरूलाई सावधान गराउँदछ। परमेश्वरका अगुवाहरू पनि चुक्छन्। परमेश्वरले हामीमाथि सधैं कृपा गर्नुहुन्छ भन्ने ठान्नुहुँदैन। हामीले सधैं परमेश्वरमा भरोसा गरेर उहाँको आज्ञा पालना गर्नुपर्दछ। यदि हामीलाई अरू कसैले क्रोधित तुल्याएमा, त्यो कार्य हाम्रो निम्ति पाप गर्ने निहुँ बन्नु हुँदैन। हामीले हर परिस्थितिमा परमेश्वरको आज्ञा पालना गर्नुपर्छ र उहाँमा भरोसा राख्नुपर्दछ।

**⊕ उदाहरण**: एक जना मानिसको श्रीमतीले खाना पकाउन ढीलो गरिन्। यसले उनको श्रीमान्लाई रीस उठायो। श्रीमान्ले आफ्नी श्रीमतीलाई पिटे। उनीहरूका पास्टरले यो कुरा सुनेपछि श्रीमानलाई भेटेर कुरा गरे। खाना पकाउन ढीलो भएको कारण श्रीमान्ले श्रीमतीको गल्ती भएको जिकिर गरे। पास्टरले ती श्रीमान्लाई तिम्रो गल्ती हो भनेर संझाए। यदि कसैले हामीलाई रीस उठाउँछ भने, त्यो कुरा हाम्रो निम्ति पाप गर्ने बहाना बन्नु हुँदैन।

**⊕ प्रार्थना**: *परमेश्वरका जनहरूका अगुवाहरूले सधैं परमेश्वरमा भरोसा गर्न र उहाँको आज्ञा पालना गर्न सकून् भनी प्रार्थना गर्नुहोस्।*

७

# आज्ञापालना गर्नुहोस् ताकि अरूहरूले विश्वास सकून्

**पृष्ठभूमि**

मोसाले इस्राायलका मानिसहरूलाई उनीहरूको विगत बारे सम्झना दिलाउँदछन् । कारण, उनीहरूले परमेश्वरको आज्ञा पालन गरेर प्रतिज्ञाको मुलूकमा प्रवेश गरेको मोसा चाहन्छन् । अबचाहिँ मोसा उनीहरूलाई जिउने तरिका बारे बताउन थाल्दछन् । उनले उनीहरूलाई एउटा चेतावनी र एउटा उत्साह दिदछन् ।

**पदहरू १-८ पढ्नुहोस् ।**

*यस खण्डलाई दुई-तीन पटक पढ्नुहोस् । हरेक पद पढेर आफ्नै शब्दमा आफ्नै निम्ति व्याख्या गर्नुहोस् ।*

**टिप्पणीहरू**

- **व्यवस्था ४:२** । "केही पनि घटबढ नगर्नू" (एन.आई.भी संस्करण) वा "केही पनि ननिकाल्नु" (जी.एन.संस्करण)। हामीले परमेश्वरको वचनलाई कहिल्यै पनि परिवर्तन गर्न हुँदैन । कहिलेकाहीं परमेश्वरको वचन पालन गर्न मुस्किल हुन्छ, तर सजिलो बनाउन हामीले वचनलाई परिवर्तन गर्न हुँदैन ।
- **व्यवस्था ४:७** । "हाम्रा परमप्रभु परमेश्वर हाम्रो नजीक हुनुहुन्छ" (एन.आइ.भी.संस्करण) । जब इस्रायलीहरूले परमेश्वरको आज्ञा पालन गर्छन्, तब परमेश्वरले उनीहरूलाई आशिष दिनुहुन्छ। परमेश्वर उनीहरूको नजीक हुनुहुनेछ । अन्य राष्ट्रहरूले यो देख्नेछन् र अचम्मित बन्नेछन् ।
- **व्यवस्था ४:८**। "धार्मिक विधि-विधान" (एन.आइ.भी.संस्करण)। परमेश्वरले पूरानो करारमा दिनुभएको विधि-विधान एकदम न्यायोचित छ । अन्य राष्ट्रहरूको भन्दा परमेश्वरको विधि-विधान उत्कृष्ट छ । जब इस्रायलले परमेश्वरको विधि-विधानको पालन गर्दछ, अन्य राष्ट्रहरू पनि परमेश्वरमा आउनेछन् ।

**चिन्तनका अतिरिक्त कुर**

पोरमा इस्रायलीहरूलाई भएको घटनाबारे गन्ती २५:१-९मा पढ्नुहोस् । इस्रायलीका मानिसहरूले मूर्तिपूजा र व्यभिचार गरे ।

इस्रायलका मानिसहरूलाई अरूहरूका खराब मार्ग नअप्नाउन चेताउनी दिइएको छ । इस्रायलीहरूले परमेश्वरको आज्ञा पालन गरेमा अरूहरूले पनि उनीहरूको देखासिखी गर्नेछन् र परमेश्वरमा आउनेछन् भनी उनीहरूलाई हौसला दिइएको पाइन्छ ।

परमेश्वरले इस्रायलका मानिसहरूका पूर्खा अब्राहामलाई चुन्नुभयो ताकि उनीद्धारा संसारका सबै जातिहरू आशिषित होऊन् (उत्पति १२:३) ।

अब्राहामद्वारा संसारका सबै जातिहरू कसरी आशिषित हुनेछन् भन्ने कुरा व्यवस्था ४:६-८ मा उल्लेख गरिएको छ । जब इस्रायलका मानिसहरूले परमेश्वरको आज्ञा पालन गर्नेछन्, तब अन्य मानिसहरू अर्थात अन्य जातिहरूले सोधपुछ गर्नेछन् अनि इस्रायल र परमेश्वरका बारेमा थाहा पाएर अचम्मित हुनेछन् ।

इस्रायलका मानिसहरू एक जाति थिए । आज परमेश्वरका जनहचाहिँ मण्डली हुन् । परमेश्वरका जनहरू सबै जातिहरूका बीचमा बसोबास गर्छन् । आज मण्डलीले परमेश्वरको आज्ञा पालन गरेर अन्य जातिहरूलाई कसरी आकर्षित गर्नुपर्दोरहेछ सो कुरा विचार गर्नुहोस् ।

**मुख्य बुँदा**

**जब परमेश्वरका जनहरूले परमेश्वरको आज्ञा पालन गर्छन्, अन्य मानिसहरू परमेश्वरमा लाग्नेछन् ।**

## ⊕ शिक्षण: व्यवस्था ४:१-८

**थालनी**

- खीष्टियनहरू जिउने तरिका अन्य मानिसहरूको भन्दा फरक हुन्छ भनी के तपाईं सोच्नुहुन्छ ?

अफसोच, प्रायः त्यति फरक देखिँदैन । कहिलेकाहीं परमेश्वरका जनहरूले ढाँट्छन्, अन्याय गर्छन्, लोभ गर्छन् साथै अन्य गलत कार्यहरू गर्छन् । परमेश्वरका जनहरूचाहिँ अखीष्टियनहरूभन्दा फरक हुनैपर्छ । त्यसो भएमा गैर–खीष्टियनहरू परमेश्वरमा आउनेछन्।

**उदाहरण**: जब कुनै खीष्टियनको गैर–खीष्टियन छिमेकी बिरामी पर्दछ, उनले आफ्नो छिमेकीको निम्ति खाने कुरा किनेर ल्याइदिइन्, खाना बनाइ दिइन्, र बिरामी छिमेकीलाई मद्दत गरिन् । गैर–खीष्टियन छिमेकी त्यस्तो व्यवहार देखेर आश्चर्यचकित भइन् । जब उनले आफ्नो छिमेकी खीष्टियन भएकोले उनी दयालु भएको थाहा पाइन्, ती बिरामी छिमेकीलाई पनि विश्वासी बन्न मन लाग्यो ।

**चेतावनी** !

### अरूका नराम्रा कुरा नक्कल नगर्नुहोस्

**पढ्नुहोस्: व्यवस्था ४:३–४**

आफ्ना श्रोताहरूलाई गन्ती २५:१–९ बाट पोरमा घटेका पापहरूको बारेमा बताउनुहोस्। इस्रायलका मानिसहले पोरका अविश्वासीहरूले झैं मूर्तिपूजा र व्यभिचारको पाप गरे भनेर श्रोताहरूलाई बताइदिनुहोस्। परमेश्वरले इस्रायलीहरूलाई मृत्युद्वारा सजाय दिनुभयो भनेर श्रोताहरूलाई स्मरण गराइदिनुहोस् ।

हामी खीष्टियनहरूले यस संसारको पापहरूको अनुशरण गर्नुहुँदैन । परमेश्वरका जनहरूचाहिँ परमेश्वरका मापदण्डअनुसार जिउनु पर्छ। उदाहरणको लागि, हामीले प्रतिमूर्तिहरू, प्रेतआत्माहरू र अन्य देवहरूको पूजा गर्नु हुँदैन । हामीले पैसालाई हाम्रो परमेश्वरको ठाउँ लिन दिनुहुँदैन । हामीले सधैं सत्य बोल्नुपर्दछ। खीष्टियनहरूले गैर–खीष्टियनहरूले झैं जिएमा परमेश्वर खुशी हुनुहुन्न ।

**उत्साह** !

### परमेश्वरको आज्ञा पालन गर्नुहोस् र फरक हुनुहोस्

**पढ्नुहोस्: व्यवस्था ४:६–८**

प्रतिज्ञाको भूमिमा इस्रायलीहरूले परमेश्वरको आज्ञापालन गर्नुपर्दछ (पद १, ५)। उनीहरू अन्य राष्ट्रहरूभन्दा एकदमै फरक हुनुपर्दछ । त्यसो भएमा के हुन्छ त ?

- अन्य राष्ट्रका मानिसहरूले इस्रायलका मानिसहरू बुद्धिमान रहेछन् भनी सोच्नेछन् (पद ६)।
- अन्य राष्ट्रका मानिसहरूले इस्रायलका मानिसहरूको नजिकै परमेश्वर हुनुहुँदोरहेछ भनी देख्नेछन् (पद ७)।
- अन्य राष्ट्रका मानिसहरूले इस्रायलको कानून व्यवस्था न्यायपूर्ण र पक्षपातरहित रहेछ भनी जान्नेछन् (पद ८)।

परमेश्वरले सबै जातिका मानिसहरूलाई उहाँको आराधनामा ल्याउन चाहानुहुन्छ। परमेश्वरले आफ्ना जनहरूमार्फत त्यसो गर्नुहुनेछ। त्यसैले उत्पति १२:३ अनुसार परमेश्वरले अब्राहामको सन्तानहरू (इस्रायल) लाई चुन्नुभयो ।

आज खीष्टियनहरू नै परमेश्वरका जनहरू हुन् । खीष्टियनहरूले परमेश्वरको आज्ञा पालल गर्नुपर्दछ । खीष्टियनहरू संसारका मानिसहरूभन्दा फरक हुनैपर्छ। तर इस्रायलीहरूले झैं खीष्टियनहरूले पनि प्रायः गरी गैर–खीष्टियनहरूको चालचलन अनुशरण गर्न पुग्दछन् ।

**प्रयोग**: *तपाईं आफ्ना मानिसहरूलाई संसारका मानिसहरूभन्दा फरक हुन र अरू मानिसहरूलाई परमेश्वरमा आकर्षित गर्ने किसिमले जीवन जिउन उत्साहित तुल्याउनुहोस् ।*

**प्रार्थना**: *आफ्ना मण्डलीका सदस्यहरूलाई परमेश्वरको आज्ञा पालना गर्न र संसारका मानिसहरूभन्दा फरक रीतिले जीवन जिउन मद्दत गरिदिनुहोस् भनी प्रार्थना गर्नुहोस् । खीष्टियनहरूको उदाहरणीय जीवनद्वारा अरू मानिसहरूले तपाईंलाई पछ्याऊन् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।*

८

# मूर्ति पूजा नगर्नु

## पृष्ठभूमि

इस्रायलका मानिसहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्नुभन्दा पहिला मोसाले उनीहरूलाई प्रवचन दिदछन्। मोसाले इस्रायलका मानिसहरूलाई सिनाइ (होरेब) पर्वतमा रहँदाको समय बारे स्मरण गराउँछन्।

**पद ९–२० पढ्नुहोस्**

हरेक पद पढ्नुहोस् र तिनलाई आफ्नै शब्दमा आफ्नो निम्ति व्याख्या गर्नुहोस्।

## टिप्पणीहरू

- **व्यवस्था ४:१०**। "होरेब" (एन.आई.भी.संस्करण) सिनाईको अर्को नाम हो।
- व्यवस्था ४:१२ । परमेश्वर मानिसहरूसँग "आगोबाट/ माफ्रदेखि" बोल्नुभयो। मानिसहरूले परमेश्वरलाई देखेनन् तर उनीहरूले उहाँको स्वर सुने। आगोले परमेश्वरको उपस्थिति जनाउथ्यो।
- **व्यवस्था ४:१५**। "आफैलाई बडो होसियारीसाथ नियाल" (एन.आई.भी.संस्करण)। यसको मतलब इस्रायलका मानिसहरूलाई परमेश्वरको यो आज्ञा पालन गर्न सजिलो हुनेछैन भन्ने हुन्छ।
- **व्यवस्था ४:१६**। "भ्रष्ट" को अर्थ गलत कार्य गर्नु भन्ने हुन्छ।
- **व्यवस्था ४:२०** । "फलामको भट्टी" ले मिश्रमा धातुबाट बनाइने मूर्तिहरूलाई इंगित गर्दछ । "उत्तराधिकार" ले त्यस समयमा परमेश्वरको इस्रायलका मानिसहरूसँगको विशेष सम्बन्धलाई जनाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

इस्रायलका मानिसहरू सिनाइ पर्वतमा आइपुगेका छन् (प्रस्थान १९)। उनीहरू त्यहाँ करिब १ वर्ष बसे। परमेश्वर उनीहरूसँग बोल्नुभयो र उनीहरूलाई विधि–विधानहरू दिनुभयो।

त्यस समयमा प्रायःजसो धर्महरूमा आराधना गर्दा मूर्तिपूजा गरिन्थ्यो। ती मूर्तिहरू काठ वा ढुङ्गाबाट बनाइन्थे। ती मूर्तिहरू मान्छे, जनावर, सर्प, चरा वा माछाको स्वरुपमा कुदिन्थे। धेरै धर्महरूमा सूर्य, चन्द्र र ताराहरूको पनि पूजा हुन्थ्यो। इस्रायलीहरूलाई मूर्तिहरू बनाउन निषेध गरिएको थियो।

- *यसको के कारण होला ?*

पद १६–१९ ले हामीलाई उत्पति १:१४–२७ को याद दिलाउँदछन्। यी सबै थोक परमेश्वरद्वारा सृष्टि भएका हुन्। हामीले सृष्टिकर्ता परमेश्वरको आराधना गर्नुपर्छ, तर उहाँद्वारा सिर्जित कुराहरूको होइन।

परमेश्वरलाई नै आराधना गर्नुपर्ने अर्को कारणचाहिँ पद २० उल्लेख गरिएको छ। परमेश्वरले इस्रायलीहरूलाई उहाँको आफ्नै प्रजा हुनलाई मिश्रबाट निकालेर ल्याउनुभयो। इस्रायलचाहिँ अन्य राष्ट्रहरूभन्दा भिन्न हुनुपर्दथ्यो।

परमेश्वर कस्तो देखिनुहुन्छ भन्दा पनि उहाँले के भन्नुहुन्छ भन्ने कुरा अझ महत्त्वपूर्ण हुन्छ। हामीले उहाँको कुरा सुन्नुपर्दछ। परमेश्वर कस्तो देखिनुहुन्छ भन्दा पनि उहाँले आफ्ना जनहरूका निम्ति गर्नुभएको कार्यचाहिँ अझै महत्त्वपूर्ण हुन्छ। उहाँले इस्रायलीहरूलाई मिश्रबाट उद्धार गर्नुभएको छ।

## मुख्य बुँदा

**परमेश्वरको कुनै भौतिक रुप छैन । त्यसैले मूर्तिपूजा नगर्नुहोस् ।**

## ⊝ शिक्षणः व्यवस्था ४:९-२०

⊙ **थालनी**

बालबालिकाहरूले कहिलेकाहीं सोध्ने गर्दछन्:"परमेश्वर कस्तो हुनुहुन्छ ?" के उहाँ युरोपेली, अफ्रिकाली वा एसियाली जस्तो हुनुहुन्छ ? के उहाँको दारीजुंगा पनि छ? इस्रायलका मानिसहरू होरेबमा हुँदा उनीहरूले परमेश्वरलाई देखेका थिएनन्। उनीहरूले त परमेश्वरको आवाज मात्र सुने।

### होरेब(सिनाइ) को सम्झना गर्नु

⊙ **पढ्नुहोस्: व्यवस्था ४:९-१४**

मोसाले इस्रायलका मानिसहरूलाई उनीहरू होरेबमा हुँदाको समय बारे स्मरण गराउँदछन्। ती मानिसहरू होरेब पर्वतको नजीकै थिए। त्यहाँ आगो, बादल र अँध्यारो थियो। त्यहाँ परमेश्वरको आवाज सुनिन्थ्यो। तर मानिसहरूले परमेश्वरलाई देखेनन्।

परमेश्वरले दश आज्ञाहरू र अन्य विधि-विधानहरू बोल्नुभयो (पद १४)।

यस खण्डको मुख्य बुँदा भनेको "सम्झना गर्नु" हो। परमेश्वरको कुनै भौतिक रुप छैन। उनीहरूले यो कुरा बिर्सनु हुँदैन। उनीहरूले यो सत्यता आफ्ना सन्तान, दरसन्तानलाई बताउनुपर्दछ (पद ९-११)।

### मूर्तिहरू नबनाउनु

⊙ **पढ्नुहोस्: व्यवस्था ४:१५-२०**

मानिसहरूले होरेबको स्मरण गर्नुपर्दछ ताकि उनीहरूले मूर्ति बनाएर परमेश्वरको पूजा नगरुन्। परमेश्वरमा विश्वास नगर्ने धेरै मानिसहरूले मूर्तिहरू राखेका हुन्थे।

- के तपाईंको देशमा अराधनाका लागि मूर्तिहरू, प्रतिमाहरू र तस्बिरहरू चलाउने धर्महरू छन् ? उनीहरूका मूर्तिहरू कस्ता देखिन्छन् ?

पद १६-२० मा वर्णन गरिएका थोकहरूअनुसार मानिसहरूले मूर्तिहरू बनाउँछन्। *यी कुराहरू उत्पति १ मा कसरी वर्णन गरिएका छन् सो बारे आफ्ना श्रोताहरूलाई देखाइदिनुहोस्।* परमेश्वरले बनाउनुभएका थोकहरू पूजा गर्नु खराब कुरा हो। हामीले त परमेश्वरको मात्र आराधना गर्नुपर्छ।

मिश्रका मानिसहरूले मूर्तिहरू बनाउँथे। परमेश्वरले इस्रायलका मानिसहरूलाई त्यही मिश्रदेखि निकालेर ल्याउनुभयो। हाम्रो सन्दर्भमा, परमेश्वरले विश्वासीहरूलाई पनि येशूमा उद्धार गर्नुभएको छ। हामीले परमेश्वरको मात्र आराधना गर्नुपर्छ।

- तपाईंको आफ्नो जीवनको बारेमा गहिरिएर सोच्नुहोस्। तपाईंको जीवनमा के त्यस्ता कुनै थोक छन् जसलाई तपाईंले पूजी रहनुभएको छ ? के तपाईंको जीवनमा अरू नै थोकले परमेश्वरको स्थान लिएका छन् ?

### परमेश्वरको वचन ध्यानसित सुन्नुहोस्

आज हामी बाइबलमा परमेश्वरको वचन पढेर परमेश्वरको आवाज सुन्दछौं। परमेश्वर हामीसँग बाइबलद्वारा बोल्नुहुन्छ अनि हामीले उहाँको वचनको पालना गर्नैपर्दछ। बाइबल नै हाम्रा लागि परमेश्वरको वचन हो। यसकारण हामीले बाइबललाई गहन रुपमा ध्यान दिनुपर्छ।

⊕ **उदाहरणः** केही खीष्टियनहरू येशू, मरियम वा अन्य मानिसहरूको सालिक वा तस्बिरहरूतिर ध्यान दिन्छन् तर बाइबलमा बोल्नुहुने परमेश्वरको आवाज भने सुन्दैनन्। यो एकदमै खतरनाक कुरा हो। यसले मानिसहरूलाई अज्ञानी र अन्धविश्वासी तुल्याउँदछ। खीष्टियनहरूले त बाइबलका परमेश्वरका वचनहरूलाई ध्यान दिएर तिनलाई होशियारीपूर्वक पालना गर्नुपर्दछ।

⊕ **प्रार्थनाः** *बाइबल पढ्दाखेरि उहाँको आवाज सुन्न सकूँ भनी परमेश्वरसित मद्दत माग्नुहोस्।*

९

# डाही र कृपालु परमेश्वर

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई उनीहरू प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नुअघि प्रवचन दिन्छन्। उनले इस्रायलीहरूलाई कुनै पनि प्रतिमाको पूजा नगर्न चेतावनी दिए।

**पदहरू २१-३१ पढ्नुहोस्**

हरेक पद पढ्नुहोस् र तिनलाई आफ्नै शब्दमा आफ्नो निम्ति व्याख्या गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था ४:२३** । "करार" को अर्थ बलियो सम्बन्ध भन्ने हुन्छ।
- **व्यवस्था ४:२४** । "डाही" (एन.आई.भी. संस्करण)। डाहीको अर्थ अरू कसैसित भएका थोकहरू हामीले पनि पाए हुन्थ्यो भनी हामीभित्र जाग्ने गलत अभिलाषा भन्ने अर्थ लाग्न सक्छ। तर यहाँ जुन थोक परमेश्वरले मात्रै पाउनुपर्ने हो सो कुरा मात्रै उहाँ पाउन चाहनुहुन्छ भन्ने अर्थमा डाहीको प्रयोग गरिएको छ। परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गर्नुभएको हुनाले उहाँका जनहरू उहाँका मात्रै हुन्।
- **व्यवस्था ४:२६** । "नाश हुनु" (एन.आई.भी. संस्करण) को अर्थ विनाश हुनु वा मर्नु भन्ने अर्थ लाग्छ।
- **व्यवस्था ४:२९** । "परमप्रभुको खोजी गर" (एन.आई.भी. संस्करण) भन्नुको अर्थ पापदेखि तर्केर पाप क्षमाको निम्ति परमेश्वरतर्फ फर्कनु भन्ने हुन्छ। मानिसहरूले आफ्ना सारा हृदय र प्राणले परमप्रभु परमेश्वरको खोजी गर्नुपर्दछ। उनीहरूले साँच्चिकै परमेश्वरको चाह गर्नुपर्दछ।
- **व्यवस्था ४:३१** । "कृपालु" को अर्थ परमेश्वरले क्षमा दिनुहुनेछ र मानिसहरूलाई प्रतिज्ञाको भूमिमा फर्काएर ल्याउनुहुनेछ भन्ने हुन्छ। उनीहरू क्षमा पाउन र प्रतिज्ञाको भूमिमा प्रवेश योग्यका छैनन्।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

- *यस खण्डमा परमेश्वरका आज्ञाहरू के के छन् ?*

**परमेश्वर डाही हुनुहुन्छ (पद २४) । आफ्ना जनहरू आफूदेखि तर्केर जाँदा परमेश्वर क्रोधित बन्नुहुन्छ । त्यसैले परमेश्वर मोसासित रिसाउनुभयो । (गन्ती २०:१२ र व्यवस्था ३:२६ हेर्नुहोस्) । तसर्थ, परमेश्वरका जनहरू करार (प्रतिज्ञाहरू) नभूलौं भनेर होशियार हुनुपर्दछ ।**

**यदि इस्रायलका मानिसहरू परमेश्वरदेखि तर्केर मूर्ति पूजामा लागेमा परमेश्वरले के गर्नुहुनेछ (पद २६-२८) ?**

परमेश्वर कृपालु पनि हुनुहुन्छ (पद ३१) । उहाँ आफ्ना जनहरूलाई क्षमा दिन चाहनुहुन्छ। इस्रायलका मानिसहरूले परमप्रभु परमेश्वरको खोजी गर्नुपर्दछ (पद २९)। त्यसपछि उनीहरू प्रतिज्ञाको भूमिमा फर्केर आउनेछन्। परमेश्वरका जनहरू उहाँदेखि तर्केर गए पनि उहाँले उनीहरूलाई बिर्सनुहुन्न किनकि उहाँले अब्राहामसित बाँध्नुभएका प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ।

इस्रायलीहरू परमेश्वरदेखि तर्केर गएका कारणले उहाँले सयौं वर्षपछि उनीहरूलाई दण्ड दिनुभयो। बेबिलोनका मानिसहरूले इस्रायललाई पराजित गरे। इस्रायलका धेरै मानिसहरूलाई कैदी बनाएर बेबिलोनमा लगियो। तर पछि तीमध्ये कतिपयचाहिँ प्रतिज्ञाको भूमिमा फर्केर आए।

**मुख्य बुँदा**

**परमेश्वर डाही र कृपालु दुवै हुनुहुन्छ ।**

## ⊖ शिक्षणः व्यवस्था ४:२१-३१

⊙ **थालनी**

- परमेश्वर कस्तो हुनुहुन्छ? के उहाँ प्रेमले भरिएको हुनुहुन्छ? के उहाँ रिसालु हुनुहुन्छ? के उहाँमा यी दुवै गुणहरू छन् ?

### परमेश्वर डाही हुनुहुन्छ

⊙ **पढ्नुहोस्ः व्यवस्था ४:२१-२८**

⊕ **उदाहरण**ः जुन थोक हाम्रो मात्रै हो सो कुराको खातिर डाही हुनु जायज हुन्छ । त्यसैले श्रीमान् र श्रीमती एकअर्काका खातिर डाही हुनुपर्दछ। उनीहरू एकअर्काका लागि मात्र हुन्। यदि श्रीमानले आफ्नी श्रीमती कोही परपुरुषसँग लसपस गरेको भेट्दछ वा थाहा पाउँदछ भने, श्रीमान् रिसाउनु स्वाभाविक र जायज कुरा नै हो। यदि श्रीमतीले आफ्नो श्रीमान्ले कोही परस्त्रीसँग प्रेम गरेको थाहा पाइन् भने, श्रीमती रिसाउनु पनि गलत होइन।

परमेश्वर आफ्ना जनहरूका खातिर डाही हुनुहुन्छ। उनीहरू केवल उहाँका हुन्। उनीहरूलाई उद्धार गर्ने परमेश्वर मात्र हुनुहुन्छ। जब आफ्ना जनहरू मूर्तिहरूतिर वा अन्य ईश्वरहरूतिर लाग्छन्, परमेश्वर क्रोधित हुनुहुन्छ।

*आफ्ना श्रोताहरूलाई मुख्य आज्ञाचाहिँ पद २३ मा लेखिएको "**करार नभूल**" भन्ने हो भनी वर्णन गरिदिनुहोस्।* यदि इस्रायलका मानिसहरूले प्रतिमाहरू बनाउँछन् भने, उनीहरू करार भुल्न पुग्छन्। उनीहरूले आफूहरू परमेश्वरका मात्र हौं भन्ने कुरा बिर्सन पुग्छन्।

*यदि परमेश्वरका जनहरूले परमेश्वरलाई नै बिर्सिपठाए भने के हुन्छ सो कुरा आफ्ना श्रोताहरूलाई बताउनुहोस् (पद २६-२८)। इस्रायलका मानिसहरूका जीवनमा पछि गएर यिनै कुराहरू भएका थिए भनी आफ्ना श्रोताहरूलाई बताउनुहोस्।*

### परमेश्वर कृपालु हुनुहुन्छ

⊙ **पढ्नुहोस्ः व्यवस्था ४:२९-३१**

परमेश्वर कृपालु पनि हुनुहुन्छ । परमेश्वर आफ्ना जनहरूले आफूलाई चाह गरेको चाहानुहुन्छ। *मानिसहरू बहानाबाजी बनाउने वा परमेश्वरलाई नै छल्न खोज्ने व्यक्तिहरू होइन तर हृदयदेखिकै सच्चा, इमान्दार व्यक्ति हुनुपर्दछ भनी आफ्ना श्रोताहरूलाई बताइदिनुहोस्।*

यदि मानिसहरू परमेश्वरमा फर्कन्छन् र आफ्ना पापदेखि तर्कन्छन् भने, परमेश्वरले उनीहरूलाई प्रतिज्ञाको देशमा ल्याउनुहुनेछ । परमेश्वरले अब्राहामसित बाँध्नुभएको करार पूरा गर्नुहुनेछ। आफ्ना मानिसहरू विश्वासयोग्य नहुँदा पनि परमेश्वरचाहिँ विश्वासयोग्य नै रहिरहनुहुन्छ।

नयाँ करारमा पनि परमेश्वर डाही र कृपालु हुनुहुन्छ। मानिसहरू आफूदेखि तर्केर गएकाले परमेश्वर क्रोधित हुनुभयो। त्यसकारण येशू पापका लेखि क्रूसमा मर्नुभयो। येशूको मृत्युले परमेश्वर कृपाल र क्षमादिने हुनुहुन्छ भन्ने कुरा पनि दर्शाउँदछ।

⊕ **प्रयोग**ः हामीले परमेश्वरसँग करार कायम राख्नुपर्दछ र हामी चुक्दाखेरि पनि हामीलाई उहाँले क्षमा दिनुहुने भएकोले परमेश्वरलाई धन्यवाद दिनुपर्दछ। परमेश्वरको चाहा गर्नमा हामी इमान्दार बन्नुपर्दछ। श्रीमान् र श्रीमती एकअर्काका निम्ति मात्रै भएझैं हामी पनि परमेश्वरका मात्रै बन्नुपर्दछ।

परमेश्वरको बारेमा तपाईंमा कस्तो विचार उत्पन्न हुन्छ ? के तपाईं आफूलाई उहाँको मात्रै हुँ भन्ने सोच्नुहुन्छ ? के तपाईं परमेश्वरप्रति विश्वासयोग्य हुनुहुन्छ? कि तपाईंका अन्य देवताहरू पनि छन्? के तपाईं आफ्ना पापहरूबाट फर्किएर परमेश्वरकहाँ जानु आवश्यक छ ?

⊕ **प्रार्थना**ः *उहाँप्रति मात्रै विश्वासयोग्य बन्न सहायता गर्नुहोस् भनेर परमेश्वरसित पुकारा गर्नुहोस्।*

१०

# १० अरू कुनै परमेश्वर छैन

**पृष्ठभूमि**

इस्रायलीहरू प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नभन्दा अघि मोसाले उनीहरूलाई प्रवचन दिइरहेका हुन्छन्। मोसा मरुभूमिमा बिताइएका विगतदेखि मानिसहरूले पाठ सिकून् भन्ने चाहान्छन्। मोसा मानिसहरूले प्रतिज्ञाको भूमिमा असल जीवन जिऊन् भन्ने चाहान्छन्।

**पदहरू ३२-४० पढ्नुहोस् ।**

*प्रत्येक पद पढ्नुहोस् अनि आफ्नै शब्दमा आफ्नो निम्ति व्याख्या गर्नुहोस्।*

**टिप्पणीहरू**

- **व्यवस्था ४:३२** । "... बारेमा सोध–खोज गर"। पहिलो, मानिसहरूले समय वा इतिहासको बारेमा सोध्छन्। यस्तो महान् घटना पहिला कहिल्यै भएको थिएन। दोस्रो, मानिसहरूले स्थान ("स्वर्गको एक छेऊदेखि अर्को छेऊसम्म" (एन.आई.भी.)) को बारेमा सोध–पुछ गर्छन्। यस्तो महान् घट्ना कहीं पनि भएको थिएन।
- **व्यवस्था ४:३५** । "उहाँ बाहेक अरू कोही छैन"। परमप्रभु झैं अरू कोही महान् ईश्वर छैन्।
- **व्यवस्था ४:३६** । "आकाशदेखि... पृथ्वीसम्म"। परमेश्वर स्वर्ग र पृथ्वीको प्रभु हुनुहुन्छ।
- **व्यवस्था ४:३७** । "पिता–पुर्खाहरू" भन्नाले अब्राहाम, इसाहाक र याकूबलाई जनाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

- अन्य ईश्वरहरूभन्दा परमप्रभु परमेश्वर कसरी महान् हुनुहुन्छ ?

व्यवस्था ४:३२–३४ मा यस्ता प्रश्नहरू छन् । प्रत्येक प्रश्नको उत्तरचाहिँ "**छैन**" **वा** "**होइन**" भन्ने छ । इस्रायलीहरूले सिनाइ पर्वतमा परमेश्वर बोल्नुभएको सुनेजस्तो अरू कुनै मानिसहरूले सुन्न पाएनन् । परमेश्वरले प्रस्थानको पुस्तकमा चिन्हहरू र आश्चर्यकर्महरूद्वारा आफ्ना मानिसहरूलाई जसरी छुटकारा गर्नुभयो त्यसरी अन्य ईश्वरहरूले कसैलाई पनि छुटकारा दिएनन् ।उहाँले इस्रायलका मानिसहरूलाई मिश्रबाट निकालेर ल्याउनुभयो।

पद ३५ मा हामीले गर्नुपर्ने कुरा बताइएको छ। परमप्रभु परमेश्वरले जे गर्नुहुन्छ सो अन्य ईश्वरले गर्न सक्दैन। त्यसकारण अन्य प्रतिमाहरू वा देवहरूको आराधना नगर्नुहोस् । यस पदले हामीलाई व्यवस्था ५:७ को प्रथम आज्ञा सम्झना दिलाउँदछ।

परमेश्वर नै सबैभन्दा महान् हुनुहुन्छ भनी मानिसहरूले जानून् भन्ने मोसा चाहान्छन् । मोसाले यही कुरा फेरि ३६–३९ पदहरूमा दोहोऱ्याएका छन् । परमेश्वर स्वर्गबाट बोल्नुभयो । मानिसहरूले पृथ्वीमा परमेश्वरको आवाज सुने। परमेश्वरले सिनाइ पर्वतमा आगोको ज्वाला खन्याउनुभयो । परमेश्वरले पृथ्वीमा नै इस्रायलका मानिसहरूलाई मिश्रदेखि निकालेर ल्याउनुभयो।

इस्रायल का मानिसहरूलाई मिश्रबाट निकालेर प्रतिज्ञाको भूमिमा फर्काएर ल्याउनु परमेश्वरको उद्देश्य थियो । परमेश्वरको शक्तिले मिश्रलाई घुँडा टेकायो। प्रतिज्ञाको भूमिमा भएका सबै जातिहरूलाई सहजै पराजित गर्न परमेश्वर सबल हुनुहुन्छ।

**मुख्य बुँदा**

**सत्य परमेश्वरबाहेक अन्य कुनै ईश्वर छैन ।**

## ⊝ शिक्षण: व्यवस्था ४:३२-४०

⊙ **थालनी**

मानिसहरू कहिलेकाहीं सबैभन्दा उत्तम फुटबल खेलाडी को हो, वा सबैभन्दा राम्रो कलाकार को हो, वा सबैभन्दा असल अगुवा को हो भनी चर्चा गर्दछन्। व्यवस्था ४:३२–३५ ले हामीलाई घोत्लिन लगाउँदछ: सबैभन्दा महान् ईश्वर को हो?

### सबैभन्दा महान् ईश्वर को हो त ?

⊙ **पढ्नुहोस्: व्यवस्था ४:३२–३५**

यी दुई कुराहरूले परमेश्वर सबैभन्दा महान् हुनुहुन्छ भन्ने कुरा देखाउँछ:

१. परमेश्वर आगोको ज्वालाबाट मानिसहरूसँग बोल्नुभयो। यो घटना सिनाइ पर्वतमा भएको थियो।
२. परमेश्वरले मानिसहरूलाई अर्को राष्ट्रबाट निकालेर ल्याउनुभयो। यो घटनचाहिँ प्रस्थानमा भयो।

*आफ्ना श्रोताहरूलाई पद ३२–३५ का प्रश्नहरू बारे बताउनुहोस्, जसमा जबाफ "होइन" भन्ने छ। अरू कुनै ईश्वर पनि आफ्ना मानिसहरूसँग आगोको ज्वालादेखि बोलेन। अरू कुनै पनि ईश्वरले आफ्ना मानिसहरूलाई अर्को देशदेखि छुटकारा गरेर ल्याएन। यस्तो घटना कहिलै र कहीं पनि भएको छैन।*

त्यसोभए सबैभन्दा महान् को हो त? परमप्रभु परमेश्वर। उहाँजस्तो अरू कुनै इश्वर छैन (पद ३५)। परमेश्वर नै सबैभन्दा उत्तम हुनुहुन्छ। परमप्रभु बोल्नुहुन्छ। परमप्रभु नै सबैभन्दा शक्तिशाली हुनुहुन्छ।

**फेरि: सबैभन्दा महान् को त ?**

⊙ **पढ्नुहोस्: व्यवस्था ४:३६–३९**

परमेश्वर नै सबैभन्दा महान् हुनुहुन्छ। यो तथ्य अत्यन्त महत्त्वपूर्ण भएकोले मोसाले यस विषयलाई पुनः चर्चा गर्दछन्।

परमेश्वर स्वर्गबाट बोल्नुभयो। परमेश्वरले पृथ्वीमा काम गर्नुभयो। परमेश्वर स्वर्ग र पृथ्वीका मालिक हुनुहुन्छ। इस्रायलका मानिसहरूले उहाँको आवाज सुने। परमेश्वरले मिश्रलाई उहाँको शक्तिले परास्त गर्नुभयो।

पद ३९ पनि पद ३५ जस्तै छ। परमप्रभु नै परमेश्वर हुनुहुन्छ। अरू कोही ईश्वर छैन।

### विश्वास र आज्ञा पालना गर्नु

⊙ **पढ्नुहोस्: व्यवस्था ४:३८, ४०**

इस्रायल का मानिसहरूले निम्न दुई कुराहरू सिक्नैपर्दछ :

१. परमेश्वरले बाहुबलद्वारा मिश्रलाई परास्त गर्नुभएकोले उहाँले प्रतिज्ञाका देशमा बसोबास गर्ने राष्ट्रहरूलाई पनि पराजित गर्नुहुन्छ भनी इस्रायलीहरूले विश्वास गर्नुपर्छ।

२. परमेश्वर एकमात्र परमेश्वर हुनुभएकोले उनीहरूले उहाँका विधि–विधानहरू पालना गर्नुपर्छ। त्यसोभएमा मानिसहरू प्रतिज्ञाको भूमिमा दीघार्यू हुनेछन्।

आज खीष्टियनहरूले पनि परमेश्वरलाई विश्वास गरी उहाँको आज्ञा पालना गर्नुपर्छ। परमेश्वर हामीलाई हाम्रा पापहरूबाट बचाउन सक्षम हुनुहुन्छ भनी हामीले विश्वास गर्नुपर्छ। उहाँले आफ्नो शक्ति क्रूसमा प्रदर्शित गर्नुभयो। येशूको मृत्यु शक्तिशाली छ। हामीले आज पनि उहाँको आज्ञा पालना गर्नुपर्छ। हामी उहाँको आज्ञा मुताबिक जिउनै पर्दछ।

यदि कसैले हामीलाई अन्य देवहरू वा आत्माहरूलाई मान्न सुझाव दिएमा, पटक्कै मान्नुहुँदैन ! परमप्रभु परमेश्वर नै सबैभन्दा महान् हुनुहुन्छ। यदि हामीलाई अरू कुनै ईश्वरहरू पो राम्रा छन् कि भन्ने लागेमा, त्यो सोच तुरुन्तै हटाइहाल्नुपर्दछ ! परमप्रभु परमेश्वर सबैभन्दा महान् हुनुहुन्छ। यदि हामीलाई परमेश्वरको विधि–विधान पालना नगरे पनि हुन्छ भन्ने लाग्छ भने, त्यो सोच तुरुन्तै हटाइहाल्नुपर्दछ! परमेश्वर नै सबैभन्दा महान् हुनुहुन्छ। हामीले उहाँलाई मात्र मान्नुपर्छ।

⊕ **प्रार्थना:** *हरेक दिन मेरो जीवनमा तपाईंमा नै पूर्ण रुपले भरोसा राख्न र तपाईंको आज्ञा पालन गर्न मलाई सहायता गर्नुहोस् भनी प्रार्थना गर्नुहोस्।*

११

# परमेश्वरलाई पहिलो स्थान दिनु

**पृष्ठभूमि**

व्यवस्था १ अध्यायदेखि ४ अध्यायसम्म चाहिँ विगतबाट पाठ सिक्ने विषयसित सम्बन्धित थियो। व्यवस्था ५ अध्यायदेखि २६ अध्यायसम्म चाहिँ परमेश्वरले दिनुभएका विधि–विधानहरू बारेमा सम्बन्धित छ। यहाँ मोसाले दश आज्ञाबाट शुरु गर्छन्।

**पदहरू ६–११ पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था ५:७**। परमेश्वरले मानिसहरूले आफूलाई मात्रै आराधना गरेको चाहानुहुन्छ।
- **व्यवस्था ५:८**। परमेश्वरका जनहरूले कुनै प्रतिमा वा मूर्तिहरू बनाउनु हुँदैन। परमेश्वरको कुनै भौतिक रुप हुँदैन। व्यवस्था ४:९–२० फेरि पढ्नुहोस्। इस्रायलका मानिसहरूले सिनाइ पर्वतमा परमेश्वरलाई देखेका थिएनन्।
- **व्यवस्था ४:९–१०**। "डाही परमेश्वर" (एन.आई.भी.)। व्यवस्था ४:३ पढ्नुहोस्। परमेश्वरले प्रतिमाहरू बनाएर गल्ती गर्ने मातापिता र उनीहरूका छोराछोरीहरूलाई दण्डित गर्नुहुन्छ। "सन्तानलाई दण्डित गर्ने"। यसको अर्थ उनीहरूले पनि आफ्ना पिता–पुर्खाले जस्तै त्यही पाप गरेमा, उनीहरू निर्दोष सन्तान हुँदैनन् भन्ने हुन्छ। "तेस्रो र चौथो पुस्तादेखि ... हजारौं पुस्तामाथि" (एन.आई.भी.संस्करण)। परमेश्वरको प्रेम अनन्तसम्म रहन्छ। परमेश्वरको दण्डचाहिँ छोटो समयका लागि मात्रै रहन्छ।
- **व्यवस्था ५:११**। "व्यर्थमा लिनू" भन्नुको गलत तरिकाले प्रयोग गर्नु भन्ने हुन्छ। हामीले परमेश्वरको नाम सही रीतिले मात्र प्रयोग गर्नुपर्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

यहाँ दिइएको विधि–विधान दश आज्ञाबाट शुरु भयो। यी आज्ञाहरू परमेश्वरले दिनुभएका अति महत्त्वपूर्ण व्यवस्था हुन्। परमेश्वरले यो व्यवस्था सबै मानिसहरूको निम्ति बताउनुभयो। परमेश्वरले यी आज्ञाहरूलाई ढुङ्गाको पाटीमा लेखिदिनुभयो। दश आज्ञाचाहिँ सम्पूर्ण व्यवस्थाको सारांश हो।

- *मानिसहरूले यी आज्ञाहरू किन पालना गर्नुपर्छ त?*

मानिसहरूले सही कारणहरूका निम्ति परमेश्वरको आज्ञा पालना गर्नु एकदमै महत्त्वपूर्ण हुन्छ। इस्रायलका मानिसहरू पहिला नै परमेश्वरका भइसकेको कुरा पद ६ मा उल्लेख गरिएको छ। परमेश्वरले उनीहरूलाई मिश्रदेखि उद्धार गर्नुभयो। परमेश्वरका जनहरू उहाँका उद्धार गरिएका व्यक्ति भएका हुनाले उनीहरू परमेश्वरको विधि–विधानहरू पालना गर्छन्। आज्ञाकारिताले परमेश्वरसित हाम्रो सम्बन्ध छ भन्ने कुरा देखाउँदछ।

प्रथम तीन आज्ञाहरू परमेश्वरसितको सम्बन्धको बारेमा केन्द्रित छन्। परमेश्वरका जनहरूले अरू कुनै देवता–देवीहरू मान्नू हुँदैन। उहाँको महान् कार्यको निम्ति परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ। परमेश्वर इस्रायलका मानिसहरूसँग सिनाइ पर्वतमा बोल्नुभयो। परमेश्वरले ती मानिसहरूलाई मिश्रबाट उद्धार गरी निकाल्नुभयो।

**मुख्य बुँदा**

**परमेश्वरको मात्र आराधना गरौं किनकि उहाँले हामीलाई उद्धार गर्नुभयो।**

## ⊖ शिक्षणः व्यवस्था ५:६-११

### किन परमेश्वरको आज्ञा पालना गर्नु ?

⊙ **पढ्नुहोस्: व्यवस्था ५:६**

- मानिसहरूले परमेश्वरको किन आज्ञा पालना गर्नुपर्दछ ?

मानिसहरूले विभिन्न कारणले आज्ञा पालन गरेका हुन्छन्। जस्तोः

- उनीहरू परमेश्वरदेखि डराएको हुनाले
- उनीहरूमा परमेश्वरबाट प्रेम पाउने इच्छा भएको हुनाले

परमेश्वरले आफ्ना जनहरूलाई अघि नै उद्धार गर्नुभएको हुनाले उहाँको आज्ञा पालन गर्नु प्रमुख कारण हो । पूरानो करारमा परमेश्वरले इस्रायलीहरूलाई मिश्रबाट उद्धार गर्नभयो। क्रूसमा येशूद्वारा परमेश्वरले सबै विश्वासीहरूलाई पापबाट उद्धार गर्नुभयो।

उहाँको आज्ञा पालना गर्नु हाम्रो कर्तव्य हो । *आफ्ना श्रोताहरूलाई पद ६ को महत्त्व बताइदिनुहोस्।*

प्रथम तीन आज्ञाहरूचाहिँ परमेश्वरसितको असल सम्बन्धमा केन्द्रित छन्।

### परमेश्वरलाई पहिलो स्थान दिनुहोस्: अरू कुनै देवता-देवीहरूलाई होइन

⊙ **पढ्नुहोस्: व्यवस्था ५:७**

हामीले परमेश्वर लगायत अन्य देवता-देवीहरूको आराधना गर्न सक्दैनौं। *आफ्ना श्रोताहरूलाई व्यवस्था ४:३२-४० बाट यो आज्ञाको कारण बताइदिनुहोस्।* इस्रायलीहरूलाई मिश्रबाट उद्धार गर्ने व्यक्ति परमप्रभु परमेश्वर मात्रै हुनुहुन्छ। उहाँ इस्रायलीहरूसित सिनाइ पर्वतमा बोल्नुभयो।

*तपाईंको आफ्नो संस्कृतिमा पाइने अन्य ईश्वरहरूका केही उदाहरण दिनुहोस् । यिनीहरू अन्य धर्मका ईश्वर हुन सक्छन् वा पैसाको ईश्वर वा विलासिताको ईश्वर हुन सक्छ। यदि तपाईंको संस्कृतिमा विभिन्न देवता-देवीहरू छन् भने, मानिसहरू परमप्रभु परमेश्वर र अन्य देवता-देवीहरू दुवैलाई सँगसँगै पुज्ने प्रयास गर्न सक्छन्।*

### परमेश्वरलाई पहिलो स्थान दिनुः कुनै पनि प्रतिमूर्तिहरूलाई होइन

⊙ **पढ्नुहोस्: व्यवस्था ५:८-१०**

हामीले कुनै पनि प्रतिमा, स्वरुप वा मूर्ति प्रयोग गरेर परमेश्वरको आराधना गर्नुहुँदैन । *व्यवस्था ४:९-२० बाट आफ्ना श्रोताहरूलाई यसको कारण बताइदिनुहोस्।* हामीले आराधनाका लागि परमेश्वरको कुनै पनि आकृति बनाउन सक्दैनौं।

के तपाईंको संस्कृतिमा मूर्तिहरू हुने गर्छन्? के खीष्टियनहरू पनि परमेश्वरको प्रतिमा वा तस्बिरहरू राखेर पुज्न खोज्छन्?

### परमेश्वरलाई पहिलो स्थान दिनुः उहाँको नामलाई दुरुपयोग नगर्नु

⊙ **पढ्नुहोस्: व्यवस्था ५:११**

*आफ्ना श्रोताहरूलाई "दुरुपयोग" को अर्थ बताउनुहोस्* । हामीले परमेश्वरको बारेमा गलत कुराहरू भन्नुहुँदैन । किरिया खाँदाखेरि हामीले परमेश्वरको नाम लिनुहुँदैन । हामीले कालाजादूमा परमेश्वरको नाम प्रयोग गर्नु हुँदैन। के तपाईंका ठाउँका मनिसहरूले रिसाएको बेला येशूको नाम प्रयोग गर्छन्? खीष्टियनहरूले कहिल्यै त्यसो गर्नुहुँदैन।

परमेश्वरले हाम्रा निम्ति गर्नुभएको कार्य संझनुहोस्। परमेश्वरले हामीलाई पापदेखि येशूद्वारा बचाउनुभयो। त्यसैले हामीले हाम्रो जीवनमा परमेश्वरलाई पहिलो स्थानमा राख्नुपर्छ र उहाँको आराधना गर्नुपर्छ। हामीले अरू कुनै देवता-देवीहरूको आराधना गर्नैहुँदैन । हामीले मूर्तिहरू वा प्रतिमाहरू बनाउनु हुँदैन। हामीले परमेश्वरको नाम गलत तरिकाले प्रयोग गर्नुहुँदैन । हामी परमेश्वरप्रति कृतज्ञ बनेर उहाँलाई प्रेम गर्नुपर्दछ।

⊕ **प्रार्थनाः** *परमेश्वरलाई पहिलो स्थानमा राख्न र उहाँको नामलाई कहिल्यै पनि गलत प्रकारले प्रयोग नगर्न मलाई मद्दत गरिदिनुहोस् भनी प्रार्थना गर्नुहोस्।*

१२

# परमेश्वरको विश्राम दिनको पालना गर्नु

**पृष्ठभूमि**

मोसाले इस्राएलका मानिसहलाई दश आज्ञाको बारेमा याद दिलाउँदैछन्। विश्राम दिनको आज्ञा चौथो आज्ञा हो।

**पद १२–१५ पढ्नुहोस्**

*यस खण्डलाई दुई वा तीन पटकसम्म पढ्नुहोस्।*

**टिप्पणीहरू**

- **व्यवस्था ५:१४** । "सातौं दिन" शुक्रबार घाम अस्ताएपछि शुरु भएर शनिबार घाम अस्ताउँदा अन्त्य हुन्थ्यो।

- **व्यवस्था ५:१४**। "परदेशीहरू" भन्नाले इस्रायलका नागरिक बन्न इच्छा गर्ने विदेशीहरूलाई बुझाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

विश्रामको दिनचाहिँ हप्ताको सातौं दिन हुन्थ्यो। उत्पति २:१–३ पढ्नुहोस् । सृष्टि गरिसकेपछि परमेश्वरले सातौं दिनमा विश्राम लिनुभयो।

मानिसहरूले ६ दिनसम्म काम गर्नु पर्दछ (पद १३)। कोही मानिसहरू अल्छी हुन्छन् । सायद, उनीहरूले त्यति धेरै काम नगर्लान् । केही मानिसहरूचाहिँ सधैं काममा मात्रै जोतिरहन्छन्। हुनसक्छ, उनीहरू अति धेरै काम गर्छन्। मानिसहरूलाई एक दिनचाहिँ कामरहितको विश्राम चाहिन्छ।

- *कोही मानिसहरू किन अति मेहनत गर्छन् र कोहीचाहिँ किन अल्छि गरी बस्छन्?*

पद १२–१४ पढ्नुहोस् । विश्रामको दिनलाई पवित्र मानिन्थ्यो । त्यो दिनचाहिँ परमेश्वरको लागि छुट्ट्याइको दिन थियो। यो नियमचाहिँ इस्रायलीहरू लगायत दासदासीहरू र विदेशी सबैका लागि थियो।

यो नियम दिनुको कारणचाहिँ पद १५ मा पाइन्छ। मिश्रमा यी मानिसहरूले दासदासीको रुपमा हरदिन काम गनुपर्दथ्यो । उनीहरूले चौबिसै घण्टा काम गरे । परमेश्वरले उनीहरूलाई मिश्रबाट निकालेर ल्याउनुभयो। अब यिनीहरूले विश्रामको लागि साथै परमेश्वरको आराधनाको निम्ति एक दिन छुट्ट्याउनु पर्दछ। प्रस्थान २०:८–११ पढ्नुहोस्। विश्राम दिन मान्नुपर्ने अर्को कारणचाहिँ परमेश्वरले ६ दिनभित्र सारा संसारको सृष्टि गरेर सातौं दिनमा विश्राम गर्नुभयो।

येशूले भन्नुभयो: मानिसहरू मकहाँ आएर विश्राम पाउन सक्छन् (मत्ती ११:२८)। हिब्रू ४:९–११ मा स्वर्गीय विश्रामको कुरा गरिएको छ । स्वर्गचाहिँ परमेश्वरसितको अनन्त विश्राम दिन हुनेछ। विश्राम दिनले यही कुरालाई इंगित गर्दछ।

- *के खीष्टियनहरूले विश्राम दिन पालना गर्नुपर्छ ?*

खीष्टियनहरू यस विषयमा एकमत छैनन्। अधिकांश खीष्टिनहरू हामीहरूलाई आराम र आराधनाका निम्ति हप्तामा एक दिन चाहिन्छ भन्ने गर्दछन्। सामान्यतः, अन्तराष्ट्रिय तहमा आइतबारलाई विश्राम दिनको रुपमा लिइन्छ। यो दिन केही खीष्टियनहरू पास्टरहरू झैं सेवा गर्दछन्। त्यसो हुँदा उनीहरूलाई अर्कै दिन विश्रामको रुपमा आवश्यक पर्दछ।

**मुख्य बुँदा**

**शबाथ दिन पालन गर्नु**

## ⊝ शिक्षण: व्यवस्था ५:१२-१५

⊙ **थालनी**

दुई जना मानिसहरूको कल्पना गर्नुहोस्। एउटाँ अल्छी छ र कहिल्यै पनि कडा मेहनत गर्दैन। अर्को व्यक्तिचाहिँ हरेक दिन परिश्रम गर्दछ । *विश्रामको दिनको आज्ञाचाहिँ अल्छे र अति परिश्रमी ती दुवै थरिका मानिसहरूको निम्ति हो भनेर आफ्ना श्रोताहरूलाई बताउनुहोस् । आफ्ना श्रोताहरूलाई तपाईंहरू अल्छे व्यक्ति हुनुहुन्छ कि अति परिश्रम गर्ने व्यक्ति हुनुहुन्छ भनी सोच्न लगाउनुहोस् ।*

### यस विषयमा पुरानो करारको शिक्षा

⊙ **पढ्नुहोस्: व्यवस्था ५:१२–१५**

*आफ्ना श्रोताहरूलाई विश्राम दिन पालना गर्नुपर्ने कारण बारे पद १५ बाट बताइदिनुहोस्।* विश्राम दिन एउटा आनन्दको दिन हुन्थ्यो । विश्राम दिनमा परमेश्वरले आफ्ना जनहरूलाई गर्नुभएको उद्धारको उत्सव मनाइन्थ्यो । परमेश्वरका जनहरू, दासदासी र विदेशी लगायत सबै जनाले आफ्नो जीवनमा परमेश्वरले गर्नुभएको कार्य संझना गर्न विश्राम दिनको पालना गर्नुपर्दछ। विश्राम दिन परमेश्वरको आराधाना र विश्रामको निम्ति छुट्याइको हुन्थ्यो । सातौं दिनमा परमेश्वरले विश्राम लिनुभएको (प्रस्थान २०:११) हुनाले विश्राम दिन अरू दिनहरूभन्दा भिन्न थियो । परमेश्वरका जनहरूले ६ दिनसम्म परिश्रम गनुपर्दछ भनी व्यवस्थाले पनि बताएको छ।

### के खीष्टियनहरूले अझै पनि विश्रामको दिन पालना गर्छन् त ?

*यस पूरानो करारको व्यवस्थाले खीष्टियनहरूलाई बताउन खोजेको कुरा आफ्ना श्रोताहरूलाई बुझ्न सहायता गर्नुहोस्* । नयाँ नियममा खीष्टियनहरूलाई विश्राम दिन पालना गर्ने आज्ञा दिइएको छैन।

हप्तामा एक दिन परमेश्वरको आराधना र विश्रामको निम्ति छुट्याउनुचाहिँ विश्राम दिनको सिद्धान्त हो । खीष्टियनहरूले यो सिद्धान्तको पालना गर्नैपर्छ, तर विश्रामको दिनचाहिँ हप्ताको कुनै पनि दिन हुनसक्छ। विश्रामको दिनमा हामीले यसो–गर्नुपर्छ वा उसो–गर्नुपर्छ भनेर अतिरिक्त नियमहरू बनाउनु हुँदैन।

### महान् विश्राम दिन

येशूले मानिसहरूलाई विश्रामका निम्ति मकहाँ आओ भन्नुभयो। सबैभन्दा राम्रो विश्रामचाहिँ येशूमा पाइन्छ। एक दिन यस्तो विश्राम स्वर्गमा हुनेछ।

हामीले प्रत्येक हप्ता एक दिन आराम र आराधनाको दिन छुट्याउनुपर्दछ । त्यो दिनले चाहिँ स्वर्गको अनुभूति दिलाएको होस्। विश्रामको दिनलाई आराम, आराधना र परमेश्वरसँगको असल समय बिताउनलाई सुनिश्चित गर्नुहोस्।

व्यवस्थाले मानिसहरूले ६ दिनसम्म काम गर्नैपर्छ भनेर पनि बताउँछ। परमेश्वरले हामीले राम्ररी काम गरेको चाहानुहुन्छ। *अल्छी श्रोताहरूलाई मेहनत गर्ने व्यक्ति बन्न उत्साह दिनुहोस् ।*

⊙ **प्रयोग**: हामीमध्ये धेरै जना अति परिश्रम गर्दछौं। हामी आफ्ना सारा समय काममा लगाउँछौं। कतिपय व्यक्तिहरूले आफ्नो परिवारको निम्ति खर्चबर्च जोहो गर्न त्यति धेरै श्रम गर्नुपर्दछ भनी बहाना बनाउँछन्। हामीले हप्तामा एक दिन आराम गर्नुपर्दछ भनी परमेश्वरले आज्ञा दिनुभएको छ।

जब हामी हरेक दिन काम गर्दछौं, हामीले परमेश्वरलाई अनादर गरेका हुन्छौं । परमेश्वरले हामीलाई चाहिने सबै कुरा प्रदान गर्नुहुन्छ। विश्राम दिनको पालनाले हामी परमेश्वरमा भरोसा गर्दछौं भन्ने कुरालाई इंगित गर्दछ।

⊙ **प्रार्थना**: *आराम र आराधनाको निम्ति हरेक हप्तामा एक दिन परमेश्वरलाई धन्यवाद दिनुहोस्।*

१३

# अरू मानिसहरूलाई प्रेम गर्नु

**⊗ पृष्ठभूमि**

मोसाले मानिसहरूलाई प्रतिज्ञाको देशमा बस्नका निम्ति तयारी गर्दैछन्। मोसाले उनीहरूलाई दश आज्ञा बारे याद दिलाउँछन्।

**पद १६ देखि २१ सम्म पढ्नुहोस् ।**

**⊗ टिप्पणीहरू**

- **व्यवस्था ५:१६** । "आदर गर्नु" (एन.आई.भि.) भनेको सम्मान गर्नु हो। यो आज्ञा बालबालिका र वयष्क दुवैको निम्ति हो।

- **व्यवस्था ५:१७**। "हत्या गर्नु" मा दुर्घटनाहरू पर्दैनन्। हत्या अन्तरगत एकदमै खराब अपराधीलाई मार्ने कुरा पनि पर्दैन। युद्धमा मारिने कुरा पनि यसमा पर्दैन।

- **व्यवस्था ५:१८**। "व्यभिचार गर्नु" ले विवाहभन्दा बाहिरको यौन सम्बन्धलाई जनाउँछ।

- **व्यवस्था ५:२१** । "लालचा गर्नु" ले अर्काको थोकको अति चाहा गर्नुलाई बुझाउँछ।

**चिन्तका निम्ति अतिरिक्त कुरा**

स्मरण रहोस्: परमेश्वरका जनहरूले यी आज्ञाहरू पालना गर्नैपर्दछ किनभने उनीहरूले परमेश्वर कस्तो हुनुहुन्छ भन्ने कुरा देखेका थिए (व्यवस्था ५:६) । परमेश्वरले उनीहरूलाई मिश्रबाट निकालेर ल्याउनुभयो। हामी ख्रीष्टियनहरूले पनि परमेश्वरको आज्ञा पालन गर्दछौं। कारण, उहाँले हामीलाई येशूमा उद्धार गर्नुभयो।

- *यदि ख्रीष्टियनका बाबुआमाले उनीहरूलाई परमेवरको आराधना नगर्न आज्ञा दिए भने उनीहरूले के गर्नुपर्ला? त्यस्तो अवस्थामा छोराछोरीले बाबुआमाको आदर कसरी गर्दछन् (पद १६) र त्यही समयमा उनीहरूले परमेश्वरको आज्ञा पनि कसरी पालन गर्छन्?*

पद १७-१८ । परमेश्वरका जनहरूले मानव जीवनको सम्मान गर्नैपर्छ। मानिसहरू परमेश्वरको स्वरुपमा बनाइएका हुन् (उत्पति १:२६)। परमेश्वरका जनहरूले आफ्ना श्रीमान् वा श्रीमतीलाई प्रेम गर्नमा विश्वायोग्य हुनुपर्दछ। यौनचाहिँ एकअर्कामा विवाह गरेका मानिसहरूको निम्ति हो।

पद १९ । अर्काको चीज चोर्नु गलत कुरा हो। यस अन्तरगत काम ठग्ने, पैसा चोर्ने वा सरकार वा रोजगारदाताको समय चोर्ने कुरा पर्दछ।

पद २० । परमेश्वरका जनहरूले सत्य बोल्नुपर्दछ। हामीले ढाट्नु हुँदैहुँदैन। हामीले मानिसहरूलाई गलत बाटो देखाउने वा झुक्याउने काम गर्नु हुँदैन। हामीले न्यायलयमा प्रमाण पेश गर्दा सत्य बोलेजस्तै गरी अरू आनिसहरूसँग पनि सत्य बोल्नुपर्छ।

पद २१ । लालचाले जुन कुरा अरूको हो सो कुराप्रति हाम्रो लोभलाई दर्शाउँछ । जब हामीमा अन्य थोकहरूप्रति बेस्सरी मोह जाग्छ, यसको अर्थ आफूसित भएको थोकमा हामी सन्तुष्ट छैनौं भन्ने हुन्छ।

हामीले परमेश्वरलाई पहिलो स्थानमा राख्नुपर्दछ। हामी परमेश्वरले दिनुभएका थोकहरूमा खुशी हुनुपर्दछ। हामी लोभी बन्नु हुँदैन वा अरूहसँगको सम्बन्धमा स्वार्थी हुनुहुँदैन।

**⊕ मुख्य बुँदा**

**अरू मानिसहरूलाई प्रेम गरेर परमेश्वरलाई पहिलो स्थान दिनुहोस् ।**

## ⊖ शिक्षण: व्यवस्था ५:१६-२१

### ⊙ थालनी

धेरै मानिसहरूलाई दश आज्ञा थाहा छ । तर मानिसहरूलाई यसको पालना गर्नचाहिँ कठिन छ। सबै दश आज्ञाहरूचाहिँ परमेश्वरलाई पहिलो स्थानमा राख्ने विषयमा केन्द्रित छन् । परमेश्वरले आफ्ना जनहरूलाई मिश्रदेखि छुटकारा दिनुभएकोले उहाँका जनहरूले यी आज्ञाहरू पालना गर्नुपर्दछ।

### अरू मानिसहरूलाई प्रेम गर्नु

**⊙ पढ्नुहोस्: व्यवस्था ५:१६–२१**

अरू मानिसहरूलाई प्रेम गरेर हामी परमेश्वरलाई पहिलो स्थानमा राख्छौं । परमेश्वरका जनहरूले बाबुआमाको सम्मान गर्नुपर्दछ, आदर गर्नुपर्दछ र उचित आज्ञाहरू पालना गर्नुपर्दछ (पद १६)। तर यदि बाबुआमाहरूले परमेश्वरलाई अनादर गर्नेजस्ता खराब आज्ञाहरू दिन्छन्, परमेश्वरका जनहरूले आफ्ना बाबुआमाको अवज्ञा गर्नुपर्छ र परमेश्वरको आज्ञा मान्नुपर्छ।

- **हत्या गलत कुरा हो** (पद १७)। मानव जाति परमेश्वरको स्वरुपमा बनाइएको सृष्टि हो। हामीले अरू मानिसहरूको हत्या गर्नुहुँदैन । अधिकांश हत्याचाहिँ लोभ वा स्वार्थको कारण भएको पाइन्छ।
- **विवाहभन्दा बाहिरको यौनसम्बन्ध गलत कुरा हो** (पद १८) । श्रीमान् र श्रीमती एकअर्काप्रति विश्वासयोग्य हुनुपर्छ । परमेश्वरले विवाहित जोडीको आनन्दको लागि यौन बनाउनुभयो।
- **अरू व्यक्तिका थोकहरू चोर्नु भनेको लोभी र स्वार्थी हुनु हो** (पद १९)।

⊕ **उदाहरण:** कुनै व्यक्तिले पैसा निकाल्नका लागि मण्डली वा संस्थाको बैंक खाता परिवर्तन गर्दछ। अर्को एक व्यक्तिले अरू कसैको थोक आफैसित राख्दछ। उसले ती चीजहरू हरायो भनेर बहाना बनाउँदछ। अर्को व्यक्तिले अरू कसैको खाना लिइदिन्छ। यी दुवै मानिसहरूले चोरी गरेका हुन् । परमेश्वरका जनहरूचाहिँ आफूलाई उहाँले जे दिनुभएको छ त्यसैमा सन्तुष्ट हुनुपर्दछ।

**सत्यता महत्त्वपूर्ण हुन्छ** (पद २०)। हामीले जेसुकै कारण भए पनि झूठो बोल्नु हुँदैन । हाम्रा वचनहरू सधैं नै सत्य हुनुपर्छ । जब हामी झूठो बोल्दछौं, हामीले हाम्रो भरोसा र सम्बन्धलाई भत्काउँदछौं। अझ भन्नुपर्दा, हामीले परमेश्वरको अवज्ञा गरेका हुन्छौं।

⊕ **उदाहरण:** एक जना मानिस आफ्नो ग्राहकको सामु लज्जित हुन चाहादैन। उसले आफ्नो ग्राहकसित कुनै एउटा निहुँ बनाउँछ। ऊ झूठो बोल्न पुग्दछ। सत्य बोल्न ठूलो सहास चाहिन्छ तर यो नै सहि कुरा हो। हाम्रा परिवारका सदस्यसँग पनि हामीले सत्य बोल्नुपर्छ। एक जना बाबु आफ्ना छोराछोरी लिएर शहरतिर जान चाहादैन । त्यसैले उसले आफ्ना छोराछोरीहरूलाई म त्यतातिर जादिनँ भन्दछ। अनि ऊ सुटुक्क शहर जान्छ। यो भूठ हो।

- **हामीले अरूको थोकको लोभ गर्नुहुँदैन**। गलत मनबाट लोभ पलाउँछ (पद २१) । के तपाईंलाई कसैको नयाँ लुगा वा नयाँ घरको चाहाना आउँछ? त्यो लोभी र गलत कुरा हो।

यी आज्ञाहरू आज पनि सबै ख्रीष्टियनहरूका निम्ति हुन् । परमेश्वरले आफ्ना जनहरूलाई क्रूसद्वारा छुटकारा दिनुभएकोले उहाँका जनहरूले यी आज्ञाहरूको पालना गर्ने चाहाना गर्नुपर्छ।

⊕ **प्रार्थना:** *सत्य बोल्न, लोभी नहुन र अरू मानिसहरूलाई प्रेम गर्न मलाई मद्दत गरिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।*

१४

# आफ्नो सारा हृदयले परमेश्वरलाई प्रेम गर्नु

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई परमेश्वरको आज्ञा स्मरण गराउँदछन् । उनले सबै आज्ञाहरूलाई एउटा महान् आज्ञाको रुपमा सरांशित गरेका छन्।

**पदहरू ४-९पढ्नुहोस् ।**

*२ देखि ३ पटकसम्म यस खण्डलाई पढ्नुहोस्। हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस्।*

**टिप्पणीहरू**

- व्यवस्था ६:४ । "परमप्रभु एउटै हुनुहुन्छ" (एन.आई.भी.) को अर्थ परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ भन्ने हुन्छ। व्यवस्था ४:३५ पनि हेर्नुहोस्।
- **व्यवस्था ६:५** । "हृदय" ले तपाईंका निर्णयहरू, विचारहरू र भावनाहरूलाई बुझाउँदछ। "प्राण" ले तपाईंको सम्पूर्ण जीवनलाई बुझाउँछ। "शक्ति"ले प्रयास वा धन-सम्पत्तिलाइ जनाउँदछ।
- **व्यवस्था ६:७** । "घरमा बस्दा... बाटोमा हिंड्दा" भन्नाले जुनसकै ठाउँमा पनि भन्ने जनाउँछ । "ढल्केर सुत्दा... उठ्दा"ले जुनसकै समयमा पनि भन्ने बुझाउँछ।
- **व्यवस्था ६:८** । "हात" (एन.आई.भी.) वा "पाखुरा" (जि.एन.)) ले हामीले गर्ने हरेक कुराले परमेश्वरको आज्ञा पालन गर्नुपर्दछ भन्ने कुरा दर्शाउँदछ। "निधार" ले हाम्रा हरेक सोच-विचारले परमेश्वरको आज्ञा पालन गर्नैपर्छ भन्ने जनाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ भन्ने कुरा पद ४ को अर्थको आशय हो । इस्राायलका मानिसहरूका निम्ति अन्य कुनै ईश्वर छैन। अर्को कुनै ईश्वर छैन। इस्राायलका मानिसहरूले अन्य कुनै देवता-देवीहरूको आराधना गर्न हुँदैहुँदैन।

मुख्य आज्ञाचाहिँ पद ५ हो। मुख्य ध्यानचाहिँ "सारा" मा केन्द्रित छ। मानिसहरूले आफ्नो सम्पूर्ण जीवनले र आफूसँग भएका सम्पूर्ण कुराले परमेश्वरलाई प्रेम गर्नुपर्दछ । परमेश्वरलाई प्रेम गर्नु नै उहाँप्रति हामीले जनाउने सही प्रत्युत्तर हो । प्रेम इमान्दार, विश्यासयोग्य हुन्छ अनि लामो समयसम्म टिक्दछ। प्रेम कार्यद्वारा प्रकट हुन्छ। प्रेम भावना मात्रै होइन। परमेश्वरका जनहरूले परमेश्वरसँग घनिष्ट सम्बन्ध स्थापित गर्नुपर्दछ।

परमेश्वरको आज्ञा पालन गर्ने कार्यचाहिँ प्रेमिलो हृदयबाट उत्पन्न हुँदछ । त्यसैले आज्ञाहरू मानिसहरूको हृदयमा रहिरहेको हुनुपर्दछ (पद ६)। यसैकारण बाइबलले हामीलाई हरेक दिन व्यवस्था (अर्थात वचन) पढ्न र मनन गर्न भन्दछ (भजनसंग्रह १:२)।

- हामीले परमेश्वरको वचन हाम्रो हृदयमा कसरी राख्दछौं त ?

पद ७-९ । बाबुआमाले आफ्ना छोराछोरीहरूलाई परमेश्वरको वचन सिकाउनुपर्छ । वचन सिकाउने कार्यचाहिँ जहाँ र जहिले पनि गरिनुपर्दछ । यसले परमेश्वरका आज्ञाहरू कति महत्त्वपूर्ण रहेछन् भन्ने कुरा दर्शाउँदछ। मानिसले गर्ने र सोच्ने हरेक कुराले परमेश्वरको आज्ञा पालन गरेको हुनुपर्छ भनी पद ८ ले सिकाउँदछ। हाम्रा घरानाहरूले परमेश्वरको आज्ञा पालन गरेको हुनुपर्छ भन्ने पद ९ को आशय हो।

**मुख्य बुँदा**

**सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्नु ।**

## ⊕ शिक्षणः व्यवस्था ६:४-९

**⊙ थालनी**

एक जना मानिसले येशूलाई सोध्योः "सबैभन्दा ठूलो आज्ञा कुन हो?" येशूले भन्नुभयो, "आफ्नो सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्नु"। येशूले व्यवस्था ६:५ बाट उद्धृत गर्नु भएको थियो । यो आज्ञा एकदमै महत्त्वपूर्ण छ।

### परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ

**⊙ पढ्नुहोस्ः व्यवस्था ६:४**

परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ भनी मोसाले बताइसकेका छन्। अन्य कोही पनि ईश्वर छैन (व्यवस्था ४:३५) । परमप्रभु मात्र इस्रायलका मानिसहरूका परमेश्वर हुनुहुन्छ । अरू कुनै देव–देवीहरू साँचो ईश्वर होइनन्।

**आफ्नो सारा हृदयले परमेश्वरलाई प्रेम गर्नु**

**⊙ पढ्नुहोस्ः व्यवस्था ६:५–६**

यदि परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ भने, मानिसहरूले उहाँलाई सारा हृदयले, सारा प्राणले र सारा शक्तिले प्रेम गर्नुपर्दछ । *आफ्ना श्रोताहरूलाई हृदय, प्राण र शक्तिको मतलब बुझाइदिनुस् ।* परमेश्वरले हाम्रो सारा प्रेम चाहानुहुन्छ।

प्रेम प्रमुख थोक हो । हामीले प्रेमद्वारा परमेश्वरको आज्ञा पालन गर्नुपर्दछ। प्रेम सिर्फ अनुभूति होइन। प्रेम व्यवहारमा प्रकट हुँदछ । हामी एकातिर परमेश्वरको आज्ञा उल्लङ्घन गर्दछौं र अर्कातिर हामी परमेश्वरलाई प्रेम गर्दछौं भन्न सक्तैनौं।

- तपाईंको जीवनका कति अंशले परमेश्वरलाई कति प्रेम गर्नुहुन्छ? हामीले परमेश्वरका आज्ञाहरू हाम्रा हृदयमा राख्नुपर्दछ (पद ६) जसले गर्दा हामीले आफ्ना सारा हृदयले परमेश्वरलाई प्रेम गर्न सकेका हौं (पद ५)।

**हामी आफ्नो हृदयलाई कसरी परमेश्वरलाई प्रेम गर्ने तुल्याउँदछौं ?**

**⊙ पढ्नुहोस्ः व्यवस्था ६:७–९**

परमेश्वरका आज्ञाहरू हाम्रो हृदयमा राख्न हामीलेः

- सदैव हाम्रा छोराछोरीहरूलाई **आज्ञाहरू सिकाउनुपर्छ** (पद ७)।
- हामीले सोच्ने र गर्ने सबै कुरा सही हुनपर्छ भनी **आफैलाई स्मरण गराउनुपर्दछ** (पद ८)।
- हाम्रा घरबाट बाहिर जाँदा वा घर बाहिरबाट भित्र आउँदा हामीले परमेश्वरका आज्ञाहरू **आफैलाई स्मरण गराउनुपर्छ** (पद ९)।

हामीले सदैव परमेश्वरका आज्ञाहरूको याद गर्नुपर्छ । यसो गर्नाले ती आज्ञाहरू हाम्रा हृदय र जीवनमा घुस्दछन् । यदि हामी साँच्चै परमेश्वरलाई प्रेम गर्दछौं भने, हामीलाई उहाँका आज्ञाहरू मन पर्दछन्, र ती आज्ञाहरू हामी घरिघरि पढ्दछौं अनि आफ्नो जीवनमा पालना गर्दछौं।

ख्रीष्टियनहरू इस्रायलका मानिसहरूजस्तै होइनन् । परमेश्वरको वचन विश्वासीहरूका हृदयमा लेखिदिन हामीसित पवित्र आत्मा हुनुहुन्छ। जब हामी घरिघरि परमेश्वरको वचन पढ्छौं र त्यसमा मनन गर्दछौं, त्यस बेला हाम्रो हृदयमा परमेश्वरको वचन लेखिदिने कार्यचाहिँ पवित्र आत्माले गर्नुहुन्छ।

⊕ **उदाहरणः** केही मानिसहरू डब्ल्यू. डब्ल्यू.जे. डी.(WWJD) लेखेको रिबन हातमा बाधेर हिंड्ने गर्छन् । यी अक्षरहरूले (What would Jesus do ?) अर्थात नेपाली भाषामा "येशूले भए के गर्नुहुन्थ्यो ?" भन्ने बुझाउँदछन् । मानिसहरूले परमेश्वरको आज्ञा पालन गर्ने र उहाँलाई स्मरण गराउने उद्देश्यले यस्ता रिबनहरू हातमा बाँध्ने गरेका पाइन्छन्।

*आफ्ना श्रोताहरूलाई सोध्नुहोस्ः परमेश्वरको आज्ञालाई अझ धेरै सम्झना गर्न उनीहरूले के गर्न सक्लान्? परमेश्वरलाई अझ बढी प्रेम गर्न उनीहरूले के गर्न सक्लान्?*

⊕ **प्रार्थनाः** *सदैव तपाईंलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न मलाई मद्दत गरिदिनुहोस् भनी परमेश्वर सित बिन्ती गर्नुहोस्।*

१५

# आफ्‌ना छोराछोरीहरूलाई सिकाउनु

**पृष्ठभूमि**

मोसाले इस्रायलका मानिसहरूलाई प्रतिज्ञाको भूमिमा प्रवेश गर्न र त्यहाँ जिउनको लागि तयार गर्दैछन्। उनले मानिसहरूलाई तिनका छोराछोरीहरूलाई परमेश्वरले विगतमा गर्नुभएका कार्यहरू बताउन र उनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्ने कारणहरू सिकाउन आह्वान गरेका छन्।

**पदहरू २०-२५ पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था ६:२१-२२** । यो प्रस्थानको विषयमा केन्द्रित छ। प्रस्थान ७–१४ हेर्नुहोस्।
- **व्यवस्था ६:२३** । "पिता–पुर्खाहरू" वा "पूर्वजहरू"ले अब्राहाम, इसाहाक र याकूबलाई जनाउँदछ। परमेश्वरले अब्राहामसित उत्पति १२:७ मा प्रतिज्ञाको भूमि दिने पहिलो प्रतिज्ञा गर्नुभयो।
- **व्यवस्था ६:२४** । "उन्नति" को अर्थ प्रगति गर्नु वा असल गर्दै जानु भन्ने हुन्छ।
- **व्यवस्था ६:२५** । "धार्मिकता" को अर्थ परमेश्वरसँग उचित सम्बन्ध कायम गर्नु भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

"यी नियमहरूको अर्थ के हो?" मोसा कुनै एउटा बालकको कल्पना गर्छन् जसले कुनै दिन आफ्‌ना बाबुआमालाई यो प्रश्न सोध्ला।

बालबालिकाहरूले परमेश्वरका विधि–विधानहरू किन पालन गर्नुपर्दछ ? यसको कारण होः परमेश्वरले इस्रायलका मानिसहरूलाई मिश्रबाट निकालेर प्रतिज्ञाको भूमिमा ल्याउनुभयो । यसको उत्तर परमेश्वरको अनुग्रहमा केन्द्रित छ । परमेश्वरको अनुग्रहले उनीहरूलाई परमेश्वरको विधि–विधान पालन गर्न र उहाँको "भय" मान्न अगुवाइ गर्नुपर्दछ। परमेश्वरको भय मान्नुचाहिँ विश्वास गर्नु सरह हो।

इस्रायलका मानिसहरूले किन परमेश्वरका नियमहरूको पालन गर्नुपर्छ? कारण, उनीहरू अघि नै परमेश्वरका जनहरू भइसकेका छन् । परमेश्वरले उनीहरूको उद्धार गर्नुभयो । परमेश्वरले उनीहरूलाई प्रतिज्ञाको भूमिमा ल्याउनुभयो । यी नियमहरूचाहिँ उद्धार पाएका मानिसहरूलाई जीवन जिउनका निम्ति मार्गनिर्देशन हुन्।

परमेश्वरका नियमहरू पालन गर्ने इस्रायलीहरू धार्मिक हुनेछन् । "उहाँका दृष्टिअघि" उनीहरूले आज्ञा पालन गर्दछन् भन्नुको तात्पर्यले परमेश्वरसँग उनीहरूको पहिला नै सम्बन्ध स्थापित भइसकेको छ भन्ने कुरा बुझाउँदछ। उनीहरूले उहाँको भय माने । अब्राहाम विश्वासद्वारा परमेश्वरका सामुन्ने धार्मिक गनिएका थिए (उत्पति १५:६) । उनको विश्वास र काम दुवै सँगसँगै गए (याकूब २:२२)। (अध्ययन ३ मा फेरि एक पटक हेर्नुहोस्, जहाँ अवज्ञा र अविश्वास सँगसँगै जान्छन्)। परमेश्वरसँग ठीक सम्बन्ध भएको कुनै इस्रायलीमा विश्वास हुनेछ र त्यो विश्वासचाहिँ उसको आज्ञाकारितामा झल्किन्छ।

परमेश्वरको आज्ञा पालन गर्नुपर्ने उद्देश्य महत्त्वपूर्ण छ। परमेश्वरको स्वीकार प्राप्त गर्न प्रयास गर्नुचाहिँ गलत उद्देश्य हो । परमेश्वरको अनुग्रहको कारण उहाँको आज्ञा पालन गर्नुचाहिँ सही कारण हो । विश्वास आज्ञाकारितामा झल्किन्छ।

हाम्रा सन्तानहरूलाई यो कुरा सिकाउनु महत्त्वपूर्ण हुन्छ । हामीले उनीहरूलाई परमेश्वरका आज्ञाहरू पालन गर्ने तरिका सिकाउनुपर्दछ। अझै महत्त्वपूर्ण कुरो, हामीले बालबालिकालाई आज्ञाकारिताप्रति प्रोत्साहित तुल्याउन परमेश्वरको अनुग्रहको सुसमाचार पनि सिकाउनुपर्दछ।।

**मुख्य बुँदा**

**परमेश्वरलाई प्रशन्न तुल्याउन हामी उहाँको आज्ञा पालन गर्दछौं । कारण उहाँले हामीहरूको उद्धार गर्नुभएको छ ।**

## ⊖ शिक्षण: व्यवस्था ६:२०-२५

### ⊙ थालनी

प्रायः बालबालिकाहरू आफ्ना आमाबाबुसित गुनासो गर्छन्। "मैले किन नुहाउनु पर्ने?" "साथीहरूसँग खेल्न किन नपाउनु?" "मलाई किन दाउरा चिर्न वा अन्य काम गर्न लगाएको?" केही आमाबाबुले भन्लान्: "मैले तिमीलाई अह्राएकोले।"

- किन परमेश्वरका जनहरूले परमेश्वरको विधि–विधानको पालना गर्नैपर्छ?

### प्रश्न

**⊙ पढ्नुहोस्: व्यवस्था ६:२०**

मोसाले आफ्ना बाबुआमालाई प्रश्न सोध्ने कुनै बालकको कल्पना गर्दछन्। "यी नियमहरूको अर्थ के हुन्छ?" प्रश्नको अर्थ हुन्छ: "हामीले किन आज्ञा पालन गर्नुपर्छ?" हरेक पुस्ताले यो प्रश्नको उत्तर जानून् र परमेश्वरको आज्ञा पालन गरुन् भन्ने मोसा सुनिश्चित गर्न चाहान्छन्।

### उत्तर

**⊙ पढ्नुहोस्: व्यवस्था ६:२१–२५**

उत्तरलाई तीन भागमा विभाजन गरिएको छ।

१. परमेश्वरले आफ्ना जनहरूलाई मिश्रबाट उद्धार गर्नुभयो (पद २१–२२) । *आफ्ना श्रोताहरूलाई प्रस्थानको घटना बारेमा बताउनुहोस्।* ती मानिसहरूले विधि–विधानको पालना गर्नुपर्दछ किनभने परमेश्वरले उनीहरूको उद्धार गर्नुभयो। आफ्ना जनहरूले उहाँको निम्ति जिउन र उहाँलाई पहिलो स्थान दिन सकून् भन्ने हेतुले परमेश्वरले तिनलाई व्यवस्था दिनुभयो।

२. ताकि मानिसहरूले प्रतिज्ञाको भूमिमा राम्रो गर्न सकून् (पद २३–२४) । परमेश्वर आफ्ना जनहरूले त्यस भूमिमा उन्नति गर्दै अगाडि बढेको चाहानुहुन्छ।

३. यदि उनीहरू आज्ञा पालन गर्दछन् भने उनीहरू धार्मिक हुनेछन्। *धार्मिकताको अर्थ परमेश्वरसँग ठीक सम्बन्धमा रहनु भन्ने हुन्छ भनी आफ्ना श्रोताहरूलाई बुझाउनुहोस्।* परमेश्वर उनीहरूसँग प्रशन्न हुनुहुनेछ। अब्राहाम विश्वासद्वारा धर्मि ठहरिएका थिए। यो कुरा उनको आज्ञाकारितामा देखिएको थियो। मानिसहरूले विश्वासबाट आज्ञा पालन गर्नुपर्छ।

**⊘ प्रयोग**: आमाबाबुले छोराछोरीहरूलाई परमेश्वरले गर्नुभएका कुराहरू बताउनुपर्छ। आमाबाबुले आफ्ना छोराछोरीहरूलाई परमेश्वरको आज्ञा पालन गर्ने र परमेश्वरको जनको रुपमा जिउने तरिका सिकाउनुपर्छ। आमाबाबुले आफ्ना छोराछोरीहरूलाई विश्वाससहित परमेश्वरको आज्ञा पालन गर्नुपर्ने कारणहरू बताउनुपर्छ। *आमाबाबुलाई आफ्ना छोराछोरीहरूलाई परमेश्वरको बारेमा सिकाउन के गर्दैहुनुहुन्छ भनी चुनौती दिनुहोस्।*

विश्वासीहरूलाई पापबाट उद्धार गर्न येशू मर्नुभयो। यसैकारण ख्रीष्टियनहरू परमेश्वरको आज्ञा पालन गर्न र परमेश्वरलाई हर कुरामा पहिलो स्थान दिन चाहान्छन्। हामीले येशूमा विश्वास गरेर हामी धर्मी ठहराइएका हौं। परमेश्वरको आज्ञा पालन गरेर हामी आफ्नो विश्वासको प्रर्दशन गर्दछौं।

सबै मानिसहरूले पाप गरेका हुनाले परमेश्वरले येशूलाई पठाउनुभयो। येशूको मृत्युको कारण हामी धर्मी ठहराइएका छौं। हामीले विश्वासको जीवन जिइरहनुपर्दछ। र, यो जीवन आज्ञाकारितामा झल्किएको हुनुपर्दछ। येशूलाई साँचो रुपमा पछ्याउनेहरू हरेकका निम्ति भलाइ भएकोले परमेश्वरलाई धन्यवाद दिनुहोस्। आफ्ना छोराछोरीहरूलाई यस बारे सिकाउनुहोस्।

**⊕ प्रार्थना**: *येशूका आज्ञाहरू अझ धेरै पालन गर्न र उहाँलाई अझ धेरै प्रेम गर्न सकूँ भनी उहाँले मेरो निम्ति क्रूसमा गरिदिनुभएको कार्य स्मरण गर्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।*

१६

# पवित्र हुनका निम्ति छानिएका

**पृष्ठभूमि**

प्रतिज्ञाको भूमिमा प्रवेश गरी त्यहाँ बसोबास गर्न मोसाले मानिसहरूलाई तयारी गरिरहेका हुन्छन्। त्यस भूमिमा बसोबास गरिरहेका विभिन्न जातिहरूचाहिँ ठूलो समस्याको रुपमा रहेका थिए । उनीहरू अन्य देव–देवताहरूको आराधना गर्छन् । मोसाले इस्रायलीहरूलाई अन्यजातिहरूका देवताहरूको आराधना नगर्न चेतावनी दिन्छन्।

**पद १–११ पढ्नुहोस् ।**

यस खण्डलाई दुई–तीन पटक पढ्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था ७:१** । यी सबै सातै जातिहरू प्रतिज्ञाको भूमिमा बस्दथे।
- **व्यवस्था ७:२** । "उनीहरूलाई सम्पूर्ण रुपमा नाश गर्नु" (एन.आई.भि.)। शत्रु राज्यका एक जना पनि जीवित रहनुहुन्न।
- **व्यवस्था ७:५** । "अशेरा देवीका खम्बाहरू" चाहिँ अन्यजातिका बनावटी देवी–देवताहरूको आराधना गर्न प्रयोग गरिने खम्बाहरू हुन्।
- **व्यवस्था ७:६** । "अमूल्य वा साँचिएका सम्पत्ति" भनेको कुनै व्यक्तिको अति प्रिय सामान वा चीज हो । इस्रायलका मानिसहरूचाहिँ परमेश्वरका सबैभन्दा अति प्यारो सम्पत्ति हुन्।
- **व्यवस्था ७:७** । "संख्यामा सबै जातिहरूभन्दा कम" ले केवल दुईजना, अब्राहाम र सारालाई जनाउँदछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पद १ । यी जातिहरू इस्रायलभन्दा ज्यादै शक्तिशाली छन्। तर यी जातिहरूभन्दा परमेश्वर अझै शक्तिशाली हुनुहुन्छ। यसकारण, इस्रायलका मानिसहरूले विजय हासिल गर्नेछन्।

पद २–५ । यी जातिहरू शक्तिशाली हुनु मुख्य समस्या होइन । मुख्य समस्याचाहिँ उनीहरूका बनावटी देवी–देवताहरू हुन्। ती जातिहरूका देवी–देवताहरू इस्रायलका मानिसहरूका लागि खतरा वा समस्या हुन्। त्यसैले इस्रायलका मानिसहरूले अरू जातिहरूका मानिसहरूलाई सम्पूर्ण रुपले नाश गर्नुपर्छ। त्यसैले इस्रायलीहरूले उनीहरू कसैसँग विहेबारी गर्नुहुँदैन। उनीहरूले उनीहरूका सबै आराधना स्थलहरू नाश गर्नुपर्छ।

पद ६ । इस्रायलीहरू फरक बनिनुनै पर्दछ। उनीहरूले प्रतिमाहरू वा अन्य देवी–देवताहरू आफूसित राख्नु हुँदैन। उनीहरूले परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ। पवित्र हुनु भन्ने कुरा यहि हो। इस्रायलका मानिसहरू परमेश्वरबाट चुनिएकाहरू हुन् । उनीहरू उहाँका विशेष सम्पत्ति हुन् । इस्रायलका मानिसहरूलाई परमेश्वरले प्रेम गर्नुभएको छ।

पद ७–११ । परमेश्वरले इस्रायलका मानिसहरूलाई किन प्रेम गर्नुहुन्छ? किनभने उहाँले अब्राहामसँगको आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ। इस्रायलका मानिसहरू अब्राहामका सन्तान हुन्। उनीहरूलाई मिश्रबाट उद्धार गरिएकोछ । त्यसैले उनीहरूले अरू जातिहरूभन्दा फरक व्यवहार देखाउनुपर्दछ।

- *परमेश्वरसँगको सम्बन्धले हाम्रो व्यवहारलाई कसरी परिवर्तन गर्छ?*

**मुख्य बुँदा**

**ख्रीष्टियनहरू परमेश्वरका निम्ति पवित्र जाति हुन् ।**

## ⊖ शिक्षण: व्यवस्था ७:१-११

⊙ **थालनी**

हाम्रा वरिवरिका मानिसहरूबाट हामी सजिलै गलत कुराहरूमा बहकाइन सक्छौं । उदाहरणको लागि, साना नानीहरू र जवानहरूले विद्यालयका साथीहरूबाट किरिया खान वा लागूपदार्थ खान सिक्न सक्छन् । वयष्यकहरूले काम गर्ने ठाउँबाट चोर्ने वा रक्सी पिउनेजस्ता खराब उदाहरणको अनुशरण गर्न सक्छन् । *तपाईं आफ्ना श्रोताहरूलाई तपाईंका ठाउँमा भएका केही खराब उदाहरणहरू बारे सोच्न लगाउनुहोस् ।*

### खराब उदाहरणहरू

⊙ **पढ्नुहोस्: व्यवस्था ७:१-५**

इस्रायलका मानिसहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न लागेका थिए । त्यस भूमिका मानिसहरूले अन्य देवी–देवताहरू मान्थे । त्यसैले परमेश्वरका जनहरूले त्यहाँका मानिसहरू र उनीहरूका आराधना स्थलहरू ध्वस्त पार्नु पर्दथ्यो । किनकि त्यहाँका मानिसहरू परमेश्वरका जनहरूका निम्ति खराब उदाहरण बन्न सक्थे ।

इस्रायलका मानिसहरूले ती अन्य जाति मानिसहरूको मूर्तिहरू र आराधना स्थलहरू ध्वस्त पार्नु पर्दथ्यो । नत्र यस्ता कुराहरूले इस्रायलीहरूलाई गलत आराधनातर्फ आकर्षित गर्नेवाला थियो । कतिपय अवस्थामा हामी आफूलाई परीक्षासित मुकाबिला गर्न सक्छौं भन्ने लाग्दछ । तर प्रायःगरी मानिसहरू कमजोर हुन्छन् । हामी परीक्षामा पार्ने कुराहरूदेखि टाढै रहनुपर्छ। त्यसैले इस्रायलका मानिसहरूले ती मूर्तिहरू हटाउनै पर्छ । त्यसो भएमा उनीहरू परीक्षामा पर्नेछैनन् ।

### किन परमेश्वरका जनहरू फरक हुन्छन्

⊙ **पढ्नुहोस्: व्यवस्था ७:६-८**

*इस्रायलका मानिसहरूलाई परमेश्वरले छान्नुको कारण आफ्ना श्रोताहरूलाई स्पष्ट पारिदिनुहोस् ।*

कहिलेकाहीं "पवित्र" भन्ने कुराचाहिँ विशेष सन्तहरूको बारेमा मात्रै होला भन्ने हामीलाई लाग्दछ। तर परमेश्वरका सबै जनहरू पवित्र छन्। यसको तात्पर्य हामी परमेश्वरका हौं भन्ने हो । परमेश्वरले हामीलाई उहाँको निजी हुनु चुन्नुभएको कुरादेखि पवित्रता आउँदछ।

ⓘ **प्रयोग**: *आफ्ना श्रोताहरूलाई यसरी चुनौती दिनुहोस्: के तपाईंहरू साँच्चै नै परमेश्वरका हुनुहुन्छ? के तपाईंहरू पवित्र हुनहुन्छ ? के तपाईंहरूले आफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिनुहुन्छ ? के तपाईंहरूको व्यवहार अख्रीष्टियनहरूको भन्दा फरक छ ?*

⊕ **उदाहरण**: एक जना अख्रीष्टियन व्यक्ति विदेशमा यात्रा गर्दैथिए। उनले जति पनि ख्रीष्टियनलाई भेटे ती सबैको व्यवहार अरूको भन्दा नितान्त फरक पाए । उनीहरू इमान्दार थिए। उनीहरूले अरूहरूलाई प्रेम गर्थे। उनीहरू फरक थिए। आफ्नो पैसा राखेको थैली हराउँदा उनीहरूले उनलाई मद्दत गरे । उनी बिरामी भएको बेला उनीहरूले उनको स्याहार गरे।

### फरक हुनुहोस्

⊙ **पढ्नुहोस्: व्यवस्था ७:९-११**

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ? परमेश्वरले आज पनि आफ्ना जनहरूलाई प्रेम गर्नुहुन्छ । पद ११ मा दिइएको आज्ञामा समग्र खण्ड समेटिएको छ। परमेश्वरको आदेशको पालना गर्नुहोस् किनभने परमेश्वरका जनहरू पवित्र हुन्छन्, किनभने परमेश्वरका जनहरू फरक हुन्छन्, किनभने परमेश्वरका जनहरू छानिएका हुन्छन् र परमेश्वरबाट प्रेम गरिएका हुन्छन् । त्यसैले परमेश्वरका जनहरूले परमेश्वरको आदेश मान्नुपर्छ र उहाँका नियमहरूको पालना गर्नुपर्छ।

आफ्नो जीवनबारे विचार गर्नुहोस् । तपाईंको जीवन जियाई बारे अख्रीष्टियनहरूले के भन्छन्?

⊕ **प्रार्थना**: *उहाँका जनहरूलाई अख्रीष्टियनहरूभन्दा फरक प्रकारले जीवन जिउन उनीहरूलाई परमेश्वरले शक्ति दिनुभएको होस् भनी प्रार्थना गर्नुहोस् ।*

१७

# नम्र हुनुहोस्, घमण्डी होइन

**पृष्ठभूमि**
मानिसहरू झण्डै ४० वर्षदेखि मरुभूमिमा छन् । परमेश्वरले मरुभूमिमा उनीहरूको जाँच लिनुभयो । मरुभूमि कष्टकर र सुख्खा ठाउँ हुन्छ । त्यहाँ बस्न सजिलो थिएन । प्रतिज्ञाको भूमिचाहिँ फरक ठाउँ हो ।

**पद १-२० पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था ८:३** । "मन्न" परमेश्वरले दिनुभएको विशेष खाना थियो । "मन्न" शब्दको "यो के हो?" भन्ने अर्थ हुन्छ । त्यो के थियो भन्ने कसैलाई पनि थाहा थिएन ।
- **व्यवस्था ८:१२** । "तृप्त" । मानिसहरूसँग उनीहरूले चाहेको सबै थोक हुनेछ ।
- **व्यवस्था ८:१७** । "तिमीहरू आफूले आफैलाई भनौला ।" मौलिक लेखाइमा "तिमीहरूले मनमा भनौला" भनी लेखएको छ ।

**चिन्तिनका निम्ति अतिरिक्त कुरा**
अध्याय ८ पूरै पढ्नुहोस् र "सम्झना गर्नु", "बिर्सनु", "नम्र" र "घमण्डी" शब्दहरूको ख्याल गर्नुहोस् । यस अध्यायका निम्ति यी शब्दहरू महत्त्वपूर्ण छन् ।

पद १–६ । मरुभूमिका चालिस वर्षहरू परमेश्वरले जाँच गर्नका लागि थिए । परमेश्वरले इस्रायलीहरूलाई भोको पारेर अनौठो खाना खुवाउनुभयो । परमेश्वरले पहिलो पटक मन्न प्रस्थान १६मा दिनुभयो । विश्राम दिनको अघिल्लो रात बाहेक अरू सबै रातमा त्यो बिग्रिएको हुन्थ्यो । यो परमेश्वरले मानिसहरूलाई नम्र बनाउन उहाँले गर्नुभएको आश्चर्यकर्म थियो ।

पद ७–१० । उजाड स्थानमा प्रशस्त खानेकुरा हुन्थेन । तर प्रतिज्ञाको भूमिमाचाहिँ प्रचुर मात्रामा खानेकुरा हुनेछ ।

पद ११–१४ । प्रतिज्ञाको भूमिमा प्रवेश गरेको केही समयपश्चात मानिसहरूसँग भएका कुराहरूको बृद्धि हुनेछ । उनीहरू तृप्त हुनेछन् । तर घमण्डचाहिँ खतरापूर्ण छ । घमण्डी मानिसहरू परमेश्वरमा भर पर्दैनन् ।

पद १५–१८ । मानिसहरू अभिमानी नहोऊन् भनेर मोशाले इस्रायलीहरूलाई मरुभूमि संझना गर्न लगाउँछन् । पद १७ का शब्दहरू घमण्डी हृदयबाट निस्केका हुन् । "धन/धनी" भनेको "सम्पत्ति/सम्पत्तिवाल" हो ।

पद १९–२० । घमण्डीपनले मूर्तिपूजा अर्थात अन्य देवी–देवताको पूजाआजातिर डोऱ्याउँछ । मोसाले मानिसहरूलाई अन्य देवी–देवाताहरूको पूजा नगर्न चेतावनी दिन्छन् ।

- *मानिसहरूका हृदयहरू त्यति सारो घमण्डले किन भरिएका हुन् ? यदि तपाईंलाई हृदयहरू घमण्डी हुनुको कारण थाह हुन सकेमा तपाईंका प्रवचनहरू अझ शक्तिशाली हुनेछन् । अहम् मरुभूमिजस्ता कठिन समयमा आउँछ कि प्रतिज्ञाको भूमिजस्ता सजिला समयहरूमा आउँछ ?*

**मुख्य बुँदा**
**परमेश्वरले तपाईंलाई कसरी नम्र बनाउनुभयो सो सम्झना गर्नुहोस् । नम्र नै रहिरहनुहोस् र परमेश्वरमा भर पर्नुहोस् ।**

⊕ **उदाहरण**ः कुनै एक व्यक्तिको श्रीमतीको मृत्यु हुन्छ र ऊ बेरोजगार हुन्छ। ऊ क्रुद्ध छ, ऊ परमेश्वर सित गुनासो गर्दछ। उसले आफ्नो विश्वास गुमाउँछ। कुनै एक महिलाले आफ्नो जीवनमा उन्ननि गर्छिन्। तिनको सम्पत्ति थपिन्छ र धनी हुन्छिन्। तर त्यसपछि उनी परमेश्वरबाट टाढा हुन्छिन्।

- मानिसलाई खराब समयले कि असल समयले परमेश्वरदेखि टाढा लैजाने रहेछ ?

## उजाड स्थानको जाँचको सम्झना गर्नु

⊙ **पढ्नुहोस्ः व्यवस्था ८:१-६**

मोसाले मानिसहरूलाई उजाड स्थानमा बिताएका चालिस वर्षको समय याद दिलाउँछन् । आफ्ना श्रोताहरूलाई परमेश्वरले इस्राएलीहरूलाई भोको पारेर मन्न खुवाइ नम्र तुल्याउनुभएको कुरा बताइदिनुहोस्। नम्र हुनु भनेको यहि हो। नम्र हुनु भनेको परमेश्वरमा भर पर्नु हो। इस्रायलका मानिसहरूले यो याद गर्नै पर्छ र अतीतलाई बिर्सनुहुँदैन।

## प्रतिज्ञाको मुलुक धेरै भिन्न छ

⊙ **पढ्नुहोस्ः व्यवस्था ८:७-११**

प्रतिज्ञाको भूमि मरुभूमिभन्दा ज्यादै फरक छ । प्रतिज्ञाको भूमिमा नदी-नालाहरू, प्रशस्त अन्नपात, धेरै फलफूल, ताँबाजस्ता असल थोकले परिपूर्ण छ । सर्बप्रथम, मानिसहरूले परमेश्वरलाई धन्यवाद दिनेछन् (पद १०)।

## प्रतिज्ञाको मूलुक एउटा जाँच पनि हो

⊙ **पढ्नुहोस्ः व्यवस्था ८:१२-२०**

प्रतिज्ञाको मुलुकमा इस्रायलका मानिसहरूले वस्तुभाउ, सुन तथा चाँदीजस्ता धेरै थोकहरू पाउनेछन्। उनीहरू तृप्त हुनेछन्। तर यो खतरनाक छ। यदि मानिसहरूले परमेश्वर र उहाँले गर्नुभएका कामहरू नै बिर्से भने उनीहरू घमण्डी बन्ने छन् । उनीहरूले परमेश्वरको कारणले नभएर आफ्नै शक्तिले आफूहरू धनी भएको ठान्नेछन्।

उजाड स्थानचाहिँ इस्रायलका मानिसहरूलाई नम्र बनाउने एउटा जाँच थियो। उनीहरू प्रतिज्ञाको भूमिमा पनि नम्र हुनैपर्छ। घमण्डी बन्नु आम पाप हो। घमण्डी व्यक्तिले म परमेश्वरमा भर पर्नु पर्दैन भन्ने ठान्दछ। घमण्डी व्यक्तिले आफूलाई चाहिएको सबै थोक आफै जोहो गर्न सक्छु भन्दछ (पद १७) । त्यसैले विचार गर्नुहोस्! के तपाईं पनि घमण्डी त हुनुहुन्न?

## मूर्ति पूजाको खतरा

⊙ **पढ्नुहोस्ः व्यवस्था ८:१९-२०**

यदि मानिसहरू घमण्डी भए भने, उनीहरू अन्य देवी-देवताहरूलाई पूज्न थाल्नेछन् । उनीहरू सत्य परमेश्वरमा भरोसा गर्दैनन् । मोसाले मानिसहरूलाई मूर्ति-पूजाको विरुद्धमा कडा चेतावनी दिँदछन्।

ⓘ **प्रयोग**ः परमेश्वरका मानिसहरू सधैं नै परमेश्वरमा भर पर्नुपर्छ । हामी सधैं नै नम्र भइरहन सकौं भनी सुनिश्चित हुनुपर्दछ । परमेश्वरले इस्रायलका मानिसहरूका लागि के गर्नु भयो सो कुरा सम्झना गर्नुहोस्। येशूले तपाईंको लागि क्रूसद्वारा के गर्नुभयो, -उहाँले तपाईंको निम्ति कसरी प्रबन्ध गर्नुभयो, र तपाईंलाई कसरी मद्दत गर्नुभयो सो कुरा संझना गर्नुहोस्।

⊕ **प्रार्थना**ः *मेरो आफ्नो घमण्ड थाहा पाउन मलाई मद्दत गरिदिनुहोस् भनी प्रार्थना गर्नुहोस्। परमेश्वरले दिनुभएको सबै कुराको निम्ति उहाँलाई धन्यवाद दिनुहोस्।*

१८

# आफ्नो असफलताको संझना गर्नु

**पद ४-२४ पढ्नुहोस्**
यो खण्डलाई २, ३ पटक पढ्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था ९:४** । "धार्मिक" भन्नाले मुख्यतया परमेश्वरसँग ठीक सम्बन्ध हुनु भन्ने जनाउँदछ। यस पदमा यसको अर्थ "असल" भन्ने हुन्छ।

- **व्यवस्था ९:६** । "हठी" भन्नाले अटेरी भन्ने बुझिन्छ, जस्तो कुनै गोरु वा गधा तपाईंले लग्न चाहेको स्थानमा जान मान्दैन।

- **व्यवस्था ९:९** । "करारको पाटी"। दश आज्ञाहरू परमेश्वरद्वारा दुई ओटा ढुङ्गाका पाटीहरूमा लेखिएका थिए । "करार" ले पालना गर्नैपर्ने मजबुत सम्बन्धलाई जनाउँदछ,जस्तैः विवाह।

- **व्यवस्था ९:१८** । "लम्पसार पर्नु" भनेको घोप्टो परेर भुइँमा सुत्नु हो।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**
मोसाले मानिसहरूलाई सिनाइ पर्वतमा उनीहरूले आराधनाका लागि सुनको बाछो बानाएर गरेको विद्रोहको सम्झना गराउँछन्।

- *परमेश्वरले इस्रायलका मानिसहरूलाई किन प्रतिज्ञाको भूमि दिनुहुन्छ?*

पद ४–६। परमेश्वरले जब इस्रायलीहरूलाई प्रतिज्ञाको भूमि दिनुहुन्छ, उनीहरूले अरू जातिहरूभन्दा हामी असल रहेछौं भनी सोच्न सक्छन् । उनीहरूले उक्त भूमिलाई परमेश्वरले आफूहरूलाई इनामको रुपमा दिनुभएको हो भन्ने ठान्न सक्छन् । त्यसैले मोसाले मानिसहरूलाई तिमीहरू अन्य जातिहरूभन्दा बढी धार्मिक छैनौ भनी बताउँदछन् । प्रतिज्ञाको भूमि परमेश्वरबाटको उपाहार हो। मानिसहरू हठी भएका छन्। उनीहरूले परमेश्वरको आज्ञा पालना गर्न इन्कार गर्दछन्।

पद ७, २२–२४। मानिसहरू सधैं नै परमेश्वरको विरुद्धमा विद्रोह गरिरहन्छन्। प्रस्थान र गन्तीमा इस्रायलीहरूले सँधै नै परमेश्वरको विरुद्धमा गनगन गरेर उहाँको विरुद्धमा गए। मोसाले यस विषयमा सारांश प्रस्तुत गरेका छन्। परमेश्वरको विरुद्धमा विद्रोह गर्नु भनेको परमेश्वरको आज्ञा पालना नगर्नु र उहाँमा भरोसा नगर्नु हो । ती मानिसहरू प्रतिज्ञाको भूमि पाउन योग्यका भएनन्।

पद ८–१७। इस्रायलीहरूले आराधना गर्न सुनको बाछो बनाउनु नै उनीहरूको सबैभन्दा ठूलो पाप थियो। पूरा घटना प्रस्थान ३२–४३ मा पढ्नुहोस्। मानिसहरूले दश आज्ञाहरूमध्ये पहिलो आज्ञाको उल्लङ्घन गरे। यस्तो काम अत्यन्त नीच र मिश्रबाट उनीहरूलाई निकालेर ल्याउनुहुने परमेश्वरप्रति अनादरपूर्ण थियो।

परमेश्वर इस्रायलका मानिसहरूसँग रिसाउनुभयो । परमेश्वरले उनीहरूलाई ध्वस्त पार्न चाहानुहुन्थ्यो । मोसाले ढुङ्गाका ती दुई पाटीहरू फुटाइ दिए। योचाहिँ एउटा लिखित सहमतिलाई च्यात्नु, अझ भनौं विवाहको प्रमाण-पत्र च्यात्नु सरह थियो । यसको सङ्केत परमेश्वरले मानिसहरूसँगको सम्बन्धलाई अन्त्य गर्न चाहनुभएको कुरालाई बुझाउँदथ्यो। उहाँले करारको अन्त्य गर्न चाहानुहुन्थ्यो।

**मुख्य बुँदा**
**म पापी व्यक्ति हुँ भन्ने कुरा कहिल्यै नबिर्सनुहोस् ।**

**थालनी**
हामी परमेश्वरका हकदार हौं भनी विचार गर्न सजिलो छ। हकदार भन्नाले हामीले कुनै कुरा आर्जन गरेका छौं वा त्यो कुरामा हाम्रो अधिकार छ भन्ने बुझिन्छ। हामीमा यस्तो विचार आउन सक्छ: "म त्यो व्यक्तिभन्दा असल छु" वा "म असल भएकोले म स्वर्ग जान योग्य छु।"

- कतै तपाईंको मनमा कहिलेकाहीं यस्तो विचार आउँछ कि?

## यी मानिसहरू प्रतिज्ञाको भूमि पाउन योग्यका छैनन्

**पढ्नुहोस्: व्यवस्था ९:४-६**
इस्रायलीहरू प्रतिज्ञाको भूमिमा पुगेपछि उनीहरूले आफूहरू अरू जातिहरूभन्दा असल छौं भनी ठान्न सक्थे। उनीहरूहरूलाई आफू उक्त भूमिको लायक भएको लाग्न सक्थ्यो। मोसाले उनीहरूलाई भने: तिमीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न अयोग्य छौ। इस्रायलका मानिसहरू हठी (अररो घाँटी भएका) थिए।

**उदाहरण:** खेतबारी जोत्नका लागि तपाईंसँग कुनै जनवार होला। त्यो जनावरले तपाईंको आज्ञा नमान्दा त्यसले आफ्नो घाँटी अररो र कडा बनाउँछ। इस्रायलका मानिसहरू पनि यस्तै थिए।

## ती मानिसहरू सधैं परमेश्वरको विरुद्धमा विद्रोह गर्दछन्

**पढ्नुहोस्: व्यवस्था ९:७, २२-२४**
मिश्रबाट प्रस्थान पश्चात ती मानिसहरूले खाना, पानी, आफ्ना अगुवाहरू र मरुभूमिको बारेमा गनगन गरे।

## ती मानिसहरूको सबैभन्दा ठूलो पापचाहिँ मूर्ति पूजा थियो

**पढ्नुहोस्: व्यवस्था ९:८-२१**
सिनाइ पर्वतमा एउटा मूर्ति बनाउनु नै ती मानिसहरूको सबैभन्दा ठूलो पाप थियो। त्यो मूर्ति सुनबाट बनाइएको थियो। त्यो सानो बाछोजस्तो देखिन्थ्यो। परमेश्वरलाई औधी रिस उठ्यो र उहाँले तिनीहरूलाई विनाश गर्ने निधो गर्नुभयो। मूर्ति बनाउनु आत्मिक व्यभिचार हो। त्यसैले परमेश्वर अत्यन्त क्रोधित हुनुभयो। यसैकारणले मोसाले दश आज्ञा कुँदिएका पाटीहरू फुटाइ दिए।

**उदाहरण:** आफ्नो विवाहको दिनको कल्पना गर्नुहोस्। सबै कार्यक्रम सकिएपछि अन्त्यमा तपाईं आफ्नो कोठामा सुत्न जानुहुन्छ। तपाईंको आफ्नो श्रीमान् वा श्रीमती अघि नै कोठामा छन्। तपाईं उत्साहित र प्रफुल्लित हुनुहुन्छ। तपाईंले ढोका खोल्दा त आफ्नो नव जोडी अर्कै व्यक्तिसँग ओछ्यानमा बसेको देख्नुहुन्छ। तपाईं रिसले चुर बन्नुहुन्छ। तपाईंले विवाहको प्रमाण-पत्र च्यातेर धुजाधुजा पारिदिनुहुन्छ। यसरी, सम्बन्ध टुङ्गिन्छ।

**प्रयोग:** इस्रायलका मानिसहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न योग्यका थिएनन्। तर परमेश्वरले अनुग्रहको कारण पछि उनीहरूलाई उक्त भूमि दिनुभयो। हामी स्वर्ग जान योग्यका छैनौं। हामीले कसरी विगतमा परमेश्वरको विरुद्ध विद्रोह गरका थियौं सो याद गर्नुहोस्। हामी त नरकको लायक छौं। परमेश्वरले येशू ख्रीष्टमा उहाँको अनुग्रहको कारणले मात्र हामीलाई स्वर्गमा प्रवेश गर्न दिनुहुन्छ। हामीले कहिल्यै पनि हामी स्वर्ग जान लायकका छौं भनी ठान्नुहुन्न।

**प्रार्थना:** *म आफैमा केही पनि थिइनँ भन्ने कुरा मलाई हेक्का राख्न सहायता गर्नुहोस् परमेश्वरसित बिन्ती गर्नुहोस्। उहाँको अनुग्रह र क्षमदानको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।*

१९

# अरूको निम्ति कसरी प्रार्थना गर्ने

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई तिमीहरूले सिनाइको पर्वतमा मूर्ति बनाएर पाप गऱ्यौ भनी सम्झना गराउँछन्। परमेश्वरले ती मानिसहरूलाई विनाश गर्न चाहानुहुन्थ्यो । मोसाले मानिसहरूको निम्ति बिन्ति गरे।

**पद २५-२९ पढ्नुहोस्**

*यो खण्ड २/३ पटक पढ्नुहोस्*

**टिप्पणीहरू**

**व्यवस्था ९:२६** । "उत्ताराधिकार" शब्दले ती मानिसहरू परमेश्वरका छोराछोरीहरू सरह हुन् भन्ने कुरा जनाउँदछ । "छुटाउनु" को अर्थ बचाउनु, दासत्वबाट किनेर मुक्त गर्नु हो।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

- तपाईंका आफ्ना मानिसहरू अनाज्ञाकारी र हठी हुँदा उनीहरूका निम्ति प्रार्थना गर्न तपाईं कतिको गम्भीर हुनुहुन्छ?

जब मोसाले मानिसहरूका निम्ति प्रार्थना गरिदिएको कुरा हेर्दछौं, तब यो खण्ड अगुवाहरूका निम्ति निक्कै चुनौतीपूर्ण लाग्दछ।

मोसा चालीस दिन र चालीस रातसम्म परमप्रभुको अघि भुइँमा लम्पसार पर्छन् (पद १८, २५)। उनले उपवाससहित प्रार्थना गरे।

पद १२ मा परमेश्वरले मानिसहरूले पाप गरेको कारण म उनीहरूलाई नाश गर्नेछु भनी बताउनुभयो। मोसाले परमेश्वरलाई इस्रायलका मानिसहरूलाई नाश नगर्न बिन्ती गरे । मोसाले परमेश्वरलाई उनीहरूलाई नाश नगर्नुहोस् भन्नुका **तीन ओटा कारणहरू** थिए।

- *अगाडि नपढिकन के तपाईंले यी तीन कारणहरू बताउन सक्नुहुन्छ?*

पद २६ । *पहिलो कारणः* ती मानिसहरू परमेश्वरका हुन् । परमेश्वरले मानिसहरूलाई मुक्ति दिनुभयो (किन्नुभयो) र मिश्रबाट उद्धार गर्नुभयो । ती मानिसहरू परमेश्वरका नीज प्रजाहरू हुन् । यदि परमेश्वरले उनीहरूलाई नाश गर्नुभएमा, उहाँले उनीहरूलाई उद्धार गर्नुभएको कार्य खेर जानेथियो।

पद २७ । *दोस्रो कारणः* अब्राहाम, इसाहाक र याकूकको सम्झना गर्नुहोस् । उत्पति १२:१-७ मा परमेश्वरले अब्राहामलाई प्रतिज्ञाको भूमि र अनगिन्ति सन्ततिहरू दिने प्रतिज्ञा गर्नुभयो। यदि परमेश्वरले ती मानिसहरूको नाश गर्नुभयो भने, उहाँले अब्राहामसँग गर्नुभएको प्रतिज्ञा तोडिने थियो। मोसाले परमेश्वरलाई उहाँको प्रतिज्ञा पूरा गर्न बिन्ती गर्छन्।

पद २८ । *तेस्रो कारणः* मिश्रका मानिसहरूले परमेश्वरको बारेमा गलत धारणा बनाउनेवाला छन् । परमेश्वर आफ्नो नाम जाति-जातिहरूको बीचमा आदरणीय भएको चाहानुहुन्छ । यदि परमेश्वरले ती मानिसहरूको नाश गर्नुभयो भने, मिश्रीहरूले परमेश्वर कमजोर हुनुहुन्छ वा उहाँले इस्रायलीहरूलाई घृणा गर्नुहुन्छ भन्ठान्नेछन् । उहाँको योजना असफल साबित हुनेछ।

तपाईं पापी विश्वासीहरूको निम्ति कसरी प्रार्थना गर्नुहुन्छ? यो प्रार्थनाचाहिँ क्षमादानको निम्ति उदाहरणीय प्रार्थना हो । इस्रायलको पापको निम्ति यहाँ कुनै बहाना दिइएको छैन । यो प्रार्थना परमेश्वरको विश्वासयोग्यता र उहाँका उद्देश्यहरूमा केन्द्रित छ । तपाईंको प्रार्थनाचाहिँ कस्तो छ नि ? परमेश्वरले मोसाको प्रार्थना सुन्नुहुन्छ (व्यवस्था ९:१९ र १०:१-५ हेर्नुहोस्)।

**मुख्य बुँदा**

**अरूहरूको पाप क्षमा गरिदिनुहोस् भनी परमेश्वर सित प्रार्थना गर्नुहोस् ।**

## शिक्षणः व्यवस्था ९:२५-२९

**थालनी**

- पापमा फसेका विश्वासीहरूको निम्ति तपाईं कति प्रार्थना गर्नुहुन्छ?

इस्रायलका मानिसहरूले ढलौटे मूर्ति बनाएपछि परमेश्वरले उनीहरूलाई नाश गर्ने इच्छा गर्नुहुन्छ। तर मोसाले त्यसो नगर्न परमेश्वरसित बिन्ती चढाउँछन्। उनले हामीलाई पापमा फसेका विश्वासीहरूको निम्ति गंभीर रुपमा बिन्ती गर्ने नमूना प्रस्तुत गरिदिएका छन्। उनले चालीस दिन र चालीस रातसम्म केही नखाई भुइँमा लम्पसार परेर प्रार्थना गरे। मोसाले परमेश्वरलाई यी मानिसहरूलाई नाश नगरिदिनुहोस् भनी तीन कारणहरू बताउँछन्।

### परमेश्वरले ती मानिसहरूको उद्धार गर्नुभएको छ

**पढ्नुहोस्ः व्यवस्था ९:२६, २९**

मोसाले यी मानिसहरू तपाईंका हुन् भनी परमेश्वरलाई याद दिलाउँछन्। उनीहरू उहाँका छोराछोरीहरू हुन्। परमेश्वरले उनीहरूको अघिनै उद्धार गरिसक्नुभएको छ। यदि परमेश्वरले अहिले उनीहरूको विनाश गर्नुभएमा उनीहरूलाई मिश्रबाट उद्धार गरेर ल्याउनुको औचित्य हुनेछैन।

### परमेश्वरले प्रतिज्ञाहरू गर्नुभएको थियो

**पढ्नुहोस्ः व्यवस्था ९:२७**

मोसाले परमेश्वरलाई उहाँले अब्राहाम, इसाहाक र याकूबसँग गर्नुभएको प्रतिज्ञाहरूको याद दिलाउँछन्। परमेश्वरले भूमि र भावी सन्ततिहरूको प्रतिज्ञा गर्नुभएको थियो। परमेश्वरले उनीहरूको विनाश गरेमा ती प्रतिज्ञाहरूको कुनै अर्थ हुने थिएन।

### अन्य राष्ट्रहरूले परमेश्वरको आदर गर्नेछन्

**पढ्नुहोस्ः व्यवस्था ९:२८**

परमेश्वरले इस्रायलका मानिसहरूलाई मिश्रबाट निकालेर प्रतिज्ञाको भूमिसम्म लैजान सक्नुभएन वा उहाँले उनीहरूलाई हेला गर्नुभयो भनी मिश्रीहरूले ठान्नेछन् भनी मोसा बताउँदछन्। परमेश्वरले अन्य राष्ट्रहरूले पनि उहाँलाई आदर गरेको चाहानुहुन्छ। मोसा अन्य राष्ट्रहरूले परमेश्वरको बारेमा गलत कुरा सोचून् भन्ने चाहादैनन्।

आज विश्वासीहरूका निम्ति यहाँ के के शिक्षाहरू छन्? हामीले पापमा फसेका ख्रीष्टियन विश्वासीहरूको निम्ति प्रार्थना गर्दा मोसाको प्रार्थनामा समेटिएका तीन कारणहरू प्रयोग गर्न सक्छौं।

१."**मेरो निम्ति बलिदान हुनुहुने येशूको कारण**": परमेश्वरले इस्रायलीहरूलाई उद्धार गर्नुभएझैं उहाँले येशूको मृत्युद्वारा आफ्ना जनहरूलाई बचाउनुभयो।

२. "**आफ्ना प्रतिज्ञाहरूको सम्झना गर्नुहोस्**": पापी मानिसहरू येशूको मृत्यद्वारा बचाइनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ।

३. "**अविश्वासीहरूको भलाइको लागि**": जब विश्वासीहरूले पाप गर्दछन् र परमेश्वरले उनीहरूलाई दण्डित गर्नुहुन्छ, अविश्वासीहरूले परमेश्वर कमजोर हुनुहुँदोरहेछ भन्ठान्छन्। परमेश्वरको नामको अनादार हुनेछ र अविश्वासीहरूले उहाँको अनुशरण गर्न इच्छा गर्नेछैनन्।

- तपाईंले चिन्नुभएका पापमा फसेर बसेका कोही विश्वासीहरू त्यतातिर छन्? उनीहरूलाई परमेश्वरले फर्काएर ल्याउनुभएको होस् भनी प्रार्थना गर्न के तपाईं गंभीर हुनुहुन्छ?

परमेश्वरले मोसाको पुकार सुनी उनको बिन्तीप्रति मन्जुर हुनुभयो। परमेश्वरले दशआज्ञा लेखिएका अरू दुई ओटा ढुङ्गाका पाटीहरू दिनुभयो (व्यवस्था १०:१–५)। परमेश्वर र इस्रायलीहरू बीच विशेष सम्बन्ध पुनस्थार्पित गरियो। उहाँ कति क्षमाशील परमेश्वर हुनुहुन्छ!

**प्रार्थनाः** *पापमा फसेका ख्रीष्टियन विश्वासीहरूको क्षमाको निम्ति परमेश्वरसित पुकार गर्नुहोस् ताकि उनीहरूको निम्ति येशूको मृत्यु खेर नजाओस्, परमेश्वरको विश्वासयोग्यता देखियोस्, अनि अख्रीष्टियन मानिसहरूले परमेश्वरको नामको अनादर गर्न नपाऊन्।*

२०

# हामीबाट परमेश्वर के चाहानुहुन्छ?

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई प्रतिज्ञाको मुलुकमा बसाउनको निम्ति तयार पारिरहेका हुन्छन्। परमेश्वर आफ्ना जनहरूबाट यी कुरा चाहनुहुन्छ भनी मोसाले सारांश प्रस्तुत गर्दछन्।

**पदहरू १-८ पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था १०:१२** । "डर मान्नु" वा "आदर गर्नु" भनेको इज्जत र सम्मान गर्नु हो । परमेश्वर भययोग्य परमेश्वर हुनुहुन्छ। हामीले उहाँको आदर गर्नुपर्छ वा उहाँको डर मान्नुपर्छ।
- **व्यवस्था १०:१३** । "मान्नु" को अर्थ परमेश्वरका आज्ञाहरू पालना गर्नु भन्ने हुन्छ।
- **व्यवस्था १०:१६**। "खतना गर्नु"। अध्ययन ३५ पढ्नुहोस् । उत्पति १७ मा आब्राहामले आफू र आफ्ना परिवारको खताना गरे । तर साँचो खतनाचाहिँ हृदयको खतना हो (रोमी २:२८-२९)। मानिसहरूले आफूलाई प्रेम गरुन् र आफ्नो आदर गरुन् भन्ने हेतुले भविष्यमा उनीहरूको हृदय खतना गर्ने परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ (व्यवस्था ३०:६)।
- **व्यवस्था १०:१७**। "पक्षपात गर्नुहुन्न" भन्नुको अर्थ परमेश्वरले हरेकलाई समान व्यवहार गर्नुहुन्छ।
- **व्यवस्था १०:१८** । "प्रवासी" भनेका इस्रायलमा सधैंभरि बस्न चाहने विदेशी हुन्।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू १२-१३। परमेश्वरले आफ्ना जनहरूबाट पाँच कुराहरू माग गर्नुहुन्छ। व्यावहारिक रुपमा यी हरेकको महत्त्व के हुन्छ सो बारे विचार गर्नुहोस्।

१. **डर मान्नु**: यसको मतलब परमेश्वरदेखि त्रसित हुनु भन्ने होइन । यसको अर्थ हो: परमेश्वर पवित्र र शक्तिशाली हुनुहुन्छ । हामीले परमेश्वरसँग बडो होसियारीपूर्वक व्यवहार गर्नुपर्दछ।

२.**उहाँका मार्गहरूमा हिंड्नु**: यसको मतलब परमेश्वरले भन्नुभएअनुसार हामीले दिनदिनै उहाँको आज्ञा पालन गर्नुपर्दछ।

३. **परमेश्वरलाई प्रेम गर्नु**: यो हृदयबाट प्रस्फुटित हुँदछ। यसको अर्थ परमेश्वरलाई पहिलो स्थान दिनु हो।

४. **परमेश्वरको सेवा गर्नु**: यस अन्तरगत एक्लै वा अरूहरूसित परमेश्वरको आराधना गर्ने कुरा पर्दछ।

५. **परमेश्वरका आज्ञाहरू पालन गर्नु**: यसको अर्थ परमेश्वरका व्यवस्थाहरू पालन गर्नु भन्ने हुन्छ।

पद १४-१५। परमेश्वरका जनहरूले यी पाँच कुरा किन पालन गर्नुपर्दछ ? परमेश्वरको प्रकृति नै त्यसो भएको हुनाले उहाँका जनहरूले यी पाँच कुरा पालन गर्नुपर्दछ। उहाँ महान् सृष्टिकर्ता हुनुहुन्छ। यद्यपि, उहाँ आफ्ना जनहरूलाई पनि प्रेम गर्नुहुन्छ।

पद १६ । परमेश्वरले भन्नुभएका कार्य गर्नका निम्ति मानिसहरूका हृदयमा परिवर्तन आवश्यक हुन्छ । मानिसका हृदयहरू हठी र अहङ्कारपूर्ण हुन्छन्।

पद १७-१९ । परमेश्वरले आवश्यकतामा परेका मानिसहरूलाई प्रेम गर्नुहुन्छ । परमेश्वरले आफ्ना मानिसहरूले पनि अनाथ, विधुवा र प्रवासीजस्ता खाँचामा परेका अरू मानिसहरूलाई प्रेम गरेको चाहनुहुन्छ।

पद २०-२२ । फेरि भन्नुपर्दा, परमेश्वरका जनहरूले परमेश्वरको भय मान्नुपर्दछ, उहाँको सेवा गर्नुपर्दछ। परमेश्वरले आफ्ना जनहरूलाई मिश्रदेखि उद्धार गर्नुभएको हुनाले उनीहरूले परमेश्वरको गुणानुवाद गर्नुपर्दछ।

**मुख्य बुँदा**

**परमप्रभु परमेश्वरको भय मान्नुहोस्, उहाँलाई प्रेम गर्नुहोस्, र उहाँको सेवा गर्नुहोस् ।**

## ⊝ शिक्षणः व्यवस्था १०:१२-२२

⊘ **थालनी**

- परमेश्वर आफ्ना जनहरूदेखि के कुरा माग गर्नुहुन्छ ? सबैभन्दा महत्त्वपूर्ण कुरा के रहेछ ?

**परमेश्वरले के कुरा माग गर्नुहुन्छ ?**

⊘ **पढ्नुहोस्ः व्यवस्था १०:१२–१३**

यी पदहरूमा अति महत्त्वपूर्ण कुराहरू बताइएका छन्। *आफ्ना श्रोताबृन्दलाई एक–एक गरी पाँचै ओटा कुरा बताइदिनुहोस् । र, तिनलाई पालन गर्ने तरिका बारे केही उदाहरणहरू पनि प्रस्तुत गरिदिनुहोस् ।*

### परमेश्वरले यो कुरा किन चाहनुहुन्छ त ?

⊘ **पढ्नुहोस्ः व्यवस्था १०:१४–१५**

परमेश्वर महान् परमेश्वर हुनुहुन्छ साथै उहाँका निम्ति आफ्ना जनहरू विशेष व्यक्ति भएका हुनाले उहाँ हाम्रो अखण्ड समर्पण चाहनुहुन्छ । परमेश्वरले हामीलाई आफ्नो निजी बनाउनको निम्ति चुन्नुभयो । परमेश्वर आफ्ना जनहरूलाई प्रेम गर्नुहुन्छ। परमेश्वरले आफ्ना जनहरूले आफूलाई हृदयदेखि नै प्रेम गरेको र आज्ञा पालन गरेको चाहनुहुन्छ।

### समस्या

⊘ **पढ्नुहोस्ः व्यवस्था १०:१६**

*परमेश्वरले अब्राहामलाई उनको परिवारको खतना गर्ने तरिका बताउनुभयो भन्ने बारेमा आफ्ना श्रोताबृन्दलाई बताइदिनुहोस् ।* यो कार्यचाहिँ उनीहरू सदाका निम्ति परमेश्वरका हुन् भनी इंगित गर्ने शारीरिक सङ्केत थियो (उत्पति १७:१३) । तर वास्तविक समस्याचाहिँ मानव हृदयमा विद्यमान छ । हाम्रा हृदय परिवर्तन हुनको निम्ति हामीलाई परमेश्वरको आवश्यकता हुन्छ ताकि हामी माथि उल्लेखित पाँच ओटा कुरा गर्न सकौं । हामीले आफैलाई बदल्न सक्तैनौं ।

हाम्रा हृदय त येशू प्रभुले मात्रै बदल्न सक्नुहुन्छ। जब हामी येशूमा विश्वास गर्दछौं, हाम्रा हृदयलाई भित्रैदेखि परिवर्तन गरिदिनको निम्ति उहाँको आत्मा हाम्रो हृदयमा वास गर्नुहुन्छ । पवित्र आत्माले हामीलाई येशूजस्तै बनाउँदै लानुहुन्छ।

### परमेश्वरले अरूहरूसित जस्तो व्यवहार गर्नुहुन्छ, हामी पनि अरूहरूसित त्यस्तै व्यवहार गरौं

⊘ **पढ्नुहोस्ः व्यवस्था १०:१७–१९**

*पद १७ अनुसार परमेश्वर यस्तो हुनुहुन्छ भनी वर्णन गर्नुहोस् ।* परमेश्वर सबै देव–देवता तथा शक्तिहरूभन्दा अति उच्च हुनुहुन्छ। परमेश्वर न्यायिक हुनुहुन्छ। उहाँले सबैलाई एकसमान व्यवहार गर्नुहुन्छ । परमेश्वरले खाँचामा परेका मानिसहरूलाई प्रेम गर्नुहुन्छ। परमेश्वर उनीहरूसित न्यायपूर्वक र दयासहित व्यवहार गरिएको चाहनुहुन्छ । अनाथहरू र विधुवाहरू प्रायः गरी दुःखी–गरीब हुन्छन् । प्रवासीहरूको पनि आफ्नो जग्गा–जमिन हुँदैन । उनीहरूलाई सहयोगको जरुरी पर्नसक्छ । परमेश्वरले यस्ता सबै व्यक्तिहरूलाई प्रेम गर्नुहुन्छ । परमेश्वरले इस्रायलका मानिसहरूले पनि त्यस्ता व्यक्तिहरूलाई प्रेम गरुन् भन्ने चाहनुहुन्थ्यो ।

### परमेश्वरको सेवा र प्रशंसा गर्नु

⊘ **पढ्नुहोस्ः व्यवस्था १०:२०–२२**

यो खण्ड "भय मान्नु" र "परमेश्वरको सेवा गर्नु" भन्ने शब्दहरूदेखि शुरु भएर यसैमा आएर टुङ्गिन्छ । परमेश्वरले इस्रायलीहरूलाई मिश्रदेखि उद्धार गर्नुभयो । त्यसकारण,उहाँको जनहरूले उहाँको गुणानुवाद गर्नुपर्दछ।

⓵ **प्रयोगः** परमेश्वरले जे गर्न भन्नुहुन्छ सो कुरा तपाईं कति राम्ररी पूरा गर्नुहोला ? के तपाईं सधैं परमेश्वरलाई प्रथम स्थानमा राख्नुहुन्छ ? पद १२–१३ मा उल्लेखित पाँच ओटा प्रमुख कुराहरू स्मरण गर्नुहोस् । के तपाईं दरकारमा परेका मानिसहरूलाई प्रेम गर्नुहुन्छ ?

यस खण्डमा भनिएका कुरा व्यवहारमा उतार्न कठिन छन् । परमेश्वरले भन्नुभएअनुसार हामी कसरी व्यवहारमा उतार्न सक्छौं त ? हामीलाई सहायता पुर्‍याउन र हाम्रा हृदयलाई परिवर्तन गरिदिनको निम्ति प्रभु येशूले हामीलाई आफ्नो आत्मा दिनुहुन्छ।

⊕ **प्रार्थनाः** ***तपाईंले चाहेजस्तै म गर्न सकूँ भनी परमेश्वरसित सहायता माग्नुहोस् । सबै विश्वासीहरूलाई सहायता गर्नको निम्ति पवित्र आत्मा दिनुभएको लागि परमेश्वरलाई धन्यवाद चढाउनुहोस् ।***

२१

# परमेश्वरको तरिकाले आराधना गर्नु

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई प्रतिज्ञाको मुलुकमा बसाउनको निम्ति तयार पारिरहेका छन् । अहिले, उनी जीवनका हरेक पक्षलाई समेटेर धेरै थरिका व्यवस्थाहरू प्रदान गरिरहेका छन्।

**पद १-७ पढ्नुहोस्**

*यो खण्ड २/३ पटक पढ्नुहोस् । हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस् ।*

**टिप्पणीहरू**

- **व्यवस्था १२:३** । "पवित्र ढुङ्गा"। विशेष ढुङ्गाहरूले पुरुष देवको प्रतिनिधित्व गर्दछन् । काठका "अशेराका खम्बाहरूले" स्त्री देवहरू प्रतिनिधित्व गर्दथे।
- **व्यवस्था १२:५** । "त्यहाँ उहाँको नाउँ राख्नु ।" परमेश्वर आफ्ना जनहरूका माझ वास बस्नुहुनेछ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू २-४ । कनानका मानिसहरू प्रायः गरी पहाडका टाकुरामा र ठूला रुखहरूका फेदमा पूजा गर्दथे। पहाडका टाकुराहरू आकाशका नजीक हुन्छन्। ठूला रुखहरूले चाहिँ जीवन र उर्वरता सङ्केत गर्दथे।

कनानका मानिसहरूले हाम्रा ईश्वरले हामीलाई पानी, अन्न,वस्तुभाउ र बालबच्चा दिए भनी विश्वास गर्दथे। उनीहरू ती कुरा प्राप्त गर्न गलत यौन, विशेष ढुङ्गा र खम्बाहरू प्रयोग गर्दथे।

इस्रायलका मानिसहरूले चाहिँ साँचो परमेश्वरको आराधना गर्न त्यही स्थान वा चीजहरू प्रयोग गर्नुहुँदैन थियो। उनीहरू यस्ता परीक्षादेखि अलग रहनुपर्दथ्यो। र, ती चीजहरूलाई नष्ट गर्नुपर्दथ्यो।

- *तपाईंका क्षेत्रका मानिसहरूले पुज्ने गलत थोकहरू (टुनामुना, अन्य देव-देवताहरूका मूर्तिहरू) के के छन् ? हामी तीदेखि हामी कसरी टाढा रहन सक्छौं ?*

पद ५ । यो एउटा महत्त्वपूर्ण पद हो । परमप्रभु परमेश्वरले सिङ्गो देशमा एउटा स्थान छान्नुहुनेछ । इस्रायलका मानिसहरूले त्यो स्थान छान्न पाउँदैनन्।

पदहरू ६-७ । यस स्थानमा, मानिसहरूले सही बलिदान र सही थोकहरू चढाउनुपर्दछ (लेवी १-७ सम्म हेर्नुहोस्) । "खानु" र "आनन्द मनाउनु" को अर्थ इस्रायलका मानिसहरूले परमेश्वरलाई धन्यवाद दिनुपर्ने थोकहरू धेरै छन् भन्ने हुन्छ । परमेश्वरले आशिष दिनुहुन्छ। साथै, उहाँ दिने परमेश्वर हुनुहुन्छ। अन्य देव-देवताहरू त्यसो गर्दैनन्।

- *यस कुराले ख्रीष्टियनहरूलाई के सन्देश दिँदछ ?*

हामी विशेष ठाउँमा जानु पर्दैन । येशूले वास्तविक मन्दिर भनेको नै मेरो बौरी उठेको देह हो भन्नुभयो (यूहन्ना २:२१)। येशू नाउँचाहिँ सबै नाउँहरूभन्दा उच्च छ। ख्रीष्टियनहरूले येशू प्रभुको जहाँ पनि आराधना गर्न सक्छन् । परमेश्वरले आफ्ना जनहरूसित जहाँ भेट गर्नुहुन्छ येशू त्यही स्थानमा हुनुहुन्छ।

**मुख्य बुँदा**

**अरू धर्मका मानिसहरूले झैं आराधना नगर्नुहोस् । परमेश्वरले जुन तरिकाले आराधना गर्न भन्नुभएको छ सोअनुसार उहाँको आराधना गर्नुहोस् ।**

## ⊝ शिक्षण: व्यवस्था १२:१-७

**थालनी**: हामीले यसरी आराधना गर्नुपर्छ भन्ने विषयमा प्रायः खीष्टियनहरू बीच मतभिन्नता रहेको पाइन्छ।

- खीष्टियन आराधनाको विषयमा अति महत्त्वपूर्ण कुरा के के हुन् ?

### परमेश्वरका जनहरूले कहाँचाहिँ आराधना गर्नुहुँदैन

⊙ **पढ्नुहोस्: व्यवस्था १२:२-४**

*त्यस भूमिमा अन्य-जातिको आराधनामा प्रयोग गरिने थोकहरू लगायत इस्रायलका मानिसहरूले ती स्थानहरू साथै चीजहरू कसरी नाश गर्नुपर्दछ भन्ने विषयमा आफ्ना श्रोताबृन्दलाई बताइदिनुहोस्।*

*तपाईंको आफ्नो क्षेत्रमा अन्य ईश्वरहरूलाई गरिने आराधना बारेमा पनि केही चर्चा गर्नुहोस्।*

### परमेश्वरका जनहरूले आराधना गर्ने स्थल

⊙ **पढ्नुहोस्: व्यवस्था १२:५**

परमेश्वरले इस्रायलका मानिसहरूलाई तिमीहरूका निम्ति आराधना स्थल छानिदिनेछु भनी बताउनुभयो। मोसा बितेको धेरै वर्षपछि परमेश्वरले यरुशलेम छान्नुभयो । यरुशलेममा परमेश्वरको मन्दिर निर्माण गरियो। परमेश्वर मन्दिरको माझ रहन रुचाउनुभयो।

यस कुराले आज खीष्टियनहरूलाई के सन्देश दिँदछ ? येशू प्रभुको पुनरुत्थान भएको देह नै साँचो मन्दिर हो। यूहन्ना २:२१ पढ्नुहोस्। पुरानो करारको मन्दिरको आराधनाले येशूलाई सङ्केत गर्दथ्यो। येशू आउनुभएपछि मन्दिरमा आराधना गरिरहनु आवश्यक भएन। येशू प्रभु नै मानिसहरूका बीचमा यस धर्तीमा वास गर्नुहुने परमेश्वर हुनुहुन्थ्यो। सबै खीष्टियनहरूले येशू प्रभुलाई आराधना गर्नुपर्दछ । त्यसकारण, खीष्टियनहरूले जहाँ पनि आराधना गर्न सक्छन् । येशूलाई आराधना नगर्ने धर्महरू भूट हुन्।

### परमेश्वरका जनहरूले आराधना गर्ने तरिका

⊙ **पढ्नुहोस्: व्यवस्था १२:६-७**

परमेश्वरले चुन्नुभएको स्थलमा इस्रायलका मानिसहरूले बलि र भेटीहरू चढाउनुपर्दथ्यो। कतिपय बलिहरूचाहिँ पापका निम्ति चढाइन्थे। अन्यहरूचाहिँ परमेश्वरलाई धन्यवाद दिन चढाइन्थे । इस्रायलका मानिसहरूले परमेश्वरले चुन्नुभएको स्थलमा खानु र आनन्द मनाउनु पर्दथ्यो । परमेश्वरले गर्नुभएको कार्यको निम्ति त्यहाँ आनन्द हुन्छ। सम्पूर्ण बलिहरूले येशूलाई नै सङ्केत गर्दथे । येशू नै साँचो बलि हुनुहुन्थ्यो । खीष्टियनहरूले पशुहरू बलिको रुपमा चढाउनु पर्दैन। येशू प्रभु हाम्रो बलि हुनुहुन्छ।

ⓘ **प्रयोग**: खीष्टियनको हैंसियतमा यस खण्डमा आराधना बारे हेर्नेछौं :

- येशूको कारणले मात्रै आराधना संभव भएको छ।
- येशू प्रभुको क्रूसमा बलिदानद्वारा मात्रै हामी परमेश्वरकहाँ आउन सक्छौं।
- अन्य धर्मका तरिकाअनुसार र मूर्ति राखेर हामी आराधना गर्दैनौं।
- परमेश्वरले हाम्रो निम्ति येशूमा गरिदिनुभएको कार्यको निम्ति हामी आराधनामा आनन्द मनाउँदछौं।
- हामी व्यक्तिगत रुपमा मात्रै होइन, सामूहिक रुपमा पनि परमेश्वरको जनको हैंसियतमा उहाँको आराधना गर्दछौं।
- जब तपाईं आराधनाको निम्ति परमेश्वरका जनहरूसित भेट्नुहुन्छ, के तपाईंको मनमा यी कुरा आउँछन् ? तपाईंले आराधना गर्ने व्यक्ति के येशू नै हुनुहुन्छ ?

⊕ **प्रार्थना**: *परमेश्वरका जनहरूका साथमा आनन्दले येशूको आराधना गर्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।*

२२

# तपाईंलाई परमेश्वरदेखि कसैले टाढा नलैजाओस्

**पृष्ठभूमि**

मोशाले इस्राएलका मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा बस्नको निम्ति तयार हुन सहायता गरिरहेका छन्।

**पद १–११ पढ्नुहोस्**

यो खण्ड २/३ पटक पढ्नुहोस्। हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस्।

**टिप्पणीहरू**

**व्यवस्था १३:१–३।** कतिपय भूटा अगमवक्ताहरूसित आश्चर्यकर्म गर्ने शक्ति हुन्छ। कतिपयले सपना बताउँदछन्।

- **व्यवस्था १३:५।** "दुष्टता हटाउनु" को अर्थ मानिसहरूदेखि दुष्टताको जरा उखेलेर फाल्नु भन्ने हुन्छ।
- **व्यवस्था १३:६।** "फकाउनु" को अर्थ परीक्षामा पार्नु वा आकर्षित तुल्याउनु भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

- *यदि कसैले आश्चर्यकर्म गर्न सक्छ भने, के उनीहरू परमेश्वरबाटका हुन् त ? यदि रोगबिमार वा मृत्युजस्तो नराम्रो आश्चयकर्म गरिन्छ भने, त्यो आश्चर्यकर्म परमेश्वरबाट भएको होइन। त्यसो हो भने असल आश्चर्यकर्म के हो त ?*
- पद १–५। भूटो अगमवक्ताले आश्चर्यकर्म गर्न सक्तछ। मानिसहरू यो त परमेश्वरको शक्ति हो भनेर विश्वास गर्न पुग्छन्। तर भूटो अगमवक्ताले मानिसहरूलाई अन्य ईश्वरहरूतिर भड्काउँदछ। मानिसहरू रणभूलमा पर्न सक्छन्। अगमवक्ताले कुन ईश्वर पछ्याउँदछ सो कुराचाहिँ महत्त्वपूर्ण विषय हो भनी मोसा भन्दछन्। मानिसहरूले भूटो अगमवक्तालाई मार्नुपर्दछ।

पद ६–११। यदि कुनै इस्रायलीलाई आफ्ना कोही परिवार सदस्यले अरू नै ईश्वरको आराधना गर्न भनेमा उसले के गर्नुपर्थ्यो ? मानिसहरू कतिपय अवस्थामा आफ्ना प्रिय परिवार जनहरूको दवावमा पर्थे। यदि परिवार सदस्यले मानिसहरूलाई अन्य ईश्वरतर्फ डोऱ्याएमा, उनीहरूलाई मार्नुपर्थ्यो।

मृत्युको सजाय दिइनुको कारणचाहिँ पापलाई फैलन नदिनु थियो। जब अरू मानिसहरूले यस्तो सजाय सुन्दथे, उनीहरूलाई यही पाप नदोहोऱ्याउन चेताउनी मिल्दथ्यो। इस्रायलका मानिसहरू विशुद्ध र पवित्र जातिको रुपमा जिउनुपर्दछ। गंभीर पापको सजाय हुनैपर्दछ।

**प्रयोग:** ख्रीष्टियनहरूले आफ्नो देशमा भएका भूटा अगमवक्ताहरूलाई मार्नु हुँदैन। **तर हामीले उनीहरूको कुरा भने सुन्नुहुँदैन**। हामीले उनीहरूका शिक्षालाई इन्कार गर्नुपर्दछ। यदि उनीहरूले आश्चर्यकर्म गरेमा, वा सपना–दर्शन बताएमा पनि हामी अन्य ईश्वरहरूको पछि लाग्नुहुँदैन। हामीले त्यस्ता व्यक्तिलाई मार्नुपर्दैन। तर उनीहरू मण्डलीको सदस्य हुनदेखिचाहिँ बहिष्कृत हुनुपर्दछ। उनीहरूका भूटा वा खराब शिक्षालाई अरूहरूतिर फैलन दिइनुहुँदैन।

**मुख्य बुँदा**

**परमेश्वरका जनहरूले परमेश्वरदेखि टाढा लैजाने व्यक्तिहरूलाई इन्कार गर्नुपर्दछ।**

## ⊝ शिक्षणः व्यवस्था १३:१-११

**थालनी**

- यदि कुनै व्यक्तिले आश्चर्यकर्म गरेमा, के यसको अर्थ परमेश्वर ऊसित खुशी हुनुहुन्छ भन्ने हो त ?

### झूटा अगमवक्ताहरूको पछि नलाग्नु

**पढ्नुहोस्ः व्यवस्था १३:१-५**

झूटा अगमवक्ताहरूले आश्चर्यकर्महरू गर्न र सपना–दर्शन पनि बताउन सक्छन् । हरेक अगमवक्ता वा प्रचारकले सिकाउने कुराको जाँच गर्नुचाहिँ महत्त्वपूर्ण विषय हो। के उनीहरूले सत्य सिकाउँदछन् ?

**उदाहरणः** एक दिन एउटा गाउँमा एक जना प्रचारक आएर आश्चर्यकर्म गरेछ। उसले येशूको नाउँ नै पुकारेछ। तर उसले म नै फर्केर आएको येशू हुँ भनेर दावी गरेछ। उसले गरेको आश्चर्यकर्म देखेर धेरैले उसलाई पछ्याएछ। तर ऊ झूटो अगमवक्ता थियो। कुनै पनि प्रचारकले परमेश्वरको नाउँ लिँदैमा ऊ परमेश्वरबाट आएको हो भन्ने कुरा पक्का हुँदैन।

### अन्य ईश्वरतिर बहकाउने परिवार सदस्यहरूको कुरा नसुन्नु

**पढ्नुहोस्ः व्यवस्था १३:६-११**

हामीले माया गरेको व्यक्तिले हामीलाई अन्य ईश्वरको आराधना गर्न खोजाउँदा निकै गाह्रो पर्छ। यदि हामीले कसैलाई प्रेम गर्दछौं भने, हामी उनीहरूसित सहमत हुन इच्छा गर्दछौं।

परमेश्वरका जनहरूले आफ्ना सारा हृदयले परमेश्वरलाई प्रेम गर्नुपर्दछ। परमेश्वरका जनहरूले परमेश्वरलाई आफ्ना परिवार जन वा साथीभाइलाई भन्दा बढी प्रेम गर्नुपर्दछ। यदि कुनै मित्र वा परिवार सदस्यले हामीलाई अन्य ईश्वरहरूलाई पुज्न उक्साउँदछ भने, हामीले तिनका कुरा सुन्नुहुँदैन।

**उदाहरणः** श्रीमतीले भयङ्कर आश्चर्यकर्म गर्ने एक जना प्रचारकको विषयमा मैले सुनेकी छु भनेर आफ्नो श्रीमानलाई बताउँछिन्। उनी आफ्नो श्रीमानले त्यो प्रचारकले प्रचार गरेको कुरा सुनिदिएको खुब चाहन्थिन्। श्रीमानले म सुन्दिनँ भने। तर श्रीमतीले चाहिँ आफ्नो श्रीमानलाई कर गरिरहिन्। उनले आफ्नी श्रीमतीलाई प्रेम गरेको कारण उनी त्यस प्रचारकको प्रचार सुन्न जान्छन्। र, अन्ततः श्रीमान यसरी बहकिन पुग्छन्।

ख्रीष्टियनहरूले झूटा अगमवक्ताहरूलाई मार्नु पर्दैन। तर हामीले त्यस्ता व्यक्तिका शिक्षाहरू सुन्नु हुँदैन। हामीले त्यस्ता अगमवक्ताहरूलाई मण्डलीदेखि बहिष्कार गर्नुपर्दछ। परमेश्वरका जनहरू माझ उनीहरूको स्थान हुँदैन।

झूटा शिक्षकहरूलाई धेरै मानिसहरूले मन पराउलान्–संभवतः परिवार सदस्यहरू वा साथीभाइहरूले मन पराएका हुन सक्छन्। तर उनीहरू डरलाग्दा हुन्छन्। परमेश्वरका जनहरूले सत्य र झूट बीच भिन्नता थाहा पाउनुपर्दछ।

- मानिसहरूले बोल्ने शब्दहरू के तपाईं जाँच्नुहुन्छ ?
- तपाईंको प्रचारकले बोलेका शब्दहरू के तपाईं धर्मशास्त्रसित जाँच्नुहुन्छ ?

**प्रार्थनाः** *परमेश्वरलाई आफ्नो मण्डलीलाई बलियो हुन र सत्य जान्न सहायता गर्नुहोस् भनी बिन्ती गर्नुहोस्। झूटा शिक्षकहरूदेखि आफ्नो मण्डलीलाई जोगाउनुहोस् भनेर पनि प्रार्थना गर्नुहोस्।*

२३

# परमेश्वरका जनहरू पवित्र हुनुपर्दछ

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई प्रतिज्ञाको मुलुकमा बसाउनको निम्ति तयार पारिरहेका हुन्छन् । परमेश्वरका जनहरू अरू जातिहरूभन्दा भिन्नै प्रकारले जिउनुपर्दछ।

**पदहरू १–२१ पढ्नुहोस्**

२ वा ३ पटक खण्ड पढ्नुहोस्

**टिप्पणीहरू**

- **व्यवस्था १४:२,२१** । "पवित्र" हुनुको अर्थ परमेश्वरको जन हुनु भन्ने हुन्छ । परमेश्वरका जनहरू संसारका होइनन्।
- **व्यवस्था १४:७** । "अशुद्ध"। पशु आफैमा अशुद्ध होइन, तर परमेश्वरले आफ्ना जनहरूलाई त्यो नखानु भनेर आज्ञा गर्नुहुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू १–२, २१ । इस्रायलका मानिसहरू पवित्र जाति हुन्। उनीहरू परमेश्वरका सन्तान हुन्। उनीहरू परमेश्वरले चाहनुभएअनुसार जिउनुपर्दछ । कतिपय व्यक्तिहरू कोही आफन्त जन बित्दाखेरि दु:ख प्रकट गर्न क्रिया बस्दथे । त्यस बेलामा कतिपय अन्य जातिहरूले जादुको चीजझैं गरी कलिलो पाठोलाई उसकै माउको दुधमा पकाउने गर्दथे । परमेश्वरका जनहरूले यस्ता कुराहरू खानुहुँदैन थियो।

पदहरू ३–८ । गाईं शुद्ध र सुङ्गुरचाहिँ अशुद्ध किन ? परमेश्वरले अन्य जातिहरूलाई नभएर इस्रायली जातिहरूलाई नै किन चुन्नुभयो (पद २) ? यो कुरा हामीलाई थाहा छैन तर परमेश्वरले नै इस्रायलीहरूलाई चुनें भन्नुभयो। कतिपय जनावरहरू इस्रायलीहरूझैं शुद्ध थिए। अरू जनावहरूचाहिँ अन्य जातिहरूझैं अशुद्ध थिए। इस्रायलीहरू परमेश्वरका जाति भएका हुनाले उनीहरूले अशुद्ध पशुको मासु खानुहुँदैन थियो।

पद ९–२० । केही जल जनावर जस्तै झिङ्गेमाछा र संङ्खेकीरा अनि केही पंक्षीहरू र कीरा फट्याङ्ग्राहरू पनि अशुद्ध मानिन्थे।

खीष्टियनहरूले यी नियमहरू पालन गर्नुपर्दैन। प्रभु येशूले सबै खाने कुराहरू शुद्ध छन् भन्नुभयो (मर्कूस ७:१९) । पत्रुसले परमेश्वरबाट यस्तो दर्शन पाए जसमा सबै खाने कुराहरू शुद्ध छन् भनी बताइएको थियो (प्रेरित १०:९–१५) । परिवर्तनको कारण नै येशू हुनुहुन्छ। अब सुसमाचार यहूदी र गैर–यहूदी सबैका निम्ति हुन् । तर अझै पनि परमेश्वरका जनहरूचाहिँ अविश्वासीहरूदेखि भिन्न हुनुपर्दछ । कतिपय मानिसहरूले केही त्यस्ता खाने कुरा खाँदा पाप हुन्छ भनी सोच्ने हुनाले खीष्टियनहरूले त्यस्ता खाने कुराहरू नखान होसियार हुनुपर्दछ (१ कोरिन्थी ८:४–१३)।

- तपाईंको क्षेत्रतिर खाने कुराबारे के गलत धारणाहरू छन् ? के अझै पनि कतिपय मानिसहरूले पुराना नियमहरू नै पालन गरिरहेका छन् ? उनीहरूलाई खीष्टमा स्वतन्त्र हुन कसरी सहायता पुऱ्याउन सक्नुहुन्छ ?

**मुख्य बुँदा**

**परमेश्वरका जनहरू अविश्वासीहरूभन्दा फरक हुनुपर्दछ ।**

## ⊕ शिक्षण: व्यवस्था १४ :१-२१

⊙ **थालनी**

- यदि कोही व्यक्तिले तपाईंलाई अर्कै धर्ममा चढाइएको खाने कुरा खान निमन्त्रणा गरेमा तपाईं के गर्नुहुन्छ ? अर्को पनि प्रश्न छ। पुरानो नियममा सुङ्गुर खाना निषेध गरिएको छ । के तपाईंले नियम पालन गर्नुपर्दछ ?

व्यवस्था १४ मा उल्लेखित खानाका नियमहरू धेरै मानिसहरूका निम्ति अनौठा लाग्छन्। यी नियमहरूले हामीलाई के सिकाउन खोजेका हुन् त ?

### परमेश्वरका जन इस्रायलीहरूले शुद्ध खाने कुरा मात्रै खानुपर्दछ

⊙ **पढ्नुहोस्: व्यवस्था १४ :३–२०**

इस्रायलका मानिसहरूले शुद्ध खाने कुराहरू मात्रै खानुपर्दछ । शुद्ध खाने कुराचाहिँ परमेश्वरले तोक्नुभएको हुन्थ्यो। शुद्ध खाने कुरा भन्नाले असल वा स्वस्थ भन्ने अर्थ खासमा जनाउँदैनथियो। यसको अर्थ परमेश्वर आफ्ना जनहरूले यी खाने कुरा खाएमा उहाँ खुशी हुनुहुन्छ भन्ने कुरा जनाउँदथ्यो। खसी, माछा र कुखुराजस्ता खाने कुरा शुद्ध मानिन्थे। सुङ्गुर,झिङ्गे माछा र चिलजस्ता खाने कुराचाहिँ अशुद्ध मानिन्थे।

- यी नियमहरूको कारणचाहिँ के होला ?

### तपाईं पवित्र हुनुहुन्छ

⊙ **पढ्नुहोस्: व्यवस्था १४ :१–२,२१**

*परमेश्वरका जनहरू पवित्र जाति हुन् भनी बताउनुहोस् । त्यसैले उनीहरू अरू जातिहरूभन्दा भिन्नै हुनुपर्दछ ।* परमेश्वरले कतिपय जनावरहरू छान्नुभयो र कतिपयचाहिँ छान्नुभएन सो कुरा हामी जान्दैनौं । परमेश्वरसित छान्ने अधिकार छ । त्यस बखतमा परमेश्वरका जनहरूले उहाँले छान्नुभएका खाने कुरा मात्रै खानुपर्दथ्यो । यसले इस्रायलका मानिसहरू भिन्नै जाति हुन् भन्ने कुरा जनाउँदथ्यो।

### अन्य धर्मका मानिसहरूझैं नबन्नुहोस्

⊙ **पढ्नुहोस्: व्यवस्था १४ :१,२१**

कोही आफन्त बितेमा कतिपय अन्य जातिहरू क्रिया बस्दथे । कतिपय अन्य जातिहरूले जादुको रुपमा कलिलो पाठोलाई उसको आमाको दुधमा पकाउने गर्दथे । इस्रायलका मानिसहरू फरक हुनुपर्दछ । उनीहरूले अन्य जातिहरूभन्दा फरक खाना र फरक जीवन जिउनुपर्दछ।

ⓘ **प्रयोग:** ख्रीष्टियनहरू सबै खाले खाने कुरा खानसक्छन्। येशू प्रभुले सबै खाने कुराहरू शुद्ध छन् भन्नुभयो (मर्कूस ७:१९) । पत्रुसले पनि सबै खाने कुरा शुद्ध छन् भन्ने दर्शन पाएका थिए। येशू प्रभुको सुसमाचार सबै जातिका निम्ति हुन्। येशू प्रभुले खाने विषयमा स्वतन्त्रता दिनुभएको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।

व्यवस्था १४ मा उल्लेखित नियमहरूको उद्देश्य अझै पनि त्यतिकै महत्त्वपूर्ण छ। परमेश्वरका जनहरू अन्य जातिहरूभन्दा फरक हुनुपर्दछ। पावलले कोरिन्थका मानिसहरूलाई तिमीहरू मूर्तिमा चढाइएको खाने कुरा खान सकौला, तर अरू ख्रीष्टियनको नजरमा त्यसो गर्नु पाप हो भन्ने लागेमा तिमीहरूले मूर्तिमा चढाइएको खाने कुरा खानुहुँदैन भने। ख्रीष्टियनहरूसित खाने–नखाने विषयमा स्वतन्त्रता छ। तर हामीले अरूहरूलाई प्रेम साथै सहयोग गर्नुपर्दछ।

यदि तपाईंलाई अख्रीस्टियन धार्मिक कार्यक्रमको खाने कुरामा सहभागी हुन निमन्त्रणा दिइएमा, होसियार हुनुहोस् । यदि तपाईंले त्यहाँ खाने कुरा खाएमा, के अरूहरूले तपाईंलाई अर्कै धर्म मानेछ भनेर सोच्लान् कि ?

⊕ **प्रार्थना:** *परमेश्वरसित कुन बेला कुन खाने कुरा खानुहुन्न सो बारेमा मलाई ज्ञान–बुद्धि दिनुहोस् भनी बिन्ती गर्नुहोस्। मैले अरू विश्वासीहरूलाई पाप गर्न परीक्षित नतुल्याऊँ भन्ने हेतुले म अरूहरूलाई प्रेम गर्न सकौं भनी परमेश्वरसित पुकार गर्नुहोस्।*

२४

# के ख्रीष्टियनहरूले दश प्रतिशत दिनुपर्दछ ?

**पृष्ठभूमि**

मोशाले इस्राएलका मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा कसरी जिउने भन्ने विषयमा व्यवस्था दिइरहेका छन्। व्यवस्थामा परमेश्वर साथै अरू मानिसहरूलाई प्रेम गर्ने तरिका प्रस्तुत गरिएको छ।

**पदहरू २२–२९ पढ्नुहोस्**

यो खण्ड २/३ पटक पढ्नुहोस्। हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था १४:२३** । "दशांस" को अर्थ दश प्रतिशत हो।
- **व्यवस्था १४:२३** । "आदर गर्नु" गर्नुको अर्थ सम्मान गर्नु हो।
- **व्यवस्था १४:२७** । "भाग वा उत्तराधिकार" । लेवीको कूलको आफ्नै जग्गा–जमिन हुनुहुँदैन।

**चिन्तनका निम्ति अतिररित्त कुरा**

- दशांस दिनुले मानिसहरूलाई परमेश्वरको भय मान्न कसरी सिकाउँदछ ?

पद २३। हामी आफ्ना अन्नपात र पैसा जोगाउने प्रयत्न गर्न सक्छौं, धनी बन्ने कोसिस गर्न सक्छौं, कठिनाइका दिनहरूका निम्ति प्रशस्त साँच्न खोज्दछौं। जब हामी त्यसो गर्दछौं, हामीले आफैमा भरोसा गरेका हुन्छौं। दशांस दिनुले परमेश्वरका जनहरूसित भएका पैसा वा अन्नपात त कम होला तर उनीहरूले परमेश्वरलाई पहिलो स्थान दिन र आदर गर्न पनि सिकाउँदछ।

पदहरू २४–२६। भेटी चढाउने स्थानचाहिँ व्यवस्था १२:५ अनुसार आराधना स्थल हो। धेरै मानिसहरू भेटी स्थलदेखि धेरै टाढा होलान्। सब अन्नपात र पशुप्राणीहरू लिएर हिँड्नु गाह्रो पर्दथ्यो। त्यसैले इस्रायलका मानिसहरूले आफ्नो दश प्रतिशत हिस्सा बेच्न सक्थे, त्यस बापत पैसा लिन्थे र भेटी स्थलमा पुगेर भेटी चढाउनको निम्ति त्यही पैसाले खाने कुरा किन्थे।

पद २७। लेवीका कूलहरू पूजाहारी थिए। उनीहरूको आफ्नो जग्गा–जमिन, अन्नपात वा पशुपालन हुँदैनथ्यो। लेवीहरू पनि भेटी चढाउनेहरूसितै सहभागी हुन्थे र उनीहरूसित खान्थे।

पदहरू २८–२९। ती–तीन वर्षमा गरीबहरूलाई दशांस दिइने गरिन्थ्यो। गरीबहरूका पनि जग्गा–जमिन हुँदैनथ्यो। गरीबहरूभित्र लेवी,प्रवासी, अनाथ र विधुवाहरू पर्दथे। दशांसबाट गरीबहरूको हेरचाह गर्न सघाउ हुन्थ्यो।

यस नियमले ख्रीष्टियनहरूलाई के सन्देश दिन्छ त ? नयाँ नियममा दशांसा नियम दिइएको छैन। तर नयाँ नियमले ख्रीष्टियनहरूलाई ख्रीष्टियन सेवकाइ र गरीबहरूलाई दिनको निम्ति एकदमै खुशी तथा उद्धार बन्न, परमेश्वरप्रति धन्यवादी हुन र उहाँको भय मान्न प्रोत्साहन दिँदछ। संभवत: यसको अर्थ कतिपय मानिसहरूले दश प्रतिशतभन्दा बढी दिने गर्दछन्।

- *तपाईंको मण्डलीका मानिसहरूले के दशांस दिन्छन् ? उनीहरूले दशांस दिनुका कारणहरू के के हुन् ?*

**मुख्य बुँदा**

**परमेश्वरलाई उदारचित्तले दिनुहोस् ।**

## ⊝ शिक्षणः व्यवस्था १४:२२-२९

**थालनी**

परमेश्वरले खुशीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ।

- के तपाईं खुशीसाथ दिनुहुन्छ ?

### परमेश्वरलाई दिनु

**पढ्नुहोस्: व्यवस्था १४:२२–२७**

परमेश्वरले आफ्ना जनहरूलाई सबै थोक दिनुभएको छ । उनीहरूले आफ्ना अन्नपातहरू उब्जँदा र पशुपंक्षीहरू ब्याउँदाखेरि परमेश्वरलाई संझनु पर्दछ। इस्रायलका सबै मानिसहरूले हरेक साल सबै थोकको दश प्रतिशत दिनुपर्दछ। उनीहरू परमेश्वरले चुन्नुभएको बलिदान स्थलमा जानुपर्दछ। मानिसहरूले भेटीद्वारा खान सक्छन् तर उनीहरूले जग्गा–जमिन नहुने लेवी कूलका पूजाहारीहरूलाई पनि समेटेको हुनुपर्दछ।

### अरूहरूलाई दिनु

**पढ्नुहोस्: व्यवस्था १४:२८–२९**

तेस्रो वर्षमा दशांस गरीबहरूलाई दिइने गरिन्छ । गरीबभित्र लेवी, प्रवासी, अनाथ र विधुवाहरू पर्दछन्। यी वर्गका मानिसहरूसित आफ्नो जग्गा–जमिन हुँदैन। उनीहरूसित दिनको निम्ति अन्नपात वा पशुपंक्षी पनि हुँदैन । उनीहरूलाई अरूहरूको सहायताको जरुरत पर्दछ। परमेश्वरले आफ्ना जनहरूलाई धेरै हुनेले थोरै हुनेलाई दिएको चाहनुहुन्छ। आखिर किन दिनु त ?

हामी दिनुका चार ओटा कारणहरू हेर्नेछौं :

१.**परमेश्वर आफ्ना जनहरूले उहाँको आशिषको निम्ति उहाँलाई धन्यवाद दिएको चाहनुहुन्छ ।** मानिसहरूले आनन्द मनाउनु पर्दछ (पद २६)।

२. **आफ्ना जनहरूले परमप्रभुलाई आदर गरेको परमेश्वर चाहनुहुन्छ** (पद २३)। *आफ्नो श्रोताबृन्दलाई दशांसले मानिसहरूलाई परमप्रभुमा भरोसा गर्न र भय मान्न सघाउ पुर्‍याउँदछ भनी बताउनुहोस्।*

३. **आफ्ना जनहरूले पूजाहारीहरूलाई प्रबन्ध गरिदिएको परमेश्वर चाहनुहुन्छ ।** पूजाहारीहरूले मानिसहरूको सेवा गर्दछन्, उनीहरूलाई व्यवस्था सिकाउँदछन् र बलि आयोजना गरिदिन्छन्।

४. **आफ्ना जनहरूले गरीब इस्रायलीहरूको हेरचाह गरेको परमेश्वर चाहनुहुन्छ ।**

**प्रयोगः** खीष्टियनहरू आफूले उत्पादन गरेका वा कमाएका सबै थोकको दशांस दिन मान्दैनन्। नयाँ नियममा सबै थोकको दशांस दिनुपर्छ भनेर खीष्टियनहरूलाई भनिएको छैन । तर नयाँ नियमले दशांस दिने व्यवस्थालाई निषेध गरेको छैन।

यो व्यवस्था अझै पनि विद्यमान हुनुका चारओटा कारणहरू निम्न छन्: **१)** परमेश्वरलाई धन्यवाद दिनको निम्ति खीष्टियनहरूले दिनुपर्दछ । **२)** खीष्टियनहरूले परमेश्वरको भय मान्नुपर्दछ । **३)** खीष्टियनहरूले खीष्टिय सेवकाइको निम्ति दिनुपर्दछ। **४)** खीष्टियनहरूले गरीबहरूको हेरचाह गर्नुपर्दछ।

यी सबै कारणले गर्दा पुरानो नियमका व्यवस्थाहरू खीष्टियनहरूका निम्ति एक समान छन्।

धेरै खीष्टियनहरूले दश प्रतिशतभन्दा बढी पनि दिन सक्छन् । कतिपय खीष्टियनहरूले चाहिँ त्यसो गर्न सक्तैनन् । धन्यवावादी हृदय हुनु र यथाशक्ति दिनु नै महत्त्वपूर्ण कुरा हो । यस खण्डमा परमेश्वरलाई हाम्रा सारा हृदयले प्रेम गर्ने तथा आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर्ने कुरा प्रस्तुत गरिएको छ। यदि हामी प्रेम गर्दछौं भने, हामी उदार बन्न सक्छौं।

**प्रार्थनाः** *हामीलाई उदार, धन्यवादी र आनन्दित बनाउनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्। तपाईं र गरीबहरूलाई प्रेम गर्ने सामर्थ्य हामीलाई दिनुहोस् भनी प्रार्थना गर्नुहोस्। परमेश्वरले हामीलाई दिनुभएका प्रशस्त आशिषको निम्ति उहाँलाई धन्यवाद दिनुहोस्।*

२५

# खाँचामा परेकाहरूलाई उदारचित्तले दिनुहोस्

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई प्रतिज्ञाको भूमिमा बसाउन तयार पारिरहेका हुन्छन् । उनी मानिसहरूलाई परमेश्वरद्वारा प्राप्त व्यवस्था पालन गर्न हौसला दिँदछन्।

**पद १-१८ पढ्नुहोस्**

यो खण्ड २/३ पटक पढ्नुहोस्। हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस्।

**टिप्पणीहरू**

- **व्यवस्था १५:७,१०** । "कठोर हृदय" वा "गनगने हृदय" को अर्थ अटेरी भन्ने हुन्छ।
- **व्यवस्था १५:७,११** । "मुठी कस्ने" को अर्थ स्वार्थी भन्ने हुन्छ। "खुला हात" को अर्थ दिनलाई तत्पर भन्ने हुन्छ । परमेश्वरका जनहरू उदारचित्तको हुनुपर्दछ।

**चिन्तनका निम्ति अतिररित्त कुरा**

यी नियमहरूले खाँचामा परेका इस्रायलीहरूलाई सुरक्षा दिँदछन् । पहिलो नियम (पदहरू १-११) ले ऋणलाई रद्द तुल्याउँदछ । दोस्रो नियमचाहिँ दासदासीहरूसित सम्बन्धित छ।

पदहरू १-६ । यदि इस्रायलीले तपाईंबाट पैसा सापट लिएमा, तपाईंले सातौं वर्षमा सो ऋण रद्द गर्नुपर्दछ। ऋण रद्द गर्नुको उद्देश्य मानिसहरूलाई गरीब हुनुदेखि रोक्नु हो (पद ४) । यदि इस्रायलका मानिसहरूले बाँडचुँड गरेमा, परमेश्वरले उनीहरूलाई आशिष दिनुहुनेछ। सबैलाई प्रशस्त हुनेछ।

- यो व्यवस्था पालन गर्न किन कठिन थियो ?

पदहरू ७-११ । मानिलिनुहोस्, सातौं वर्ष नजीक आइसकेको छ। कुनै इस्रायलीले पैसा सापट लिन चाहन्छ। "तर, तपाईंलाई लाग्यो, मेरो पैसा फिर्ता पाउने समय छैन। त्यसकारण म सापट दिन्न।" परमेश्वरका जनहरूले यस्तो सोच्नुहुन्न । उनीहरू उदारचित्तका हुनुपर्दछ, लोभी हुनुहुन्न।

पद ४ ले भन्दछः "तिमीहरू बीच गरीबहरू हुनुहुँदैन।" पद ११ ले भन्दछ :"गरीबहरू सधैं हुनेछन्।" पद ४ चाहिँ यस्तो हुनुपर्दछ भन्ने कुरासित सम्बन्धित छ। तर मानिसहरू लोभी हुने भएकाले, पद ११ ले भनेको कुरा साँचो हो।

पदहरू १२-१८। यदि इस्रायली साँच्चिकै गरीब भएमा, ऊ दास बन्न सक्थ्यो। उसको मालिकचाहिँ इस्रायली नै पर्दछ । मालिकले दासको हेरचाह गर्नुपर्दछ । ६ वर्षपछि, दास स्वतन्त्र हुनसक्थ्यो। मालिकले उसलाई प्रशस्त मात्रामा खाने कुरा दिनुपर्दछ।

ख्रीष्टियनहरूसित ऋण रद्द गर्न वर्ष वा समयको हदबन्दी हुँदैन । तापनि, यो व्यवस्था अझै विद्यमान हुनुका कारणहरू छन् । हामीले खाँचामा परेका ख्रीष्टियनहरूलाई हेरचाह गर्नुपर्दछ। यदि हामीसित आफूलाई पुग्नेभन्दा बढी कुनै थोक छ भने, हामीले बाँडचुँड गर्नुपर्दछ (प्रेरित ४:३२)। काम वा रोजगार नभएको ख्रीष्टिय बन्धुलाई सहायता गर्नुपर्दछ।

- *तपाईंको आफ्नो क्षेत्रको निम्ति आफ्ना श्रोताबृन्दलाई के के उदाहरणहरू दिन सक्नुहुन्छ ?*

**मुख्य बुँदा**

**परमेश्वरका जनहरूबीचमा दरिद्र मानिसहरू हुनुहुँदैन ।**

## ⊖ शिक्षणः व्यवस्था १५:१-१८

⊙ **थालनी**

विशेष खाँचामा परेका हाम्रा खीष्टिय दाजुभाइ तथा दिदीबहिनीहरूलाई हामी कसरी सहायता गर्दछौं ? प्राचीन इस्रायलमा परमेश्वरका जनहरूसित गरीबलाई सहायता गर्ने व्यवस्था हुन्थ्यो।

### खाँचामा परेकाहरूलाई दिनु

⊙ **पढ्नुहोस्: व्यवस्था १५:१–११**

*आफ्ना श्रोताबृन्दलाई ऋण रद्द गर्नुको विषयमा व्यवस्थाले के भन्दछ सो बारे बताउनुहोस्।* परमेश्वरका जनहरू धेरै ओटा कारणहरूले गरीब हुनसक्छन्। सायद उनीहरू बिरामी भएका हुनसक्छन्। सायद उनीहरू राम्रो ज्ञान नभएका कृषक हुनसक्छन्। परमेश्वरले सबै आफ्ना जनहरूलाई प्रयाप्त दिनेछु भनी प्रतिज्ञा गर्नुभएको छ, तापनि हामीले बाँड्चुँड गर्नुपर्दछ।

⊕ **उदाहरण**: *पदहरू ९–१० लाई लोभी सोचको उदाहरणको रुपमा प्रयोग गर्नुहोस्। परमेश्वरका जनहरू उदारचित्तका हुनुपर्दछ साथै दिनको निम्ति आफ्ना मुठी खोल्नुपर्दछ भनी यस व्यवस्थामा बताइएको छ।*

① **प्रयोग**: खीष्टियनहरूले यो व्यवस्था आज कसरी पालन गर्नुपर्दछ ? खीष्टियनहरूले गरीब खीष्टियनहको वास्ता गर्नुपर्दछ। हामी उदारचित्तका हुनुपर्दछ र आवश्यक परेको ठाउँमा दिने वा सहायता गर्ने हुनुपर्दछ। हामीले आफ्ना ठाउँका साथै अन्य देशहरूका खाँचामा परेका खीष्टियनहरूलाई सहायता गर्नुपर्दछ। उदाहरण:

- तपाईंले खाँचोमा परेको कोही खीष्टियनलाई सापट दिनुहुन्छ। ६ वर्षपछि सो सापट रकम तपाईं मिनाहा गर्नुहुन्छ।
- कुनै खीीष्टयनले आफ्नो लगानी परियोजनाको निम्ति तपाईंसित सापट माग्दछ। ऊ गरीब नभएकोले तपाईं "नाइँ" भन्नुहुन्छ। यो नियम यस्तो परिस्थितिको निम्ति होइन।
- अरू देशमा गरीब खीष्टियनहरू हुन्छन्। तपाईंले मण्डली मातहतको संस्थाद्वारा तपाईं आर्थिक सहयोग गर्न सक्नुहुन्छ।

### गरीबहरूलाई काम उपलब्ध गरिदिन उदारचित्तको बन्नु

⊙ **पढ्नुहोस्: व्यवस्था १५:१२–१८**

कोही इस्रायली गरीब हुनसक्छ। त्यसैले उसले कसैकहाँ काम गर्नुपर्दछ। सायद, ऊ आफैले खेतबारी कमाउन सक्तैन होला। यद्यपि, उसले आफूलाई दासको रुपमा बेच्न सक्दछ। मालिकले आफ्नो दासको हेरचाह गर्नुपर्दछ र उसलाई ६ वर्षपछि उन्मुक्ति दिनुपर्दछ।

① **प्रयोग**: खीष्टियनहरूले गरीब र बेरोजगार खीष्टियनलाई सहायता गर्नको निम्ति उपायहरू खोज्नुपर्दछ। यो नै असल र उदारचित्तको कार्य हो। रोजगार मिलाइदिने व्यक्तिको निम्ति यो गाह्रो कार्य हुनसक्तछ। सोच्न पर्ने केही उदाहरणहरू :

- मण्डलीले गरीब विश्वासीलाई काममा नियुक्त गर्नसक्दछ।
- खीष्टियन व्यापारीले अर्को खीष्टियन मित्रलाई जागिर उपलब्ध गरिदिनसक्छ।
- खीष्टियनहरूले अरू देशहरूका गरीब खीष्टियनहरूको निम्ति जागिर उपलब्ध होस् भन्ने उद्देश्यले खीष्टियन संस्थाहरूलाई आर्थिक सहयोग गर्नसक्छन्।

परमेश्वरले आफ्ना जनहरूलाई आशिष दिनुहुन्छ तर परमेश्वरले आफ्ना जनहरू उदारचित्तका होऊन् भन्ने पनि अपेक्षा राख्नुहुन्छ। तपाईंले परमेश्वरको आशिषमा भरोसा राख्नुपर्दछ। परमेश्वर हामी सबैप्रति उदारचित्तको हुनुहुन्छ। हामीसित भएका सबै थोक परमेश्वरद्वारा नै आएका हुन्।

⑦ **प्रार्थना**: *आफ्नोभन्दा अझै ठूलो खाँचोमा परेका दाजुभाइ तथा दिदीबहिनीहरूलाई सहयोग गर्न वा सापट दिन म उदारचित्तको व्यक्ति सकूँ भनी परमेश्वर सित पुकार गर्नुहोस्।*

२६

# परमेश्वरले गर्नुभएको कार्य संझना गर्नु साथै उत्सव मनाउनु

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई परमेश्वरको व्यवस्था पालन गर्न हौसला दिइरहेका हुन्छन्।

**पद १-१७ पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था १६:३** । "खमीरयुक्त" । खमीर भनेको मर्चाजस्तै वस्तु हो। खमीररहित रोटी चाँडै पाक्दथ्यो।
- **व्यवस्था १६:१३**। "पाल" वा "छाप्रो" अहिलेका त्रिपालहरूजस्तै हुन्थे। मरुभूमिको यात्रामा पालमुनि बसेको संझना गर्न छाप्रो चाडको समयमा मानिसहरू छाप्रामुनि बस्ने गर्दथे।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

इस्रायलमा प्रत्येक वर्ष चाडहरू (उत्सव) मनाइन्थ्यो: **१) निस्तार चाड** (प्रस्थान१२:१-२८; लेवी २३:४-८), **२) हप्ताहरू** (लेवी २३:१५-२१) **३) पाल/छाप्रो वास** (लेवी २३:३३-३४)

- *हरेक चाडमा मानिसहरूले के कुरा स्मरण गर्नुपर्दछ ? उनीहरूले कसरी उत्सव मनाउँदछन् ?*

पदहरू १-८ । निस्तार चाडले मानिसहरूलाई मिश्रदेखि परमेश्वरले आफूहरूलाई छुटकारा गर्नुभएको घटनालाई स्मरण गराउँदछ। मानिसहरूले हतारमा मिश्रदेखि निस्कनु परेकोले उनीहरूले यस चाडमा खमररहित रोटी मात्रै प्रयोग गर्दथे।

पदहरू ९-१२ । हप्ताहरूको चाडचाहिँ अन्नपात कटनीको निम्ति धन्यवाद-ज्ञापनको चाड थियो । मानिसहरू परमेश्वरको आशिषमा रमाउनुपर्दथ्यो । आफ्नै जग्गा-जमिन नहुने गरीबहरूलाई पनि त्यस चाडमा समावेश गरिनुपर्दथ्यो। मानिसहरूले हामी मिश्रमा हुँदा दास थियौं भन्ने कुरा स्मरण गर्नुपर्दथ्यो।

पदहरू १३-१५ । छाप्रो वासको चाडचाहिँ कटनीको अन्त्यमा मनाइन्थ्यो । जग्गा-जमिन नहुने गरीब मानिसहरूलाई यस चाडमा समावेश गर्नुपर्दथ्यो। मानिसहरूले यी सबै कुरा परमेश्वरले हामीलाई दिनुभएको हो भनी उत्सव मनाउनु र स्मरण गर्नुपर्दथ्यो।

पदहरू१६-१७। यी तीनै ओटा चाडहरू परमेश्वरले तोक्नुभएका ठाउँहरूमा मनाइन्थ्यो।

- *यी चाडहरूले ख्रीष्टियनहरूलाई के सन्देश दिँदछन् ?*

**१. येशू प्रभु हाम्रो निस्तार चाडको थुमा हुनुहुन्छ** (१ कोरिन्थी ५:७)। ख्रीष्टियनहरूले प्रभु भोजको समयमा हाम्रो निम्ति ख्रीष्टको मृत्युको उत्सव मनाउनुपर्दछ।

**२. हप्ताहरूलाई ग्रीकमा पेन्तिकोस भनिन्छ** । परमेश्वरले आफ्नो व्यवस्था लेखाउन ख्रीष्टियनहरूका हृदयमा आफ्नो पवित्र आत्मा दिनुभएको लागि ख्रीष्टियनहरूले उहाँलाई धन्यवाद दिनुपर्दछ।

**३**. यूहन्ना ७:३७-३९ मा **छाप्रो बास** सम्बन्धी लेखिएकोछ। येशू प्रभु जीवित पानीको मुहान दिनुहुन्छ, जोचाहिँ पवित्र आत्मा हुनुहुन्छ। ख्रीष्टियनहरूले येशू प्रभु र पवित्र आत्माको वरदानको उत्सव मनाउँदछन्।

**मुख्य बुँदा**

**परमेश्वरका जनहरूले उहाँले हाम्रो निम्ति गर्नुभएको कार्य संझनु पर्दछ, अनि उत्सव मनाउनुपर्दछ ।**

## ⊙ शिक्षण: व्यवस्था १६:१-१७

⊙ **थालनी**

परमेश्वरका जनहरूका लागि चाडहरू भनेका परमेश्वरले गर्नुभएका कार्यहरू संभ्कन र तिनमा आनन्द मनाउन महत्त्वपूर्ण हुन्छन्। पुरानो नियमका परमेश्वरका जनहरूको लागि चाडहरू महत्त्वपूर्ण हुन्थे।

### निस्तार चाड

⊙ **पढ्नुहोस्: व्यवस्था १६:१–८**

*आफ्ना श्रोताबृन्दलाई निस्तार चाडको पृष्ठभूमि र मिश्रदेखिको मानिसहरूको छुटकारा बारेमा बताइदिनुहोस्।* महत्त्वपूर्ण बुँदाहरू निम्न छन् :

- परमेश्वरले जे गर्नुभएको छ सो कुरा **संभ्कना गर्नु** (पद १, ३, ६)।
- **आनन्द मनाउनु** (पद १)।

खीष्टियनका निम्ति यो चाडको सन्देश के हो ? येशू नै हाम्रो निस्तार चाडको थुमा हुनुहुन्छ। उहाँको मृत्युले हामीलाई दासत्व र पाप बाट छुट्करा गराउँछ। इस्रायलीहरूको मिश्रबाटको उद्धार भन्दा यो महत्त्वपूर्ण छ। हामीले यसको स्मरण गर्नुपर्छ अनि आनन्द मनाउनु पर्छ।

### हप्ताहरूको चाड

⊙ **पढ्नुहोस्: व्यवस्था १६:९–१२**

आफ्ना श्रोताहरूलाई यस चाडको पृष्ठभूमि बताईदिनुस्। मुख्य बुदाहरु निम्न छन्।

- मानिसहरूले यो **स्मरण गर्नु**पर्छ कि तिनीहरू मिश्रमा दास दासी थिए (पद १२)
- आनन्द मनाउनु (पद १०,११)
- सबैलाई **समावेश गर्नु** (पद ११)

खीष्टियनहरूको निम्ति यस चाडको सन्देश के हो ? नयाँ नियममा यस चाडलाई **पेन्तिकोस** भनिन्छ। पेन्तिकोसचाहिँ परमेश्वरले आफ्ना जनहरूलाई पवित्र आत्मा दिनुभएको समय हो। पवित्र आत्माले हाम्रो हृदयमा परमेश्वरको व्यवस्था लेखिदिनुहुन्छ। हामी परमेश्वरको आत्माको निम्ति धन्यवाद दिँदै आत्माको भरपूरीमा चल्दछौं।

### छाप्रो बासको चाड

⊙ **पढ्नुहोस्: व्यवस्था १६:१३–१५**

*आफ्ना श्रोताबृन्दलाई निस्तार चाडको पृष्ठभूमि बताइदिनुहोस्।* महत्त्वपूर्ण बुँदाहरू निम्न छन् :

- **संभ्कना गर्नु**। मानिसहरूले मरुभूमिमा यात्रा गर्दा पालमा बसेकोसंभ्कना गर्दथे। त्यस बेलामा उनीहरूलाई आवश्यक परेको हरेक थोक परमेश्वरले नै बन्दोबस्त गरिदिनुहुन्थ्यो।
- **आनन्द मनाउनु** (पद १४,१५)।
- सबैलाई **समावेश गर्नु** (पद १४)।

खीष्टियनहरूको निम्ति यस चाडको सन्देश के हो ? जब प्रभु येशूले यूहन्ना ७ अध्यायमा छाप्रो बासको चाड मनाउनुभयो, उहाँले जिउँदो पानीको मुहानको रुपमा पवित्र आत्मा आउनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो (यूहन्ना ७:३७–३९)। परमेश्वरले मरुभूमिमा पानी दिनुभयो। येशू प्रभुले आफ्नो आत्माको जिउँदो पानी दिनुहुन्छ।

⊙ **प्रयोग**: खीष्टियनहरूले आफ्नो निम्ति परमेश्वरले येशू प्रभुमा गरिदिनुभएको कार्य संभ्कना गर्नुको साथै उत्सव मनाउनुपर्दछ। प्रभु भोजचाहिँ येशू प्रभुको मृत्युको संभ्कना गर्ने हाम्रो प्रमुख चाड हो। हामीले येशू प्रभुप्रति आदर–भक्ति र धन्यवादसहित नियमित रुपमा प्रभु भोज मनाउनुपर्दछ। इस्रायलका मानिसहरूले चाडहरूको निम्ति धेरै लामो यात्रा गर्नुपर्दथ्यो। खीष्टियनहरूले चाहिँ सबै ठाउँमा प्रभु भोज मनाउन सक्छन्।

⊙ **प्रार्थना**: *हामीलाई पापदेखि छुटकारा दिनुहुने प्रभु येशू र उहाँको क्रूसको मृत्युको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्। साथै, प्रत्येक विश्वासीमा वास गर्नुहुने पवित्र आत्माको सुन्दर वरदानको निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस्।*

२७

# परमेश्वरको शासन-विधिअनुसार

**पृष्ठभूमि**
मोसाले राजा छान्ने विषयमा इस्रायलीहरूलाई तयार पारिरहेका हुन्छन्। उनी इस्रायलीहरूलाई तिमीहरूले यस्तो किसिमको राजा छान्नुपर्छ भनी बताउँदछन्।

**पद १४-२० पढ्नुहोस्**
२ वा ३ पटकसम्म पढ्नुहोस्।

**टिप्पणीहरू**
- **व्यवस्था १७:१६**। "धेरै घोडाहरू" को अर्थ बलियो फौज भन्ने हुन्छ। "मिश्रतिर फर्कनु" को अर्थचाहिँ अन्य मुलुकमा भर पर्नु भन्ने हुन्छ।
- **व्यवस्था १७:१७**। "जम्मा गर्नु" को अर्थ धेरै पाउनु भन्ने हुन्छ।
- **व्यवस्था १७:१८**। "यस नियमको एक प्रति" भन्नुको अर्थ व्यवस्थाको पुस्तक भन्ने बुझिन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**
पछि गएर इस्रायलीहरूले राजा चाहियो भनी माग गर्दछन् (१ शमूएल ८)। त्योभन्दा अघि यहोशू अनि गिदोन र स्यामसोनजस्ता न्यायकर्ताहरूले मानिसहरूलाई नेतृत्व गरे।

राजा कस्तो हुनुपर्दछ भन्ने विषयमा निम्न कुराहरू ख्याल गर्नुहोस् :

- परमेश्वरले छान्नुभएको मानिस (पद १५)
- इस्रायली, प्रवासी होइन (पद १५)
- सेना वा सामर्थ्यमा भरोसा निषेध (पद १६)
- परमेश्वरदेखि त्यस मानिसको हृदय भड्काउने भएकोले धेरै पत्नी हुनु नहुने (पद १७)।
- धेरै पैसा हुनु नहुने (पद १७)।
- परमेश्वरको व्यवस्था लेख्ने र पढ्नु हुनुपर्ने (पद १८-१९)
- परमेश्वरको भय मान्ने, सम्मान गर्ने र आज्ञा पालक हुनुपर्ने (पद १९)
- घमण्डी हुनु नहुने (पद २०)।

बलियो सुरक्षा फौज, धेरै श्रीमती र अधिक्तम पैसा सबै परीक्षा हुन्। यी सबैले राजालाई परमेश्वरदेखि बहकाउन सक्छन्। त्यसकारण राजाले परमेश्वरको व्यवस्था बारेमा आफ्नो प्रति आफै लेख्नुपर्दछ। राजाले परमेश्वरको व्यवस्था जान्न र पालन गर्न सो व्यवस्था पढ्नैपर्दछ। यसको अर्थ राजा परमेश्वरको व्यवस्थाअनुसार चल्नुपर्दछ। परमेश्वरका सारा जनहरूले परमेश्वरको वचन पढ्नुपर्दछ (भजनसङ्ग्रह १:२)। राजा जनताभन्दा अलग व्यक्ति होइन।

अधिकांश राजाहरूले परमेश्वरको व्यवस्था पालन गरेनन्। १ र २ राजामा प्रायः सबै राजाहरू खराब छन्। राजाका घोडाहरू, धेरै जना श्रीमतीहरू र प्रशस्त पैसा हुन्थे। त्यस्तो राजाको हृदय परमेश्वरदेखि तर्केर गएको हुन्थ्यो।

परमेश्वर साँचो राजा हुनुहुन्छ। परमेश्वरले आफ्नो व्यवस्थाद्वारा इस्रायलका राजाहरूलाई शासन गर्नुहुन्थ्यो। राजा सम्बन्धी व्यवस्थाले हामीलाई सिद्ध राजा येशू प्रभुतिर नजर लगाउन सहायता गर्दछ। येशू प्रभु मण्डलीको राजा हुनुहुन्छ। यो व्यवस्था अहिलेका राज्यका राजाहरू र शासकहरूसित सम्बन्धित छैन।

**मुख्य बुँदा**
**परमेश्वरका जनहरूको अगुवा परमेश्वरको व्यवस्थाअनुसार चल्नुपर्दछ। येशू मात्रै परमेश्वरको व्यवस्थाअनुसार शत-प्रतिशत चल्नुभयो।**

## शिक्षण: व्यवस्था १७:१४-२०

**थालनी**

धेरै ओटा देशहरूमा राजा छन् । प्राय: राजाहरू नै शक्तिशाली शासक हुन्छन्।

- आदर्श वा उत्तम राजा कस्तो हुन्छ ?

इस्रायलका मानिसहरूले धेरै जना खराब राजाहरू भोगे। उनीहरूमध्ये कोही पनि असल थिएनन्।

### राजा सम्बन्धी तीन चेताउनीहरू

**पढ्नुहोस्: व्यवस्था १७:१६–१७**

राजाहरूसित धेरै घोडाहरू हुनुहुन्न । धेरै ओटा घोडाहरूले राजालाई परमेश्वरमा नभएर आफ्नै सामर्थ्यमा भरोसा गर्ने तुल्याउँदछन्।

राजाहरूले धेरै जना श्रीमतीहरू राख्नुहुँदैन । धेरै जना श्रीमतीले राजाहरूलाई परमेश्वरदेखि बहकाएर लैजान सक्छन्।

राजाहरूसित धेरै पैसा पनि हुनुहुँदैन । पैसा परमेश्वरदेखि तर्काएर लैजाने एउटा परीक्षा हो।

आफ्ना श्रोताबृन्दलाई राजा सोलोमन यी तीन ओटै कुरामा कसरी चुक्न पुगे सो बारे बताइदिनुहोस्।

### परमेश्वरको मातहतमा राजा

**पढ्नुहोस्: व्यवस्था १७:१४–१५,१८–२०**

राजा परमेश्वरको मातहतमा रहनुपर्दछ । उनले आफूलाई जे लाग्छ वा जे मन पर्छ सो गर्नुहुँदैन। राजा इस्रायली जाति हुनुपर्दछ। उनले व्यवस्थाको एक प्रति लेख्नुपर्दछ र आफ्नो राज्य कालमा सो व्यवस्था पढ्नुपर्दछ। राजाले परमेश्वरलाई आदर गर्नुपर्दछ। राजा अहङ्कारी हुनुहुँदैन।

खीष्टियनहरू प्राचीन इस्रायलका मानिसहरूजस्ता हुनुहुँदैन। उनीहरूको झैं हाम्रो राजा खराब हुनुहुन्न। मण्डली नै आज परमेश्वरका जनहरू हुन्। यस नियमले हामीलाई मण्डलीका अगुवाहरूको विषयमा बताउँदछ । मण्डलीका अगुवाहरू साँचो विश्वासी हुनुपर्दछ। मण्डलीका अगुवाहरू विनम्र हुनुको साथै परमेश्वरको वचन जानेको हुनुपर्दछ।

कतिपय मण्डलीका अगुवाहरू परमेश्वरको व्यवस्थाअनुसार चल्दैनन्। कतिपयले त परमेश्वरको वचन त्यति राम्ररी बुझेका पनि हुँदैनन्। कतिपयचाहिँ अहङ्कारी हुन्छन् । कतिपय अगुवाहरूचाहिँ पैसा र पद प्राप्त गर्न लालायित हुन्छन्। कतिपय मण्डलीका अगुवाहरू व्यभिचारको पापमा फस्दछन् । यी सबै कुरा खराब हुन्। यस्ता अगुवाहरूसित परमेश्वर खुशी हुनुहुन्न।

### शिद्ध राजा

*इस्रायलका मानिसहरूले कहिल्यै पनि शिद्ध राजा पाउन सकेनन् भनी आफ्ना श्रोताबृन्दलाई बताउनुहोस्।*

येशू, दाउदको पुत्र, सिद्ध राजा हुनुहुन्थ्यो । उहाँ सदैव परमेश्वरको व्यवस्थाअनुसार हुनुहुन्थ्यो । येशू कहिल्यै पनि धेरै घोडाहरू, शक्ति, श्रीमती, वा पैसाको परीक्षामा फस्नुभएन। येशू मण्डलीको राजा हुनुहुन्छ। खीष्टियनहरू उहाँको राज्यका मानिस हुन्। खीष्टियनहरू उहाँको व्यवस्थाअनुसार चल्नुपर्दछ।

**प्रयोग**: तपाईंको क्षेत्रमा मण्डलीका अगुवाहरूमा के के परीक्षा आउँदछन् ? *मण्डलीका अगुवाहरूलाई परमेश्वरको वचनअनुसार जिउन उत्साह दिनुहोस् । मण्डलीका अगुवाहरूका निम्ति मण्डली सदस्यहरूलाई प्रार्थना गरिदिन आग्रह गर्नुहोस्।*

**प्रार्थना**: *सिद्ध राजा येशू प्रभुको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । मण्डलीका अगुवाहरूको निम्ति प्रार्थना गरिदिनुहोस् । उनीहरू परमेश्वरको व्यवस्थाअनुसार चलून् भनी प्रार्थना गर्नुहोस्।*

२८

# परमेश्वरका अगमवक्ताहरूलाई सुन्नु

**पृष्ठभूमि**

मोसा चाँडै मर्नेवाला छन् । उनी मरेपछि परमेश्वर अगमवक्ताहरूद्वारा मानिसहरू सँग बोल्नुहुनेछ।

**पदहरू ९–१९ पढ्नुहोस् ।**

*२ वा ३ पटकसम्म यो खण्ड पढ्नुहोस्।*

**टिप्पणीहरू**

- **व्यवस्था १८:९** । "घृणित" (एन.आई.भि.), "घिनलाग्दा" (जि.एन.) को अर्थ परमेश्वर यी चीजहरू घृणा गर्नु हुन्छ भन्ने हुन्छ।
- **व्यवस्था १८:१०** । "जोखना" ले आत्माहरू वा जादुगरलाई भविष्य देखाउन वा कुनै कुराको जिम्मेवार को रहेछ भनी देखाइमाग्न सोध्ने काम गर्दछ।
- **व्यवस्था १८:११** । "बिजुवा वा झाँक्री" भनेका मृतक आत्माहरूसित कुराकानी गर्न सक्छौं भन्ने व्यक्ति हुन्। "टुनामुना गर्नु" भनेको कुनै व्यक्तिमाथि जादु वा मन्त्र प्रयोग गर्नु हो।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू ९–१४ । अन्य ईश्वरहरू पुज्ने कोही व्यक्तिहरूले ती देव–देवताहरूलाई बलिको रुपमा बालबालिकालाई भोग दिने गर्दथे। त्यो कार्य एकदमै घृणित थियो। अन्य धर्महरूमा हामी भविष्य बताइदिन सक्छौं भनी दावी गर्ने मानिसहरू हुन्थे। बिजुवा वा जादुगरझैं उनीहरू पनि मानिसहरूमाथि टुनामुना वा तन्त्रमन्त्र प्रयोग गर्दथे। यस्ता मानिसहरू भविष्य देखाइमाग्न मृतक आत्मासित कुराकानी गर्ने वा प्रेत आत्माको सहारा लिने कोसिस गर्दछन्।

- *तपाईंको क्षेत्रमा यस्तै खालका के के चीजहरू गरिन्छन् ?*

यी सबैले मानिसहरूलाई गलत बाटोमा पुऱ्याउँदछन्। यस्ता कुरा झूटो बोल्ने शैतानद्वारा आउँदछन्। यी कुरा परमेश्वरको नजरमा घृणित तथा घिनलाग्दा हुन्छन्। परमेश्वरका जनहरू जादुगर वा धामीझाँक्री वा यस्तै खालका मानिसहरूकहाँ जानुहुँदैन।

सबै कुरा परमेश्वरको नियन्त्रणमा हुन्छ। परमेश्वरले आफ्ना जनहरूले जान्नु पर्ने सबै थोक उनीहरूलाई बताइदिनुहुन्छ । यही कारणले पदहरू ९–१४ मा उल्लेख गरिएका घिनलाग्दा थोकहरूपछि पदहरू १५–१८ मा असल थोकहरू उल्लेख गरिएका हुन्।

पदहरू १५–१८। परमेश्वरले मोसाजस्ता अगमवक्ता आफ्ना जनहरूका निम्ति पठाउनुहुन्छ। अगमवक्ताले मानिसहरूलाई परमेश्वरका वचनहरू बोल्नेछन्।

पुरानो नियममा मोसाजस्तै एलिया, एलिशा, आमोस अनि अन्य धेरै अगमवक्ताहरू देख्दछौं। तर मोसाजस्तै मुख्य अगमवक्ताचाहिँ येशू प्रभु हुनुहुन्छ । येशूले बप्तिष्मा लिनुहुँदाखेरि स्वर्गबाट परमेश्वरको यस्तो आवाज आयो :"उहाँलाई सुन !" आज परमेश्वर आफ्नो लिखित तथा वर्णित वचन बाइबलद्वारा हामी ख्रीष्टियनहरूसित बोल्नुहुन्छ।

**मुख्य बुँदा**

**परमेश्वर आफ्ना अगमवक्ताहरूद्वारा बोल्नुहुन्छ– उनीहरूका कुरा सुन्नुहोस् ! जादुगरी वा टुनामुनाको पछि नलाग्नुहोस् ।**

## ⊖ शिक्षणः व्यवस्था १८:९-१९

⊙ **थालनी**

मानिसहरू भविष्य जान्न चाहान्छन्। तर मानिसहरू भविष्य जान्नको निम्ति प्रायः गरी गलत व्यक्तिकहाँ पुग्ने गर्दछन्। *तपाईं आफ्नो क्षेत्रका केही उदाहरणहरू पेश गर्नुहोस्।*

### परमेश्वरले जे भन्नुहुन्छ सो कुरा जान्न खोज्ने गलत तरिकाहरू

⊙ **पढ्नुहोस्: व्यवस्था १८:९–१४**

मोसाले इस्रायलीहरूलाई मृतक व्यक्तिसित बोल्न वा मृतक व्यक्तिदेखि सन्देश ल्याउन सक्छौं भनी दावी गर्ने मानिसहरूकहाँ नजाओ भन्दछन्। त्यस्ता केही व्यक्तिले मानिसहरूमा टुनामुना प्रयोग गर्दछन्। केही व्यक्तिले चाहिँ भविष्य हेर्न चिन्हहरू हेर्ने गर्दछन्। केही अविश्वासीहरूले त तिनका ईश्वरलाई खुसी तुल्याउन आफ्नै छोराछोरी नै बलिको रुपमा भोग दिन्छन्। यी सबै ज्यादै घृणित थोक हुन्। राशी, जादु, टुनामुना, धामी–झाँक्री यी सबै खराब कुरा हुन्। परमेश्वरले यी सबै थोकलाई घृणा गर्नुहुन्छ।

*आफ्ना श्रोताबृन्दलाई यी सबै शैतानबाट आएका छल हुन् भनी बताइदिनुहोस्।* छलको शिकार नबन्नुहोस्! नक्षत्र वा जादुले हामीमा राज गर्दैन। परमेश्वरले मात्रै हामीमाथि राज गर्नुहुन्छ। यदि ख्रीष्टियनहरू नै यस्ता खराब कार्यको पछि लाग्छन् भने पनि उनीहरूको पछि नलाग्नुहोस्। छलपूर्ण व्यवहार गर्ने र झूट बोल्ने शैतानदेखि अलगै बस्नुहोस्। तर परमेश्वर नै जीवन र मृत्युको नियन्त्रक हुनुहुन्छ। शैतानले परमेश्वरबिनाको मृत्यु चाहान्छ। तर परमेश्वरबिनाको मृत्युचाहिँ नरक हो।

खराब थोकहरूदेखि भयभीत नहुनुहोस्। यदि कुनै धामी–झाँक्री वा टुनामुना गर्नेले तपाईंमाथि मन्त्र लगाएमा के हुन्छ नि ? स्मरण रहोस्–परमेश्वर ती सबै कुराभन्दा झनै शक्तिशाली हुनुहुन्छ। कुनै पनि थोकले हामीलाई येशूमा परमेश्वरको प्रेमदेखि अलग पार्न सक्तैन।

### परमेश्वरले जे भन्नुहुन्छ सो कुरा ठीकसित सुन्ने तरिकाहरू

⊙ **पढ्नुहोस्: व्यवस्था १८:१५–१९**

यदि हामी परमेश्वरले के भन्नुहुँदोरहेछ भनी जान्न चाहन्छौं भने, सजिलो छ ! मोसा बितेपछि परमेश्वरले उनीजस्तै अरू अगमवक्ताहरू खडा गर्नुहुन्छ। तिनै अगमवक्ताहरूले मानिसहरूलाई परमेश्वरको वचन बताइदिनेछन्। *आफ्ना श्रोताबृन्दलाई पुराना नियमका केही अगमवक्ताहरूको बारेमा बताइदिनुहोस्।* परमेश्वरले मानिसहरूलाई तिमीहरूले साँचा अगमवक्ताका कुरा सुन्नुपर्दछ भनी चेताउनी दिनुहुँदछ।

### आजका महान् अगमवक्ता र विश्वासीहरू

महान् अगमवक्ता येशू हुनुहुन्छ। येशूले बप्तिष्मा लिनुहुँदा स्वर्गबाट परमेश्वरको यस्तो वाणी आयोः "**उहाँका कुरा सुन** !"

आज परमेश्वरले जे भन्नुहुन्छ सो कुरा विश्वासीहरूले सुन्नुपर्दछ। परमेश्वर बाइबलमा बोल्नुहुन्छ। परमेश्वर आफ्ना अगमवक्ताहरू र आफ्नै पुत्र येशू ख्रीष्टद्वारा बाइबलमा बोल्नुभएको छ (हिब्रू १:१–४)। हामीले सुन्नुपर्दछ। आज्ञापालन गर्नुपर्दछ।

परमेश्वर छर्लङ्ग रुपमा बोल्नुहुन्छ। उहाँको वचन गाह्रो छैन। हामीले भविष्य थाहा पाउनको निम्ति अन्य ईश्वरहरूको मार्ग पछ्याउनु हुँदैन। हामीले त परमेश्वरको वचन, बाइबलले बताएको कुरा सुन्नुपर्दछ र तिनलाई नै पालन गर्नुपर्दछ।

⊙ **प्रार्थनाः** *परमेश्वर, तपाईं वचनमा स्पष्ट रुपमा बोल्नुहुन्छ भनी उहाँलाई धन्यवाद दिनुहोस्। तपाईंको वचन धेरैभन्दा धेरै सुन्न र तिनलाई पालन गर्न सकौं भनी प्रार्थना गर्नुहोस्।*

# २९ जीवनमा गरिने हरेक कार्य परमेश्वरकै निम्ति गरिनुपर्दछ

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई प्रतिज्ञाको भूमिमा बसाउन तयार पारिरहेका हुन्छन् । उनी इस्रायलीहरूलाई परमेश्वरद्वारा व्यवस्था प्रदान गर्दछन्। व्यवस्थाचाहिँ जीवनका सम्पूर्ण क्षेत्रहरूसित केन्द्रित छ।

**पदहरू १–१२ पढ्नुहोस्**

*यो खण्ड २/३ पटक पढ्नुहोस्। हरेक पद पढ्नुहोस् अनि आफ्नै शब्दहरूमा यस खण्डलाई आफ्नो निम्ति व्याख्या गर्नुहोस्।*

टिप्पणीहरू

**व्यवस्था २२ः८** । "बार" भनेको मानिसहरू नलडून् भनेर घरको छत वरिपरि लगाइने पर्खाल हो।

- **व्यवस्था २२ः१२**। "झुम्का" भनेको कोट, लगाइने कपडा वा मजेत्रोको अन्तमा फुर्काको रुपमा राखिने कपडाको अतिरिक्त टुक्रा हो।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

कतिपय नियमहरूचाहिँ अनौठा खालका छन्। तपाईंले यी नियमहरू अध्ययन गर्नुअघि हरेक नियमको कारण के होला सो बारे विचार गर्ने कोसिस गर्नुहोस्।

पदहरू १–४ । परमेश्वरका जनहरूले अन्य इस्रायलीहरूका जनावरहरूको हेरचाह गर्नुपर्दछ। यो पनि आफ्ना छिमेकीहरूलाई प्रेम गर्ने एउटा तरिका हो । खीष्टियनहरूले पनि अन्य खीष्टियनहरूलाई हेरचाह गर्नुपर्दछ। यदि तपाईंको भाइको कुनै बाख्रा बगाल छोडेर आएमा तपाईं के गर्नुहुन्छ ? तपाईंले त्यसको हेरचाह गरेर फिर्ता गर्नुपर्दछ ?

पद ५। यो नियमचाहिँ परमेश्वरले पुरुष र स्त्रीलाई कसरी फरक बनाउनुभएको छ सो कुरा भिन्नता देखाउन कोसिस गर्ने मानिसको बारेमा छ। यसको अर्थ स्त्रीले जिन्स लगाउनुहुँदैन वा पुरुषले लुङ्गी लगाउनु हुँदैन भन्न खोजिएको होइन।

पदहरू ६–७ । यो नियमचाहिँ भविष्यमा प्रयाप्त मात्रामा अन्नपात संरक्षित रहोस् भनी सुनिश्चित गर्ने नियम हो। हामीले हाम्रा अन्नपातको आपूर्ति र श्रोतहरूको रक्षा गर्नुपर्दछ।

पद ८ । प्राचीन इस्रायलमा मानिसहरू समतल किसिमको छत बनाउँदथे । उनीहरू कहिलेकाहीं छतमाथि काम गर्ने वा सुत्ने गर्दथे । छत वरिपरि बनाइएको पर्खालले उनीहरूलाई लड्नदेखि जोगाउँदथ्यो। परमेश्वरका जनहरूले आफ्ना घरहरू अरूका निम्ति सुरक्षित तुल्याउनु पर्दथ्यो।

*तपाईंको क्षेत्रतिर मानिसहरूले आफ्ना घरहरू अरूका निम्ति कसरी सुरक्षित बनाउन सक्छन् ? के भान्सा घर नानीहरूको निम्ति सुरक्षित छ ? के विद्युत सुरक्षित तरिकाले जडान गरिएको छ ?*

- पदहरू ९–११ । बीउ, जनावरहरू र कपडा छ्यासमिस पार्ने चलनचाहिँ संभवतः अन्य धर्मका व्यक्तिहरूले गर्ने प्रचलन थियो होला। परमेश्वरका जनहरूले चाहिँ अन्य धर्मका व्यक्तिहरूले जे गर्दछन् त्यस्तै गर्नुहुँदैन।

पद १२ । फुर्काहरूले चाहिँ परमेश्वरका जनहरूले व्यवस्था पालन गर्नुपर्दछ भनी स्मरण गराउँदथे। गन्ती १५ः३८–३९ पढ्नुहोस् । परमेश्वरका जनहरूलाई अहिले फुर्काको जरुरत छैन । यदि हामी पक्का विश्वासी हौं भने परमेश्वरको आत्माले हाम्रा हृदयमा व्यवस्था लेखिसक्नुभएको छ। तर हामीले परमेश्वरको व्यवस्थालाई चाहिँ स्मरण गर्नै पर्दछ।

**मुख्य बुँदा**

**सबै थोक परमेश्वरकै निम्ति गर्नु ।**

## ⊖ शिक्षणः व्यवस्था २२:१-१२

**⊙ थालनी**

के यी नियमहरू अनौठा छन् त ? जब हामी यस नियमको कारण बारे थाहा पाउँदछौं, आजको सन्दर्भमा यसले के बताउँदछ भन्ने कुरा हामी विचार गर्न सक्छौं।

### अरू खीष्टियनहरूका हराएका थोकहरूको हेरविचार गर्नु

**पढ्नुहोस्ः व्यवस्था २२:१–४**

*आफ्ना श्रोताबृन्दलाई यस नियमको बारेमा बताउनुहोस्।* आजकालका खीष्टियनहरूलाई अरू खीष्टियनहरूका समस्याहरू बेवास्ता गर्नु सजिलो छ। तर हामी परमेश्वरका जनका रुपमा एउटै परिवारका हौं । हामीले त एकअर्काप्रति चासो राख्नुपर्दछ । *तपाईंको आफ्नो क्षेत्रतिरको उदाहरण दिनुहोस्।*

### परमेश्वरले तपाईंलाई जे हुन बनाउनुभयो त्यही बन्नु

**⊙ पढ्नुहोस्ः व्यवस्था २२:५**

कतिपय मुलुकहरूमा मानिसहरू पुरुषदेखि स्त्री वा स्त्रीदेखि पुरुष बन्न शल्यक्रिया गर्दछन् । खीष्टियनहरूले त्यसो गर्नुहुँदैन। हामी जो हौं त्यही कुरालाई स्वीकार गर्नुपर्दछ । परमेश्वरले हामीलाई बनाउनुभयो।

### खाने कुराको भावी अभाव बारे सोच्नु

**⊙ पढ्नुहोस्ः व्यवस्था २२:६–७**

हाम्रा छोराछोरी तथा नातिनातिनीहरूका निम्ति खाने कुरा सञ्चय गर्न हामीले पनि सुनिश्चित गर्नुपर्दछ। हामीले आफ्नो भूमिमा संसारका श्रोतहरूलाई हेरचाह गर्नुपर्दछ।

### हाम्रो घर सुरक्षित छ कि छैन सो सुनिश्चित गर्नु

**⊙ पढ्नुहोस्ः व्यवस्था २२:८**

*आफ्नो श्रोताबृन्दलाई इस्रायलका मानिसहरूलाई यो नियम आवश्यक पर्नुको कारण बताइदिनुहोस्।*

- के तपाईंको घर सुरक्षित छ ? के तपाईंको मण्डली भवन सुरक्षित छ ? *तपाईंले आफ्नो ठाउँलाई सुरक्षित राख्नुभएका केही उदाहरणहरू पेश गर्नुहोस्।* बुढाबुढी वा बालबालिका बारे सोच्नुहोस्। के उनीहरू तपाईंको घरमा चोटपटक लागेर घाइते हुन्छन् ? के भऱ्याङ्का सिंढीहरू प्रयोगकर्ताका निम्ति सुरक्षित छन् ? आफ्नो घरलाई सुरक्षित तुल्याउन तपाईंले के गर्नुपर्दछ ?

### अरू धर्मका मार्गहरू नअप्नाउनु

**⊙ पढ्नुहोस्ः व्यवस्था २२:९–११**

सायद, अन्य जातिहरूले जनावरहरू, बीउहरू र मालसमानहरू आदि मिसाउने गर्दथे । त्यहाँ जादु पनि हुने गर्दथ्यो। गलत धर्मले गर्ने कार्यहरू प्रभुका जनहरूले गर्नुहुँदैन।

### व्यवस्थाको संझना गर्नु

**⊙ पढ्नुहोस्ः व्यवस्था २२:१२**

*आफ्ना श्रोताबृन्दलाई इस्रायलका मानिसहरूले फुर्का झुण्डाउनुको कारण बताइदिनुहोस्। खीष्टियनहरूको हकमा यो कुरा फरक हुनुको कारण व्याख्या गरिदिनुहोस् । आफ्ना श्रोताबृन्दलाई उनीहरूले परमेश्वरको व्यवस्था संझेका छन् कि छैनन् सो बारे चुनौती दिनुहोस्।*

जीवनको हर क्षेत्र परमेश्वरको निम्ति जिइएको हुनुपर्दछ–अर्थात हाम्रो पारिवारिक जीवन, पहिरन, खाने कुरा र छिमेकीका पशुहरू, आदि सबै परमेश्वरकै निम्ति जिइएको हुनुपर्दछ। परमेश्वरले हामीलाई के गराउन चाहनुहुन्छ सो बारे हामीले सदैव सोच्नुपर्दछ। परमेश्वरचाहिँ हाम्रो जीवनको सबै क्षेत्रको परमेश्वर हुनुहुन्छ। सबै कुरा उहाँकै खातिर गरिनुपर्दछ।

⊕ **प्रार्थनाः** *तपाईंको व्यवस्था आज कसरी पालन गरिनुपर्दछ सो बारे ज्ञान दिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्। हामी चुके पनि येशूमा हामीलाई क्षमा मिल्ने भएकोले परमेश्वरलाई धन्यवाद दिनुहोस्।*

३०

# तपाईंले यौनजन्य पाप गर्नुहुँदैन

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई प्रतिज्ञाको भूमिमा बसाउन तयार पारिरहेका हुन्छन् । उनी इस्रायलीहरूलाई परमेश्‍वरद्वारा व्यवस्था प्रदान गर्दछन् र ती व्यवस्था पालन गर्न उनीहरूलाई हौसला दिँदछन् ।

**पदहरू १३–३० पढ्नुहोस्**

*२/३ पटक यो खण्ड पढ्नुहोस्*

**टिप्पणीहरू**

- **व्यवस्था २२:१४** । "उनको कुमारीत्वको प्रमाण" को अर्थ त्यस स्त्रीले विवाहपूर्व कहिल्यै यौनसम्पर्क गरेकी छैनन् भनी देखाउनु भन्ने हुन्थ्यो । त्यसको प्रमाणचाहिँ उनको रगत लागेको तन्ना हो ।
- **व्यवस्था २२:२१** । "छाडा" को अर्थ एक जनाभन्दा बढी व्यक्तिहरूसित यौन सम्पर्क गर्नु भन्ने हुन्छ ।
- **व्यवस्था २२:२२** । "...सित सुत्नु" वा "सहवास गर्नु" को अर्थ कोही व्यक्तिसित यौन सम्पर्क गर्नु भन्ने बुझाउँदछ ।
- **व्यवस्था २२:२३** । "मागिसकेको" भन्नुको अर्थ मगनी भइसकेको भन्ने हुन्छ ।
- **व्यवस्था २२:२३** । "बलत्कार गर्नु" को अर्थ कुनै स्त्रीलाई पुरुषले जब्बरजस्ती यौन सम्पर्क गर्नु हो ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

यौन चर्चा गरिने सजिलो विषय होइन । कतिपय व्यक्तिलाई लज्जाबोध हुन्छ । कतिपयलाई यो रमाइलो लाग्ला । बाइबलमा यौनको बारेमा धेरै पटक चर्चा गरिएको छ । धेरै मानिसहरूका निम्ति यौन एउटा परीक्षा हो । विश्‍वासीहरूलाई पवित्र रहन उत्साह दिइनु जरुरी हुन्छ ।

पदहरू १३–२२ । कुनै पुरुषले मेरी श्रीमतीले त विवाहपूर्व नै यौन सम्पर्क गरिसकेको रहेछ भनेर तानाबाना बुन्न सक्छ । यो कुरा नै वैवाहिक जीवन टुङ्‌गाउने बहाना बन्न सक्छ । सायद, अभिभावकहरूले नै यो मानिसले झूट बोल्दैछ भनी प्रमाणित गर्न सक्छन् । विवाह महत्त्वपूर्ण विषय भएकोले सम्बन्ध विच्छेद सजिलो हुनुहुँदैन ।

पदहरू २३–२७ । यदि कुनै पुरुषले मगनी भएकी स्त्रीलाई बलत्कार गर्दछ भने, त्यस स्त्रीले गोहार माग्न सक्छिन् । शहरमा मानिसहरूले उनको चित्कार सुन्नेछन् । सायद, गाउँमा नसुनिएला । पुरुषले स्त्रीको इच्छाविपरीत यौनकार्य गर्नुहुँदैन । यो दुष्कर्म हो ।

पदहरू २८–३० । यदि मगनी नभएकी स्त्री र पुरुष बीच यौन सम्पर्क भएमा के हुन्छ ? यदि त्यस्तो अवस्थामा पुरुषले बलत्कार गर्‍यो वा स्त्रीको इच्छाविपरीत यौन सम्पर्क गर्‍यो भने, उनीहरू बीच विवाह हुनुपर्दछ । यस्तो परिस्थितिमा त्यस स्त्रीलाई पति पाउन कठिन हुने हुनाले त्यही व्यक्तिसित उनको विवाह हुनुपर्दछ । त्यही पुरुषले उनको हेरचाह गर्नुपर्दछ ।

ख्रीष्टिय विवाहचाहिँ येशू ख्रीष्ट र मण्डली बीचको सम्बन्धझैं हुनुको निम्ति हो (एफिसी ५:२२–३३) ।

**मुख्य बुँदा**

**आफ्नी श्रीमती वा श्रीमानप्रति विश्‍वासयोग्य बन्नुहोस् । विवाहबाहिर यौन सम्पर्क नगर्नुहोस् ।**

## ⊝ शिक्षणः व्यवस्था २२:१३-३०

⊙ **थालनी**

संसारका मानिसहरू यौन मन पराउँदछन् । सबैतिर अति खराब यौनजन्य व्यवहार व्याप्त भएको पाइन्छ। खीष्टियनहरू यस्तो महत्त्वपूर्ण विषयमा मौन बस्नु हुँदैन। परमेश्वरसित यस विषयमा भन्नुपर्ने विषय थुप्रै छन् र हामीसित पनि हुनुपर्दछ।

यौनचाहिँ परमेश्वरले विवाहको निम्ति दिनुभएको सुन्दर उपाहार हो । यो श्रीमान र श्रीमती बीच उपभोग गर्न दिइएको चीज हो। तर विवाहबाहिरको यौन सम्पर्कचाहिँ गलत हो।

प्राचीन इस्राायलमा दुष्कर्म गर्ने पापीहरूलाई मृत्यु सजाय दिइन्थ्यो । खीष्टियनहरूका हकमा, यस्ता पापीहरू मण्डलीमा रहन सक्तैनन् । उनीहरूलाई मण्डलीको सदस्यतादेखि हटाइन्छ।

### वैवाहिक जीवनमा विश्वासयोग्य र चोखो हुनु

⊙ **पढ्नुहोस्ः व्यवस्था २२:१३–२२**

*आफ्नो श्रोताबृन्दलाई यी पदहरू यी विषयमा केन्द्रित छन् भनी बताइदिनुहोस् ।* परमेश्वरका जनहरूले विवाहलाई विशेष चीजको रुपमा लिनुपर्दछ । खीष्टियन दम्पतिहरूले आफ्नो वैवाहिक जीवनलाई बलियो र प्रेममय बनाउन हर कार्य गर्नुपर्दछ।

### स्त्रीलाई इच्छाविपरीत यौन सम्पर्क नगर्नु

⊙ **पढ्नुहोस्ः व्यवस्था २२:२३–२७**

यदि मगनी भइसकेकी स्त्रीले पुरुषसित यौन सम्पर्क गरेमा के हुन्छ ? यदि उनीहरू दुवै जना सहमत भएको पाइएमा, उनीहरूलाई मृत्यु दण्ड दिइन्थ्यो । यदि पुरुषले स्त्रीलाई उनको इच्छाविपरीत यौन कार्य गरेमा, पुरुषलाई चाहिँ मृत्यु दण्ड दिइन्थ्यो।

धेरै जना पुरुषहरूले आफ्नो यौन इच्छा थाम्न सक्तैनन्। उनीहरूले स्त्रीलाई यौन सम्पर्क गर्न बाध्य तुल्याउँदछन्। परमेश्वर यस्तो कुरासित खुशी हुनुहुन्न। स्त्रीहरूलाई सम्मानजनक व्यवहार गरिनुपर्दछ।

यदि पुरुषले स्त्रीलाई यौन सम्पर्क गर्न करबल लगाएमा, हामीले प्रहरीलाई उजरी दिनुपर्दछ।

### अर्कै मुद्दा

⊙ **पढ्नुहोस्ः व्यवस्था २३:२८–२९**

यदि कुनै पुरुषले मगनी नभएकी स्त्रीलाई जब्बर जस्ती यौन कार्य गरेमा, के कारबाही हुन्थ्यो त ? यस्तो अवस्थामा उनीहरूले विवाह गर्नुपर्दथ्यो । यस व्यवस्थाले स्त्रीलाई सुरक्षा प्रदान गर्दथ्यो । यस व्यवस्थाले पुरुषलाई त्यस स्त्रीको देखभाल गर्न बाध्य तुल्याउँदथ्यो । यदि ती स्त्रीले त्यो पुरुषसित विवाह गर्न चाहिनन् भने,सायद उनले त्यो व्यक्तिसित विवाह नगर्दा पनि हुन्थ्यो। वर्तमान परिवेशमा, कुनै पुरुषले कुनै स्त्रीलाई जब्बरजस्ती यौन सम्पर्क गर्दछ भने, खीष्टियनहरूले त्यस्तो स्त्रीको देखभाल गर्नुपर्दछ । उनलाई कलङ्को शिकार बनाइनुहुँदैन।

बाइबलमा यौनको विषयमा धेरै नियमहरू दिइएका छन्। गलत यौनचाहिँ बडो बलियो परीक्षा हो। परमेश्वरका जनहरू शुद्ध हुनुपर्दछ। विवाहलाई आदरणीय तुल्याइनुपर्दछ।

परमेश्वरले आफ्ना जनहरूलाई प्रेम गर्नुभएझैं श्रीमान र श्रीमतीले एकअर्कालाई प्रेम गर्नुपर्दछ । एफिसी ५:२२–३३ मा पावलले श्रीमान र श्रीमतीले पछ्याउनुपर्ने उदाहरणको रुपमा येशू प्रभु र मण्डलीको उदाहरण प्रस्तुत गरेका छन्।

⊕ **प्रार्थनाः** *यौनमा मलाई शुद्ध तुल्याउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस् । येशू प्रभुले विगतका पापहरू क्षमा दिनुभएको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् ।*

३१

# परमेश्वरले गर्नुभएको कार्यको निम्ति धन्यवाद दिनु

**पृष्ठभूमि**

यो खण्ड व्यवस्थाको अन्तिम भाग हो । मोसाले परमेश्वरद्वारा प्राप्त व्यवस्था मानिसहरूलाई बताई सकेका हुन्छन् ।

**पदहरू १–११ पढ्नुहोस्**

*दुई/तीन पटकसम्म खण्ड पद पढ्नुहोस् र आफ्नै शब्दमा आफैलाई सो खण्ड वर्णन गर्नुहोस् ।*

**टिप्पणीहरू**

- **व्यवस्था २६:५** । "अरामी" । याकूबका पितापुर्खाहरू प्रतिज्ञाको मुलुक बाहिरका हारान र अरामबाट आएका थिए ।
- **व्यवस्था २६:९** । "दुध र मह" को अर्थ उत्तम, मीठो खाने तथा पिउने कुरा भन्ने हुन्छ ।

**चिन्तनका अतिरक्त कुरा**

मोसाले मानिसहरूलाई दिएका यो नै अन्तिम व्यवस्था थियो । यो व्यवस्थाचाहिँ मानिसहरू प्रतिज्ञाको मुलुकमा आइपुगेपछि गरिएको विशेष धन्यवाद–ज्ञापनसित सम्बन्धित थियो ।

पदहरू १–४ । मोसाभन्दा पनि धेरै वर्षअघि परमेश्वरले अब्राहामलाई प्रतिज्ञाको भूमि दिनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो । परमेश्वर आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ। यो भूमि उत्तम भूमि छ। यस भूमिले धेरै अन्नपात साथै पशुपक्षी उत्पादन गर्नेछ।

जब इस्रायलका मानिसहरू त्यहाँ बसोबास गर्दछन्, उनीहरूले त्यस जमिनमा उत्पादित अघौटे फलहरू परमेश्वरलाई चढाउनुपर्दछ।

पदहरू ५–९ । यी पदहरूमा परमेश्वरका जनहरूको बृतान्त बताइएको छ । याकूब आफ्नो छोरो योसेफ भएको ठाउँ मिश्रमा गए (उत्पति ४६) । याकूब त्यहीं बिते। प्रस्थानको पुस्तकको शुरुआतमा उनको परिवार बढेर ठूलो जाति भइसकेको हुन्छ। मिश्रको राजा फारोले इस्रायलका मानिसहरूलाई दास बनाए (प्रस्थान १) । मानिसहरूले परमेश्वरमा पुकारा गरे (प्रस्थान २:२३–२५) । परमेश्वरले उनीहरूको चित्कार सुन्नुभयो । परमेश्वरले मानिसहरूलाई मिश्रदेखि निकालेर अगुवाइ गर्नको निम्ति मोसालाई खटाउनुभयो । "प्रतापी हात" (पद ८) र "ठूलो आतङ्क" को अर्थ फारोविरुद्ध परमेश्वरले ल्याउनुभएका सजायहरू भन्ने हुन्छ (प्रस्थान ७–१२) ।

परमेश्वरले गर्नुभएको कार्यको संझना गर्नु परमेश्वरका जनहरूका निम्ति महत्त्वपूर्ण हुन्छ ।

*हामी ख्रीष्टियनहरूको हकमा, हमीले के कुराको संझना र उत्सव मनाउनुपर्दछ ? यस कार्यमा हामी कतिको राम्रो छौं त ?*

- पदहरू १०–११ । परमेश्वर विश्वासयोग्य हुनुभएकोले मानिसहरूले जमिनबाट उत्पादित अघौटे फल परमेश्वरलाई धन्यवाद स्वरुप चढाउनुपर्दछ। परमेश्वरले खाने कुरा दिनुहुन्छ। अन्य ईश्वरहरूले त्यसो गर्दैनन् । मानिसहरूले आनन्द मनाउनुपर्दछ। परमेश्वरले हामीलाई जे दिनुभएको छ सो कुरामा हामी कतिको रमाउँदछौं ? फिलिप्पी ४:४ पढ्नुहोस् ।

**मुख्य बुँदा**

**परमेश्वरका जनहरूले परमेश्वरलाई धन्यवाद दिनुपर्दछ ।**

## ⊛ शिक्षणः व्यवस्था २६:१–११

⊙ **थालनी**

- सबै परिस्थिति ठीकठाक हुँदा के तपाईं कुनै बेला परमेश्वरलाई धन्यवाद दिन बिर्सनुहुन्छ ?

यस व्यवस्थाले परमेश्वरका जनहरूलाई परमेश्वरलाई धन्यवाद दिन स्मरण गराउँदछ।

### परमेश्वरलाई अघौटे र उत्तम कुरा चढाउनु

⊙ **पढ्नुहोस्ः व्यवस्था २६:१**–४

जब मानिसहरू प्रतिज्ञाको भूमिमा बसोबास गर्दछन्, परमेश्वरले उनीहरूलाई त्यस जमिनदेखि उत्पादित अघौटे अन्नपात र फलफूल माग गर्नुहुन्छ। यसको अर्थ परमेश्वरलाई दिइने कार्य पहिलो हुनुपर्दछ भन्ने हुन्छ।

### परमेश्वरले गर्नुभएको कार्य संझना गर्नु

⊙ **पढ्नुहोस्ः व्यवस्था २६:५–९**

यी भनाइहरू परमेश्वरका जनहरूका बृतान्तहुन् । *आफ्नो श्रोताबृन्दलाई याकूब, मिश्र, इस्रायली जाति, दासत्व, उद्धार र प्रतिज्ञाको भूमिमा प्रवेश बारे बताउनुहोस् ।*

परमेश्वरका जनहरूले परमेश्वरले गर्नुभएको कार्य संझना गर्नु अनिवार्य हुन्छ । त्यसकारण बाइबलका बृतान्तहरू पढ्नु महत्त्वपूर्ण छ । हाम्रो वृतान्तचाहिँ के हो नि ? हामी ख्रीष्टियनको सन्दर्भमा चाहिँ क्रूसमा मर्नुभएको येशू हाम्रो बृतान्तको केन्द्रबिन्दु हुनुहुन्छ । येशू क्रूसमा हुनु नै हाम्रो उद्धार हो। येशूले पापीहरूलाई पापको दासत्वदेखि उद्धार गर्नुहुन्छ । उहाँले आफ्ना मानिसहरूलाई आत्मिक मृत्युदेखि निकालेर आत्मिक जीवनमा पुनस्थार्पित गराउनुहुन्छ।

- येशू प्रभुको मृत्यु र पुनरुत्थानको बृतान्त बताउने कस्ता खालका भजनहरू तपाईंको मण्डलीमा गाउने गर्नुहुन्छ ?

### आराधना गर्नु र रमाउनु

⊙ **पढ्नुहोस्ः व्यवस्था २६:१०–११**

यो खण्डचाहिँ दण्डवत गर्नु र आनन्द मनाउनु भन्ने आज्ञासित समापन हुँदछ । परमेश्वरका जनहरूका निम्ति आनन्द बडो महत्त्वपूर्ण हुन्छ । नयाँ नियमले पनि विश्वासीहरूलाई आनन्द मनाओ भनी आज्ञा दिँदछ । परमेश्वरले हाम्रो निम्ति गर्नुभएको कार्य जब हामी स्मरण गर्दछौं, हाम्रो हृदयमा आनन्द उर्लेर आउँदछ। परमेश्वरले हामीलाई दिनुभएको कुरा जब हामी संझन्छौं, हामी हृदयदेखि नै धन्यवादी हुनेछौं।

एफिसी १:३–१४ मा यसको असल नमूना देख्न सकिन्छ। पावलले एफिसीवासीहरूलाई उनीहरूका निम्ति परमेश्वरले गर्नुभएको कार्य स्मरण गराउँदछन्। पावलले यो कुरा उनीहरूलाई स्मरण गराउँदै गर्दा, उनी धन्यवादी तथा आनन्दित हुन्छन् र परमेश्वरलाई प्रशंसा चढाउँदछन्।

- तपाईं कति आनन्दित हुनुहुन्छ ?
- तपाईं परमेश्वरप्रति कति धन्यवादी हुनुहुन्छ ?

*आफ्ना श्रोताबृन्दलाई परमेश्वरले उनीहरूका निम्ति गर्नुभएका सबै कार्यहरू लेख्न लगाउनुहोस्। परमेश्वरले मेरो निम्ति यसो गर्नुभएको छ भनी अरूहरूलाई बताउनु होला भनेर आफ्ना श्रोताबृन्दलाई हौसला दिनुहोस् । श्रोताबृन्दलाई आनन्दित हुँदै परमेश्वरलाई स्तुति–प्रशंसा तथा अराधना गर्नुहोस् भनी उत्साह दिनुहोस् ।*

परमेश्वरले आफ्नो मानिसहरूलाई छान्नुभयो। उहाँले आफ्ना जनहरूलाई उद्धार गर्नुभयो । परमेश्वरले उनीहरूलाई उत्तम भूमिमा ल्याउनुभयो । हामी ख्रीष्टियनहरूलाई पनि परमेश्वरले नै रोज्नुभयो । परमेश्वरले हामीलाई येशूमा उद्धार गर्नुभयो। परमेश्वरले हामीलाई सिद्ध स्वर्गीय भूमितिर लैजादैहुनुहुन्छ । आनन्द मनाउनुहोस् ! *हाम्रो निम्ति येशूले गर्नुभएको कार्य वर्णन गर्ने केही भजनहरू गाउनुहोस् । उहाँको स्तुति–प्रशंसा तथा आराधना गर्नुहोस् ।*

⊛ **प्रार्थनाः** *तपाईंको निम्ति परमेश्वरले गर्नुभएको हरेक कार्यको निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस् । प्रभुमा नै आनन्द मनाउनुहोस् !*

३२

# परमेश्वरसित ठीक रहनु

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई प्रतिज्ञाको मुलूकमा प्रवेश गरिसकेपछि उत्सव मनाउन भन्छन्। यो उत्सव विशेष ठाउँमा एक पटकका लागि मात्र हो।

**पदहरू १–१३ पढ्नुहोस्**

*दुई/तीन पटकसम्म यी पदहरू पढ्नुहोस् र हरेक पदलाई आफ्नै शब्दमा आफ्नो निम्ति वर्णन गर्नुहोस्।*

**टिप्पणीहरू**

- **व्यवस्था २७:३**। "यस व्यवस्थाका वचनहरू" भन्नाले व्यवस्था १–२६ लाई बुझ्नुपर्दछ।
- **व्यवस्था २७:१२**। "घोषणा गर्नु" को अर्थ चर्को स्वरले भन्नु भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

इस्राएलका मानिसहरूले गर्नैपर्ने चार ओटा कुरा निम्न छन् :

**१. उनीहरूले ठूला ढुङ्गाहरूमा व्यवस्था १–२६ सम्मका वचनहरू लेख्नुपर्दछ।** ती ढुङ्गाहरू प्लाष्टरले ढाकिएका हुन्थे। सायद लेखिएका अक्षरहरू अझै स्पष्ट देखिओस् भन्ने हुनसक्छ।

**२. उनीहरूले ढुङ्गाको वेदी बनाउनुपर्दछ।** ढुङ्गाहरू फलामको हतियारले खोप्नु हुँदैन (पद ५–६)।

**३. उनीहरूले होमबलि चढाउनुपर्दछ (पद ६)।** होमबलिका नियमहरू लेवी १ अध्यायमा दिइएका छन्। होमबलि पापको खातिर गरिन्छ।

**४. उनीहरूले मेलबलि चढाउनुपर्दछ।** मेलबलिका नियमहरू लेवी ३ अध्यायमा उल्लेख गरिएका छन्। यो बलिचाहिँ परमेश्वरसितको सङ्गतिमा रमाउन दिइने बलि हो। मानिसहरूले खाऊन् भन्ने उद्देश्यले केही जनावर राख्ने गरिन्छ (पद ७)।

- *यस विधिको अर्थ के हो ?*

ढुङ्गा र वेदी एबाल पर्वतमा राखिन्छन्। पद १३ अनुसार, एबाल पर्वतचाहिँ अभिषापको पर्वत हो।

- *ढुङ्गा र वेदी किन आशिषको पर्वत गीरीज्जीममा राखिन्न ?*

यस विधिको अर्थ परमेश्वरको व्यवस्था पालन गरिएन भने यसले अभिषापमा पुऱ्याउँदछ भन्ने हुन्छ। मानिसहरू परमेश्वरको व्यवस्था पालन गर्न चुक्छन्। उनीहरू परमेश्वरको श्रापमा पर्नेछन्। व्यवस्था २७:२६ पढ्नुहोस्। तर परमेश्वरले अभिषापदेखि उम्कने पनि उपाय दिनुभएको छः पापको निम्ति होमबलि। त्यसपछि मानिसहरू मेलबलिमा परमेश्वरसितको सङ्गतिमा रमाउन सक्छन्।

- *नयाँ नियममा होमबलि र मेलबलि कसरी पूरा भएको देखिन्छ ?*

गलाती ३:१०–१४ पढ्नुहोस्।

*आज मानिसहरू परमेश्वरको व्यवस्था भङ्गको अभिषापदेखि कसरी जोगिन सक्छन् ?*

**मुख्य बुँदा**

**परमेश्वरले आफूसित ठीक सम्बन्धमा रहन पापी मानिसहरूको निम्ति उपाय दिनुहुन्छ।**

## ⊝ शिक्षण: व्यवस्था २७:१–१३

⊙ **थालनी**

*तपाईंको आफ्नो क्षेत्रतिरको कुनै विशेष विधिको उदाहरण दिनुहोस् ।* परमेश्वरले इस्रायलका मानिसहरूलाई विशेष विधिका निम्ति नियमहरू दिनुभयो । यो विधि इस्रायलीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गरेपछि मनाइयो । यो विधि एक पटक मात्र सम्पन्न भयो ।

### मानिसहरूले गर्नैपर्ने चार कुराहरू

⊙ **पढ्नुहोस्: व्यवस्था २७:२–७**

*आफ्नो श्रोताबृन्दलाई इस्रायलका मानिसहरूले गर्नैपर्ने चार कुराहरू बताइदिनुहोस् ।*

१. प्लाष्टरले ढाकेर ढुङ्गाहरूमा व्यवस्था लेख्नु

२. वेदी बनाउनु

३. पापको निम्ति होमबलि चढाउनु

४. मेलबलि चढाउनु

*यस विधिको बारेमा आफ्नो श्रोताबृन्दलाई व्याख्या गरिदिनुहोस् ।* यो विधि एबाल पर्वतमा गरिन्थ्यो । यो अभिषापको पर्वत हो (पद१३)। कसैले पनि परमेश्वरको सबै व्यवस्था पालन गर्न सक्तैन । मानिसहरू पाप गर्न पुग्छन् र परमेश्वरको अवज्ञा गरेको कारण उनीहरू अभिषापको भागिदार हुन्छन् (पद २६) ।

तर परमेश्वरले अभिषापदेखि उम्कने उपाय दिनुहुन्छ । पापदेखि छुटकारा पाउनको निम्ति परमेश्वरले होमबलिको नियम दिनुहुन्छ । त्यसपछि मानिसहरू परमेश्वरसितको सङ्गतिको उत्सव मनाउन सक्छन् ।

### येशू प्रभुले यो विधि पूरा गर्नुहुन्छ

आज हाम्रो निम्ति येशू प्रभुले नै व्यवस्था र बलि पूरा गरिदिनुभएको छ । हामीले पशुको बलिहरू चढाउनु पर्दैन । येशू प्रभु हाम्रो बलि हुनुहुन्छ । विश्वासीहरू आफ्नो पापको अभिषापमा रहनुपर्दैन । येशू प्रभुले हाम्रो अभिषाप हटाइदिनुभएको छ । येशू प्रभुको कारण हामी परमेश्वरसितको सङ्गतिमा रमाउन पाउँदछौं ।

*गलाती ३:१०–१४ पढ्नुहोस् अनि आफ्नो श्रोताबृन्दलाई यी पदहरू होसियारपूर्वक बताइदिनुहोस् । हामीले येशू ख्रीष्टमा मात्रै विश्वास गर्‍यौं भने परमेश्वरले हाम्रो पाप क्षमा गर्नुहुन्छ भनी श्रोताबृन्दलाई छर्लङ्ग्याइदिनुहोस् ।*

पुरानो नियमको व्यवस्थाले हामीलाई येशूतिर डोर्‍याउँदछ । येशूले मात्रै व्यवस्था शतप्रतिशत पूरा गर्नुभयो । हामी त्यसो गर्न असमर्थ छौं । हामी पापमा फस्ने भएकोले व्यवस्था पालन गर्न हामी चुक्दछौं । पाप क्षमादानको निम्ति हामी येशूतिर फर्कनै पर्दछ ।

ⓘ **प्रयोग:** *तपाईंको विश्वासी श्रोताबृन्दको निम्ति यो सन्देश आनन्दले भरपूर छ ।* पद ७ अनुसार, इस्रायलका मानिसहरूले आनन्द मनाउनुपर्दछ । ख्रीष्टियनहरूसित त आनन्द हुनुपर्ने कारण झन धेरै छ । येशू प्रभु पशु बलिभन्दा उत्कृष्ट बलि हुनुहुन्छ ।

*तपाईंको जो श्रोताबृन्द अविश्वासी छन्, तिनीहरूलाई येशूमा विश्वास गर्न आह्वान गर्नुहोस् ।* येशू प्रभुले क्रूसमा पापको अभिषाप उठाइसक्नुभएको छ । यसकारण अनाज्ञाकारिताद्वारा उत्पन्न अभिषापदेखि अलग प्रभु येशूमा जो कोहीले पनि विश्वास गर्न सक्तछ । उनीहरूले परमेश्वरको सङगतिमा रमाउन सक्छन् ।

⊕ **प्रार्थना:** *पापको अभिषापदेखि उम्कन उपाय दिनुभएको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । येशूको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । अविश्वासीहरूले परमेश्वरद्वारा क्षमादान पाउन र उहाँसित सङ्गति गर्नको निम्ति येशूमा विश्वास गर्न सकून् भनी प्रार्थना गर्नुहोस् ।*

३३

# परमेश्वरद्वारा आशिषित बन्नु !

**पृष्ठभूमि**

मोसाले इस्रायलीहरूलाई परमेश्वरले दिनुभएका सारा व्यवस्था पालन गर्न हौसला दिइरहेका हुन्छन् ।यस खण्डमा, मोसाले उनीहरूलाई यदि तिमीहरूले परमेश्वरको आज्ञा पालन गऱ्यौ भने तिमीहरूले आशिष पाउनेछौ भनी बताउँदछन्।

**पदहरू १–१४ पढ्नुहोस्**

*दिइएको खण्ड २/ ३ पटकसम्म पढ्नुहोस्*

**टिप्पणीहरू**

- **व्यवस्था २८:३** । "शहरमा" र "गाउँ–बस्तीमा" । गाउँ–बस्ती भनेको ग्रामीण क्षेत्र हो। शहर र गाउँ–बस्ती भन्नाले सबैतिर, हरेक क्षेत्रमा भन्ने हुन्छ।
- **व्यवस्था २८:६** । "जब तिमीहरू भित्र आउँछौं" र "जब तिमीहरू बाहिर जान्छौं " को अर्थ हरेक समय भन्ने हुन्छ।
- **व्यवस्था २८:७** । "तिमीहरूदेखि सात बाटा भएर भाग्नेछन्" को अर्थ शत्रुहरू पराजित भई छरपष्ट भएर भाग्नेछन् भन्ने हुन्छ।
- **व्यवस्था २८:१३** । "पुच्छर होइन तर शिर" को अर्थ इस्रायलका मानिसहरू नेतृत्व गर्ने जाति बन्नेछन् भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

आशिषका दुई समूहहरू बारे सोच्नुहोस्।

**१**. प्रशस्त उत्पादन बारे उल्लेख गर्ने पद तथा आशिषहरूको सूची बनाउनुहोस्। यस अन्तरगत वर्षा, खाद्यान्न, अन्नबाली,पशुप्राणी,बालबालिका साथै अन्य धेरै कुरा पर्दछन्।

- *यदि इस्रायलका मानिसहरू परमेश्वरद्वारा आशिषित भएमा उनीहरू कस्ता देखिएलान् जस्तो तपाईंलाई लाग्छ ?*

त्यस भूमिका अविश्वासीहरूले अन्य देव–देवताहरूले वर्षा र सन्तान दिएका हुन् भनी सोच्ने गर्दथे। तर वर्षा र सन्तान दिने त साँचो परमेश्वर हुनुहुन्छ।

**२**. अरू जातिहरू तथा परमेश्वरले सुरक्षा गर्नुभएका मानिसहरू बारेमा उल्लेख गर्ने पद तथा आशिषहरूको सूची बनाउनुहोस्।

- *आशिषित इस्रायलीहरू अरू जातिहरूभन्दा कुन–कुन तरिकाले भिन्न हुनेछन् ?*

परमेश्वरबाट आशिष पाउन इस्रायलका मानिसहरूले पालन गर्नैपर्ने विषयमा उल्लेख गर्ने पदहरू पत्ता लगाउनुहोस्। यी जातिहरूले पूर्ण रुपमा आज्ञा पालन गर्नुपर्दछ।

- *आज पनि ख्रीष्टियनहरूका निम्ति यस्तै आशिष हुन् त ?*

ख्रीष्टियनहरू परमेश्वरका राज्यका व्यक्ति हुन्। हामी यस पृथ्वीका जाति होइनौं । ख्रीष्टियन आशिषहरू मुख्यतः आत्मिक हुन् (एफिसी १:३) । डाँडाको उपदेशका आशिषहरू (मत्ती ५:१–१२) स्वर्गीय राज्यका विषयमा हुन्। धेरै ख्रीष्टियनहरूले यसलाई गलत तरिकाले बुझेका हुन्छन्। परमेश्वरले हामीलाई त यसै पृथ्वीमा धनी बनाउन चाहनुहुन्छ भनी उनीहरू सोच्ने गर्छन्। हाम्रो सम्पति त स्वर्गमा छ।

येशू हाम्रो निम्ति मर्नुभएको हुनाले हामीले उहाँमा अघि नै आत्मिक आशिष पाइसकेका छौं । ख्रीष्टियनहरू विश्वासद्वारा येशूमा धर्मी ठहरिएका हुन्छन्। तर हाम्रो विश्वासले जीवनमा आज्ञाकारिता पनि प्रदर्शन गरेको हुनुपर्दछ।

**मुख्य बुँदा**

**परमेश्वर आफ्ना मानिसहरूलाई आशिष दिन चाहनुहुन्छ ।**

## ⊝ शिक्षणः व्यवस्था २८:१-१४

**थालनी**

- *के तपाईं परमेश्वरद्वारा आशिषित हुनुहुन्छ ? परमेश्वरले तपाईंलाई के के आशिष दिनुभएको छ ?*

### धेरै थोकले आशिषित

**पढ्नुहोस्ः व्यवस्था २८:३-६,८,११,१२**

परमेश्वरले इस्रायलका मानिसहरूलाई तिमीहरू वर्षा, सन्तान,अन्नपात, खाद्यान्न, पशुप्राणीजस्ता धेरै कुराले आशिषित हुनेछौ भनेर पनि प्रतिज्ञा गर्नुभयो (पदहरू ३-६,८,११,१२)। उनीहरू सम्पन्न हुनेछन्।

### बलिया जातिका रुपमा आशिषित

**पढ्नुहोस्ः व्यवस्था २८:७,१०,१३**

परमेश्वरले इस्रायलका मानिसहरूलाई तिमीहरू बलियो जाति हुनेछौ भनेर पनि प्रतिज्ञा गर्नुभयो। शत्रुहरू उनीहरूमाथि विजयी हुनेछैनन् । अरू जातिहरूले उनीहरूमाथि शासन गर्नेछैनन् (पदहरू ७,१०,१३)।

अरू जातिहरू पनि परमेश्वरद्वारा आशिषित होऊन् भन्ने हेतुले परमेश्वर आफ्ना मानिसहरू बलिया र आशिषित जाति होऊन् भन्ने चाहनुहुन्थ्यो।

### आशिषित हुने तरिका

**पढ्नुहोस्ः व्यवस्था २८:१-२,९,१३-१४**

मोसाले मानिसहरूलाई ५ अध्यायदेखि २६ अध्यायसम्म परमेश्वरको व्यवस्था प्रदान गरे। अहिले, उनी परमेश्वरले दिनुभएको हरेक थोक पालन गर्न मानिसहरूलाई हौसला दिँदछन्। परमेश्वर शतप्रतिशत आज्ञा चाहनुहुन्छ।

- *ख्रीष्टियनहरूका निम्ति पनि अझै यिनै आशिषहरू हुन् र ?*

**उदाहरणः** कुनै एक जना वक्ताले आफ्नो श्रोताबृन्दलाई परमेश्वर आफ्ना जनहरू सम्पन्न भएको चाहनुहुन्छ भनी प्रचार गर्दछ । त्यो वक्ताले भन्दछः धनी हुनु भनेको परमेश्वरको आशिष हो साथै महङ्गो गाडी, धेरै जग्गा-जमिन, घर, सुनचाँदी र चीजबीज हुनु असल कुरा हुन् । वक्ताले भनेको कुरा सुनेर केही ख्रीष्टियनहरू निराश हुन्छन् किनकि उनीहरू गरीब थिए । उनीहरूलाई परमेश्वरले हामीलाई आशिष दिनुभएको रहेनछ भन्ने लाग्दछ । कतिपय ख्रीष्टियनहरूलाई चाहिँ हामी साह्रै असल मानिस रहेछौं भन्ने लाग्दछ किनकि उनीहरू धनी थिए। के यो कुरा सही हो त ?

**प्रयोगः** येशू प्रभुले स्वर्गको राज्यको बारेमा प्रचार गर्नुभयो। परमेश्वरका मानिसहरू भनेका यस पृथ्वीका जाति होइनन्। येशू प्रभुले मत्ती ५:१-१२ मा केही आशिषहरूको बारेमा सिकाउनुभयो । *आफ्नो श्रोताबृन्दलाई यी पदहरूमा यी आशिषहरू छन् भनी बताउनुहोस्। एफिसी १:३-१४ पढ्नुहोस्।* यी पदहरूमा उल्लेखित आशिषहरू आत्मिक हुन्। क्षमादान पाउनु, परमेश्वरको सन्तान बन्नु, परमेश्वरको पवित्र आत्मा प्राप्त गर्नुजस्ता आशिषहरू सुन्दर कुरा हुन्।

हामीले परमेश्वरबाट धेरै किसिमका भौतिक आशिषहरू पाएका छौं। तर येशूको कारणले हामीले पाएको अति महत्त्वपूर्ण आशिषचाहिँ आत्मिक वा स्वर्गीय हुन्। हामीले सबैभन्दा पहिला त तिनै आत्मिक वा स्वर्गीय आशिषको चाहना राख्नुपर्दछ।

यी आत्मिक आशिषहरू विश्वासद्वारा येशूमा प्राप्त हाम्रै आशिष हुन् (एफिसी १:३) । हाम्रो विश्वासले परमेश्वरप्रतिको आज्ञाकारिता झल्काउनुपर्दछ। हामी आफ्नै आज्ञापालनमा निर्भर हुनुहुँदैन तर येशूमा मात्रै निर्भर रहनुपर्दछ।

**प्रार्थनाः** *येशूद्वारा प्राप्त आत्मिक आशिषको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । परमेश्वरले तपाईंलाई चुन्नुभएको लागि, क्षमा गर्नुभएको लागि, आफ्नो सन्तान बनाउनुभएको लागि साथै उहाँको आफ्नो पवित्र आत्मा दिनुभएको लागि उहाँलाई धन्यवाद दिनुहोस्।*

३४

# परमेश्वरको अवज्ञा नगर्नु

**पृष्ठभूमि**

मोसाले मानिसहरूलाई व्यवस्था ५ देखि २६ मा परमेश्वरको व्यवस्था प्रदान गरे। त्यसपछि व्यवस्था २८:१–१४ मा उल्लेखित आशिषहरूको निम्ति आज्ञा पालन गर्न मोसाले इस्रायलीहरूलाई उत्साह दिए। अहिले, मोसाले इस्रायलीहरूलाई तिमीहरूले उहाँको व्यवस्था पालन गरेनौ भने परमेश्वरले यसो गर्नुहुनेछ भनी चेताउनी दिँदछन्।

**पदहरू १५–४४ पढ्नुहोस्**

*२/३ पटकसम्म दिइएको खण्ड पढ्नुहोस्।*

- **व्यवस्था २८:१५**। "अभिषापहरू" भनेका आशिषका विपरीत थोक हुन्। यी कुरा जादु होइनन्। अभिषापहरू भनेका परमेश्वरद्वारा पापको खातिर दिनुभएको दण्ड हुन्।
- **व्यवस्था २८:२३**। "तिमीहरूको शिरमाथि भएको आकाश काँसो बन्नेछ" भन्नुको अर्थ पानी पर्नेछैन भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

हरेक कुरो परमेश्वरकै अधीनमा कसरी छ सो बारे विचार गर्नुहोस्। मौसम, जीवन, मृत्यु, अन्नपात, पशुप्राणी, रोगबिमार र अरू जातिहरूका सन्दर्भमा हेर्दा सबै थोक परमेश्वरकै नियन्त्रणमा छन् भनी इंगित गर्ने पदहरू कुन–कुन हुन् ती पदहरू हेर्नुहोस्।

- *पदहरू १–१४ अनुसार आशिषका विपरीत अभिषापहरू के के हुन् ?*
- *पदहरू ३०–३४अनुसार परमेश्वरको श्राप परेको व्यक्ति कस्तो देखिनेछ ?*
- *तपाईंलाई कस्तो लाग्छ ?*

**पदहरू ४५–६८ पढ्नुहोस्**

*१५ देखि ४४ पदमा उल्लेखित कुराभन्दा ४५ देखि ६८ पदमा उल्लेखित कुरा कसरी फनै कठिन छन् ?*

प्राचीन इस्रायलको सन्दर्भमा, यदि उनीहरूले परमेश्वरको अवज्ञा गर्न पुगेमा परमेश्वरले उनीहरूलाई श्राप दिइहाल्नुहुन्थ्यो। आखिर, यो खण्ड सबै मानिसकै बारेमा केन्द्रित छ। यो एक जनालाई मात्रै श्राप दिइने विषय होइन। यदि सबैले पाप गरेमा, सारा इस्रायल जातिले नै कष्ट भोग्नुपर्ने हुन्छ।

झूट ईश्वरहरूको आराधना गर्नु सबैभन्दा ठूलो पाप हो। यदि परमेश्वरका जनहरूले व्यर्थका मूर्तिहरूको आराधना गर्न चाहन्छन् भने, परमेश्वरले उनीहरूलाई काठ तथा ढुङ्गाका निरर्थक ईश्वरहरूको आराधना गर्न अर्कै देशमा पठाउनुहुनेछ (पद ३६)।

प्रतिज्ञाको भूमिदेखि धपाइनु भनेको आखिर अभिषाप हो। अन्य अभिषापहरू अघि आउँदछन्। जब अघिल्ला अभिषापहरू आउँदछन्, परमेश्वरका जनहरू उहाँतिर फर्केर आउन सक्छन्। उदाहरणार्थ, **आमोस ४:६–१२ पढ्नुहोस्**।

खीष्टियनहरूको निम्ति शुभ खबर छ। सबैले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका छन्। तर येशूले त्यो अभिषाप लिइदिनुभयो। गलाती ३:१३–१४ पढ्नुहोस्। येशूको मृत्युमा भरोसा गरेर, विश्वासीहरू व्यवस्था भङ्गको अभिषापदेखि स्वतन्त्र भएका छन्। हामी निर्भयतापूर्वक जिउनुपर्दछ। हरेक थोकमाथि परमेश्वर नियन्त्रक हुनुहुन्छ।

**मुख्य बुँदा**

**परमेश्वरको अवज्ञा नगर्नुहोस्। परमेश्वरले अनाज्ञाकारिताको सजाय दिनुहुनेछ।**

## ⊝ शिक्षणः व्यवस्था २८:१५–६८

⊛ **उदाहरणः** उत्पति ४ अध्यायमा परमेश्वरले कयिनलाई पाप नगर्न चेताउनी दिनुभयो । कयिनले आफ्नो भाइ हाबिलको हत्या गऱ्यो। परमेश्वरले उसलाई श्राप दिनुभईकन उसको भूमिदेखि धपाइदिनुभयो।

परमेश्वरले इस्रायलीहरूलाई पाप नगर्न चेताउनी दिनुभयो । यदि इस्रायलीहरूले परमेश्वरको अवज्ञा गरेमा, उनीहरूमाथि परमेश्वरको अभिषाप पर्नेछ। परमेश्वरले उनीहरूलाई प्रतिज्ञाको भूमिदेखि धपाउनुहुनेछ।

### अभिषाप के के हुन् ?

⊙ **पढ्नुहोस्ः व्यवस्था २८:१५,२०–२१, २४–२५,२८–२९,३६**

*यदि इस्रायलीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेमा उनीहरूमाथि यी अभिषापहरू आइपर्नेछन् भनी आफ्नो श्रोताबृन्दलाई बताइदिनुहोस्।*

यदि इस्रायलीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेमा परमेश्वरले उनीहरूलाई सजाय दिनुहुन्छ । इस्रायलीहरूलाई परमेश्वरको व्यवस्था थाहा छ । उनीहरूले व्यवस्था पालन गर्नुपर्दछ नत्रता उनीहरूमाथि परमेश्वरको अभिषाप पर्नेछ।

### परमेश्वरले मात्रै अभिषाप ल्याउन सक्नुहुन्छ

*परमेश्वर सबै थोकको नियन्त्रक हुनुहुन्छ भनी आफ्नो श्रोताबृन्दलाई बताइदिनुहोस् ।* परमेश्वरले मौसम, रोगबिमार, जीवन, मृत्यु, अन्नपात, पशुप्राणी, साथै अरू जातिहरूमाथि नियन्त्रण राख्नुहुन्छ । अभिषाप जादु होइनन्। सराप्ने शक्ति कसैसँग पनि छैन।

### के इस्रायलले यस चेतावनीमा ध्यान दियो त ?

पुरानो नियममा हेऱ्यौं भने पछिल्लो चरणमा इस्रायलीहरूमाथि अभिषाप आइपरेको देख्दछौं किनकि उनीहरूले परमेश्वरको अवज्ञा गरे। आफ्नो श्रोताबृन्दलाई आमोस ४ अध्यायदेखि अभिषापको उदाहरण व्याख्या गरिदिनुहोस् । अभिषाप पनि मानिसहरूलाई परमेश्वरतिर फर्काएर ल्याउने परमेश्वरको आफ्नै किसिमको चेताउनीको माध्यम थियो । उनीहरू परमेश्वरमा फर्केनन् । त्यसकारण परमेश्वरले उनीहरूलाई बेबिलोनीहरूको दासहरू बन्न प्रतिज्ञाको भूमिदेखि हटाइदिनुभयो।

### के ख्रीष्टियनहरू श्रापित छन् ?

शुभ खबर छः येशूले क्रूसमा पापको श्राप मेटाइदिनुभएको छ । येशूमा विश्वास गर्नेहरू श्रापको जुवामुनि छैनन् । येशूमा विश्वास गर्नेहरू अभिषापदेखि उन्मुक्त भएका हुन्छन् । सबैले पाप गरेका छन् । अवज्ञाको कारण सबै जना अभिषापको जुवामुनि थिए । हामी परमेश्वरदेखि आशिषित हुन सकौं भनेर अभिषाप मेटाइदिन येशू क्रूसमा मर्नुभयो।

⊕ **प्रयोगः** *केही श्रोताहरू विश्वासी नहुन सक्छन् । उनीहरूलाई येशूमा विश्वास गर्न उत्साह दिनुहोस् । कतिपय मानिसहरू श्राप आइपर्ला भनी डराउँदछन् । उनीहरूलाई येशूमा विश्वास गर्नेलाई कसैले पनि श्रापित तुल्याउन सक्तैन भनी उत्साह दिनुहोस् । कतिपयले परमेश्वरको आज्ञा उल्लङ्घन गर्नु त ठीक पो रहेछ किनकि उहाँले क्षमा दिइहाल्नुहुने रहेछ भन्ने सोच्न सक्छन् । उनीहरूलाई परमेश्वरको आज्ञा उल्लङ्घन नगर्न चेताउनी दिनुहोस्। साँचा विश्वासीहरूले जहिले पनि परमेश्वरलाई खुशी तुल्याउन खोज्दछन्।*

⊕ **प्रार्थनाः** *हाम्रो अनाज्ञाकारिताको श्राप मेटिदिन येशू प्रभु मरिदिनुभएको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस् । हामीलाई येशूमा भरोसा राख्न र डरदेखि मुक्त भई स्वतन्त्रतापूर्वक जिउन सहायता गर्नुहोस् भनी परमेश्वरसित पुकार गर्नुहोस्।*

३५

# परमेश्वरले नै हृदय परिवर्तन गर्नुहुन्छ

**पृष्ठभूमि**

मानिसहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गर्नेछन् भन्ने कुरा मोसा जान्दछन्। तर मानिसहरूले आफ्नो आज्ञा पालन गर्न सकून् भन्ने हेतुले परमेश्वरले उनीहरूको हृदय परिवर्तन गर्नेछु भनी प्रतिज्ञा गर्नुहुन्छ।

**पदहरू १–१० पढ्नुहोस्**

*दिइएको खण्ड २/३ पटकसम्म पढ्नुहोस्*

**टिप्पणीहरू**

- **व्यवस्था ३०:२**। "फर्कनु/परमेश्वरमा फर्कनु" को अर्थ पश्चाताप गर्नु वा पापदेखि फर्कनु भन्ने हुन्छ।
- **व्यवस्था ३०:२**। "खतना गर्नु" को अर्थ सामान्यतया लिङ्गको अग्रचर्म छेदन गर्नु भन्ने हुन्छ। यस पदअनुसारचाहिँ हृदयलाई खतना गर्नु भन्ने बुझाउँदछ। यसको अर्थ उहाँसित ठीक सम्बन्धमा रहन परमेश्वरले नै तपाईंको हृदय परिवर्तन गर्नुहुन्छ भन्ने हुन्छ।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

व्यवस्था २९:१८–२८ पढ्नुहोस्। परमेश्वर आफ्ना मानिसहरूका हृदय आफूदेखि तर्केर जानेछन् भन्ने कुरा जान्नुहुन्छ (पद १८)। मानिसहरू परमेश्वरदेखि जानेछन् (पदहरू २५–२८)। उनीहरू प्रतिज्ञाको भूमिदेखि निष्कासित हुनेछन्।

शुभ खबर! परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गरी प्रतिज्ञाको भूमिमा फर्काएर ल्याउनुहुनेछ। परमेश्वरले आफ्नो वचन मानिसहरूका हृदयमा स्थापित गर्नुहुनेछ (पद १–६)। इस्रायलका मानिसहरू परमेश्वरतिर फर्कनेछन्, उहाँको आज्ञा पालन गर्नेछन् र उहाँलाई प्रेम गर्नेछन् (पद २,६,८,१०)।

परमेश्वरले इस्रायलीहरूलाई प्रतिज्ञाको भूमिमा फर्काएर ल्याउनुहुनेछ र उनीहरूलाई आशिष दिनुहुनेछ (पदहरू ३–५, ९)। परमेश्वरले अब्राहामलाई उत्पति १२:२–६ मा दिनुभएका प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ।

उत्पति १७:१०–१४ पढ्नुहोस्। परमेश्वरले अब्राहामलाई खतना गर्न आज्ञा गर्नुभयो। शारीरिक खतनाले परमेश्वरसितको विषेश सम्बन्धलाई दर्शाउँदथ्यो। तर वास्तविक समस्याचाहिँ शरीरमा नभएर हृदयमा थियो। साँचो खतनाचाहिँ हृदयको हो। परमेश्वरले व्यवस्था १०:१६ मा इस्रायलका मानिसहरूलाई आ–आफ्ना हृदयहरूमा खतना गर्न आज्ञा दिनुभयो। रोमी २:२८–२९ पढ्नुहोस्।

परमेश्वरले आफ्ना जनहरूले आफूलाई सारा हृदयले प्रेम गरुन् भनी उहाँ चाहनुहुन्छ भन्ने यस कुराले बुझाउँदछ। तर परमेश्वरका जनका हृदयहरू भने ढीट र उहाँदेखि तर्केर जाने खालका छन्। परिवर्तित हृदयले मात्रै उनीहरूले परमेश्वरलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न सक्छन् (पदहरू ६–८)।

- *परमेश्वरले हृदय कहिल्यै बदल्नुहुन्छ ?*

कलस्सी २:१०–११ पढ्नुहोस्। मानिसहरूले येशू प्रभुलाई विश्वास गरेको खण्डमा उहाँले तिनका हृदय परिवर्तन गरिदिनुहुन्छ।

**मुख्य बुँदा**

**आफ्ना जनहरूले मेरा आज्ञा पालन गरुन् भन्ने हेतुले परमेश्वरले हृदयहरू परिवर्तन गरिदिनुहुन्छ।**

## ⊝ शिक्षण: व्यवस्था ३०:१–१०

**उदाहरण:** एक जना मानिसले पूर्ण रुपमा परमेश्वरको आज्ञा पालन गर्न चाहन्थ्यो। हरेक दिन म परमेश्वरको निम्ति सही कार्य गर्नेछु भनी उसले निर्णय गर्‍यो। तर एक दिन ऊ कोही व्यक्तिसित रिसायो। अर्को दिन उसको मनमा धेरै पैसा पाउने मोह जाग्यो। अर्को दिन आफ्नो छिमेकीका चीजबिजहरू पाउन पाए हुन्थ्यो भन्ने चाह जाग्यो।

मानिसहरूले परमेश्वरको पूर्ण रुपमा किन आज्ञा पालन गर्दैनन् ? यस विषयमा परमेश्वरको व्यवस्थाले स्पष्ट रुपमा बताएको छ। समस्याचाहिँ हामीभित्रको हो। हाम्रो हृदय ठीक छैन। मानिसहरूलाई नयाँ हृदय चाहिन्छ।

परमेश्वरका जनहरू प्रतिज्ञाको भूमिमा उहाँको आज्ञा पालन गर्न असफल हुनेछन्। परमेश्वरका श्रापहरू (२८:१५–६८) इस्राायलीहरूमाथि आइपर्नेछन्। उनीहरू प्रतिज्ञाको भूमिदेखि हटाइनेछन्।

तर त्यही नै अन्त्यचाहिँ होइन ! शुभ खबर पनि छ !

### परमेश्वरले के गर्नुहुनेछ ?

**पढ्नुहोस्: व्यवस्था ३०:१,६**

*आफ्नो श्रोताबृन्दलाई उत्पति १७:१०–१४ बाट शारीरिक खतनाको विषयमा बताउनुहोस्। खतना गर्नुचाहिँ परमेश्वरसितको करारपूर्ण सम्बन्धको सङ्केत थियो भनी श्रोताबृन्दलाई बताउनुहोस्। साँचो खतनाचाहिँ हृदयको खतना हो। रोमी २:२८,२९ पढेर सो बारे वर्णन गर्नुहोस्।*

### इस्राायलीहरूले के गर्नेछन् ?

**पढ्नुहोस्: व्यवस्था ३०:२,६,८,१०**

जब परमेश्वरले इस्राायलीहरूका हृदयहरू परिवर्तन गर्नुहुन्छ, उनीहरू परमेश्वरतिर फर्केर आइकन उहाँको आज्ञा पालन गर्नेछन्। मानिसहरूले आ–आफ्नो पापको पश्चाताप गर्नेछन्। मानिसहरू परमेश्वरमा फर्केर आउनेछन्। उनीहरूले परमेश्वरलाई प्रेम गर्नेछन् (पद ६)।

### त्यसपछि परमेश्वरले के गर्नुहुनेछ ?

**पढ्नुहोस्: व्यवस्था ३०:३–५, ९**

जब मानिसहरू परमेश्वरकहाँ फर्केर आउनेछन्, परमेश्वरले उनीहरूलाई आशिष दिनुहुनेछ। उहाँले तिनीहरूलाई प्रतिज्ञाको भूमिमा फर्काएर ल्याउनुहुनेछ। परमेश्वरले फेरि पनि उनीहरूलाई धेरै थरिका असल कुरा दिनुहुनेछ। उनीहरू फेरि पनि फैलिएर जानेछन्। परमेश्वरले अब्राहामलाई दिनुभएका प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ।

### यो घटना कहिले हुन्छ ?

यो शुभ खबर त हो, तर यो घटना कहिले हुन्छ ? मानिसहरूले येशू प्रभुलाई विश्वास गरेमा परमेश्वरले उनीहरूका हृदयहरू परिवर्तन गरिदिनुहुन्छ। *कलस्सी २:१०–११ पढेर आफ्नो श्रोताबृन्दलाई व्याख्या गरिदिनुहोस्।* जब कुनै पनि व्यक्तिले प्रभु येशूलाई विश्वास गर्दछ, पवित्र आत्मा उनीहरूको हृदयमा आउनुहुन्छ र र उनीहरूको हृदयलाई बदल्नुहुन्छ।

**प्रयोग:** *कोही श्रोताहरू विश्वासी नहुन सक्छन्। उनीहरूलाई आफ्नो पापदेखि फर्कन उत्साह दिनुहोस्। उनीहरूलाई येशूमा फर्कन र परमेश्वरको आत्मा पाउनको निम्ति परमेश्वरमा पुकार गर्न उत्साह दिनुहोस्। यदि उनीहरू येशूमा विश्वास गरेर आफ्नो पापदेखि फर्कछन् भने, परमेश्वरको आत्मा उनीहरूको हृदयमा वास गर्नुहुन्छ। परमेश्वरले हाम्रो हृदयमा काम गर्नुहुन्छ भनी उहाँमा भरोसा गर्न श्रोताहरूलाई उत्साह दिनुहोस्।*

**प्रार्थना:** *हामीले परमेश्वरलाई प्रेम गर्न सकौं भनी हाम्रा हृदयलाई परिवर्तन गरिदिनुभएको उदेकको अनुग्रहको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्। मलाई परिवर्तन गर्दै लैजानुहोस् अनि म दिनदिनै येशूजस्तै बन्न सकौं भनी प्रार्थना गर्नुहोस्।*

३६

# जीवन रोज्नु !

**⊗ पृष्ठभूमि**

मोसाले मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा बसाउन तयार पारिरहेका हुन्छन्। उनको सन्देश यिनै पदहरूमा समापन हुन्छ।

**⊙ पदहरू ११–२० पढ्नुहोस्**

*दुई/तीन पटकसम्म दिइएको खण्ड पढ्नुहोस् र हरेक पदलाई आफ्नै शब्दमा आफ्नो निम्ति वर्णन गर्नुहोस्।*

**⊗ टिप्पणीहरू**

**व्यवस्था ३०:१९** । "स्वर्ग र पृथ्वी साक्षीको रुपमा/साक्षी दिनु" । परमेश्वरले आफ्ना जनहरूलाई प्रतिज्ञा दिनुहुन्छ । परमेश्वरले उनीहरूलाई आज्ञा पालन गर्नको निम्ति संझौता गराउन चाहनुहुन्छ।

**⊙ चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू ११–१४ । मोसा इस्रायलका मानिसहरूलाई परमेश्वरको व्यवस्था पालन गर्न हौसला दिन्छन् । मोसा परमेश्वरको व्यवस्था पालन गर्न त्यति गाह्रो छैन भन्छन् किनकि परमेश्वरले मानिसहरूका हृदयमा काम गर्नुहुन्छ। हामीले अन्तिम खण्डमा के पढ्यौं सो कुरा स्मरण गर्नुहोस् । समस्याचाहिँ मानव हृदय नै हो। तर परमेश्वरले नै मानव हृदयको खतना गर्नुहुन्छ वा बदल्नुहुन्छ ताकि उहाँका मानिसहरूले व्यवस्था पालन गर्न सकून्।

- *नयाँ नियममा यी पदहरू कहाँनेर उद्धृत गरिएका छन् ?*

रोमी १०:५–९ पढ्नुहोस् । वचनचाहिँ येशूको विषयमा केन्द्रित शुभ खबर हो। येशू प्रभुले परमेश्वरको वचन हाम्रा हृदय र मुखमा हालिदिनुहुन्छ भनी पावलले बताएका छन्। मोसाले भविष्य इंगित गर्दछन्। यो सङ्केतचाहिँ हाम्रो हृदयमा परमेश्वरको वचन हालिदिनु हुने र परमेश्वरलाई खुशी तुल्याउन हामीलाई सहयोग गर्नुहुने येशूको विषयमा केन्द्रित शुख खबर हो। सुसमाचार कठिन छैन। येशू प्रभुले हामीकहाँ सुसमाचार ल्याउनुभएको हुनाले सुसमाचार हामीदेखि टाढा छैन।

पदहरू १५–२०। यो मोसाको सन्देशको अन्तिम खण्ड हो। मोसाले इस्रायलका मानिसहरूलाई परमेश्वरकहाँ फर्केर आउन चुनौती दिन्छन् । उनी मानिसहरूले जीवन, समृद्धि र आशिष रोजून् भन्ने चाहन्छन् । पद २० ले भन्दछ,"परमप्रभु तिम्रो जीवन हुनुहुन्छ ।" जीवन व्यवस्थादेखि होइन तर परमप्रभुदेखि प्राप्त हुँदछ । परमेश्वरले आफ्ना मानिसहरूका हृदय परिवर्तन गर्नुहुँदा उहाँले नै जीवन दिनुहुन्छ (पद ६)।

- *हामी ख्रीष्टियनहरूको हकमा आज परमेश्वर कसरी हाम्रो जीवन हुनुहुन्छ ?*

येशू प्रभु हाम्रो जीवन हुनुहुन्छ। येशू नै बाटो, सत्य र जीवन हुनुहुन्छ। जीवनचाहिँ मृतकदेखि पुनरुत्थान हुनुभएको येशूदेखि प्राप्त हुँदछ । हामी उहाँलाई सदासर्वदा प्रेम गर्न र उहाँको निम्ति जिउन सकेका हौं भन्ने उद्देश्यले येशू प्रभुले हाम्रा हृदयहरू परिवर्तन गरिदिनुहुन्छ। हामीले येशू रोज्नुपर्दछ।

**⊕ मुख्य बुँदा**

**परमेश्वर आफ्ना मानिसहरूले उहाँलाई पछ्याएको र उहाँको निम्ति जिएको चाहनुहुन्छ ।**

## ⊖ शिक्षण: व्यवस्था ३०:११–२०

**⊙ थालनी**

मानिसले बोलेका अन्तिम शब्दहरूलाई प्रायः गरी संझने गरिन्छ।

- तपाईंलाई कसैले भनेका अन्तिम वाक्यहरू के तपाईं संझन सक्नुहुन्छ ? के तपाईं सन्देशका अन्तिम वाक्यहरू संझन सक्नुहुन्छ ?

मोसा कडा चुनौतीसहित आफ्नो सन्देश समापन गर्दछन्। जीवन रोज्नुहोस् !

### वचन तपाईंको नजीकै छ

**⊙ पढ्नुहोस्: व्यवस्था ३०:११–१४**

व्यवस्था ३०:१–१० संझनुहोस् । परमेश्वरले नै आफ्ना मानिसहरूका हृदय परिवर्तन गर्नुहुन्छ। मोसाले इस्रायलीहरूलाई परमेश्वरको वचन पालन गर्न कठिन र टाढा छैन भनी बताउँदछन्। वचन उनीहरूकै मुख र हृदयमा छ।

मोसाले के को विषयमा बोल्दैछन् ? पावलले रोमी १०:५–९ मा यही खण्डको प्रयोग गरेका छन्। वचनचाहिँ येशूको बारेमा केन्द्रित शुभ खबर हो। येशूमा विश्वास गर्नु शुख खबर हो। येशूमा विश्वास गर्नाले परमेश्वर सित हाम्रो सम्बन्ध पुनस्थार्पित हुँदछ। व्यवस्थाद्वारा परमेश्वरको नजरमा हामी सही बन्न सक्तैनौं किनकि हाम्रा हृदयहरू सही छैनन्।

### जीवन रोज्नु !

**⊙ पढ्नुहोस्: व्यवस्था ३०:१५–२०**

मोसाले मानिसहरूलाई जीवन रोज्नु भन्ने सन्देश दिँदै आफ्नो प्रवचन समापन गर्दछन्। मानिसहरूले मृत्यु र विनाश अनि अभिषाप रोज्न सक्छन्। यसको अर्थ मानिसहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गर्नेछन् र उनीहरू अन्य ईश्वरहरूतिर ढल्कनेछन् भन्ने हुन्छ। वा उनीहरू परमेश्वरमा भरोसा राखेर उहाँलाई पछ्याउन असमर्थ हुनेछन् भन्ने हुन्छ । परमेश्वरले जीवन दिनुहुन्छ । यसको अर्थ मानिसहरूले परमेश्वरको आज्ञा पालन गर्नेछन्।

हाम्रो हकमा, जीवन रोज्नु भनेको येशू रोज्नु हो। येशू नै हाम्रो जीवन हुनुहुन्छ। उहाँ नै बाटो,सत्य र जीवन हुनुहुन्छ। उहाँले आफ्नो जीवन प्रदान गर्ने आत्मा दिनुहुन्छ। येशू नै पुनरुत्थान र जीवन हुनुहुन्छ। जीवन रोज्नु भनेको परमेश्वरको अनुग्रह रोज्नु र येशू प्रभुको विषयमा शुख खबर ग्रहण गर्नु हो।

जीवन, समृद्धि, आशिष, जिउनु र बृद्धि हुनु, प्रतिज्ञाको भूमिमा दिघार्यू रहनु र परमेश्वरलाई प्रेम गर्नुः मानिसले रोज्न सक्ने कति विराट विकल्प ! यस सूचीले परमेश्वरलाई स्वीकार्न मानिसहरूमा उत्साह भर्दछ। परमेश्वरलाई रोज्नु यस्तो असल कुरा रहेछ भनी आफ्नो श्रोताबृन्दलाई बताउनुहोस्।

**⊕ प्रयोग:** *कोही श्रोताहरू विश्वासी नहुन सक्छन्। उनीहरूलाई येशू रोज्न र मसिह जीवन जिउन उत्साह दिनुहोस् ! उनीहरूलाई येशूको मृत्युले हाम्रा पाप र अभिषाप हटाई लैजान्छ भनी विश्वास गर्न उत्साह दिनुहोस् । कोही व्यक्तिहरू परमेश्वरदेखि तर्केर गएका हुनसक्छन्। उनीहरूलाई परमेश्वरमा फर्केर आउन र फेरि जीवन रोज्न उत्साह दिनुहोस्। येशूलाई रोज्दाखेरि प्राप्त हुने असल थोक नियाल्न उनीहरूलाई हौसला दिनुहोस्।*

**⊕ प्रार्थना:** *हाम्रा हृदयलाई तपाईंलाई छान्ने र मसिही जीवन जिउने तुल्याउनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्। हामीले परमेश्वरको वचन पालन गर्न सकौं भन्ने हेतुले येशू प्रभुले शुख खबरको वचन हामीकहाँ ल्याउनुभएको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।*

# ३७ परमेश्वरको भय मान्नु तर शत्रुको डरचाहिँ नमान्नु

**पृष्ठभूमि**

मोसा चाँडै भौतिक रुपमा अस्ताउनेवाला छन्। उनले इस्रायलका मानिसहरूलाई ४० वर्षसम्म नेतृत्व गरे। आफ्नो अन्तिम सन्देशपछि उनले यहोशूलाई नेतृत्व सुम्पदछन्।

**पदहरू १–१३ पढ्नुहोस्**

**टिप्पणीहरू**

- **व्यवस्था ३१ः२** । "यर्दन नदी नतर्नू।" प्रतिज्ञाको भूमिमा प्रवेश गर्न मोसालाई निषेध गरिएको छ। गन्ती २०ः९–१२ मा मोसाले गरेका गल्ती वा पापको कारण उनी प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न पाउँदैनन्।
- **व्यवस्था ३१ः४** । "सिहोन र ओग।" व्यवस्था २ः२४–३ः११ पढ्नुहोस्।
- **व्यवस्था ३१ः१०** । "पाल वा छाप्रो बासको चाड।"

व्यवस्था १६ः१३–१५ पढ्नुहोस्।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

पदहरू १–६ । मोसा इस्रायलका मानिसहरूलाई सन्देश दिन्छन् । उनी म प्रतिज्ञाको भूमिमा प्रवेश गर्नेछैनँ भनी इस्रायलीहरूलाई बताउँदछन्। उनी यहोशूले तिमीहरूलाई नेतृत्व गर्नेछन् भनी इस्रायलीहरूलाई भन्दछन्। मोसाले मानिसहरूलाई व्यवस्था पालन गर्न आह्वान गर्दछन्।

- *मोसाले मानिसहरू र यहोशू दुवै थरिलाई के आज्ञा दिए ?*
- मोसाले किन यसैमा बढी चासो दिए ?

चालिस वर्षअघि इस्रायलका मानिसहरू प्रतिज्ञाको मुलुकमा प्रवेश गरेनन् । उनीहरू त्यस भूमिका मानिसहरूदेखि भयभीत भए । व्यवस्था १ः २७–२८ पढ्नुहोस् । अब, मोसा उनीहरूलाई भयभीत नहोओ भनी आज्ञा दिन्छन् । मोसा उनीहरूलाई बलिया र साहासी होओ भनी आज्ञा गर्दछन्। मोसाले मानिसहरूलाई परमेश्वर तिमीहरूसित हुनुहुन्छ र तिमीहरूको पक्षमा उहाँ नै लड्नुहुन्छ भनी स्मरण गराउँदछन्।

पदहरू ७–८ । मोसा यहोशूसित कुराकानी गर्दछन्। मोसाले यहोशूलाई पनि भयभीत नबन्नू भनी आज्ञा दिन्छन्। यहोशू बलियो र सहासी हुनुपर्दछ। परमेश्वरले यहोशूलाई आफूले अब्राहामका सन्ततिहरूलाई प्रतिज्ञाको मुलुक दिनेछु भनी प्रतिज्ञा गरेको स्मरण गराउनुहुन्छ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । परमेश्वर तिमीसित हुनुहुन्छ भनी मोसाले यहोशूलाई स्मरण गराउँदछन्।

- के कुराले मानिसहरू र यहोशूलाई बलिया र सहासी तुल्याउनेछ ?
- *उनीहरूलाई के कुराले शत्रुदेखि भयभीत तुल्याउनेछैन ?*

पदहरू ९–१३ । हरेक सातौं वर्षमा पूजाहारीहरूले मानिसहरूलाई पूरै धर्मशास्त्र पढिदिनुपर्दछ। मानिसहरूले परमेश्वरको व्यवस्था भुल्नुहुँदैन। परमेश्वरका जनहरूको साँचो अगुवा भनेको परमेश्वर स्वयम् हुनुहुन्छ । परमेश्वरले आफ्ना जनहरूलाई आफ्नो वचन र यहोशूद्वारा डोऱ्याउनुहुन्छ। यहोशू परमेश्वरको अधीनमा रही उहाँको वचनअनुसार चल्नुपर्दछ।

- *यस खण्डले परमेश्वरका जनहरूलाई के सन्देश दिँदछ ?*
- *अगुवाहरूलाई यस खण्डले के भन्दछ ?*

**मुख्य बुँदा**

**परमेश्वरको वचन सुन्नु, परमेश्वरको भय मान्नु र शत्रुदेखि भयभीत नहुनु ।**

## ⊛ शिक्षणः व्यवस्था ३१:१–१३

**थालनी**

जब परमेश्वरका जनहरूका अगुवाहरू बितेर जान्छन्, तब मानिसहरू भविष्यदेखि भयभीत हुन सक्छन् । परमेश्वरका जनहरूका महान् अगुवाहरूमध्ये मोसा एक जना महान् अगुवा थिए । मोसा मर्ने छन् भन्ने कुरा मानिसहरू जान्दथे ।

### मोसाले मानिसहरूलाई उत्साह दिँदछन्

**पढ्नुहोस्ः व्यवस्था ३१:१–६**

मोसाले मानिसहरूलाई बलियो र सहासी होओ भनेर उत्साह दिँदछन् । इस्रायलीहरू बलियो र सहासी हुन सक्ने कारणचाहिँ परमेश्वरले नै उनीहरूलाई अगुवाइ गर्नुहुनेछ । परमेश्वर शक्तिशाली र विश्वासयोग्य हुनुहुन्छ। शत्रु बलियो छ। तर परमेश्वर झन् बलियो हुनुहुन्छ।

### मोसाले येहशूलाई उत्साह दिन्छन्

**पढ्नुहोस्ः व्यवस्था ३१:७–८**

**मोसाले येहशूलाई बलियो र साहसी हुन भन्नुभयो । परमेश्वरले येहशूलाई उहाँ आफ्नो मुलुकको प्रतिज्ञाप्रति विश्वासयोग्य हुनुहुन्छ भनी स्मरण गाराउँछन । येहशू बलियो र खुबै साहसी हुनसक्छन् किनभने परमेश्वर विश्वासयोग्य र शक्तिशाली हुनुहुन्छ।**

### मानिसहरूले परमेश्वरको वचन सुन्नुपर्दछ

**पढ्नुहोस्ः व्यवस्था ३१:९–१३**

हरेक सातौं वर्षमा मानिसहरूले परमेश्वरको व्यवस्था सुन्नुपर्दछ । पूजाहारीहरूले मानिसहरूलाई व्यवस्था पढेर सुनाउनुपर्दछ । मानिसहरूले परमप्रभुको भय मान्न सिक्नुपर्दछ। यदि मानिसहरूले परमेश्वरको भय माने भने, उनीहरूले शत्रुको भय मान्नुपर्दैन।

जब मोसाको देहावसान भयो, यहोशूले मानिसहरूलाई नेतृत्व गरे। तर मानिसहरूलाई परमेश्वरको वचनद्वारा पनि अगुवाइ गरियो । परमेश्वर मानिसहरूका साँचो अगुवा हुनुहुन्छ । परमेश्वरले आफ्ना जनहरूलाई आफ्नो वचन र आफ्नो मानव अगुवाद्वारा नेतृत्व गर्नुहुन्छ।

**उदाहरणः** एउटा मण्डलीलाई आफ्नो पाष्टरको रुपमा चयन गर्न एक जना व्यक्तिको आवश्यकता पर्‍यो । एक जना व्यक्ति लोकप्रिय थियो किनकि उसले कसैलाई पनि मन दुखाएको थिएन, र उसले सधैं हरेक व्यक्तिलाई खुशी पार्न कोसिस गर्दथ्यो । अर्को व्यक्ति त्यति लोकप्रिय थिएन । अर्को व्यक्ति लोकप्रिय थिएन किनकि ऊ मण्डली सञ्चालन गर्न खोज्ने शक्तिशाली वा धनी मानिसदेखि डराउँदैनथियो। उसले अगुवाहरूलाई परमेश्वरको वचन खरो रुपमा भनेर कहिलेकाहीं उनीहरूको चित्त दुखाउने गर्दथ्यो।

पाष्टर हुन कोचाहिँ उत्तम व्यक्ति हो त?

**प्रयोगः** परमेश्वरका जनहरूका उत्तम अगुवाहरूचाहिँ को हुन् त ? उत्तम अगुवाहरू ती हुन् जोहरू परमेश्वरको वचनअनुसार चल्दछन् । अगुवा त्यति बेला बलियो र सहासी हुन्छ, जुन बेला उसले परमेश्वरमा भरोसा राखेर उहाँको आज्ञा पालन गर्दछ।

यहोशू अगुवाको रुपमा चुनिएका थिएनन्, किनकि उनी लडाकु कलाका व्यक्ति थिए। तर उनले आज्ञा पालन गरेका र परमेश्वरमा भरोसा गरेका कारणले उनी अगुवाको रुपमा चुनिएका थिए। यदि तपाईंले मण्डलीको अगुवाको रुपमा कसैलाई चयन गर्नुभयो भने, तपाईंले सबैभन्दा महत्त्वपूर्ण जे हो त्यो कुरा संझनु पर्दछ।

परमेश्वरका सबै जनहरू बलियो र सहासी हुनुपर्दछ। अगुवा विशेष वा फरक व्यक्ति होइन । परमेश्वरको वचनमा भरोसा गर्नु नै बलियो र सहासी बन्ने तरिका हो।

- तपाईं परमेश्वरको वचन कतिको पढ्नुहुन्छ ? के तपाईं परमेश्वरको वचन होसियारपूर्वक सुनेर पालन गर्नुहुन्छ ?

**प्रार्थनाः** *परमेश्वरमा भरोसा गर्ने र उहाँको वचन पालन गर्ने अगुवाहरू मण्डलीमा व्यवस्था गरिदिनुहोस् भनेर परमेश्वरसित बिन्ती गर्नुहोस् । मण्डलीको साँचो अगुवा बन्न परमेश्वरसित प्रार्थना गर्नुहोस् ।*

३८

# सिक्न र संझना गर्न गीतहरू गाउनु

**⊗ पृष्ठभूमि**

आफू देवहासन भएपछि मानिसहरूले गाऊन् भन्ने हेतुले मोसाले उनीहरूका निम्ति गीत लेखेका थिए।

**⊙ पदहरू १–१८ पढ्नुहोस्**

**⊗ टिप्पणीहरू**

- **व्यवस्था ३२:२** । "शीत" भनेको चीसो रातमा जमिनमा झर्ने पानी हो।
- **व्यवस्था ३२:५** । "भ्रष्ट रुपमा" को अर्थ नराम्ररी, गलत तरिकाले भन्ने हुन्छ।
- **व्यवस्था ३२:९** । "परमप्रभुको हिस्सा" को अर्थ इस्राय़सका मानिसहरू परमेश्वरका विशेष जाति हुन् भन्ने हुन्छ।
- **व्यवस्था ३२:१५** । "यशूरुन" नाम इस्रायल जातिलाई दिइएको नाम हो। "हृष्ट–पुष्ट" भन्नाले मोटाघाटा वा स्वस्थ भन्ने बुझाउँदछ।

**⊙ चिन्तनका निम्ति अतिरिक्त कुरा**

- *विचार: के तपाईं यी शब्दहरूलाई स्थानीय गीत बनाएर गाउन सक्नुहुन्छ ?*
- *मोशाको गीतका शब्दहरूले इस्रायलका शब्दहरूलाई के सिकाउन खोजेका हुन् ?*

पदहरू १–२ । उनको गीत 'परमेश्वरको कुरा सुन' र 'उहाँबाट सिक' भन्ने आज्ञाबाट आरम्भ हुँदछ। इस्रायलको भूमिमा, बोटबिरुवाहरूका निम्ति शीत बडो महत्त्वपूर्ण हुन्थ्यो । परमेश्वरको वचनले जीवन दिँदछ।

पदहरू ३–४ । *कसरी परमेश्वर चट्टानको रुपमा हुनुहुन्छ ?*

पदहरू ५–६ । इस्रायलका मानिसहरू परमेश्वरदेखि तर्केर गए। परमेश्वर उनीहरूका पिता हुनुहुन्थ्यो तर उनीहरूले उहाँको छोराछोरीको रुपमा व्यवहार गरेनन्।

*इस्रायलका मानिसहरू मरुभूमिमा छँदा परमेश्वरदेखि तर्केर गएका उदाहरणहरू के तपाईं संझन सक्नुहुन्छ ?*

- प्रस्थान ३२:१–१०, गन्ती १३:१–३३ हेनुहोस्।

मोसाको देवहासनपछि इस्रायलीहरू परमेश्वरदेखि तर्केर गएको समय के तपाईं संझन सक्नुहुन्छ ?

- यहोशू ७:१–२१, १ राजा १२:२५–३३,

⊙ पदहरू ७–१४। परमेश्वरले आफ्ना मानिसहरूका निम्ति के के गर्नुभयो त्यसको सूची बनाउनुहोस्। यी कुराले मरुभूमिमा हुँदाका समयहरूलाई इंगित गर्दछन्। यसले हामीलाई परमेश्वरको बारेमा के सन्देश दिँदछ ?

⊙ पदहरू १५–१८। परमेश्वरले आफ्ना जनहरूलाई एकदमै राम्ररी हेरचाह गर्नुभयो। जब उहाँका जनहरू खाद्यान्नले टन्न हुन्छन्, उनीहरू परमेश्वरदेखि तर्केर अन्य ईश्वरहरूका पछि लाग्छन्। उदाहरणको रुपमा लियौं भने, सोलोमन राजाको पालामा पनि यस्तै भएको थियो।

गीतहरूले हामीलाई वास्तविकता बारे सिकाउँदछन् भने परमेश्वरको बारेमा पनि संझना गराउँदछन्।

- *तपाईंको मण्डलीमा गाइने गीतहरूले के सत्यता बारे सिकाउँदछन् त ?*

तपाईंको आफ्नै सिकाइको लागि १९ देखि ४३ सम्मका बाँकी पदहरू पढ्नुहोस् अनि तपाईंले परमेश्वर र उहाँका जनहरूका बारेमा अरू के के कुरा थाहा पाउन सक्नुहुन्छ सो हेर्नुहोस्।

**⊕ मुख्य बुँदा**

**परमेश्वरलाई नबिर्सनुहोस् । आफू परमेश्वरदेखि तर्केको कुरा नभुल्नुहोस् ।**

## शिक्षणः व्यवस्था ३२:१-१८

**थालनी**

परमेश्वर गीतहरू मन पराउनुहुन्छ । बाइबलमा धेरै गीतहरू छन् । मोसाको गीत निराशपूर्ण गीत हुन् तर जानी राख्नु महत्त्वपूर्ण हुन्छ । महत्त्वपूर्ण कुरा, हाम्रा गीतहरूले यथार्थता बारे सिकाउँदछन् ।

यो गीत परमेश्वर र परमेश्वरका जनहरूका विषयमा केन्द्रित छ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँका जनहरू विश्वासघाती छन्। यस गीतको उद्देश्य भनेको जीवन ल्याउनु हो (पदहरू १-२)।

### परमेश्वरको गुणगान गाउनु

**पढ्नुहोस्ः व्यवस्था ३२:३-४**

यी पदहरूले परमेश्वर महान्, शिद्ध, न्यायिक, विश्वासयोग्य, धर्मी र चट्टानझैं हुनुहुन्छ भनी बताउँदछन् । चट्टान बलियो र आडयोग्य हुन्छ । परमेश्वरका जनहरूले परमेश्वरको स्तुति गाउनुपर्दछ (पद ३)।

### परमेश्वरका जनहरू कस्ता छन् त्यस बारे गाउनु

**पढ्नुहोस्ः व्यवस्था ३२:५-६**

तर परमेश्वरका जनहरू परमेश्वरजस्ता छैनन् । यी पदहरूमा इस्रायलका मानिसहरू भ्रष्ट (बेइमान), बाङ्गा (गलत बाटोमा लागेका), मूर्ख र बुद्धिहीन थिए भनी बताइएको छ। परमेश्वर उनीहरूका पिता हुनुहुन्थ्यो । तर इस्रायलका मानिसहरूले उहाँका छोराछोरीको रुपमा व्यवहार गरेनन् । *इस्रायलीहरू मरुभूमिमा छँदा परमेश्वरदेखि तर्केर गएका कतिपय समयहरूको बारेमा आफ्नो श्रोताबृन्दलाई बताइदिनुहोस् ।*

### परमेश्वरले गर्नुभएको कार्य बारे गाउनु

**पढ्नुहोस्ः व्यवस्था ३२:७-१४**

*परमेश्वरले इस्रायलीहरूका निम्ति मरुभूमिमा गरिदिनुभएका कार्यहरू बारे यी पदहरूअनुसार आफ्नो श्रोताबृन्दलाई बताइदिनुहोस्* । परमेश्वरले आफ्ना जनहरूलाई सुरक्षा दिनुभयो । परमेश्वरले उनीहरूलाई अगुवाइ गर्नुभयो, खुवाउनुभयो अनि प्रतिज्ञाको मुलुकमा ल्याइपुऱ्याउनुभयो । धेरै पटक आफ्ना जनहरू आफूदेखि तर्केर गए पनि परमेश्वरले तिनका निम्ति यी सबै कार्य गरिदिनुभयो ।

### परमेश्वरका जनहरूले गरेका कार्य बारे गाउनु

**पढ्नुहोस्ः व्यवस्था ३२:१५-१८**

परमेश्वरले आफ्ना जनहरूलाई सबै थोक दिनुभएको हुनाले उनीहरूसित खाने कुरा प्रशस्त थियो। उनीहरू हृष्टपुष्ट थिए । तर उनीहरू अन्य ईश्वरहरूको पछि लागेर प्रेतात्माहरूलाई बलिदान चढाए । यस गीतले मानव जाति साँच्चि नै कति नीच रहेछ भन्ने कुरा इंगित गर्दछ।

**प्रयोगः** यस गीतले परमेश्वरका जनहरू उहाँदेखि धेरै पटक तर्केर जानेरहेछन् भन्ने कुरा स्मरण गराउँदछ। तर परमेश्वर कहिल्यै पनि हार मान्नुहुन्न । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । यस गीतको कहानी पुरानो नियममा टुङ्गिन्न । यो कहानीले येशू ख्रीष्टसम्म डोऱ्याउँदछ । परमेश्वरले पापी मानिसहरूलाई कति धेरै प्रेम गर्नुहुँदोरहेछ भन्ने कुरा येशू प्रभुले इंगित गर्नुहुन्छ।

यस गीतले परमेश्वर र उहाँका जनहरूका बारेमा थाहा पाउनु, संझना गर्नु र गीतको रुपमा गाउनु महत्त्वपूर्ण हुन्छ भन्ने कुरा पनि बताउँदछ। हाम्रा गीतहरूले जे कुरा सत्य हुन् सो बारे बताएको हुनुपर्दछ।

परमेश्वर यस्तो हुनुहुन्छ तर मचाहिँ यस्तो छु भन्ने बारेमा मोसाको गीतलाई आफ्नै गीतमा ढाल्न सक्नुहुन्छ ?

**प्रार्थनाः** *परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले आफ्ना मानिसलाई प्रेम गर्नुहुन्छ । तसर्थ, उहाँलाई धन्यवाद दिनुहोस् ।*

३९

# परमेश्वरको विश्रामको अपेक्षा राख्नु

**पृष्ठभूमि**

मोसाले इस्रायलका मानिसहरूलाई ४० वर्षसम्म नेतृत्व गरे। उनी प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न पाएनन्। उनी यर्दन नदी पारिपट्टि बिते।

**पदहरू १–१२ पढ्नुहोस्**

*दिइएको खण्ड २/३ पटकसम्म पढ्नुहोस्*

**टिप्पणीहरू**

- **व्यवस्था ३४:१** । "नेबो", "मोआब" र "पिस्गाह" प्रतिज्ञाको भूमिबाहिरका ठाउँहरूको नाम हुन्। तिनै ठाउँहरूमा मोसाले इस्रायलका मानिसहरूलाई सन्देश दिएका थिए।
- **व्यवस्था ३४:९** । "बुद्धिको आत्माले भरिएको" । परमेश्वरले आफ्ना मानिसहरूको नेतृत्व गर्न यहोशूलाई आफ्नो आत्मा प्रदान गर्नुभयो।
- **व्यवस्था ३४:१०** । "आमने–सामने" को अर्थ परमेश्वरले मोसालाई व्यक्तिगत तथा घनिष्ट रुपमा चिन्नुहुन्थ्यो भन्ने हुन्छ। कसैले पनि परमेश्वरको मुहार देख्दैनन्।

**चिन्तनका निम्ति अतिरिक्त कुरा**

मोसा प्रतिज्ञाको भूमिमा किन प्रवेश गर्न पाएनन् ? गन्ती २०:२–१३, व्यवस्था १:३७, ३:२५–२८, ४:२१,३२:४८–५३ पढ्नुहोस् । यी सबै पदहरूअनुसार मोसा प्रतिज्ञाको मुलुकमा प्रवेश गर्न पाउनेछैनन् भने कुरा उल्लेख गरिएको छ।

तपाईंको विचार के यो न्यायोचित हो त ? मोसा धेरै समयसम्म नेतृत्व गर्ने महान् अगुवा थिए। उनले एउटै कार्य गलत गरेका थिए। तर उनले जे गरेका थिए त्यो असाध्यै गलत थियो। हो, उनी प्रतिज्ञाको भूमिमा प्रवेश नपाउनु न्यायोचित छ। उनी परमेश्वरलाई आदर दिन चुके। तर परमेश्वर कृपालु हुनुभयो। परमेश्वरले मोसालाई प्रतिज्ञाको मुलुक हेर्नचाहिँ अनुमति दिनुभयो (पदहरू १–४)।

पदहरू १०–१२ । परमेश्वरले व्यवस्था १८:१५–१८ मा भविष्यमा मोसाजस्तै अगमवक्ता दिनेछु भनी प्रतिज्ञा गर्नुभयो । व्यवस्था ३४ अध्याय लेखिँदाखेरि भनिएको अगमवक्ता आइपुगेका थिएनन्।

- *भविष्यमा आउनेवाला मोसाजस्तै अगमवक्ताचाहिँ को थिए होलान् ?*

मोसाजस्तै अगमवक्ताचाहिँ येशू प्रभु हुनुहुन्छ । येशू प्रभुले परमेश्वरको वचन बोल्नुभयो। उहाँले मोसाले भन्दा अझै बढी अख्तियारको साथ सिकाउनुभयो।

- *यस कुराले परमेश्वरको विषयमा के सन्देश दिँदछ ?*

मोसाजस्ता महान् अगुवाहरूको पाप पनि **परमेश्वरले न्याय गर्नुहुन्छ किनकि उहाँ पवित्र हुनुहुन्छ ।**

**परमेश्वर विश्वासयोग्य हुनुहुन्छ** । परमेश्वरले मोसाजस्तै अगमवक्ताको प्रतिज्ञा गर्नुभयो । त्यो अगमवक्ता येशू हुनुहुन्छ।

- *यसले हामीलाई के सन्देश दिँदछ ?*

हिब्रू ३:७–४:४ मा लेखकले स्वर्गमा प्रवेश गर्न नचूक भनी मानिसहरूलाई चेताउनी दिएका छन् । मोसा हाम्रा निम्ति चेताउनी हुन्। हामी उनीजस्तै चुक्नुहुँदैन।

शुख खबरचाहिँ मोसा स्वर्गमा छन् ( हिब्रू ११:२५–२६)। येशू प्रभुमा परमेश्वरको अनुग्रह रहेको कारण उनी स्वर्गमा छन् । अगुवाहरू लगायत सम्पूर्ण विश्वासीहरूलाई ख्रीष्ट येशूमा अनुग्रह चाहिन्छ । हामीले सधैं येशूमाथि भरोसा राख्नुपर्दछ। येशूद्वारा स्वर्गमा प्रवेश गर्नेछौं भन्ने कुरामा हामी सुनिश्चित बन्न सक्छौं।

**मुख्य बुँदा**

**तपाईं परमेश्वरको विश्राममा प्रवेश गर्नुहुनेछ भन्ने कुरामा ढुक्क हुनुहोस् ।**

## ⊖ शिक्षण: व्यवस्था ३४:१-१२

**थालनी**

मानिसहरू आफ्नो लक्ष्यमा पुग्न असमर्थ हुनु निराशापूर्ण कुरा हो। सायद, आफ्नो छोरा वा छोरीको विवाहको दिन नआउँदै बाबु बित्छन्। *तपाईंको ठाउँका उदाहरणहरू पेश गर्नुहोस्।*

- मोसाको विषयमा नि ?

### मोसा प्रतिज्ञाको भूमिमा प्रवेश गर्न सक्तैनन्

**पढ्नुहोस्: व्यवस्था ३४:१-८**

मोसाले इस्रायलका मानिसहरूलाई मिश्रको दासत्वदेखि प्रतिज्ञाको भूमिसम्म चालीस वर्ष नेतृत्व गरे। तर उनी प्रतिज्ञाको भूमिबाहिर बिते। परमेश्वरले उनलाई प्रतिज्ञाको मुलुक देख्न दिनुभयो तर उनी त्यहाँ प्रवेश गर्न असमर्थ भए।

*गन्ती २०:१०-१२ अनुसार मोसा त्यहाँ प्रवेश गर्न नसक्नुका कारणहरू बारे आफ्नो श्रोताबृन्दलाई स्मरण गराइदिनुहोस्।* मोसा महान् अगुवा थिए र उनले धेरै असल थोकहरू गरे तापनि उनी साह्रै नराम्ररी चुक्न पुगे।

**प्रयोग**: हामी मोसाजस्तै बन्नुहुँदैन। मोसा हाम्रो निम्ति चेताउनी हुन्। विशेषतः, मोसा ख्रष्टियन अगुवाहरूको निम्ति चेताउनी हुन्। हामी अविश्वास र अवज्ञाको कारण स्वर्गमा प्रवेश गर्नदेखि बञ्चित हुनुहुँदैन। कतिपय अगुवाहरूले हामीले परमेश्वरका निम्ति धेरै ओटा असल कार्यहरू गरेका हुनाले हामी स्वर्गमा हुनेछौं भनी सोच्दा हुन्। आफ्नो असल कार्यमा निर्भर नहुनुहोस्।

मोसा पार्थिव भूमिमा प्रवेश गर्न पाएनन्। तर सबैभन्दा महत्त्वपूर्ण कुरा, मोसा स्वर्गमा छन्, जुनचाहिँ साँचो प्रतिज्ञाको मुलुक हो। *यस विषयमा हिब्रू ११:२६ मा बताइएको छ भनी आफ्नो श्रोताहरूलाई बताइदिनुहोस्।* परमेश्वर कृपालु हुनुहुन्छ। परमेश्वर क्षमाशील हुनुहुन्छ। उहाँको अनुग्रह, उहाँको क्षमादानको वरदानले मानिसहरूलाई येशूद्वारा स्वर्गमा पुऱ्याउँदछ। स्वर्गमा पुग्ने एक मात्रै मार्ग भनेको नै येशू हुनुहुन्छ।

### मोसाजस्तै अगमवक्ता

**पढ्नुहोस्: व्यवस्था ३४:९-१२**

परमेश्वरले मोसाजस्तै अगमवक्ता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो। त्यस अगमवक्ताले परमेश्वरको वचन बोल्ने र चिन्ह तथा आश्चर्यकर्महरू गर्नेवाला थियो। व्यवस्था ३४ अध्याय लेखिँदाखेरि त्यो अगमवक्ता आइसकेका थिएनन्। मोसाजस्तै अगमवक्ताचाहिँ येशू हुनुहुन्छ। येशूले परमेश्वरको वचनको सन्देश दिनुभयो र धेरै चिन्ह तथा आश्चर्यकर्महरू गर्नुभयो।

परमेश्वर आफ्ना जनहरूसित आफ्नो वचनद्वारा बोल्नुहुन्छ। मोसाले परमेश्वरको वचन बोले। येशू प्रभु परमेश्वरको वचन हुनुहुन्छ। हामी बाइबलमा परमेश्वरको वचन सुन्दछौं।

**प्रयोग**: परमेश्वरले इस्रायलका मानिसहरूलाई मोसाको कुरा सून भनी आज्ञा दिनुभयो। व्यवस्था १८:१५ मा परमेश्वरले मानिसहरूलाई मोसाजस्ता अगमवक्ताहरूका कुरा सून भनेर हुकुम गर्नुभयो। परमेश्वरका जनहरूले येशूले बोल्नुभएका कुरा सुन्नुपर्दछ। हामीले परमेश्वरको वचन पढेर येशूको कुरा सुन्नुपर्दछ।

- हामी परमेश्वरको वचन कतिको पढ्दछौं ? हामी कति होसियारीपूर्वक उहाँको वचन पालन गर्दछौं ?

**प्रार्थना**: *येशूद्वारा हामी स्वर्ग जान सक्ने भएको हुनाले परमेश्वरलाई धन्यवाद दिनुहोस्। हामी परमेश्वरको स्वर्गीय विश्राममा प्रवेश गर्न सकूँ भनी प्रार्थना गर्नुहोस्। हामीले जहिले पनि येशूको बारेमा परमेश्वरको वचन ध्यानदिएर सुन्न सकौं भनी प्रार्थना गर्नुहोस्।*

# परिशिष्टाङ्क: वर्तमान परिप्रेक्ष्यमा पुरानो नियमका व्यवस्थाहरू कार्यान्वयन गर्ने तरिका

व्यवस्थाका धेरैजसो अध्यायहरू (मुख्यतः १२ अध्यायदेखि २६ अध्यायसम्म) मा इस्रायलका मानिसहरूका निम्ति परमेश्वरको व्यवस्थाको बारेमा चर्चा गरिएको पाइन्छ। तसर्थ, व्यवस्थाको पुस्तकमा नियमहरूचाहिँ महत्त्वपूर्ण रहेको पाइन्छ। वर्तमान परिप्रेक्ष्यमा पनि कतिपय नियमहरू कसरी लागू हुन्छन् त भन्ने विषयमा इंगित गर्न चाहन्छौं। हामी ख्रीष्टियनहरूको सन्दर्भमा पुरानो नियमका नियमहरू कसरी लागू हुन सक्छन् त भन्ने बारेमा सामान्य रुपमा विचार गरौं। यस विषयमा सोच्न निम्न चरणहरू छन् :

**१. प्रत्येक नियमको कारण के हो ?**

जब तपाईं पुरानो नियमको व्यवस्था पढ्नुहुन्छ, सोच्ने कोसिस गर्नुहोस्: *यस नियमको कारण के होला ?* कतिपय नियमहरूमा आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्ने कारण होलान्। कतिपय नियमहरूमा परमेश्वरलाई मात्रै आराधना गर्नुपर्ने कारण होलान्। कतिपय नियमहरूमा अरू जातिहरूभन्दा इस्रायलका मानिसहरू छुट्टै हुनुपर्ने कारण होलान्। अरू नियमहरूमा सुरक्षाको कारण होलान्। कतिपय कारणहरूमा उचित न्यायको कारण होलान्। कतिपय नियमहरूमा गरीबलाई सुरक्षा दिने कारण होलान्।

धेरैजसो पुरानो नियमका व्यवस्थाहरूमा उदाहरणहरू पाइन्छन्। मानिसले आफ्नो छिमेकीको गोरु वा गधालाई सहायता गर्नुपर्दछ (व्यवस्था २२:४)। छिमेकीको भेडाको नि ? सायद, यो नियम भेडाको हकमा पनि लागू हुन्छ। यस उदाहरणमा हाम्रा छिमेकीका पशुप्राणीहरूको हेरचाह गर्नुपर्ने रहेछ भन्ने कारण यहाँ थाहा पाउँदछौं। त्यसैले यो व्यवस्था अन्य पशुप्राणीहरूको हकमा पनि लागू हुँदछ।

**२. अधिकांश कारणहरू आज पनि लागू हुन्छन् ।**

अधिकांश कारणहरू आज पनि लागू हुन्छन्। नयाँ नियमले व्यवस्थाका धेरै ओटा कारणहरूलाई बद्लेको छैन। ख्रीष्टियनहरूले आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्दछ, एक मात्रै परमेश्वरको आराधना गर्नुपर्दछ, सुरक्षित स्थान हुनुपर्दछ, निष्पक्ष र न्यायिक हुनुपर्दछ अनि अविश्वासीहरूभन्दा फरक हुनुपर्दछ। परमेश्वरको प्रेम र पवित्रताको मापदण्ड बद्लिएको छैन।

**३.कतिपय कारणहरू लागू हुन्छन् तर संस्कृतिचाहिँ फरक हुन्छ ।**

हामीमध्ये धेरै जनाहरू प्राचीन इस्रायलभन्दा भिन्नै संस्कृतिका व्यक्ति हौं। एउटा उदाहरण त घरलाई नै लिऔं। पुरानो नियममा मानिसहरूले घरमा समतल परेका छानाहरू बनाउँथे। सुरक्षाको दृष्टिले उनीहरूले छतको वरिपरि पर्खाल वा तारबार लगाउँदथे (व्यवस्था २८:८)। धेरै ओटा संस्कृतिका घरहरूमा समतल छतहरू बनाउने प्रचलन हुँदैन। त्यस्ता संस्कृतिहरूमा पर्खाल लगाउने वा तारबार हाल्ने नियम लागू हुँदैन। तर सुरक्षाको कारणचाहिँ अहिले पनि लागू हुन्छ। हामीले हाम्रा आफ्ना घरहरू सुरक्षित राख्नुपर्ने अन्य तरिकाहरू छन्। उदाहरण स्वरुप, बालबालिकाको हकमा बिजुलीका तारहरू वा भान्सा कोठा सुरक्षित राख्नुपर्दछ।

**४.येशू प्रभुले पूरा गर्नुभएको हुनाले कतिपय कारणहरू बद्लिएका छन् ।**
येशू प्रभुले पुरानो नियमका बलिहरू पूरा गर्नुभएको छ। ख्रीष्टियनहरूले पशु बलि चढाउनु पर्दैन। ख्रीष्टियनहरूले आफ्नो पापको खातिर क्रूसमा टाँगिनुभएको येशूको बलिमा भरोसा राख्ने भएकाले उनीहरू परमेश्वरको नजरमा धर्मी ठहरिएका हुन्छन्। पुरानो नियममा दिइने बलिहरूले ख्रीष्टको क्रूसमा बलिदानलाई इंगित गर्दछन्। येशू प्रभुको बलिदान आज विश्वासीहरूका खातिर साँचो र एक मात्रै बलिदान हो (हिब्रू १०:११–१२)। येशू प्रभु जीवित मन्दिर पनि हुनुहुन्छ (यूहन्ना २:२१)। ख्रीष्टियनहरू परमेश्वरको आराधना गर्न पालमा वा मन्दिरमा वा यरुशलेम जानुपर्दैन। ख्रीष्टियनहरू परमेश्वरको आराधना गर्न येशूकहाँ जान्छन्। परमेश्वरको आराधना गर्न कुनै निश्चित स्थान किटान गरिएको छैन। आज ख्रीष्टियनहरूले बलि र मन्दिर सम्बन्धी पुरानो नियमलाई येशूद्वारा लागू गर्दछन्।

येशूले सिद्धान्तहरू पनि विस्तार गर्नुभएको छ। ख्रीष्टियनहरूले पनि आफ्ना शत्रुहरूलाई प्रेम गर्नुपर्दछ। ख्रीष्टियनहरूले घृणा गर्नुहुँदैन।

**५.परमेश्वरका जनहरू अहिले एउटै जाति नभएकाले कतिपय कारणहरू बद्लिएका छन् ।**
अहिले हरेक जातिमा स्थापित मण्डली नै परमेश्वरका जनहरू हुन्। विश्वव्यापी मण्डलीचाहिँ प्राचीन इस्राएल जातिको पूर्णता हो। पुरानो नियमका कतिपय कारणहरू परमेश्वरका जनहरूमा एउटै जातिको रुपमा आधारित छन्। एउटा **उदाहरण**: व्यवस्थाको पुस्तकअनुसार, गलत यौन सम्बन्ध राख्ने कुनै पनि इस्रायलीलाई मृत्युदण्ड दिइनुपर्दछ। तर, अहिले गलत यौन सम्बन्ध राख्ने कुनै पनि ख्रीष्टियनलाई चाहिँ मण्डलीदेखि निष्कासन गर्न सकिन्छ (१ कोरिन्थी ५:१–५)। इस्रायल जातिमा आधारित पुरानो नियमलाई परमेश्वरका जनहरूको मण्डलीमा लागू गरिनुपर्दछ।

**६.स्वर्गको राज्यले पार्थिव प्रतिज्ञाको भूमिलाई प्रतिस्थापित गरेकोले कतिपय कारणहरू बद्लिएका छन् ।**
प्राचीन इस्रायलीहरू झैं ख्रीष्टियनहरू पार्थिव प्रतिज्ञाको भूमिमा बसिरहनु पर्दैन। महत्त्वपूर्ण भूमि भनेको स्वर्गीय भूमि हो। त्यसैले प्रतिज्ञाको भूमिमाथि विजय हासिल गर्ने विषय ख्रीष्टियनहरूको हकमा लागू हुँदैन।स्वर्गीय यात्राको क्रममा ख्रीष्टियनहरू आत्मिक युद्ध लड्दछन्। येशू प्रभुले हाम्रो परम शत्रु शैतानलाई क्रूसमाथि पराजित गर्नुभएको छ। येशू प्रभुको कारण ख्रीष्टियनहरू विजय बारे सुनिश्चित बन्न सक्छन्।

**७. प्रभुका जनहरू अहिले यहूदी र गैर–यहूदी दुवै भएकाले कतिपय कारण बद्लिएका छन् ।**
पुरानो नियममा प्रवासीहरूलाई परमेश्वरका जनहरूभन्दा फरक किसिमले व्यवहार गरिन्थ्यो। इस्रायलीहरूले विदेशीहरूले भन्दा भिन्नै व्यवहार गर्नुपर्दथ्यो। उदाहरणको रुपमा हेर्‍यौं भने, व्यवस्था १४ अध्यायमा उल्लेखित खाद्य नियमले यो कुरा इंगित गर्दछ। जब येशू आउनुभयो, यहूदी र गैर–यहूदी दुवैका पापहरू क्षमा भएका छन्। त्यसैले प्रेरित १० मा सबै खालका खाने कुरा शुद्ध तुल्याइएका छन्। अब, येशूको कारणले यहूदी र गैर–यहूदी बीचको भिन्नता मेटिएको छ।

**८. परमेश्वरको आज्ञा पालन गर्नुपर्ने कारण**

हामीले परमेश्वरको आज्ञा पालन गर्नुपर्ने कारण स्मरण गर्नुपर्दछ। इस्राएलका मानिसहरूलाई परमेश्वरले मिश्रदेखि छुटकारा गर्नुभएको कारण उनीहरूले परमेश्वरको भय मान्नुको साथै आज्ञा पालन गर्नुपर्दथ्यो । परमेश्वरले हामीलाई क्रूसमा उद्धार गर्नुभएको कारणले हामीले पनि परमेश्वरमा भरोसा गर्नुको साथै आज्ञा पालन गर्नुपर्दछ। येशूमा मात्रै हामी उद्धार पाउँदछौं। इस्रायलीहरू र खीष्टियनहरू परमेश्वरका सम्पूर्ण व्यवस्था पालन गर्नमा मात्रै निर्भर हुनुहुन्न। परमेश्वर पुरानो र नयाँ नियम दुवैका आफ्ना जनहरूले आज्ञाकारितामा विश्वास प्रदर्शन गरेको चाहनुहुन्छ। विश्वासीहरूले विश्वासद्वारा येशूमा मात्रै उद्धार पाएका हुन्छन्। त्यही विश्वास आज्ञाकारितामा प्रस्तुत भएको हुनुपर्दछ। हामी येशू खीष्टको योग्य जीवन जिउनुपर्दछ (एफिसी ४:१)।

**९. सारांश**

त्यसकारण पुरानो नियम व्यवस्थाको पछाडिका कारणहरू खोज्नुहोस्। त्यस बेलादेखि अहिलेसम्म कुनै नियम परिवर्तन भएको छ कि सो विचार गर्नुहोस्। येशूको कारण कुनै नियम परिवर्तन हुनपुगेको छ कि ? त्यस व्यवस्थामा के परिवर्तन आएछ ? त्यो व्यवस्था तपाईंको जीवनमा कसरी लागू हुन्छ सो विचार गर्नुहोस्। त्यसपछि विश्वासमा चल्नुहोस्! तपाईं निश्चित हुनुहुन्न भने, प्रार्थनासहित आफूलाई मार्गदर्शकको रुपमा सहायता पुऱ्याउने परिपक्व खीष्टियन खोज्नुहोस्।

## ङ. व्यवस्थाका शिक्षाहरू

परमेश्वरको वचनद्वारा हाम्रो जीवनमा शिक्षा ग्रहण गर्नु महत्त्वपूर्ण हुन्छ। यसले तपाईंका आफ्ना मानिसहरूलाई समूहमा बसेर यी प्रश्नहरू बारे छलफल गर्न साथै सो विषयमा प्रार्थना गर्न सहायता पुऱ्याउँदछ। तपाईंले व्यवस्था सम्बन्धी प्रचार सिध्याइसकेपछि तल दिइएका प्रश्नहरू प्रयोग गर्न सक्नुहुन्छ। वा, तपाईंले हरेक खण्ड सकिएपछि पनि यी प्रश्नहरू प्रयोग गर्न सक्नुहुन्छ।

**१. व्यवस्था १:१–८**

- व्यवस्थाको पुस्तक के विषयमा केन्द्रित छ ? हामीलाई परमेश्वरको वचन स्मरण गराइनु किन खाँचो छ ?
- प्रतिज्ञाको भूमि बारे केचाहिँ महत्त्वपूर्ण रहेछ ? (पद ८)

**२. व्यवस्था १:९–१८**

- पदहरू १०–११ मा परमेश्वरका प्रतिज्ञाहरू नियाल्नुहोस् । तपाईंलाई परमेश्वरका प्रतिज्ञाहरूमध्ये कुनचाहिँ प्रतिज्ञामाथि विश्वास गर्न अप्ठ्यारो महसुस हुन्छ ?
- कस्ता किसिमका मानिसहरू मण्डलीका अगुवा हुनुपर्दछ (पदहरू १५–१८) ?

**३. व्यवस्था १:१९–३३**

- पद २८ हेर्नुहोस्। आफूलाई डर लाग्ने कुरा विचार गर्नुहोस् । तपाईंलाई ती कुराहरूदेखि किन डर लाग्छ ?
- अब पदहरू ३२–३३ हेर्नुहोस् । जब तपाईं परमेश्वरको अवज्ञा गर्नुहुन्छ, के तपाईंले परमेश्वरमा भरोसा नगरेकोले त्यसो भएको हो ?

**४. व्यवस्था १:३४–४६**

- मोसा र प्रौढ इस्रायलीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न पाएनन्। कालेब र यहोशूले चाहिँ त्यहाँ प्रवेश गर्न पाए किनकि उनीहरूले भरोसासहित परमेश्वरको आज्ञा पालन गरे (पदहरू ३४–३८)। स्वर्गीय प्रतिज्ञाको भूमिमा प्रवेश गर्न कसरी हर प्रयास गर्नुहुन्छ ? हिब्रू ४:११ विचार गर्नुहोस्।

- इस्रायलका मानिसहरूका व्यवहारले उनीहरू साँच्चि नै पश्चाताप नगर्दारहेछन् भन्ने कुरा कसरी दर्शाउँदछ (पदहरू ४१–४५) ?

**५. व्यवस्था २:१–३:११**

- तपाईं कस्ता शत्रुहरूदेखि भयभीत हुनुहुन्छ ? परमेश्‍वर तपाईंलाई ती शत्रुहरूदेखि जोगाउन कसरी सक्षम हुनुहुन्छ ?
- परमेश्‍वर जाति–जातिहरूमाथिको परमेश्‍वर हुनुहुन्छ। यस कुराले तपाईंलाई आजको संसारमा कस्तो आशा प्रदान गर्दछ ?

**६. व्यवस्था ३:२३–२९**

- तपाईंको मण्डलीका अगुवाहरू पापमा नफसून् भनेर कसरी प्रार्थना गर्नुहुन्छ ?
- यदि तपाईं परमेश्‍वरका जनहरूका अगुवा हुनुहुन्छ भने, तपाईंले परमेश्‍वरको आज्ञा पालन गरिरहन्छु भनेर कसरी सुनिश्‍चित गर्नुहुन्छ ?

**७. व्यवस्था ४:१–८**

- पद ४ मा हेर्नुहोस्। परमप्रभुमा कसरी स्थिर वा विश्‍वासयोग्य रहनुहुन्छ ?
- फेरि पदहरू ६–८ मा हेर्नुहोस्। ख्रीष्टियनहरूको आज्ञाकारिताको कारण अविश्‍वासीहरू प्रभुमा आइरहेको देख्नुभएको छ ?

**८. व्यवस्था ४:९–२०**

- पद ९ मा हेर्नुहोस्। परमेश्‍वरले भन्नुभएको वा गर्नुभएको कार्य नभुलौं भनेर तपाईं के गर्नुहुन्छ ?
- पदहरू १५–१६ ले मूर्तिहरूको विषयमा के भन्दछन् सो कुरा हेर्नुहोस्। तपाईंको क्षेत्रतिर कस्ता मूर्तिहरू छ्यास्छ्यास्ती छन् ? तपाईंले मूर्तिहरू वा झूटा ईश्‍वरहरू पुज्दिनँ भनी कसरी सुनिश्‍चित गर्नुहुन्छ ?

**९. व्यवस्था ४:२१–३१**

- पद २४ मा हेर्नुहोस्। परमेश्‍वर डाही परमेश्‍वर हुनुहुन्छ भन्ने कुराको तपाईंको जीवनमा अर्थ के हुन्छ ?
- पद ३१ हेर्नुहोस्। परमेश्‍वर कृपालु हुनुहुन्छ भन्ने कुराको तपाईंको जीवनमा के अर्थ लाग्छ ?

**१०. व्यवस्था ४:३२–४०**

- तपाईंको क्षेत्रका अरू मानिसहरूका ईश्‍वरहरूभन्दा बाइबलको परमेश्‍वर कसरी महान् हुनुहुन्छ ?
- जब तपाईं अन्य ईश्‍वरहरूको आराधकहरूसित कुराकानी गर्नुहुन्छ, त्यस बेला तपाईंले उनीहरूका ईश्‍वरहरूलाई बाइबलको परमेश्‍वरसित कसरी तुलना गर्नुहुन्छ ?

**११. व्यवस्था ५:६–११**

- पद ७ मा दिइएको आज्ञा हेर्नुहोस्। तपाईंको क्षेत्रमा विश्‍वासीहरूले साँचो परमेश्‍वरको आराधना गर्नुको साथै कहिलेकाहीं उनीहरूले अरू के के ईश्‍वरहरू पुज्दछन् ?
- पदहरू ८–९ मा हेर्नुहोस्। तपाईंको क्षेत्रमा कस्ता मूर्तिहरूचाहिँ परीक्षा हुन् ?

**१२. व्यवस्था ५:१२–१५**

- हरेक हप्ता कसरी विश्राम गर्नुहुन्छ ?
- पद १५ मा हेर्नुहोस्। परमेश्‍वरले तपाईंलाई विश्राम दिनको निम्ति गर्नुभएको कार्य कसरी संझनुहुन्छ ?

**१३. व्यवस्था ५:१६–२१**

- पद १७ हेर्नुहोस्। तिमीहरू मानिसहरूसित रिसाएर यो आज्ञा उल्लङ्घन गर्न पुग्दछौं भनी येशूले बताउनुभएको कुरा स्मरण गर्नुहोस् (मत्ती ५:२१–२)। तपाईं कोसित रिसाउनुहुन्छ ?
- पद १८ मा हेर्नुहोस्। तिमीहरूले व्यभिचारको नजरले कसैसित व्यभिचार गरिसकेका हुन्छौ भनी येशूले भन्नुभयो (मत्ती ५:२८)। तपाईंले के के त्यस्ता सोचाइहरू बन्द गर्नुपर्ला ?

**१४. व्यवस्था ६:४–९**

- पद ५ मा हेर्नुहोस्। यदि तपाईंले परमेश्‍वरलाई प्रेम गर्दछु भनेर नाप्न सक्नुभएको भए, तपाईंले आफूलाई शून्यदेखि १०० सम्मभित्रमा कति अङ्क दिनुहुनेथ्यो ?
- अब पद ६ हेर्नुहोस्। परमेश्‍वरको वचन आफ्नो हृदयमा बसाउन कसरी प्रयास गर्नुहुन्छ ?

**१५. व्यवस्था ६:२०–२५**

- यदि कुनै बालकले तपाईंलाई हामीले किन परमेश्वरको वचन पालन गनुपर्दछ भनी सोधेमा, तपाईं कस्तो वा कसरी जबाफ दिनुहुन्छ ?
- तपाईंको मण्डलीले आफ्ना बालबालिकालाई परमेश्वरको विषयमा कतिको राम्ररी सिकाइरहेको छ ?

**१६. व्यवस्था ७:१–११**

- पद ६ हेर्नुहोस्। तपाईंको क्षेत्रका अविश्वासीहरूको भन्दा तपाईंको जीवन कतिको भिन्न छ ? के अरूहरूले तपाईंलाई पवित्र र परमेश्वरको जनको रुपमा लिन सक्छन् ?
- पद ८ हेर्नुहोस् । के यस भिन्नताले तपाईंलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने कुरा स्मरण गराउँदछ ?

**१७. व्यवस्था ८:१–२०**

- तपाईंको जीवनका कठिनपूर्ण क्षणहरूमा तपाईंले कस्ता पाठहरू सिक्नुभयो ?
- पदहरू १७–१८ हेर्नुहोस् । धनी हुनुमा तपाईंको क्षेत्रमा के के खतराहरू छन् ?

**१८. व्यवस्था ९:४–२४**

- तपाईंले कहिल्यै अरू मानिसहरूभन्दा म जाति वा उत्तम हुँ भन्ने सोच्नुहुन्छ ? यही कारणले म आशिषित भएको हुँ भन्ने सोचाइ के तपाईंमा आउँछ (पदहरू ४–६) ?
- पद १२ हेर्नुहोस् । तपाईं परमेश्वरदेखि तर्कन लागेका क्षणहरू के स्मरण गर्न सक्नुहुन्छ ?

**१९. व्यवस्था ९:२५–२९**

- खराब कार्य गर्ने र संभवतः विश्वास त्याग्ने मण्डलीका मानिसहरूका निम्ति कसरी प्रार्थना गर्नुहुन्छ ?
- अविश्वासीहरूले हाम्रो जीवन शैली देखेर उनीहरू पनि प्रभुमा आउन सकून् भन्ने हेतुले आफ्नो मण्डलीका मानिसहरूले सही कार्य गर्न सकेका हुन् भनी कसरी प्रार्थना गर्नुहुन्छ ?

**२०. व्यवस्था १०:१२–२२**

- पद १६ हेर्नुहोस्। यो कसरी हुन्छ ? के तपाईंको हृदयको खतना भएको छ ?
- पदहरू २१–२२ हेर्नुहोस्। के परमेश्वर तपाईंको प्रशंसा हुनुहुन्छ ? हरेक दिन परमेश्वरको प्रशंसा कसरी गर्नुहुन्छ ?

**२१. व्यवस्था १२:१–७**

- पद ५ हेर्नुहोस् । परमेश्वरको आराधनाको केन्द्रबिन्दु के हो (यूहन्ना २:२१) ?
- पद ७ हेर्नुहोस्। के तपाईंलाई परमेश्वरको आराधना आनन्दमय लाग्छ ? कसरी आराधना आनन्दपूर्ण हो ?

**२२. व्यवस्था १३:१–११**

- तपाईंको क्षेत्रमा झूटा अगमवक्ताहरू छन् ? आफ्ना मानिसहरूलाई त्यस्ता अगमवक्ताहरूदेखि कसरी सचेत गराउनुहुन्छ ?
- पदहरू १–४ सम्म हेर्नुहोस्। के तपाईंको क्षेत्रका मानिसहरू आश्चर्यकर्म गर्ने वा भविष्यवाणी गर्ने अन्य अगमवक्ताहरूलाई पछ्याउँदछन् ?

**२३. व्यवस्था १४:१–२१**

- के तपाईंको क्षेत्रका मानिसहरूलाई अन्य जातिका भोजहरूमा सहभागी हुन निमन्त्रणा दिइन्छ ? ती मानिसहरूलाई के गर्न सल्लाह दिनुहुन्छ ?
- तपाईंको क्षेत्रका खीष्टियनहरू गैर–खीष्टियनहरूले गर्ने कार्य अहिले पनि पनि कसरी गरिरहेका छन् ?

**२४. व्यवस्था १४:२२–२९**

- खीष्टियन सेवकाइ र मिशनलाई दिनको निम्ति कसरी निर्णय गर्नुहुन्छ ?
- तपाईंको दियाइले तपाईंले परमेश्वरमा भरोसा राख्नुहुन्छ भनी कसरी सिकाउँदछ (पद २३) ?

**२५. व्यवस्था १५:१–१८**

- के तपाईंको मण्डलीसि पैसा ऋण लगेका व्यक्तिहरूलाई सहयोग गर्ने उपायहरू (माध्यम) छन् ?
- गरीब खीष्टियनहरूलाई सहयोग गर्न तपाईंको मण्डलीले आफूसित भएका कुराहरू कसरी बाँड्चुड् गर्दछ ?

**२६. व्यवस्था १६:१–१७**

- खीष्टमस र इष्टरजस्ता महत्त्वपूर्ण इसाई चाडहरू कसरी मनाउनुहुन्छ ?
- के तपाईं ती चाडहरू परमेश्वरले यस्तो कार्य गर्नुभएको छ भनी विश्वासीहरूलाई संझना हुने किसिमले मनाउनुहुन्छ ?
- परमेश्वरले जुन कार्य गर्नुभएको छ के त्यो कुरा आननन्दपूर्वक मनाउने गर्नुभएको छ ?

**२७. व्यवस्था १७:१४–२०**

- राजालाई दिइएको चेताउनी बारे सोच्नुहोस्: घोडा, पत्नी र सम्पति। पैसा, यौन र शक्ति साझा समस्या (परीक्षा) हुन्। यी परीक्षाहरूको कसरी प्रतिरोध गर्नुहुन्छ ?
- के यी परीक्षाहरू अगुवाहरूको निम्ति खराब हुन् ?

**२८. व्यवस्था १८:९–१९**

- पदहरू ९–११ हेर्नुहोस् । के तपाईंको क्षेत्रमा टुनामुना गर्ने वा धामीझाँक्री वा त्यस्तै प्रकृतिका मानिसहरू छन् ?
- तपाईं रहनुभएको क्षेत्रका विश्वासीहरूका निम्ति उनीहरू कसरी खतरा हुन् ?
- पद १५ हेर्नुहोस् । मोसाजस्तै अगमवक्ता येशू हुनुहुन्छ। तपाईं येशूको कुरा कसरी सुन्नुहुन्छ?

**२९. व्यवस्था २२:१–१२**

- पदहरू १–४ हेर्नुहोस्। विश्वासीहरूले एकअर्काका सरसमानलाई अझै राम्ररी कसरी हेरचाह गर्न सक्छन् ?
- पद ८ हेर्नुहोस्। मानिसहरूका निम्ति तपाईंको घर र सरसमानलाई अझै सुरक्षित तुल्याउन सकिने तरिकाहरू बारे छलफल गर्नुहोस्।

**३०. व्यवस्था २२:१३–३०**

- मानिसहरू प्रायः गरी किन यौनिक पापमा फस्न पुग्छन् ?
- मण्डलीले ख्रीष्टियनहरूलाई वैवाहिक जीवनमा विश्वासयोग्य बन्न कसरी सहायता पुऱ्याउन तथा मजबुत बनाउन सक्छ ?

**३१. व्यवस्था २६:१–११**

- परमेश्वरले तपाईंको निम्ति के गर्नुभएको छ ? पदहरू ५–१० मा उल्लेख गरिएझैं तपाईंको जीवनमा परमेश्वरले गर्नुभएका कार्यहरू लेख्नुहोस्।
- परमेश्वरले तपाईंलाई के के असल थोकहरू दिनुभएको छ ? एफिसी १:३–१४ पढ्नुहोस्।

**३२. व्यवस्था २७:१–१३**

- येशू प्रभुले पुरानो नियम कसरी पूरा गर्नुभएको छ ?
- जब तपाईं पुरानो नियम व्यवस्था पढ्नुहुन्छ, के यसले तपाईंको आफ्नो पाप र कमिकमजोरी औंल्याउँदछ ?
- गलाती ३:१०–१४ पढ्नुहोस् । पापको क्षमा पाउँदा र व्यवस्थादेखि स्वतन्त्र हुँदा के तपाईंमा सधैं आनन्द हुन्छ ?

**३३. व्यवस्था २८:१–१४**

- पद १० मा हेर्नुहोस् । यदि प्राचीन इस्रायलले परमेश्वरको आज्ञा पालन गरेर आशिषित भएको भए,अरू राष्ट्रहरू वा जातिहरूले के सोच्थे होलान् ?
- परमेश्वरले तपाईंलाई के के आशिषहरू दिनुभएको छ ?
- एफिसी १:३–१४ पढ्नुहोस् । के तपाईंको मण्डलीद्वारा गैर–विश्वासीहरू परमेश्वरमा आइरहेका छन् ?

**३४. व्यवस्था २८:१५–६८**

- परमेश्वरले कसैलाई सराप दिनुपर्ने कारण के हो ?
- हाम्रो सराप मेटाइदिन येशूले के गर्नुभयो ?

**३५. व्यवस्था ३०:१–१०**

- पद ६ हेर्नुहोस् । के परमेश्वरले तपाईंको हृदय परिवर्तन गरिदिनुभएको छ ? तपाईंले यो कुरा कसरी थाहा पाउनुभयो ?

**३६. व्यवस्था ३०:११–२०**

- पद १९ हेर्नुहोस्। जीवन रोज्नु भनेको के हो ?
- येशूको वचन र जीवनमा जीवनको शीर्षक कति महत्त्वपूर्ण रहेछ ?

**३७. व्यवस्था ३१:१–१३**

- पद ७ हेर्नुहोस् । तपाईंलाई के कुराले सहास र आत्मबल प्रदान गर्दछ ?
- पद १३ हेर्नुहोस् । तपाईं र तपाईंको छोराछोरी एकै साथ परमेश्वरको वचन कति पटक सुन्ने गर्नुहुन्छ ?

**३८. व्यवस्था ३२:१–१८**

- तपाईंको जीवनमा पद ४ कसरी सत्य प्रमाणित भएको छ ?
- पद १८ हेर्नुहोस् । जीवन दिनुहुने चट्टानरुपि परमेश्वरलाई मानिसहरूले किन त्याग्छन् वा बिर्सन्छन् ?

**३९. व्यवस्था ३४:१–१२**

- पद ९ हेर्नुहोस् । परमेश्वरका जनहरूका अगुवाहरूका निम्ति बुद्धि किन महत्त्वपूर्ण छ ?
- पद १० हेर्नुहोस् । येशू प्रभु कसरी मोसाझैं अगमवक्ता हुनुहुन्छ ?

# व्यवस्थाको पुस्तकबाट शिक्षण

## व्यवस्था पुस्तकको शिक्षण रुपरेखाहरू

### संसारभरिका बाइबल शिक्षकहरुका निम्ति तयार पारिएको...

**प्रार्थना–तयारी–प्रचार** अध्ययनमालाचाहिँ विश्वभरिका बाइबल शिक्षक तथा शिक्षिकाहरूलाई परमेश्वरको वचन छर्लङ्ग रुपमा र सही तरिकाले व्याख्या गर्न मद्दत पुऱ्याउने निर्देशिका हो। २ तिमोथी २:१५ ले भन्दछ :"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसित प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर।"

*"व्यवस्था पुस्तकबाट वचन–प्रचार"* ले यसो गर्न सहायता गर्नेछ। यसले तपाईंलाई निम्न कार्य गर्न सहायता पुऱ्याउनेछ :

- अहिलेका खीष्टियनहरूमा परमेश्वरको पुरानो नियम कसरी लागू हुन्छ भनी **बुझ्नु**
- हामीले किन परमेश्वरको आज्ञा पालन गर्नुपर्दछ सो **सिक्नु**
- परमेश्वरप्रति मानिसहरूलाई विश्वासयोग्य र आज्ञाकारी बन्न **सहायता गर्नु**
- आफ्नो श्रोताबृन्दको लागि हरेक खण्ड कसरी उपयोगी हुन्छ भनी **चिन्तन गर्नु**
- मुख्य बुँदा स्पष्ट रुपमा **सिकाउनु**



'यी सहयोगी निर्देशिकाहरू बाइबलको भित्री तहमा पुग्न, त्यहाँको सन्देश बुझ्न, त्यसका शिक्षाहरूलाई स्पष्ट पार्न र भरोसासहित तथा सटीक रुपमा अरूहरूलाई सन्देश सम्प्रेषण गर्नका निम्ति सुन्दर माध्यम हुन्।'

*–डेभिड ज्याकम्यान, अध्यक्ष, प्रोक्लामेशन ट्रष्ट, युके*

'विश्वभरिका अति महत्त्वपूर्ण खाँचाहरूमध्ये बाइबलीय खण्डमा सुदृढ रुपमा आधारित वचन प्रचार, वचनको शक्ति र त्यसको सान्दर्भिकताको प्रकटीकरण एउटा विराट खाँचो हो। **प्रार्थना–तयारी–प्रचार** अध्ययनमालाचाहिँ श्रोतसाधनहरू न्यून मात्रामा उपलब्ध भएका अधिकांश पाष्टहरू र आम वचन प्रचारकहरुका निम्ति एउटा ठूलो सामाग्री हो।'



*–जोनाथन ल्याम्ब, निर्देशक, लङ्ह्याम पार्टनर्शिप इन्टरन्याश्नल*



'बाइबलीय विश्वमा प्रवेश गर्नको लागि यस अध्ययनमालामा जटिल धर्मशास्त्रीय विषयहरुलाई संक्षिप्त,विश्वासीमैत्री मार्ग–नक्शाको रुपमा रुपान्तरण गर्ने अद्धितीय सामर्थ्य रहेको पाइन्छ। बाइबल पक्का रुपमा परमेश्वरको वचन भएको हुनाले यस अध्ययनमालाले विश्वासलाई वचनमा सुदृढ पार्नेछ।'

*–इमानुएल एग्बुनु, बिशप अफ लोकोजा, नाइजेरिया*

प्रार्थना–तयारी–प्रचार